# नेपाली विशेषताको समाजवादी कार्यक्रम

## १. नेपाली समाजको विकासक्रम

हाम्रो प्रिय मातृभुमी नेपालको करिव ४००० वर्ष भन्दा लामो इतिहास रहेको छ । नेपाल भूमिको भौगर्भिक उत्थान पछि करोडौ वर्ष अघि देखि यो भुभागमा प्रागमानव वसोवासको समेत इतिहास रहेको छ । यो भुभागमा आधुनिक मानवको उत्थान पछि हाम्रा पुर्खाहरुले आदिम साम्यवादी समाज, मातृसत्तात्मक समाज, र पितृसत्तात्मक समाज समेत हुदैं आएको कुरा ऐतिहासिक तथ्यहरुले पुष्टि गरेका छन ।

त्यसका साथ साथै आदिम साम्यवादी समाज टुट्दै गएपछि जब दास प्रथाको उत्थान भयो,तब प्रारम्भमा विदेह गण राज्य, शाक्य गण राज्य र कोलिय गण राज्य जस्ता दास कालिन गण राज्यहरु विकसित भए । यी गण राज्यहरु निकै लामो समय सम्म जारी रहे । तर समय क्रममा जब दास प्रथा टुट्न थाल्यो, तब सामन्तवादको उदय भयो र हिजोका गणराज्यहरु विभिन्न आकारका राजतन्त्रात्मक राज्यहरुमा रुपान्तरित हुदै गए । हाम्रो देशको विशिष्ठ स्थितिमा त्यस्ता राजतन्त्रहरु शुरुमा स्थानीय “भुरे टाकुरे” राज्यहरुका रुपमा विकसित भए । साथै त्यस्ता सामन्ति राज्यहरुले एक पछि अर्को विस्तृत राजतन्त्रात्मक राज्यहरु बनाउने प्रयत्नहरु पनि एक पछि अर्को गदै आएको पाइन्छ । त्यस्ता प्रयत्नहरु कहिले एउटा राज्यवाट भए भने कहिले अर्को राज्यवाट भए ।

त्यस प्रकृयामा काठमाडौं उपत्यकामा वंशावली अनुसार गोपाल वंशी र आभिरवंशी शासकहरुले शासन गरेको कुरा पाउँछौं । त्यसपछि किरातहरुले निकै लामो शासन गरेका थिए । किरातहरुले नेपाल राज्यलाई पूर्व र पश्चिममा विस्तार गरेका थिए । उनीहरु पछि लिच्छीवीहरुले  पनि आफ्नो राज्य विस्तार गर्दै निकै ठुलो राज्य बनाए । त्यस्तै मल्ल शासकहरुले पनि आफ्नो सीमानालाई विस्तार गर्दै अघि बढे । यी तीन वटै उपत्यकाका शासक  वंशहरु थिए । उनीहरुले राज्य विस्तारका अभियानहरु चलाए पनि ती विस्तृत राज्यहरु भने टिक्न सकेन्न । त्यसका साथ साथै उपत्यका बाहिरबाट कहिले पाल्पाका सेनवंशीहरुले राज्य विस्तार गरे । कहिले कर्णाली स्थीत मल्ल राजाहरुले खस राज्यलाई ठुलो भूभागमा विस्तार गरेका थिए । यता तिरहुतमा स्थापित राज्यले पनि तराई क्षेत्रमा आफुलाई विस्तार गर्ने प्रयत्न गर्‍यो । तर राज्य विस्तार वा एकिकरणका ती कुनै पनि प्रकारका विस्तृत राज्यहरु टिक्न भने सकेनन । तिनीहरु पुनः स - साना राज्यहरुमा विभाजित बन्न पुगे ।

यस ऐतिहासिक-राजनीतिक विकास प्रकृयामा जब गोर्खाका राजा पृथ्वी नारायण शाहले राज्य विस्तारको अभियान शुरु गरे, तब त्यो अभियान भने नेपाल खाल्डो जिते पछि नेपालको एकिकरण अभियानका रुपमा विकसित भयो । पृथ्वीनारायण शाहको निधन पछि  पनि देशभक्त र बहादुर भारदारहरुको नेतृत्वमा मुलुकको एकिकरण अभियान पुर्व र पश्चिम सबैतिर तीब्र रुपले फैलिदै गयो । इ.स.को १९ औ शताब्दीको शुरुआत सम्ममा नेपालको सीमाना पुर्वमा टिस्टा नदि र सुदुर पश्चिममा सतलज नदि सम्म, दक्षिणमा गंगा नदि र उत्तरमा हिमालय सम्म पुगि सकेको थियो । यसरी विशाल नेपालको निमार्ण भएको थियो ।

यसरी हाम्रो मुलुकको एकिकरण अभियान चलिरहेकै बेलामा वृटिस साम्राज्यवादले आफै औपनिवेशिक साम्राज्यको विस्तार गर्न आक्रमणकारी अभियानलाई पनि दक्षिण एसियामा ब्यापक बनाई रहेको थियो । यी दुई अभियानहरु एक आपसमा टक्कराउनु अवश्यमभावी थियो । त्यहि शिलशिलामा वृटिस साम्राज्यवादले इ.स १८१४ मा एकिकृत र विशाल नेपाल माथि अनेकौ विन्दुबाट अत्यन्त हिंस्रक र क्रुर हमला गर्‍यो । नेपाली सेनाले त्यो क्रुर औपनिवेशिक हमलाको डटेर मुकाविला गर्‍यो । वीर नेपाली सेनाका अफिसरहरुले पुर्व देखि पश्चिम सम्मका मोर्चाहरुमा विश्वलाई चकित पार्ने ढडगका वीरतापुर्ण प्रतिरोध युद्धहरु गरे । उनीहरुले कैयौ मोर्चाहरुमा ऐतिहासिक विजय प्राप्त गरे । अंग्रेजी फौजलाई परास्त गर्दै पछि हट्न समेत बाध्य पारे । आखिर नेपाललाई ई.स १८१६ को असमान  सुगौली संधि गर्न बाध्य गरियो । त्यस संधि अनुसार एकिकृत नेपालको ठुलो भु-भागमा अंग्रेजको औपनिवेशिक कब्जा हुन पुग्यो । त्यस बाहेक उक्त संधिबाट नेपालले बचाएको मेची देखि महाकाली पारी सम्मको भुभागमा नेपाल खुम्चिन पुग्यो । दक्षिण एसियाबाट अंग्रेज उपनिवेशवादीहरू फिर्ता गइसकेपछि नेपालले आफ्ना भूभागहरु स्वभाविक रुपले फिर्ता पाउनुपर्ने थियो । तर ती भूभागहरु माथि स्वतन्त्र भारतका नयाँ शासकहरुले कब्जा गर्न पुगे । परिणाम स्वरूप त्यहि असमान सुगौली सन्धिको सेरोफेरोमा हाम्रो सिमाना बन्न पुग्यो । भारतको ऐतिहासिक सिपाही विद्रोहलाई दमन गर्न सहयोग गरेबापत जङ्गबहादुरको पालामा नयाँ मुलुक फिर्ता गरियो तर अझै नेपाल र भारतबीच कैयौँ ठाउँमा सीमा समस्या हल गर्ने बाँकि समेत छन । तर मुलतः सुगौली संधिले चर्चेको भू-भाग नै आज हाम्रो देश नेपालको सिमाना बन्न पुगेको छ । यसरी स्थानीय भुरे टाकुरे सामन्ति राज्यहरुका पृथकतावादी प्रबृति र

विश्व प्रभुत्व कायम गर्दै आएको वृटिस उपनिवेशवादका विरुद्ध कठोर संघर्ष गर्दै हाम्रो गौरवमय मातृभुमी नेपालको निमार्ण भएको हो ।

**२. नेपाली समाजका विशेषताहरु**

नेपाल लामो इतिहास, गौरवपुर्ण संघर्षशील परम्परा, विविधतापुर्ण संस्कृति भएको देश हो । नेपाल दक्षिण एशीया र मध्य एशियालाई जोड्ने अत्यन्त महत्वपुर्ण रणनीतिक विन्दुमा अवस्थित छ । नेपालको उत्तरमा १ अरब ४० करोड जनसंख्या भएको उदीयमान समाजवादी चीन संग १४१५ कि.मि लामो सीमाना जोडिएको छ र दक्षिणमा १ अरब ४० करोड भन्दा बढी जनसंख्या भएको संसदीय लोकतन्त्र भएको उदीयमान भारत संग १८०८.कि.मि सीमाना जोडिएको छ । नेपाल बैदिक सभ्यता, लुम्विनी सभ्यता, जनक सम्यता, विराट सभ्यता, मगरात सभ्यता, किरात सभ्यता, सिंजा सभ्यता, गुफा सभ्यता र यस्ता अनेकौ सभ्यताहरुको संगम थलोका रुपमा रहेको छ । यहाँ आर्यन, मंगोल, द्रविण र अस्ट्रिक प्रजातिका मुलवाट विकसित भएका १२६ जातिका जनता वसोवास गर्दछन र उनीहरु १२३ भाषाहरु बोल्छन र उनीहरुका विविधता पुर्ण संस्कृति र परम्परागत आस्थाहरु समेत छन । नेपाल बोन दर्शन, कपिल दर्शन, वुद्ध दर्शन, वैदिक सनातन दर्शन, किरात दर्शन र योग दर्शन जस्ता विभिन्न प्राचिन दर्शनहरुको उद्गम भुमि पनि हो । यी सबै चिन्तन, दृष्टिकोण विचार र भावनाहरुको सह अस्तित्व, सहकार्य, अन्तर घुलन र रुपान्तरणका रुपमा हामी नेपाली जनताको राष्ट्रिय मनोबनौट विकसित हुँदै आएको छ । तिनीहरुको समुच्ययको रुपमा नै नेपाली राष्ट्रिय मनोभावना, राष्ट्रिय दृष्टिकोण, कला, साहित्य र संस्कृतिको विकास हुँदै आएको छ ।

ठीक त्यसरी नै हाम्रो भौतिक संरचना पनि विशिष्ठ किसिमको छ । मुलुकको पुर्व देखि पश्चिम सम्म उत्तरी भु भागमा विश्व मै प्रसिद्ध सगरमाथा कंचनजङ्गा, मकालु, गौरी शंकर, धौलागिरी, माछा पुच्छे जस्ता हिमशिखरहरु छन । मध्य भागमा पुर्व देखि पश्चिम सम्म नै अत्यन्त रमणीय लेकहरु र शुन्दर पहाडी श्रृखलाहरु रहेका छन । त्यस भन्दा दक्षिण पुर्व देखि पश्चिम सम्म अत्यन्त उब्जाउ मैदानी फाँटहरु र दुनहरु रहेका छन । यो विविधतापुर्ण भुश्रृखलाबाट ६ हजार नदिनालाहरु निरन्तर वगीरहेका छन । जसबाट ठुलो मात्रामा जल विद्युत उत्पादन गर्न सकिने संभावनाहरु छन । विश्वमा पाइने प्रायः सबै जसो मौसम र वातावरणीय पद्धतिहरु (eco-system) नेपालमा पाइन्छन । समग्र प्राकृतिक बनौटलाई हेर्दा नेपाल विश्व कै सुन्दरतम मुलुक भन्दा कुनै अत्युक्ति हुने स्थिति छैन । यहाँ अनेकौ सुन्दर प्राकृतिक स्थलहरु, सभ्यताका स्थलहरु, अपुर्ब सांस्कृतिक नीधिहरु, मानवीय विविधताहरु, भौगर्भिक विचित्रताहरु, अत्यन्त आकर्षक सांस्कृतिक विविधताहरु रहेका छन । तिनीहरुले नेपाल विश्वकै निम्ति अपार पर्यटकीय गन्तब्य बन्न सक्ने कुरालाई प्रष्ट पार्छन । हाम्रो देशमा विशाल वन सम्पदा छ । "हरियो वन नेपालको धन" भन्ने पनि गरिन्छ । त्यस्को विस्तार गर्ने व्यापक संभावनाहरु छन । तर यति वेला वनको हैसियत गिर्दै गै रहेको छ । हामी संग अनेकौ राष्ट्रिय निकुञ्जहरु छन । हाम्रो देशमा त्यस्तै महत्वपुर्ण बन्यजन्तुहरु पनि छन । तिनीहरु पनि हाम्रो सम्पदाका रुपमा छन । मुलुकको गर्भ भित्र अनेकौ महत्वपुर्ण खानीहरु छन । तिनीहरुलाई जनताको हितमा अझै उत्खनन गर्न सकिएको छैन ।

त्यसरी नै हाम्रो देश युगौ देखि कृषि प्रधान मुलुकका रुपमा रहि आएको छ । करिब ६० प्रतिशत जनता अहिले पनि यसै पेशामा लागेका छन र अहिले पनि हामी निर्वाहमुखी कृषि अर्थतन्त्रमा नै छौं । मुलुकको कुल राष्ट्रिय आयमा औद्योगिक कारखाना क्षेत्रको योगदान अहिले पनि ५% भन्दा तल छ । उद्योग धन्धा यहि नै खोल्न सकिने भए पनि यतिबेला हाम्रो देश विदेशी कम्पनीहरूले उत्पादन गरेका मालहरूको उपभोक्ता मुलुक बनेको छ । बि.स २००७ साल र ०४६ सालपछि वहुदलीय राजनीतिक प्रणाली रहेको र बि.स ०६२-०६३ को पुँजीवादी जनवादी क्रान्ति पछि संघीय लोकतान्त्रिक गणतन्त्र नै स्थापना भए पनि पुँजीवादी बहुदलीय लोकतन्त्रले जनता र राष्ट्रका आधारभूत समस्याहरु सम्बोधन गर्न नसकेकाले देश चौतर्फी संकटबाट गुज्रदै गरेको अवस्थामा छ । कृषिलाई आधुनिकिकरण मात्र गर्न सक्दा पनि विराट प्रगतिका संभावनाहरु हाम्रा सामु छन । हाम्रो देशमा कृषिजन्य उद्योग, बनजन्य उद्योग, खानीजन्य उद्योग, पानीजन्य उद्योग, पर्यटनजन्य उद्योग,जडिबुटिजन्य उद्योग जस्ता विभिन्न प्राकृतिक साधन श्रोतसंग सम्बन्धित उद्योगहरु र विविध प्रकारका सेवा उद्योगहरु खोल्न सकिने असिमित संभावनाहरु छन । हाम्रो देशका जनता अत्यन्त मिहेनती, इमान्दार, लडाकु र सृजनशील जनता छन । यसरी हाम्रो देश प्राकृतिक हिसाबले मानवीय हिसावले र सांस्कृतिक हिसाबले अपार साधन र श्रोतहरु भएको एउटा सम्पन्न मुलुक हो ।

यति सम्पन्न मुलुक भएर पनि आज हाम्रो देश संसारको गरिव देश बनाईएको र हामी गरिव नेपाली बनाइएका छौ । जनताको ठुलो संख्या अहिले पनि गरिवीको रेखा मुनी बाँच्न बाध्य छ । अझै जनताको ठुलो भाग निरक्षर छ । जनताले आफ्नै देशमा रोजगारी पाउन सकिरहेका छैनन । वेरोजगारीको कारणले हाम्रा युवाहरुको ठुलो संख्या हर बर्ष खाडी मुलुकहरु र मलेसिया जान बाध्य भैरहेका छन । डेढ दर्जन भन्दा बढि विश्व विद्यालय खोलेपनि हाम्रा विद्यार्थीहरु विदेशीन बाध्य भैरहेका छन । भ्रष्टाचारले मुलुकलाई खोक्रो बनाउँदै लगेको छ । यँहाका भ्रष्ट शाशकहरुले मुलुकलाई अर्न्तराष्ट्रिय तस्करीको केन्द्र जस्तै बनाएका छन । बैदेशिक पुँजीवादी भडुवा संस्कृतिको घुसपैठले देशका युवाहरुलाई बिदेशभक्त,अराजक र दिशाहिन बनाई रहेको छ । त्यति मात्र होइन हाम्रो देशको अन्तराष्ट्रिय आवागमनको विकासलाई सहि नीतिका आधारमा गर्न नसक्दा हामी भुजडीत हुनुपर्नेमा अझै पनि भुपरिवेष्ठित मुलुककै रुपमा रहन वाध्य छौ । आजको अवस्थामा हाम्रा विशेषताहरु यस्ता रहेका छन । के हाम्रो नियति यस्तै हो त ? विल्कुलै होइन । यदि हामीहरु सहि दृष्टिकोण, सहि नीति, सहि कार्यदिशा, सहि कार्यक्रम, सहि लक्ष्य र एउटा दृढ राष्ट्रिय संकल्प लिएर अघि बढ्यौ भने देशको स्थितिमा आमुलचुल परिवर्तन संभव छ, एउटा सम्पन्न समृद्ध र आधुनिक नेपाल निर्माण गर्न संभव छ र हाम्रो देशका सबै जातिका जनतालाई सुखि, सभ्य, सम्पन्न र सुसस्कृत नेपालीका रुपमा विकसित बनाउन सकिन्छ ।

## ३ .अर्ध-उपनिवेशी र अर्ध-सामन्ति नेपाल

जतिवेला नेपाल एकिकरण भयो र एकिकृत नेपाल बन्यो, त्यो ऐतिहासिक सामाजिक विकासको प्रकृयामा एउटा स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न सामन्ति राज्य थियो । सामन्ति राजतन्त्रात्मक राज्यहरुको विकास हुन अघि नेपालमा शाक्य गण राज्य, कोलिय गण राज्य र विदेह गण राज्य जस्ता दास कालिन राज्यहरु पनि थिए । तिनीहरु स्थानीय तह मै विकसित भए । नेपालमा ठुलो दास साम्राज्यले आकार लिन सकेन । ती दास राज्यहरु टुट्दै गएपछि ऐतिहासिक सामाजिक विकासको अनिवार्य परिणाम अनुरुप सामन्ति राज्यहरु विकसित भए । तिनीहरु पनि स्थानीय तहबाट नै विकसित भए । २४ से राज्यहरु, २२ से राज्यहरु, उपत्यकाका प्रसिद्ध तीन राज्यहरु, दोलखा राज्य, मकवानपुर राज्य, विजयपुर र चौदण्डिको राज्य । यी सबै राज्यहरु सामन्ति राज्यहरु हुन । पृथ्वी नारायण शाहको नेतृत्वमा रहेको गोर्खा राज्य पनि सामन्ति राज्यनै थियो । यी सबै स्वतन्त्र सामन्ति राज्यहरु थिए । त्यो युग नेपालमा सामन्तवाद कै युग थियो । समाजको विकासमा सामन्त वर्ग वा राजतन्त्रको सकारात्मक भुमिका समाप्त भै सकेको थिएन ।

ठीक त्यस्तो अवस्थामा गोर्खाका राजा श्री पृथ्वी नारायण शाहले आफ्नो सामन्ति राज्यको विस्तार गर्ने अभियान शुरु गरे । त्यो अभियान आफैमा प्रगतिशील अभियान थियो । किनभने स-साना भुरे टाकुरे राज्य रजौटा मातहत नेपाली जनताको प्रगति हुन सकिरहेको थिएन । जनतामा भाषिक एकता, सांस्कृतिक एकता बढ्दै गईरहेको थियो । आर्थिक सम्बन्धको एक रुपता पनि बढ्दै गईरहेको थियो । अब राजनीतिक र भौगोलिक हिसाबले पनि एकिकृत हुनु पर्छ, एउटै ठुलो र शक्तिशालि मुलुक बन्नुपर्छ भन्ने भावना प्रवल बन्दै गैरहेको थियो । त्यसवेला यस्तो वैचारिक र भौतिक आधार तयार हुँदै गएको हुनाले पृथ्वीनारायण शाहको अभियानले आखिर नेपाल एकिकरणको अभियानको रुप लियो । किनभने यो सकारात्मक अभियान थियो । त्यसैले यो अभियान सफल हुदै गयो र हाम्रा पुर्खाहरुले एउटा विशाल नेपालको निर्माण गरे । त्यो एउटा स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न सामन्ति राज्य नै थियो । नेपालको इतिहासमा सामन्त वर्गले गरेको यो अन्तिम सकारात्मक र एउटा ऐतिहासिक कार्य हो । यस कारण हामीले राजा पृथ्वीनारायण शाहलाई नेपाल निर्माताका रुपमा मान्नुपर्छ ।

यसरी एकिकृत राज्य बनेपछि त्यसबेलाको सामन्त वर्गको नेता राजतन्त्रले नेपाली समाजको भावनात्मक एकता गहिरो बनाउने, सामाजिक-आर्थिक विकास गर्ने, देशको प्रतिरक्षालाई बलियो पार्ने, नेपाली फौजलाई आधुनिकीकरण गर्ने र कुटनीतिक हिसाबले नयाँ नेपालका अन्तराष्ट्रिय सम्बन्धलाई बलियो बनाउँदै लाने काममा कुशल नेतृत्व गर्नुपर्ने ठुलो जिम्मेवारी नेपालको केन्द्रीय शाही राजतन्त्रका काधमा थियो । तर पृथ्वीनारायण शाहको अन्त्य पछि जब रणबहादुर शाह राजा भए ठीक त्यो वेला देखि नेपालको राजतन्त्रले आफ्नो ऐतिहासिक सकारात्मक भुमिका समाप्त गर्‍यो । त्यो विलासिता तिर डुब्दै गयो, महारानी र रानीहरुको स्वार्थ र षडयन्त्रको चक्करमा फस्तै गयो, दरवारीया कलहले भारदारहरु बीच समेत विभाजन ल्याई दियो, विभाजित भारदारहरुलाई एक आपसमा लडाउने काम हुन थाल्यो, दरवारीया चुक्ली र षडयन्त्र कै शिकार भएर कैयौ देशभक्त भाइभारद्धारहरुको निर्ममता पुर्वक हत्या समेत भयो । यसरी नेपालको राजतन्त्र आफै अर्धपतित हुँदै गयो । त्यो ऐतिहासिक रुपले नै प्रतिकृयावादी राजतन्त्रका रुपमा अधपतन भयो । त्यसैले एकिकरणको अभियान पछिका कार्यभारहरुलाई त्यसले नेतृत्व गर्न सकेन ।

यी कुराको समेत परिणाम स्वरुप जब बृटिस साम्राज्यवादले एकिकृत विशाल नेपाल माथि चौतर्फि रुपले आक्रमण गर्‍यो, तब देशभक्त भारदारहरु र सेनाका अफिसरहरुले ठुलो पराक्रमका साथ देशभक्ति पुर्ण प्रतिरोध युद्ध गरे । तर राजतन्त्रले एकिकृत विशाल नेपाललाई जोगाउन सकेन । त्यसले कुटनीतिक चातुर्य प्रदर्शन गर्न पनि सकेन । परिणाम स्वरुप देशले ठुलो भुभाग गुमाउनु पर्‍यो र असमान सुगौली संधि गर्न बाध्य हुन पर्‍यो । त्यो विन्दु देखि नै एउटा स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न तथा सामन्ति राज्य नेपाल वृटिश साम्राज्यवादको अर्ध उपनिवेशी र सामन्ति नेपालमा परिणत हुन पुग्यो । नेपाली इतिहासको त्यो दुखद मोडको विन्दु थियो । त्यो विन्दु देखि नेपालको राज परिवार परिवारिक कलह र झगडाले दिन प्रतिदिन कमजोर बन्दै गयो । भिमसेन थापा, माथवर सिंह थापा जस्ता देशभक्त नेताहरुको समेत निर्मम हत्या गर्दा समेत राजाहरु टुलटुल हेर्ने स्थितिमा पुगे । यो कलहका वीचमा वृटिश साम्राज्यवादीहरुले आफ्नो दलाल पंक्ति हुर्काउँदै लगे । आखिर १८४६ को कोतपर्वमा पुगेर सबै जस्तो अंग्रेज विरोधी देश भक्त भारदारहरुको निर्मम हत्या गरियो । राजतन्त्र केहि गर्न सक्ने अवस्थामा नै थिएन । महात्वाकांक्षी महारानीहरुको मुर्खताबाट फायदा उठाउँदै जंङ्गबहादुर कुंवरले शासनको पंजापत्र महारानीबाट लिए, राजालाई पिजरामा राखे र मुलुकमा सामन्ति जहानीया राणाशासनको शुरुआत गरे ।
एक सय चार वर्षे जहानीय राणाशासन नेपालमा सामन्तवादको चरम चुली मात्र थियो । आम रुपमा सामन्तवाद पहिले नै प्रतिकृयावादी व्यवस्थामा रुपान्तरित भैसकेको थियो । राजतन्त्र पनि निकम्मा प्रतिकृयावादी संस्था बनि सकेको थियो । अब त्यो भन्दा पनि घोर प्रतिकृयावादी जहानीया राणाशासनको शुरुआत भएपछि मुलुकको समग्र विकास र रुपान्तरणको प्रकृया ठप्प नै हुन पुग्यो । राणाशासनले एकातिर आम जनता र देशवासीहरु माथि वर्वरता पुर्ण, शोषण र आत्चार गर्न थाले भने अर्कातिर वृटिस साम्राज्यवादको चाकरी गर्ने, उनीहरुका सामु लम्पसार पर्ने, उनीहरुलाई हर प्रकारले सहयोग गर्ने काम गर्न थाले । त्यहि शिल शिलामा उनीहरुले भारतमा वृटिस साम्राज्यवादी शासनका विरुद्ध उठेको “सिपाही विद्रोह” लाई दमन गर्न जङ्गबहादुर आफै गए । प्रथम र द्धितिय विश्वयुद्धहरुमा नेपालबाट लाखौ सैनिक पठाएर अंग्रेजहरुलाई मद्दत गरे । यी सबै कुरा उनीहरुले आफ्नु कुर्शी र निरंकुश सत्तालाई जोगाउने उद्देश्यवाट मात्र प्रेरित थिए । उनीहरुले जनता र राष्ट्रको विकासलाई विल्कुलै ध्यान दिएनन् । उनीहरुको धारणा नै यस्तो थियो कि जनता शिक्षित भए र बलिया हुन थाले भने आफ्नै सत्ता माथि खतरा उत्पन्न हुन्छ भन्ने उनीहरुको भनाई सोचाई थियो ।
ती सब कुराका बाबजुद पहिलो विश्वयुद्ध पछि विश्वब्यापी रुपमा ब्यापार नराम्रो गरी खस्कियो । उत्पादन पनि युद्धले गर्दा बढ्नुको सट्टा घट्न पुग्यो । दैनिक उपभोग्य वस्तुहरुको अभाव हुन थाल्यो । साम्राज्यवादी र उपनिवेशवादीहरुले कब्जा गरिरहेको विश्व बजारमा अभावहरु बढ्दै गए । त्यसले गर्दा विभिन्न देशहरुमा नै कल-कारखाना स्थापना गर्न र उद्योगहरुको स्थापना गर्ने आवश्यकता बढ्न थाल्यो । यस्तै परिस्थितिमा १९३० को दशकमा आए पछि राणा शासनकै छत्र छाँयामा विभिन्न आधुनिक कम्पनीहरु बनाईयो, कम्पनी कानुनहरु बनाइयो र नेपालमा पनि केहि आधुनिक पुँजीवादीउद्योग धन्दाहरुको स्थापना गरियो । विराटनगर, विरगंज र काठमाण्डौमा खुलेका यिनै उद्योगहरुका साथमा नेपाली समाजमा पुँजीवादीउद्योगधन्दा स्थापनाको सुरुआत भयो ।
नेपाल एकिकरण भएपछि देशका विभिन्न स्थानमा कपडा उद्यमहरु, कागज कारखानाहरु, खानी उद्योगहरु विकास गर्न थालेका थिए । तिनीहरु पुँजीवादको टुसाहरु (sprour of capitalism )थिए । तर तिनीहरु मौलाउन र फैलिन पाएनन । वृटिस साम्राज्यवादीहरुले मुलुकको भर्खदै उदाउँदो बजारलाई कब्जा गरि दिए । त्यसले गर्दा नेपाली अर्थतन्त्र लामो समय सम्म ठिगुरिएको, जिम्लिएको र यथास्थितिमा रहन बाध्य भएको थियो । तर उपरोक्त परिस्थितिमा १९३० को दशकमा आएर जव आधुनिक उद्योगहरु स्थापना हुन पुगे तव नै नेपालमा औपचारिक रुपले पुँजीवादी उत्पादन पद्धति र पुँजीवादीउत्पादन सम्बन्धको शुरुआत भयो । त्यो नयाँ उत्पादन पद्धति समाजमा जारी सामन्ति उत्पादन पद्धतिको तुलनामा प्रगतिशील र अग्रगामी थियो । यद्यपी, यो पनि राष्ट्रिय पुँजीवादथिएन । त्यो शुरु देखि नै दलाल- नोकरशाही पुँजीवाद थियो । तर पनि त्यसले नेपाली अर्थतन्त्रको विकासलाई सामन्तवादको युगवाट पुँजीवादको युग तिर परिवर्तन गर्न ऐतिहासिक प्रकृयाको थालनी गरेको थियो । यसरी नेपाली समाज सामन्ति अवस्थाबाट अर्ध-सामन्ति अवस्था तिर संक्रमित हुन पुग्यो ।

### ४. नेपाली नयाँ जनवादी क्रान्तिको प्रकृया

जब नेपाली समाज आफ्नो ऐतिहासिक विकासको प्रकृयामा अर्ध- सामन्ति र अर्ध- उपनिवेशी अवस्थामा विकसित भयो, तब नेपाली जनताको सामन्तवाद, दलाल नोकरशाहि पुँजीवादर साम्राज्यवाद विरोधी संघर्ष पनि शुरुआत भयो । त्यो संघर्ष त्यसबेला एउटा वर्ग सचेत आन्दोलनका रुपमा विकसित भैसकेको थिएन । त्यो एउटा स्वतः स्फुर्त आन्दोलनका रुपमा

विकसित भईरहेको थियो । त्यसबेला सम्म नेपाली जनतामा वैज्ञानिक चेतनाको विकास भै सकेको थिएन । नेपाली समाज तथा मानव समाज आम रुपमा कसरी उत्पति भयो, कसरी विकसित हुँदै आएको छ, बर्तमान अवस्थामा कुन चरणमा आई पुगेको छ र यो समाज कस्तो भविष्य तिर अघि बढ्दैछ भन्ने कुरा कसैलाई पनि थाहा थिएन ।

तर विश्वमा एउटा वैचारिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र दार्शनिक क्रान्तिको रुपमा माक्सवार्दको उदय भईसकेको थियो । त्यसको मार्गदर्शनमा अन्तराष्ट्रिय श्रमिक वर्गले विभिन्न देशहरुमा आफ्ना अग्रदुतका रुपमा कम्युनिष्ट पार्टीहरु निर्माण गर्दै क्रान्तिकारी संघर्षहरु विकास गर्न थाली सकेको थियो । त्यहि क्रममा १८७१ मा पेरिस कम्युनको स्थापना हुँदै १९१७ मा पुगेपछि रुसी श्रमजीवि वर्गको अग्रदुत रुसी सामाजिक जनवादी पार्टी र त्यस्का महान नेता लेनिनको अगुवाईमा महान अक्टोबर समाजवादी क्रान्ति पुँजीवादी-साम्राज्यवादी व्यवस्थालाई थर्कमान पार्दै ऐतिहासिक रुपले विजयी भईसकेको थियो । त्यस विजयले महान समाजवादी सोभियत संघको स्थापना गरि सकेको थियो । सोभियत संघमा पुँजीवादका जरा उखेल्दै नवोदित व्यवस्थाका रुपमा समाजवादी व्यवस्थाको निर्माण गर्ने कामको थालनी भइसकेको थियो । यसरी महान अक्टोबर समाजवादी क्रान्तिका विजयका घोषणाहरुले मार्क्सवाद-लेलिनवादको वैज्ञानिक चेतनालाई विश्वव्यापी रुपमा फैलाउन थालिसकेको थियो । त्यसपछि युरोप र अन्य विकसित देशहरुमा मात्र होइन एसीया, अफ्रिका, ल्याटीन अमेरिका र ओसेनियाका देशहरुमा पनि मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा सम्बन्धित देशका श्रमजीवि वर्गका अग्रदुतका रुपमा एक पछि अर्को कम्युनिष्ट पार्टी वा श्रमिक पार्टीहरु स्थापना गर्ने प्रकृया एउटा लहरका रुपमा अघि बढ्दै थियो । त्यसका साथ साथै विभिन्न देशहरुमा देशीय प्रकृयावाद र विश्व साम्राज्यवादका विरुद्ध सम्बन्धित देशका जनताका संघर्षहरु पनि विकसित भईरहेका थिए ।

ठिक त्यहि प्रकृयाका वीचमा सन १९४० को दशकमा आउँदा विश्व मानव समाजले पहिलो विश्व युद्धको बिनाश लिला भोगेको दुई दशक पुग्दा नपुग्दै अझ भयावह र दर्दनाक विध्वंस लिलाका साथ दोस्रो विश्व युद्ध भोग्नु पर्‍यो । त्यस युद्धले ल्याएका बिनाश र विध्वंसका विभिसिका वीच साम्राज्यवाद विरोधी संघर्ष विश्वभरि फैलिरहेको थियो । हाम्रो दक्षिण एशीयामा पनि वृटिस साम्राज्यवाद विरोधी संघर्ष उर्लि रहेको थियो । त्यस संघर्षले दक्षिण एसियाबाट वृटिस साम्राज्यवादलाई फर्केर जान बाध्य पारिदियो । स्वतन्त्र दक्षिण एशीयामा एक पछि अर्को मुलुकहरु विकसित हुन थाले । उता उत्तरतिर चिनिँया कम्युनिष्ट पार्टी र क माओत्सेतुङको अगुवाईमा सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादका विरुद्ध दिर्धकालिन संघर्ष गरेर चिनियाँ जनताले नयाँ जनवादी क्रान्तिको विजय घोषणा गरिरहेका थिए । यता देश भित्र नेपाली जनताको सामन्तवाद र जहाँनीया निरंकुश राणाशासन विरोधी संघर्ष झन झन गहिरो र तीव्र बन्दै गईरहेको थियो । नेपालमा केहि वर्ष अघि मात्र जन्मिएको आधुनिक श्रमजीवि वर्ग दलाल नोकरशाही पुँजीवाद र निरंकुश राणाशासनका विरुद्ध आ आफ्ना कारखानावाट संघर्षको मैदानमा उत्रिरहेको थियो ।

ठीक यहि विन्दुमा मार्क्सवाद लेनिनवादको वैज्ञानिक चेतना क. पुष्पलालको अगुवाईमा नेपालको श्रमिक जनताको संघर्ष र आम नेपाली जनताको सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरोधी संघर्ष संग जोडिन पुग्यो । त्यहि संघर्षको संयोजनको अनिवार्य परिणाम स्वरुप नेपाली श्रमजीवि वर्गको ऐतिहासिक अग्रदुतका रुपमा १० वैशाख २००६(२२ अप्रिल १९४९) का दिन "नेपाल कम्युनिष्ट पार्टी" को स्थापनाको ऐतिहासिक घोषणा हुन पुग्यो । नेपाली समाजवाट सामन्तवादलाई उन्मुलन गर्ने, दलाल नोकशाही पुँजीवादलाई उन्मुलन गर्ने, साम्राज्यवाद र उपनिवेशवादको विरोध गर्ने, नयाँ जनवादको स्थापना गर्ने तथा मुलुक र समाजलाई समाजवाद तथा साम्यवाद तिर अघि बढाउने पाँचवटा आधारभुत स्थापना लक्ष्य (founding mission) का साथ गरिएको नेपाल कम्युनिष्ट पार्टी स्थापनाको घोषणा नेपालको अग्रगामी ऐतिहासिक विकास र रुपान्तरणका निम्ति दुरगामी महत्वको ऐतिहासिक घोषणा थियो । त्यो पार्टीको स्थापनाको घोषणाले नेपालका प्रतिकृयावादीहरुको सत्ता र शासनलाई थर्कायमान पार्नु स्वाभाविक थियो । नेपाल कम्युनिष्ट पार्टीको स्थापनाको यहि घोषणाका साथ साथै नेपाली जनताले लामो समय देखि चलाउँदै आएको सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्रज्यवाद विरोधी संघर्षले नयाँ जनवादी क्रान्तिकारी आन्दोलनको स्वरुप ग्रहण गर्‍यो । नेपाली "श्रमजीवि वर्ग" बाट "वर्ग सचेत" क्रान्तिकारी वर्गका रुपमा विकसित भयो र नेपाली जनताको संघर्षले अब नयाँ जनवाद हुदै समाजवाद र साम्यवाद सम्म पुग्ने एउटा दिर्घ यात्राको रुप लिन पुग्यो । मार्क्सवाद-लेनिनवादको प्रकाशमा पार्टी स्थापनाको घोषणा र नयाँ जनवादी क्रान्तिको थालनीले नै नेपाली जनता र क्रान्तिकारीहरु समक्ष द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतकवादी नयाँ र वैज्ञानिक दृष्टिकोण ल्याई दियो । त्यो नयाँ क्रान्तिकारी दृष्टिकोणका आधारमा नै हामीले नेपाली समाजको वैज्ञानिक अध्ययन, विश्लेषण र संश्लेषण गर्दै आएका छौ । त्यहि दृष्टिकोणका आधारमा नेपाली समाजको उत्थान, त्यस्को विकासका

विभिन्न ऐतिहासिक चरणहरु, नेपालको नयाँ जनवादी क्रान्तिको चरण, समाजवादी क्रान्तिको चरण र मानव समाजको उच्चतम गन्तब्यका रुपमा समाजवाद हुदै साम्यवादमा पुग्ने लक्ष्य निर्धारण गरेर अघि बढेका छौ । क.पुष्पलालको अगुवाईमा हाम्रा अनेकौ अग्रजहरुले नेपाली जनतालाई त्यो सुन्दर भविष्य सम्म पुग्ने जुन असाधारण मार्ग निर्देशन गर्नु भएको छ । नेपाली जनतालाई र तपाई हामी सबैलाई यस्तो दुरगामी महत्वको मार्गनिर्देशन गर्ने आदरणीय  प्रथम पीडिका नेताहरु क. पुष्पलाल, क. मनमोहन अधिकारीहरुलाई हामी श्रद्धापुर्वक हार्दिक क्रान्तिकारी अभिवादन तथा लाल सलाम गर्न चाहन्छौ । वहाँहरुले मार्गदर्शन गर्नुभएको त्यहि दिर्घ यात्रामा अघि बढ्दै आज हामीहरु नेपाली कम्युनिष्ट आन्दोलनको विकासको ७५ औ वर्षमा आईपुगेका छौ र हामी कम्युनिष्ट आन्दोलनको हिरक जयन्ति मनाईरहेका छौ ।

## ५. नेपाली क्रान्तिका दुई ऐतिहासिक चरणहरु

मानव समाजको विकासका आम नियमहरु अनुरुप नै नेपाली समाजको विकास पनि आदिम साम्यवादी चरण, दास प्रथाको चरण र सामन्तवादको चरण हुदै विकसित भएको हो । ति ऐतिहासिक चरणका विकास र परिवर्तनहरु पनि क्रान्तिकारी परिवर्तनहरु नै हुन । तर ती चरणका परिवर्तनहरु स्वतः स्फुर्त रुपमा र सामाजिक प्राकृतिक विकास प्रकृया अनुरुप हुँदै आए । तर सामन्तवादबाट पुँजीवादी व्यवस्थामा र पुँजीवादी व्यवस्थाबाट समाजवादी व्यवस्थामा परिवर्तन हुँदा भने श्रमजीवि वर्गको अग्रदुत नेपाल कम्युनिष्ट पार्टीको सचेत र योजनाबद्ध क्रान्तिकारी प्रकृयाबाट परिवर्तन अघि बढ्दै छ । यो परिवर्तको क्रममा बस्तुगत कारणले नेपाली क्रान्तिलाई दुई ऐतिहासिक चरणबाट अघि बढाउन पर्ने आवश्यकता उत्पन्न भएको हो । यहि आवश्यकतालाई दृष्टि गोचर गरेर क. पुष्पलालले नेपाली क्रान्तिलाई पार्टी स्थापनाको वेलाबाट नै नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्तिका दुई चरणबाट अघि बढाउनु पर्ने उद्देश्य अघि सार्नु भएको थियो ।

मार्क्सवादको वा विश्व कम्युनिष्ट आन्दोलनको विकास अघि बढदै गर्दा विश्वको सामाजिक- आर्थिक विकासको प्रकृया अत्यन्त असमान ढङ्गले अघि बढदै थियो । पुँजीवादको विकासको नियम नै असमान विकास थियो र छ । त्यसैले युरोप, अमेरिका र जापान जस्ता देश र क्षेत्रहरुमा पुँजीवादको विकास अत्यन्त तीब्र रुपले भयो । ती क्षेत्रमा रहेको सामन्तवादलाई त्यसको आर्थिक आधार र उपरीढाँचा सहित उन्मुलन गर्ने काम अधिकांस ठाउँमा १९ औ शताब्दी तिर नै सम्पन्न गरियो । ती क्षेत्रहरुमा पुँजीवादको विकास साम्राज्यवादको चरणमा पुग्यो । त्यो साम्राज्यवादले आजका एसीया,अफ्रिका, ल्याटिन अमेरिका र ओसेनीयाका क्षेत्रहरुमा रहेका देशहरुलाई कठोर दमनचक्रका साथ उपनिवेश र अर्घ उपनिवेश बनायो । विश्व साम्राज्यवाद र त्यसका प्रतिनीधि पुँजीवादी मुलुकहरुले ती उपनिवेश र अर्घ उपनिवेशका जनता र राष्ट्रहरुलाई तथा उनीहरुका साधन र श्रोतहरुलाई निमर्मता पूर्बक शोषण, दोहन र लुटपाट गरे । त्यसका निम्ति उनीहरुले ती देशहरुमा पुँजीवादको विकासलाई अवरुद्ध पारे र त्यहाँ विद्यमान सामन्तवाद र पुरातन व्यवस्थाहरुलाई नै आफ्ना स्वार्थका निम्ति रक्षा र प्रयोग गरे । त्यसले विश्वको सामाजिक आर्थिक विकास झन बढी असमान बन्न पुग्यो । त्यसले गर्दा विकसित पुँजीवादी मुलुकहरु वा साम्राज्यवादी मुलुकहरुमा वस्तुगत रुपले समाजवादी क्रान्तिको आधार परिपक्क वनी सकेको थियो । त्यहाँको श्रमजीवि वर्गको  अग्रदुत कम्युनिष्ट पार्टीले सामन्तवादका विरुद्ध संघर्ष गर्नुपरेन । त्यहाँको पार्टीले सोझै समाजवादी क्रान्तिको चरणलाई नै अघि बढाउन पर्ने वस्तुगत अवस्था थियो । त्यसैले विकसित पुँजीवादी देशमा श्रमजीवि वर्गको पार्टी कम्युनिष्ट पार्टीले नेतृत्व गर्ने क्रान्तिको एउटै मात्र चरण रह्यो । त्यो हो समाजवादी क्रान्ति ।

तर पिछडिएका देशहरुमा वा हिजोका उपनिवेशी र अर्घ उपनिवेशी देशहरुमा वा आज हामीले भन्ने गरेका तेस्रो विश्वका विकाशोन्मुख मुलुकहरुमा अझै सामन्तवाद ठुलो मात्रामा विद्यमान थियो । त्यतिमात्र होइन कतिपय देशमा पुँजीवाद पुर्वका विभिन्न सामाजिक आर्थिक ढाँचाहरु पनि विभिन्न स्तरमा विद्यमान थिए । ती देशहरुमा पुँजीवादी-जनवादी क्रान्तिहरु नै सम्पन्न भैसकेका थिएनन । ति देशहरु मध्ये दोस्रो विश्वयुद्ध पछि धेरै जसो देशहरु मुक्त भए र संयुक्त राष्ट्र संघमा नव स्वतन्त्र मुलुकहरुको ठुलो पंक्ति विकसित भयो । तर ती धेरै देशहरुमा सामन्तवादी सामाजिक-आर्थिक ढाँचाहरु ठुलो मात्रामा थिए । ती आर्थिक सम्बन्ध माथि विभिन्न देशहरुमा निरंकुश राजतन्त्र, सैनिक शासन र एक वा अर्को रुपका प्रतिकृयावादी व्यवस्थाहरु थिए । ती देशमा विकास गरि रहेको पुँजीपति बर्गशुरु देखि नै विश्व साम्राज्यवादको दलाल थियो र सम्बन्धित देशको प्रतिकृयावादी राज्य सत्ताको टेको पूंणो खाएर वा उनीहरुको संरक्षणमा हुर्केको थियो । त्यो वर्ग आफ्नो देशमा पुँजीवादी जनवादी क्रान्तिलाई अगुवाई गर्न सक्ने अवस्थामा नै थिएन । त्यसैले ती देशका पुँजीवादी जनवादी क्रान्तिहरुलाई पनि श्रमिक वर्गको अग्रदुत कम्युनिष्ट पार्टीले नै नेतृत्व गर्न पर्ने आवश्यकता र बाध्यता दुवै थियो । यो वस्तुगत ऐतिहासिक

परिस्थितिले गर्दा सबै जसो पिछडीएका देशहरुका क्रान्तिलाई श्रमजीवि वर्गको पार्टी कम्युनिष्ट पार्टीले दुई ऐतिहासिक चरणमा विभाजन गरेर अघि बढाउनु पर्ने भयो ।

लेनिनले नै पहिलो पटक यो ऐतिहासिक विश्लेषणलाई अघि सार्नुभयो र खुद रुसमा पनि लेनिनको अगुवाईमा "सामाजिक जनवादी लेवर पार्टी"ले रुसी क्रान्तिलाई अघि बढाउँदा त्यो देशमा पनि रुसी सामन्तवादी जार राजतन्त्र र त्यसको आधारका रुपमा सामन्तवाद जवर्जस्त रुपमा विध्यमान थियो । एकातिर रुसी पुँजीवाद पनि एकाधिकार पुँजीवादको रुपमा विकसित भै सकेको थियो । तर सामन्तवाद र राजतन्त्रलाई अन्त्य नगरी समाजवादी क्रान्ति तर्फ अघि बढ्न सकिदैन थियो । त्यसैले रुसमा लेनिनको अगुवाईमा पहिलो पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । जसलाई सन् १९१७ को फरबरी क्रान्ति भनिन्छ । त्यसले जार शाहीको शासन सत्ता पल्टाई दियो । त्यसपछि लगातार क्रान्तिलाई जारी राख्दै त्यहि वर्षको अक्टोवरमा महान समाजवादी अक्टोबर क्रान्ति सम्पन्न भयो । मानव समाजले श्रमजीवि वर्गको अग्रदुतको नेतृत्वमा पुँजीवादको शासन सत्ताको जुवालाई पृथ्वीको ६ खण्डको एक खण्डवाट पल्टाई दियो । त्यस क्रान्तिले विश्वलाई पुँजीवादी जनवादी क्रान्तिको युगवाट समाजवादी विश्व क्रान्तिको युगमा रुपान्तरित गरिदियो ।

लेनिनका यिनै शिक्षा, निष्कर्ष र मार्गदर्शनका आधारमा विश्वका पिछडिएका देशका क्रान्तिहरु दुई ऐतिहासिक चरणमा विभाजित गरिए । सम्बन्धित देशका कम्युनिष्ट पार्टीहरुले पुँजीवादी जनवादी क्रान्तिहरुलाई अघि बढाउँदै सामाजिक-आर्थिक रुपान्तरणका कार्यहरुलाई अघि बढाए । आज सम्म आउँदा एसीया, अफ्रिका र ल्याटिन अमेरिकाका कैयौ देशहरुमा पनि सामाजिक-आर्थिक ढाँचाहरुमा ठुलो रुपान्तरण आएको छ । कतिपय देशहरु विश्व परिस्थितिमा आएका परिबर्तनका यीनै कारणहरु समेतले गर्दा सामन्तवादलाई सुधारको प्रकृयाबाट पनि उन्मुलन गर्न सफल भएका छन । कतिपय मुलुकले आधारभुत रुपले सामन्तवादलाई उन्मुलन गरेर समाजवादी क्रान्तिका लागि आधार तयार पारेका छन । यतिवेला तेस्रो विश्वका विभिन्न देशहरुको सामाजिक-आर्थिक ढाँचामा व्यापक परिवर्तन भैरहेको छ । ती देशहरुमा पुँजीवादको विकास र विस्तार तीब्र बनी रहेको छ । यो पुँजीवादी उत्पादन सम्बन्धको विस्तारका साथ साथै धेरै जसो विकाशोन्मुख मुलुकहरुमा समेत एक वा अर्को ढाँचाका पुँजीवादी जनवादी राजनीतिक व्यवस्थाहरु स्थापित भएका छन । कतै पुँजीवादी संसदीय लोकतन्त्र स्थापित भएका छन । कतै राष्ट्रपतिय शासन प्रणाली स्थापित भएका छन र कतै मिश्रित प्रणालीहरु विकसित भएका छन । यी सबै पुँजीवादी लोकतन्त्रका एक वा अर्का रुप हुन । समाजवादी मुलुकहरु बाहेक अन्य सबै मुलुकहरुमा स्थापित पुँजीवादी लोकतन्त्रहरु बहुदलीय लोकतन्त्र वा वहुदलीय जनवादका रुपमा स्थापित भएका छन । ती सबै पुँजीवादी लोकतन्त्रहरुको एउटै सार छ - वहुदलीय प्रतिस्पर्धाको लोकतन्त्र । यो पुँजीवादी लोकतन्त्रको सामान्य चरित्र हो ।चाहे विकसित पुँजीवादी मुलुकहरुमा स्थापित लोकतन्त्रलाई हेरौ वा विकाशोन्मुख मुलुकहरुमा स्थापित पुँजीवादी लोकतन्त्रलाई हेरौ- सबैको चरित्रको एउटै सार हो- वहुदलिय प्रतिस्पर्धामा आधारित लोकतन्त्र । यो कुनै वर्ग निरपेक्ष आदर्श लोकतन्त्रको नमुना होइन । वर्गीय समाजमा वर्ग भन्दा माथिको कुनै लोकतन्त्र हुदैन । यी लोकतन्त्रहरु पुँजीवादी अधिनायकत्वका विभिन्न रुपहरु हुन । त्यहाँबाट अघि बढेर सबै देशहरुले आ आफ्नै देशका विशेषता अनुरुप समाजवादी लोकतन्त्रमा पुग्नै पर्छ । तब मात्र सबै देशहरु अनन्त विकास र समृद्धिको समाजवादी मार्गमा अघि बढ्न सक्छन ।

ठीक त्यसरी नै हाम्रो प्रिय मातृभुमी नेपालमा हामीले नेपाली क्रान्तिको पहिलो चरणलाई सफलता पुर्वक सम्पन्न गरेका छौ । तर हाम्रा देशका श्रमजीवि वर्गको अग्रदुत नेपाल कम्युनिष्ट पार्टी स्थापना हुँदा हाम्रो देशको वस्तुगत अवस्था भिन्नै थियो । नेपाली समाजको सामाजिक-आर्थिक ढाँचामा सामन्तवाद व्याप्त थियो । सामन्ति र अर्ध सामन्ति उत्पादन सम्बन्ध देशव्यापी रुपमा हावी थियो । त्यो आर्थिक जगमा निरंकुश राजतन्त्र अधिसंरचनाका रुपमा खडा थियो । त्यसैले हाम्रो देशको क्रान्तिको पहिलो चरण नयाँ जनवादी क्रान्तिको चरण थियो । त्यो भनेको सारतः पुँजीवादी जनवादी क्रान्ति भनेकै हो ।

कम्युनिष्ट पार्टीको नेतृत्वमा त्यो पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गरेर मात्र हामीहरु समाजवादी क्रान्ति र रुपान्तरणको चरणमा प्रवेश गर्न सक्थ्यौ । त्यसैले हामीले लामो समय सम्म पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गर्ने कुरालाई नै केन्द्र विन्दुमा राखेर हाम्रा प्रचार, संगठन र संघर्षका कामलाई अघि बढायौ । जनताको क्रान्तिकारी शक्ति निमार्ण गऱ्यौ । प्रधान शत्रुका विरुद्ध हर कालमा व्यापक शक्तिलाई गोलबन्द गऱ्यौ । पार्टीलाई सधै आधारभुत जनताका बीचमा स्थापीत गर्न घनघोर प्रयत्न गऱ्यौं । आखिर राजतन्त्रलाई हर प्रकारले अलागावमा पार्ने र सम्पुर्ण शक्तिलाई त्यस्का विरुद्ध एकताबद्ध पार्ने क्रममा शान्तिपुर्ण जनविद्रोहद्धारा नै बि.स २०६२-०६३ मा आएर नेपालको पुँजीवादी जनवादी क्रान्ति भव्यता पुर्वक सम्पन्न भयो । अब हामी समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ ऐतिहासिक चरणमा प्रवेश गरेका छौ । अथवा नेपाली क्रान्ति

पहिलो चरण पार गरेर दोस्रो चरणमा-समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छ । यो क्रान्तिलाई सफलता पूर्वक सम्पन्न गरेर मात्र हामीहरु वैज्ञानिक समाजबाद निर्माणको ऐतिहासिक प्रकृयामा प्रवेश गर्न सक्ने छौ ।

## ६. नेपालको नयाँ जनवादी क्रान्तिको सबै भन्दा महत्वपुर्ण शिक्षा

कुनै पनि देशमा क्रान्ति हुनका निम्ति क्रान्तिकारी सिद्धान्त हुनैपर्छ । सम्बन्धित देशको ठोस परिस्थिति अनुरुपको क्रान्तिकारी सिद्धान्तको विकास विना कुनै पनि देशमा क्रान्ति हुन सक्तैन । यो रुसी क्रान्तिका अनुभवहरुको निचोड निकाल्दै लेनिनले भन्नु भएको कुरा हो । क्रान्तिकारी सिद्धान्त भनेको के हो त ? त्यो भनेको मार्क्सवाद-लेनिनवादका विश्वव्यापी सचाईहरुको प्रकाशमा कुनै खास देशको क्रान्ति वा निर्माणका कार्यदिशा, नीति र सिद्धान्तहरुको श्रृखलालाई सम्बन्धित देशको क्रान्तिको सिद्धान्त भनिन्छ । त्यसैले हाम्रो देशमा पनि मार्क्सवाद-लेनिनवादको प्रकाशमा नेपाली क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तहरुको समग्र श्रृखला विकास नगरी नेपाली क्रान्ति पनि अघि बढ्न सक्तैन थियो । हाम्रो देशमा पनि क. पुष्पलालको अगुवाईमा पार्टी स्थापना भयो, त्यसले आफ्नो स्थापना लक्ष्यहरु अघि सार्‍यो तर ती लक्ष्यहरुलाई व्यवहारमा उतार्न सहि वैचारिक राजनीतिक कार्यदिशा, नीति र सिद्दान्तहरु, क्रान्तिका रणनीति र कार्यनीतिहरु, पार्टीको लक्ष्य र क्रान्तिको बाटो जस्ता सवालहरुमा प्रष्ट दृष्टिकोणको विकास गर्न निकै लामो समय लाग्यो ।

२००० सालको पहिलो दशकको आधातिर कम्युनिष्ट पार्टी स्थापना भयो । त्यसले आफ्ना स्थापना लक्ष्य अघि सार्‍यो । तर ती लक्ष्यहरुलाई कसरी लागु गर्ने ? तिनीहरुलाई लागु गर्ने कार्यदिशा, नीति र सिद्दान्तको ठोस रुपमा विकास हुन भने त्यो दशकमा सकेन । दोस्रो दशक लागे पछि पार्टीको संगठनात्मक संरचना एक हद सम्म विस्तार गर्‍यो । किसानहरु वीच को काम निकै राम्ररी विस्तार गर्‍यो । तर पार्टीको नेतृत्वमा भने क्रान्तिकारी कार्यदिशाको सट्टा विस्तारै दक्षिणपंथी प्रवृति बिकसित हुन थाल्यो । त्यसले किसान आन्दोलनलाई पनि दिशाहिन बनाउँदै लाग्यो । पहिलो संसदीय आम निर्वाचनमा पार्टीको भुमिका प्रभावकारी बन्न सकेन । पार्टीको दोस्रो महाअधिवेसनबाट दक्षिणपंथी राजा परस्त गुटले नेतृत्व कब्जा गर्न पुग्यो । त्यसले पार्टी भित्र वैचारिक र संगठनात्मक क्षेत्रमा ठुलो गंजागोल सृजना गर्‍यो । तत्कालिन नेतृत्व विरुद्ध विद्रोह नै गरेर तेस्रो महाअधिवेसन भयो । तर त्यसले पनि नेपाली नयाँ जनवादी क्रान्तिका सहि कार्यदिशा, नीति र सिद्धान्तको विकास गर्न सकेन । परिणाम स्वरुप तेस्रो दशक भरि कम्युनिष्ट आन्दोलन नै विभाजन र विखण्डन तिर गयो । तर चौथो दशक लागे पछि क्रमशः दक्षिणपंथी भड्काउका विरुद्ध वैचारिक सैद्धान्तिक संघर्ष गदै क्रान्तिकारी कार्यदिशाको विकास हुन थाल्यो । त्यो दशकमा आएर कम्युनिष्ट आन्दोलन भित्र तिब्र ध्रुवीकरण र पुर्नगठन हुन थाल्यो । नेपाली क्रान्तिका नीति र कार्य दिशाका विभिन्न पक्षमा गहन बहसहरु चल्न थाले । चालिसको दशक शुरु भएपछि नेपाली क्रान्ति र पार्टीको मार्गदर्शक सिद्धान्त, पार्टीको कार्यनीतिक कार्यदिशा, पार्टीको मुख्य कार्यनीतिक नारा,क्रान्तिको आम कार्यक्रम र ठोस कार्यक्रम,संयुक्त मोर्चा, संसदीय संघर्ष क्रान्तिको बाटो र समाजवाद र अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई हेर्न दृष्टिकोण, नेपाली समाजको प्रधान अर्न्तरविरोध र प्रधान शत्रु जस्ता आधारभुत महत्वका सवालहरुका वारेमा पार्टीले आफ्ना विचार, नीति र धारणाहरुलाई विकसित र व्यवस्थित बनायो । यसरी हामीले मार्क्सवाद-लेनिनवादका सार्वभौम सच्याईहरुलाई नेपाली नयाँ जनवादी क्रान्तिको ठोस व्यवहारमा गांस्ने क्रममा नेपालको नयाँ जनवादी क्रान्तिका कार्यदिशा,नीति, सिद्धान्तहरुको समग्र श्रृखलाको विकास गर्‍यौ । ती कार्यदिशा, नीति, सिद्धान्तहरुको श्रृंखलालाई पार्टीको ऐतिहासिक चौथो राष्ट्रिय महाअधिवेसनबाट संस्थागत र व्यवस्थित बनायौं ।

यसरी हामीले निकै लामो समयको वर्ग-संघर्ष र वैचारिक संघर्षको प्रकृयामा नेपालको नयाँ जनवादी क्रान्ति वा पुँजीवादी-जनवादी क्रान्तिका सहि कार्यदिशा-नीति र सिद्धान्तहरुको समग्र श्रृखला विकास गर्‍यौ । तिनीहरुको विकास क्रममा नै कम्युनिष्ट आन्दोलनको विकास, विस्तार, पुनर्गठन र एकिकरण अघि कहिल्यैको भन्दा तीब्र बन्यो । कम्युनिष्ट आन्दोलन भित्र रहेका आधारभुत विवादहरु अन्त्य भए । हामी पार्टीका सहि कार्यदिशा र नीतिहरुलाई लागु गर्ने क्रममा केन्द्रित भएर अघि बढ्यौ । वर्ग संघर्ष अझ तिब्र बन्यो र ०४६ सालको अग्रगामी परिवर्तन संभव भयो । त्यसपछि नेपाली क्रान्ति संसद भित्र र बाहिरबाट अझ व्यापक रुपले अघि वहन थाल्यो । त्यसपछि पनि आन्दोलनमा उग्रवामपंथी वा दक्षिणपंथी प्रवृतिहरु देखा नपरेका होइनन । तर तिनीहरुका विरुद्ध पार्टीका कार्यदिशाका आधारमा वैचारिक र सैद्धान्तिक संघर्ष गर्दै पार्टी र क्रान्तिलाई अघि बढाइयो र आखिर ०६२-०६३ मा आईपुग्दा नेपाली समाजमा बिकास गर्दै आएको वर्ग- संघर्ष त्यसको सर्वोच्च स्तरमा पुग्यो र नेपाली नयाँ जनवादी क्रान्ति अथवा पुँजीवादी जनवादी क्रान्ति नेपालको विशिष्ठता अनुरुप ऐतिहासिक रुपले सम्पन्न भयो ।

त्यो क्रान्तिलाई सम्पन्न गर्ने क्रममा हामीले पार्टीका वैचारिक, राजनीतिक, सैद्धान्तिक, दार्शनिक, संगठनात्मक, कार्यशैलिगत, नीतिगत जस्ता वहुआयामिक क्षेत्रमा असाधारण महत्वका मुल्यवान अनुभवहरु हासिल गरेको छौ । ती समग्र अनुभवहरुको समिक्षा गर्न वाँकि नै छ । तर त्यो समग्र प्रकृयामा पार्टीको क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशा नै सबै प्रकारले निर्णायक कुरा रहेछ र त्यसको विकास वा सृजनाले नै सबै कुरालाई निर्णायक प्रभाब पार्दो रहेछ भन्ने कुरा चाँहि सर्वोपरी महत्वको अनुभव हो । हाम्रो देशमा जब सम्म सहि वैचारिक-राजनीतिक कार्यदिशाको विकास हुन सकेन, तव सम्म पार्टी र क्रान्तिले अग्रगति लिन सकेन । तर जव सहि वैचारिक-राजनीतिक कार्यदिशाको विकास भयो नेपाली क्रान्ति नयाँ नयाँ आयामहरु सृजना गर्दै अघि बढ्यो र ऐतिहासिक विजयको विन्दुमा पुग्यो । यो नेपालका समस्त कम्युनिष्टहरु र परिवर्तनकारी नेपाली जनताका निम्ति एउटा दुरगार्मी महत्वको अनुभव हो र एउटा गहन शिक्षा पनि हो । यो अनुभव र शिक्षालाई गहिरो गरी आत्मसात गरेर मात्र हामीहरु नेपाली क्रान्तिको दोस्रो चरण-समाजवादी क्रान्ति र रुपान्तरणको चरणलाई सफलता पुर्वक अघि बढाउन सक्छौ ।

**७. ०६२ -०६३ को क्रान्तिले ल्याएका परिवर्तनहरु**

नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको वेलामा नेपाली समाज अर्ध-सामन्ति र अर्ध- उपनिवेशी सामाजिक-आर्थिक ढाँचा रहेको अवस्थामा थियो । त्यो सामाजिक-आर्थिक ढाँचालाई क्रान्तिकारी ढङ्गले परिवर्तन र रुपान्तरण गर्नका निम्ति हामीले नयाँ जनवादी क्रान्तिको आन्दोलन थालनी गर्‍यौ । त्यो आन्दोलन अनेकौ वाङ्गो टिङ्गो वाटो हुँदै अघि बढ्यो । क्रान्तिकारी संघर्षले अनेकौ मोड र घुम्तिहरुलाई पार गर्‍यो । संघर्षमा अग्रगामी मोडहरु मात्र होइन प्रतिगामी मोडहरुको समेत सामना गर्नु पर्‍यो । त्यस संघर्षको क्रममा ठुलठुला त्याग र वलीदानहरु समेत गर्नु पर्‍यो । त्यस प्रकृयामा देश र जनताका निम्ति आफ्नो जीवन नै उत्सर्ग गर्ने वीर अमर शहिदहरुको एउटा ठुलो पंक्तिनै तयार भयो । क्रान्तिको सिङ्गो काल खण्ड भरि प्रधान राजनीतिक अर्न्तविरोध र प्रधान राजनीतिक शत्रुको स्थितिमा अनेक पटक परिवर्तन भयो । तर क्रान्तिकारी संघर्षका विभिन्न काल खण्डमा ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै पाटीले सहि वैचारिक राजनीतिक कार्यदिशा, नीति र सिद्दान्तहरु अघि सारेको हुनाले ५८ वर्षको दिर्घ संघर्ष पछि ०६२-०६३ (२००६) मा आएर हाम्रो देशमा पुँजीवादी-जनवादी क्रान्तिको विजय भयो । त्यो क्रान्तिले नेपाली समाजमा निम्न वमोजिमका परिवर्तनहरु ल्याएको छ ।

- हामीले नेपाली समाजमा रहेको सामन्ति वा अर्घ-सामन्ति उत्पादन पद्धत्ति, सामन्ति वा अर्ध सामन्ति उत्पादन सम्बन्ध र सामन्त वर्गलाई समग्र रुपमा उन्मुलन गरेका छौ । हिजोको अधिया, ठेक्का, कुत र ब्याज मरौनी जस्ता सामन्ति शोषणका रुपहरु परिवर्तन भएका छन ।
- उपरोक्त सामन्ति शोषण र उत्पीडनको ठाउँ पुँजीवादी शोषण र उत्पीडनका नयाँ रुपहरुले विस्थापित गरिदिएको छ । पुँजीवादी शोषण र उत्पीडन नेपाली समाजका हर क्षेत्रमा व्यापक र गहिरो बन्दै गईरहेको छ ।
- यसरी नेपाली समाज अर्ध-सामन्ति र अर्ध-उपनिवेशी अवस्थाबाट एउटा पुँजीवादी मुलुकका रुपमा रुपान्तरित भएको छ ।
- उपरोक्त सामन्ति आर्थिक आधार माथि लामो समय देखि खडा भएको राजतन्त्रलाई पनि उन्मुलन गरिएको छ र संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापना गरिएको छ । यो पुँजीवादी गणतन्त्र हो ।
- हामीले जननिर्वाचित संविधान सभावाट मुलुक र जनताका लागि नयाँ संविधान बनाएका छौ । साथै त्यहि संविधानको आधारमा नयाँ नयाँ कानुनहरु निर्माण गर्ने प्रकृया अघि बढ्दै छ र पुँजीवादी कानुनी प्रणाली विस्तृत बन्दै गईरहेको छ ।
- उपरोक्त संविधान वमोजिम केन्द्रमा दुई सदनात्मक संसद विकसित भएको छ । “सुधारिएको” र समावेशी भने पनि यो मुलभुत रुपमा पुँजीवादी संसद हो र यो पुँजीवादी संसदीय लोकतन्त्र हो । यसलाई समकालीन विश्वमा उदारवादी लोकतन्त्र(liberal democracy) भन्ने गरिन्छ । यहि नै बहुदलीय लोकतन्त्र वा बहुदलीय जनवाद पनि हो ।
- संविधान वमोजिम हिजोको केन्द्रिकृत प्रशासनको सट्टा अहिले देशलाई संघिय ढाँचामा परिवर्तन गरिएको छ र संघ, प्रदेश, जिल्ला, पालिकाहरु र वार्ड सम्म प्रशासन र जनप्रतिनिधि ढाँचाहरुको विकास गरिएको छ ।

- कानुनतः समाजमा लैगिक समानता, भाषिक समानता, सास्कृतिक समानता, सामाजिक समानता र धार्मिक समानता औपचारिक रुपमा स्थापना गरिएको छ । तर वर्गीय विभेद माथि आधारित यी सबै विभेदहरु र असमानताहरु पुँजीवादी समाजको स्थापना पछि झन गहिरो बन्दै गएको यथार्थता हाम्रा सामु छ ।
- राजतन्त्रात्मक युगको तुलनामा आज नेपाली जनतालाई वोल्ने, संगठन गर्ने, सभा जुलुस गर्ने, प्रकाशन गर्ने, आलोचना गर्ने, निर्वाचनमा भाग लिने, चुन्ने र चुनिने बहुमत ल्याउनेले सरकार बनाउन पाउने र अल्पमतले प्रतिपक्षमा रहने जस्ता महत्वपुर्ण अधिकारहरु प्राप्त भएका छन । यतिबेला हिजो राजतन्त्रको युगमा भन्दा खुल्ला समाज स्थापना भएको छ । पँजीपति वर्गलाई खोस्न नदिईकन यी अधिकारहरुलाई हामीले समाजवादी क्रान्ति र रुपान्तरणलाई अघि बढाउन राम्ररी उपयोग गर्न सक्नुपर्छ । पुँजीवादी लोकतन्त्रका सबै सकारात्मक कुराहरुलाई क्रान्तिकारी ढंगले उपयोग गरेर मात्र हामी समाजवादी यात्रा तिर अघि बढ्न सक्छौं । किनभने लेनिनले भन्नु भए जस्तै पुँजीवादी लोकतन्त्र नै समाजवादमा पुग्ने आधार हो ।
- उपरोक्त परिवर्तनहरुले नेपाली समाजलाई एउटा खुल्ला पुँजीवादी समाजका रुपमा रुपान्तरित गरेको छ र यसरी नेपाली समाज हिजोको अर्ध-सामन्ति र अर्ध-उपनिवेशी ढाँचाबाट एउटा पुँजीवादी समाजका रुपमा रुपान्तरित भएको छ ।
- यी सम्पुर्ण कुराहरुले गर्दा नेपाली समाजको प्रधान वर्गीय अर्न्तरविरोध र प्रधान राजनीतिक अन्तरविरोध पनि बदलिएका छन । हिजोको सामन्तवाद र दलाल नोरशाही पुँजीवादसंग व्यापक जनताको अर्न्तविरोधका रुपमा रहेको प्रधान वर्गीय अन्तरविरोध अहिले दलाल पुँजीपति वर्ग र व्यापक जन समुदायका वीचको अन्तरविरोधमा बदलिएको छ । त्यसरी नै प्रधान राजनीतिक अन्तरविरोध पनि अहिले दलाल पुँजीवादलाई मुख्य रुपले प्रतिनीधित्व गर्ने राजनीतिक शक्ति संग व्यापक जन समुदायको राजनीतिक अन्तरविरोधका रुपमा परिवर्तन भएको छ । यो नयाँ प्रधान अर्न्तविरोध छोटो समय मै चर्को बन्दै गएको छ । यो परिवर्तनले नेपाली समाजको स्परुपलाई आधारभुत रुपले बदलेको छ । नेपाली समाज एउटा पुँजीवादी सामाजिक-आर्थिक ढाँचा भएको मुलुकका रुपमा रुपान्तरण गरेको छ । ठीक यहि परिवर्तनले नेपाली समाजलाई समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ वस्तुगत आधारमा खडा गरको छ ।

## ८. वर्तमान नेपाली समाज र क्रान्तिको स्वरुप

कुनै पनि समाजको स्वरुप जस्तो हुन्छ, त्यहाँ संचालित हुने क्रान्तिको स्वरुप पनि त्यहि अनुरुप हुन्छ । ०६२-०६३ को पुँजीवादी-जनवादी क्रान्तिले ल्याएका परिवर्तनहरुले नेपाली समाज एउटा पुँजीवादी समाजको चरणमा रुपान्तरित भएको कुरा प्रष्ट छ । कतिपय वामपंथी साथीहरुले परिवर्तनको यो प्रकृयालाई ठक्याउन सकिरहेका छैनन । यो त आजको वस्तुगत जीवनको वास्तविकता हो । उनीहरु “सामन्ति अवशेष” का कुरा बढाई चढाई गर्छन । विभिन्न पक्षमा सानो मात्रामा त्यस्ता अवरोधहरु रहन सक्छन । तर यतिवेला नेपाली समाजमा प्रभुत्वशाली अवस्थामा रहेको उत्पादन पद्धति र उत्पादन सम्बन्ध के हो ? त्यो हरेक प्रकारले पुँजीवादी उत्पादन पद्धति र पुँजीवादी उत्पादन सम्बन्ध हो र त्यो नै नेपाली समाजमा प्रभुत्वशाली अवस्थामा छ । जुन उत्पादन पद्धति र उत्पादन सम्बन्ध प्रभुत्वशाली अवस्थामा हुन्छ, त्यो समाजको स्वरुप पनि त्यस्तै हुन्छ । त्यसैले आजको नेपाली समाज पुँजीवादी सामाजिक-आर्थिक ढाँचामा रुपान्तरित भएको समाज हो ।

स्वाभाविक रुपले यस्तो समाजलाई आमुल परिवर्तन गर्ने क्रान्ति भनेको समाजवादी क्रान्ति नै हो । यो सामान्य मार्क्सवादी ज्ञानको कुरा हो कि पुँजीवादी समाजलाई बदल्ने क्रान्ति एक मात्र समाजवादी क्रान्ति हो । समाजवादी क्रान्तिको प्रकृयालाई अघि बढाउन नचाहने कतिपय वामपंथी साथीहरु यहाँ पनि कुनै प्रकारका मध्य विन्दु वा मध्यपंथ खोजि रहेका हुन्छन । तर यहाँ नेर कुनै मध्यविंदु, मध्यचरण वा मध्यावर्त छैन र हुदैन । दुई चरणवाट पार हुने क्रान्तिमा पहिलो चरण जुन विन्दुमा सम्पन्न हुन्छ ठीक त्यहि विन्दुवाट क्रान्तिको दोस्रो चरण शुरु हुन्छ । ती दुई चरणका वीचमा कुनै खाडल हुदैन । एउटा प्रकृया जहाँ पुगेर टुङ्गिन्छ, त्यहि विन्दुवाट अर्को प्रकृयाको थालनी हुन्छ । यो ऐतिहासिक भौतिकबाद र द्धन्दवादको नियम हो । ठीक त्यसरी नै हाम्रो देशको पुँजीवादी-जनवादी क्रान्ति जुन विन्दुमा पुगेर टुङ्गियो ठीक त्यहि विन्दुवाट समाजवादी क्रान्तिको वस्तुगत प्रकृयाको थालनी भै सकेको छ ।

त्यसैले हाम्रो क्रान्तिको वर्तमान स्वरुप समाजवादी क्रान्ति र रुपान्तरण हो । कुनै पनि समाजमा क्रान्तिको स्वरुप हाम्रो इच्छाले वा चाहनाले निर्धारण गर्दैन । त्यो समाजको वस्तुगत अवस्थाले मात्र निर्धारण गर्दछ । आजको समाजको ठोस

वस्तुगत अवस्था भनेको नै पुँजीवादीसमाज हो । स्वभाविक रुपले यो पुँजीवादी सामाजिक-आर्थिक ढाँचालाई परिवर्तन गर्ने एक मात्र क्रान्ति समाजवादी क्रान्ति हो । अझै पनि कतिपय वामपंथी साथीहरु "अहिले नै समाजवादी कार्यक्रम अघि सार्न सकिदैन", "अहिले त जनताको वहुदलीय जनवादलाई नै लक्ष्य बनाउनपर्छ" "जबजको रक्षा र विकास गरेर मात्र समाजवादमा पुग्न सकिन्छ" भनी रहेका छन । यो क्रान्तिकारी कार्यदिशाबाट दक्षिणपंथी दिशा तिर भड्किएको चिन्तन हो । यस्तो चिन्तनले वस्तुगत यर्थाथलाई देख्तैन । त्यसले समाजलाई, क्रान्तिलाई र विचार चिन्तनहरुलाई पनि वर्ग दृष्टिकोण कै आधारमा विश्लेषण गर्नुपर्छ भन्ने कुरा देख्दैन । वरु त्यसले वस्तुगत स्थिति र क्रान्तिको प्रक्रियाका बारेमा पनि आफ्ना "मनोकांक्षा", "स्वार्थ" र हित अनुकुल व्याख्या गर्न पुग्छ । त्यस्ता दृष्टिकोणले समाजको स्वरुप पनि पहिचान गर्न सक्तैन र क्रान्तिको स्वरुप पनि पहिचान गर्न सक्तैन । हामीले यस्ता अधिभुतवादी चिन्तन, विचार र दृष्टिकोणबाट सर्तक रहदै समाजको स्वरुप र क्रान्तिको स्वरुप जस्ता गहन सवालहरुलाई वर्गीय दृष्टिकोणका आधारमा मसिनु गरी विश्लेषण गर्नुपर्छ र तथ्य संगत ढङ्गले निष्कर्ष निकाल्नु पर्छ । यस दृष्टिकोणले हेरेर नै हामीहरु नेपाली समाजको वर्तमान स्वरुप पुँजीवादी समाज हो र वर्तमान नेपाली क्रान्तिको स्वरुप समाजवादी क्रान्ति हो भने निष्कर्षमा पुगेका छौ । यो नै सहि र वैज्ञानिक निष्कर्ष हो

## ९. समाजवादी कार्यक्रमको ऐतिहासिक आवश्यकता

कम्युनिष्ट पार्टीको कार्यक्रम भनेको समग्र क्रान्तिको लक्ष्य हो । त्यसले पार्टीका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र अन्य सम्पुर्ण लक्ष्यहरुलाई एकिकृत ढङ्गले प्रस्तुत गर्छ । त्यसले समाजको एउटा वा दुईटा पक्षलाई वा क्षेत्रलाई वा सेक्टरलाई मात्र परिवर्तन वा सुधार गर्ने कुरा गर्दैन । कम्युनिष्ट पार्टीले अघि सार्ने क्रान्तिको कार्यक्रमले विद्यमान समाजको सिङ्गो सामाजिक आर्थिक ढाँचालाई आमुल परिवर्तन गरेर नयाँ प्रगतिशिल सामाजिक-आर्थिक ढाँचा स्थापना गर्ने कुरा गर्छ ।

यतिवेला हामी पुँजीवादी सामाजिक-आर्थिक ढाँचा भएको अवस्थामा छौ । यो ढाँचा एउटा प्रतिकृयावादी ढाँचा हो । यो ढाँचा आफै अर्न्तरविरोध ग्रस्त र संकट ग्रस्त छ । यसले नेपाली समाजका कुनै पनि आधारभुत समस्याहरुलाई समाधान गर्न सक्तैन । त्यसको उल्टो यसले ती समस्याहरुलाई झन झन चर्को बनाउँदै लान्छ र लगिरहेको छ । यो पुँजीवादी सामाजिक-आर्थिक ढाँचा स्थापना भएको पनि करिब दुई दशक पुग्न लाग्यो । नेपाली समाजका हर क्षेत्रहरु संकटग्रस्त बन्दै गै रहेका छन । राजनीतिक क्षेत्र अन्यौल र दिशाहिनता बाट गुज्रिरहेको छ । पुँजीवादी-जनवादी क्रान्तिका वाहक वामपंथी शक्तिहरु आफै कुइराको काग जस्ता बनिरहेका छन । उनीहरुले समाजवादी क्रान्ति र रुपान्तरणको लक्ष्य र ठोस कार्यक्रम अघि सार्न नसकेको हुनाले कम्युनिष्ट आन्दोलन आफै दक्षिणपंथी भड्काउको शिकार बन्दै गएको छ । उनीहरु भित्र विभाजनको प्रकृया रोकिएको छैन । उनीहरु मध्ये कति त "बहुदलीय जनवाद"लाई नै अहिले पनि लक्ष्य बनाएर हिडिरहेका छन र पुँजीवादी"संसदीय लोकतन्त्र" को सेवा गरिरहेका छन । त्यसले गर्दा कम्युनिष्ट क्रान्तिकारीहरुको पंक्तिमा भ्रम, अन्यौल र दिशाहिनता बढ्दै गै रहेको छ ।

हिजो नयाँ जनवादी क्रान्तिको कालखण्डमा अघि सारिएका कुनै पनि रुपका कार्यक्रमहरु ऐतिहासिक रुपले पुराना भइसके । त्यसबेला हामीले कहिले नयाँ जनवादी कार्यक्रम अघि सार्‍यौ, कहिले राष्ट्रिय जनवादको कार्यक्रम अघि सार्‍यौ, कहिले जनताको जनवादको कार्यक्रम अघि सार्यौ र कहिले जनताको बहुदलिय जनवादको कार्यक्रम अघि सार्‍यौ । ती सबै कार्यक्रमहरु नाममा वा रुपमा जे सुकै मानिए पनि पुँजीवादी जनवादी कार्यक्रमहरु नै थिए । तिनीहरुको मुल लक्ष्य नेपाली समाजवाट सामन्तवादलाई उन्मुलन गर्नु नै थियो । जनवादी क्रान्तिको पछिल्लो कालमा अघि सारिएको "जनताको वहुदलीय जनवाद" को कार्यक्रम पनि पुँजीवादी जनवादी कार्यक्रम नै थियो । त्यसको केन्द्रीय लक्ष्य पनि सामन्तवादलाई उन्मुलन गर्ने नै थियो । त्यहाँ भन्दा अघिको लक्ष्यलाई त्यस कालखण्डका कुनै पनि कार्यक्रमहरुले समेट्न संभव थिएन । अहिले ०६२-६३ को जनक्रान्ति पछि देशको वस्तुगत स्थितिमा नै ठूलो परिवर्तन आएको छ ।

**प्रथमत :** त्यो क्रान्तिपछि नेपाली समाजको वर्गीय संरचना नै ठूलो परिवर्तन भएको छ । हिजो सामन्त वर्ग नेतृत्वदायी स्थानमा थियो भने अहिले त्यो वर्ग समाप्त भएको छ र दलाल पँजीपति वर्ग नेतृत्वदायी स्थानमा पुगेको छ ।

**दोस्रो:** हिजो समाजमा अर्ध-सामन्ति उत्पादन सम्बन्ध पनि थियो,अहिले त्यो उत्पादन सम्बन्ध समाप्त भएको छ । समग्रमा पुँजीवादी उत्पादन पद्धति र उत्पादन सम्बन्ध स्थापना भएको छ । उत्पादन सम्बन्धले फड्को मारेको छ ।

**तेस्रो :** हिजो हामी नेपाली समाजलाई अर्ध-सामन्ति, अर्ध-उपनिवेशी भन्थ्यौ, अहिले पुँजीवादी मुलुकका रुपमा विश्लेषण गरिरहेका छौं । यो मुलुकको स्वरूपमा आएको फड्को हो ।

**चौथो:** हिजो हामी सामन्तवाद र दलाल नोकरशाही पुँजीवादसँग ब्यापक जनताको अन्तरविरोधलाई प्रधान अन्तरविरोध मान्थ्यौं । अहिले दलाल पुँजीवादसँग व्यापक जनताको अन्तरविरोधलाई प्रधान अन्तर्विरोध मान्छौ । यसरी प्रधान वर्गीय र राजनीतिक अन्तर्विरोधले फड्को मारेको छ ।

**पाँचौं:** हिजो हामी मुलुकको क्रान्तिलाई नयाँ पुँजीवादी-जनवादी क्रान्ति भनिरहेका थियौ । अहिले हामी समाजवादी क्रान्ति भनिरहेका छौं । यसरी क्रान्तिको स्वरूपले पनि फड्को मार्‍यो ।

**छैठौं:** हिजो हामी नयाँ जनवाद वा बहुदलीय जनवादलाई क्रान्तिको रणनीतिक लक्ष्य मानिरहेका थियौं र अहिले हामी वैज्ञानिक समाजवादलाई क्रान्तिको रणनीतिक लक्ष्य मान्ने नयाँ धरातलमा आइपुगेका छौं । यसरी क्रान्तिको रणनीतिक लक्ष्यले पनि फड्को मार्‍यो ।

**सातौं:** हिजो हाम्रो क्रान्ति र प्रगतिको मुख्य बाधक नै निरंकुश राजतन्त्र र सामन्तवाद थियो, अहिले दलाल पुँजीवाद नेपाली जनताको अग्रगति र प्रगतिको मुख्य बाधक बनेको अवस्था छ । यसरी नेपाली समाजको आधारभूत पक्षहरूमा नै परिवर्तन आएकाले हाम्रो पार्टीको कार्यक्रममा गुणात्मक परिवर्तन अनिवार्य बनेको छ । **हामीले हिजोको अवस्थामा अघि सारेका नयाँ जनवाद, राष्ट्रिय जनवाद, जनताको जनवाद वा जनताको बहुदलीय जनवादका कार्यक्रमहरू त्यस बेलाको वस्तुगत परिस्थितिका उपज थिए । तिनीहरूले नेपाली समाजलाई अग्रगामी परिवर्तन र रूपान्तरण गर्न ऐतिहासिक भूमिका निर्वाह गरिसकेका छन । नेपाली समाज सामन्ति निरंकुशताको अवस्थाबाट पुँजीवादी लोकतन्त्रको अवस्थामा रूपान्तरित भइसकेको छ ।** हिजो हामीले जनवादी क्रान्तिको क्रममा अघि सारेका कार्यक्रमहरुका जुन अंशहरू लागू भइसकेका छैनन, तिनीहरू अब समाजवादी कार्यक्रमका अभिन्न अङ्ग बन्छन र बनाउनुपर्छ । तर कार्यक्रमिक रुपमा भने अब नयाँ धरातलबाट अघि बढ्नुपर्छ । अब हिजोका कुनै पनि कार्यक्रमहरूको "रक्षा र विकास" गरेर नेपाली जनता र राष्ट्रलाई अग्रगति तिर लान सकिँदैन । हामीले बिल्कुल नयाँ धरातल,नँया औचित्य र नयाँ आवश्यकताका आधारमा अब समाजवादी कार्यक्रम अघि सार्नुपर्छ । त्यो नेपाली क्रान्तिको इतिहासमा बिल्कुल नयाँ र ऐतिहासिक कार्यक्रम हुनेछ ।

त्यो नयाँ कार्यक्रम भनेको आजको पुँजीवादी सामाजिक-आर्थिक ढाँचालाई आमुल परिवर्तन गर्ने नयाँ समाजवादी सामाजिक-आर्थिक ढाँचा निर्माणको कार्यक्रम हो । त्यसले नेपाली समाजको वर्तमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वैदेशिक नीति र ढाँचाका सबै क्षेत्रमा आधारभुत परिवर्तन गर्ने छ । नेपाली समाज र जनतालाई नयाँ ऐतिहासिक चरणमा उठाउनेछ । त्यसले आजको जस्तो शोषक वर्गका हातमा रहेको सत्तालाई खोस्ने छ र श्रमजीवि वर्गको नेतृत्वमा सम्पुर्ण जनताको हातमा शासन सत्ता ल्याउने छ । आजको अवस्थामा जारी रहेको मान्छेले मान्छे माथि गरिने शोषणलाई अर्थात सम्पुर्ण वर्गीय शोषणलाई अन्त्य गर्ने छ र आजका सबै सामाजिक भेदभावहरुलाई पनि अन्त्य गर्ने छ । यसरी एउटा नयाँ र गतिशील समाजवादी व्यवस्थाको स्थापना गरिने छ । त्यो व्यवस्था नेपालको विशिष्ठता र विशेषता माथि आधारित हुनेछ । जसलाई हामी नेपाली विशेषताको समाजवाद भन्न सक्छौ ।

यसरी हामीले यतिवेला अघि सार्ने समाजवादी कार्यक्रमले हिजोका सबै प्रकारका पुँजीवादी जनवादी कार्यक्रमहरुलाई विस्थापित गर्नेछ । समाजवादी क्रान्तिको लक्ष्यका रुपमा नयाँ समाजवादी कार्यक्रम स्थापित हुनेछ । त्यो समाजवादी कार्यक्रमले सिङ्गो समाजवादी क्रान्ति र रुपान्तरणको कालखण्ड भरि नै नेपाली जनता, क्रान्तिकारीहरु र राष्ट्रलाई मार्गदर्शन गर्नेछ । त्यो कार्यक्रम समाजवादी क्रान्तिको समग्र काल खण्ड भरि नै आम रुपमा अपरिवर्तनीय रहने छ । वस्तुगत र आत्मगत स्थितिमा आउने परिवर्तनहरुले त्यस कार्यक्रमका कतिपय विशिष्ठ पक्षहरुमा परिमार्जन हुन सक्ने छ । तर समाजवाद स्थापना गर्ने आधारभुत कार्यक्रम क्रान्तिको समग्र प्रकृया सम्पन्न नहुन्जेल सम्म परिवर्तन हुने छैन

त्यसैकारण नयाँ जनवादी क्रान्तिको कालखण्ड भरि जसरी जनवादी कार्यक्रम आम रुपमा अपरिवर्तनीय हुन्थ्यो, ठीक त्यसरी नै हाम्रो समाजवादी कार्यक्रम समाजवादी क्रान्तिको कालखण्ड भरि पनि यहि आम रुपमा यथावत रहने छ । त्यसैकारण यो समाजवादी कार्यक्रम समाजवादी क्रान्तिको रणनीतिक लक्ष्य पनि हो । यो क्रान्तिको लाल झण्डा जस्तै सिङ्गो क्रान्तिको कालखण्ड भरि आन्दोलनका साथ फहराई रहने छ । किनभने हामी क्रान्तिकारी प्रचार, संगठन र संघर्षका जे सुकै काम गरे पनि त्यसैलाई लक्ष्य बनाएर गर्नेछौ ।

### १०. नेपाली समाजको वर्तमान प्रधान अन्तरविरोध

कुनै पनि जटिल सामाजिक-आर्थिक विकासका विभिन्न चरणहरुमा अनेकौ अर्न्तविरोधहरुको विकास हुने गर्छ । किनभने अर्न्तविरोधहरु नै कुनै पनि वस्तु, प्रकृया, घटना, परिघटना र विचारको विकासको निर्णायक कारण हुने गर्छ । यो प्राकृतिक र सामाजिक विकासको आधारभुत नियम नै हो । कुनै पनि समाजको विकासका हर चरणहरुमा पनि अनेकौ अर्न्तविरोधहरु प्रकट हुने गर्छन । हामी क्रान्तिकारी कम्युनिष्टहरुले आफु जुन समाजलाई परिवर्तनको दिशातिर अघि बढाईदैछ, त्यो समाजको विकासका विद्यमान चरणका समग्र अर्न्तविरोधहरुको गहिरो र गहन अध्ययन गर्नुपर्छ । त्यस्ता अनेकौ अन्तविरोधहरु मध्ये एउटा अर्न्तविरोध जहिले पनि प्रधान अर्न्तविरोधका रुपमा रहेको हुन्छ । त्यस अन्तरविरोधले नै अन्य सबै अर्न्तविरोधहरुलाई मातहत परि रहेको हुन्छ र तिनीहरु सबैलाई प्रभावित पारिरहेको हुन्छ । त्यो प्रकृयाको विकासलाई त्यहि प्रधान अन्तविरोधले नै निर्णायक रुपले प्रभाव पार्दछ ।

ठीक त्यसरी नै वर्तमान नेपाली समाजमा पनि अनेकौ आन्तरिक र वाह्य अर्न्तविरोधहरु छन । नेपाल राष्ट्र र साम्राज्यवाद संग एउटा आधारभुत अर्न्तविरोध छ । नेपाल राष्ट्र र भारतीय प्रभुत्ववाद संग अर्को आधारभुत अन्तविरोध छ । किनभने विश्व साम्राज्यवादी र प्रभुत्ववादी शक्तिहरु नेपालमा घुसपैठ गर्ने नेपाल भित्र आफ्ना प्रभावहरु विस्तार गर्ने, नेपालमा आफ्ना लवी तयार पार्ने, नेपाललाई दवाव दिने, नेपाललाई आफ्ना स्वार्थ अनुरुप हिड्न वाध्य पार्ने, नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डता माथि दख्खल दिने, एक वा अर्को असमान संधि र संझौतामा हस्ताक्षर गर्न वाध्य पार्ने र यहाँ सम्मकी नेपालका अभिन्न भुभागहरु हडप्न समेत निरन्तर प्रयास गर्दै आएका छन ।अमेरिकी साम्राज्यवाद नेपाललाई अपमान जनक शर्त भएको एम.सि.सि संझौतामा हस्ताक्षर गर्न वाध्य पार्ने, अझ अघि बढेर स्टेट पाटर्नरसिप संझौतामा संझौता गर्न दवाव दिने, नेपाल हिन्द- प्रशान्त रणनीतिको “सदस्य राष्ट्र” भएको घोषणा गर्ने, कथित तिब्बती शरणार्थीहरुलाई “परिचय पत्र” दिलाउन दवाव दिने, नेपाली जनताको आस्था र विश्वासलाई खरिद गर्न डलरको खोलो बगाउने, सैनिक सम्बन्ध विस्तार गर्न जोड दिने काम गरि रहेको छ । यता भारतीय प्रभुत्ववाद नेपालका भुखण्डहरु कब्जा गर्ने, नेपाली बजार माथि एकाधिकार जमाउने, नेपालमा अर्को छिमेकी चीनको लगानी देख्नै नसक्ने, नेपालसंगको सीमानामा एक पछि अर्को अतिक्रमण गरिरहने, सीमानालाई वैज्ञानिक ढङ्गले अङ्कित गर्न ढिलाढाला गरिरहने, सीमानामा एक पक्षिय ढङ्गले वाँध र तटबन्धहरु वाँधि रहने, विद्धत व्यक्तिहरुको समुह (eminent person group) ले दिएको सहमति पुर्ण प्रतिवेदलाई बुझ्न सम्म पनि नचाहने र उल्टै कथित विशाल भारतको नक्सा भारतीय संसद भवनमा अंकित गर्ने जस्ता नेपालको हित विरोधी कार्यहरु भैरहेका छन । यस्ता कुराहरुले साम्राज्यवाद तथा प्रभुत्ववाद संग नेपाल राष्ट्रका अन्तविरोधहरु निरन्तर तीब्र बनीरहेका छन । तर अझै सम्म पनि उनीहरु नेपाल माथि प्रत्यक्ष रुपले हस्तक्षेप गर्ने अवस्थामा पुग्न सकेका छैनन र तत्काल यस्तो संभावना पनि देखिदैन । त्यसैले यी वाह्य अर्न्तविरोधहरु यतिवेला नेपाली समाजको प्रधान अन्तविरोध बनेको छैनन । तर पनि हामीले वाह्य अर्न्तरविरोधको विकासलाई वढो सुक्ष्म रुपले अध्ययन र विश्लेषण गरि रहनुपर्छ, तिनीहरुको विकासको गतिलाई वुझि रहनुपर्छ र तिनीहरुले नेपाली समाजमा पार्ने नकारात्मक प्रभावको विरोध र भण्डाफोर गरि रहनुपर्छ । यो हाम्रो राष्ट्रियताका निम्तिको संघर्ष हो र हामी कम्युनिष्टहरुले सदा ध्यान दिनु पर्ने विषय हो ।

यसबाट निस्कने सोझो निष्कर्ष के हो भने यति वेला नेपाली समाजमा अनेकौ आन्तरिक र वाह्य अर्न्तरविरोधहरु विकास गरिरहेका भएपनि वाह्य अर्न्तरविरोध प्रधान अन्तरविरोध बनेको छैन । तत्काल बन्ने अवस्था पनि देखिदैन । यतिवेला आन्तरिक अर्न्तविरोध नै नेपाली समाजको विकासलाई निर्णायक भुमिका खेल्ने प्रधान अन्तविरोधका रुपमा रहेको छ ।नेपाली समाजमा यतिवेला आन्तरिक अर्न्तविरोधहरु पनि अनेक रुप र चरित्रका छन । तिनीहरु मध्ये कुन चाहि प्रधान अन्तरविरोध हो त ? त्यसलाई पनि हामीले सुक्ष्म रुपले विश्लेषण गर्नुपर्छ । नेपाली समाजका आन्तरिक अन्तरविरोधहरुमा केहि वर्गीय र केहि सामाजिक अर्न्तरविरोधहरु पनि छन । ती विभिन्न अर्न्तरविरोधहरु मध्ये लैगिक, जातिय, भाषिक, सांस्कृतिक, क्षेत्रीय प्रकारका सामाजिक अर्न्तरविरोधहरु पनि छन । तीनीहरु सबै वर्गअर्न्तरविरोध र वर्ग संघर्षका उपज नै हुन । तिनीहरु मध्ये कुनैपनि प्रधान अन्तरविरोध होइनन र हुन पनि सक्तैनन । तर साम्राज्यवादीहरु र तिनीहरुका दलालहरु यस्ता अर्न्तरविरोधहरुलाई पनि चर्काउन र नेपाली समाजलाई अस्तब्यस्त पारेर आफ्ना अपराधिक खेल खेल्न लागि परेका छन । हामीले यी कुरामा पनि होसियार हुनैपर्छ ।

त्यस वाहेक वर्गीय अर्न्तरविरोधहरुमा एउटा दलाल पुँजीवाद र व्यापक जनताका बीचको अन्तविरोध छ । अर्को राष्ट्रिय पुँजीवाद र श्रमिक जनता बीचको अन्तरविरोध पनि छ । यी दुई वर्गीय-अर्न्तरविरोध मध्ये राष्ट्रिय पँजीपति वर्ग सँग श्रकिम जनताको अर्न्तरविरोधका दुईवटा पाटा छन । यसले पनि श्रमिक वर्गको श्रम शक्तिको शोषण नगरी अतिरिक्त पूँजी कमाउन

सक्तैन । त्यसैले यो वर्गीय अन्तरविरोध चर्किदै जानु स्वभाविक छ । तर यो अर्न्तविरोधलाई मित्रतापुर्ण ढङ्गले समाधान गर्दै अघि बढ्ने संभावना प्रवल छ । अर्कोतिर यो वर्गले राष्ट्रिय उद्योगधन्दा बजार र रोजगारी वृद्धि गर्न मद्दत गर्ने हुनाले यी कुराहरु आम जनता र राष्ट्रको हित अनुकुल पनि हुन्छन । बरु त्यसका यी प्रयत्नहरुलाई दलाल पुँजीवादले हर प्रकारले नियन्त्रण र अवरोध गरि रहेको हुनाले राष्ट्रिय पुँजीपति वर्गको पनि दलाल पुँजीवादसंगको अर्न्तविरोध नै सबैभन्दा चर्को बनिरहेको अवस्था छ ।

त्यस बाहेक निम्न पुँजीपति वर्गका व्यापक जनसमुदायहरु, किसान जन समुदायहरु र आम श्रमिक वर्गका वीचमा पनि वर्गीय भिन्नताहरु छन । पुँजीवादी उत्पादन सम्बन्धका कारणले उनीहरु वीच पनि सामान्य भिन्नताहरु छन । भिन्नताहरु आफैमा  अन्तरविरोधहरु नै हुन । तर तीन वटै वर्गहरु श्रमिक वर्गहरु नै हुन । उनीहरुका वीचका सबै अर्न्तरविरोधहरु मित्रतापुर्ण अन्तरविरोधहरु हुन । उनीहरुका वीचमा कुनै पनि प्रकारको वर्गीय शत्रुता छैन । उनीहरु भित्र कुनै प्रकारका अन्तरविरोधहरु प्रकट भैहाले पनि तिनीहरलाई आपसी मैत्रीपुर्ण छलफलद्धारा  हल गर्न सकिन्छ र गर्नुपर्छ । तर यो तीनवटा वर्गको जनसमुदाय नै नेपाली समाजको ९० प्रतिशत भन्दा बढी रहेको जनसंख्या हो । यो विशाल जन समुदाय माथि निर्मम शोषण र शासन दलाल पुँजीवादले नै गरि रहेको छ । उनीहरु माथि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हर प्रकारका शोषण, दमन, अन्याय, अत्याचार यहि दलाल पुँजीवादले गरिरहेको छ । त्यसैकारण दलाल पुँजीवादसंग राष्ट्रिय पुँजीपति बर्ग सहितका व्यापकतम जनसमुदायको अर्न्तरविरोध नै यतिवेला नेपाली समाजको प्रधान अर्न्तरविरोधका रुपमा रहेको छ । यो अर्न्तरविरोधले नै नेपाली समाजको सम्पुर्ण विकासलाई प्रभावित पारि रहेको छ । अरु सबै भित्रि बाहिरी अर्न्तरविरोधहरुलाई यहि अर्न्तरविरोधले प्रभावित पारि रहेको छ । अरु सबै अर्न्तरविरोधलाई यसले नै  मातहत बनाएको छ । नेपाली समाजलाई अग्रगति, प्रगतितिर अघि बढन तथा समाजवादको वाटो तिर अघि बढ्न यहि अन्तरविरोधले रोकिरहेको छ । यहाँ सम्म कि वाह्य अर्न्तविरोधहरु पनि यहि अर्न्तरविरोध मार्फत परिचालित भै रहेका छन । त्यसैकारण यो अर्न्तरविरोधलाई समाधान नगरी अरु कुनै पनि अर्न्तरविरोधलाई समाधान गर्न सकिन्न । त्यसैले नेपाली समाजको सम्पुर्ण अग्रगति र प्रगतिको वाटो खोल्न यो अर्न्तविरोधलाई समाधान गर्न हामीले हाम्रो सम्पुर्ण शक्तिलाई केन्द्रित गर्नुपर्दछ । यो अर्न्तरविरोधको समाधान अरु कुनै उपायवाट गर्न सकिन्न, त्यसको एक मात्र समाधान हो-दलाल पुँजीवादलाई सत्ताच्युत गर्ने समाजवादी क्रान्ति । त्यसैले आम जनतालाई जागृत, संगठित, एकताबद्ध र आन्दोलित गर्दै समाजवादी क्रान्ति र रुपान्तरणको वाटोमा अग्रसर भएर मात्र यो प्रधान अर्न्तरविरोधलाई सफलता पुर्वक समाधान गर्न सकिन्छ र नेपाली समाजको प्रगतिको फराकिलो ढोका खोल्न सकिन्छ ।

## ११. समाजवादी क्रान्तिमा मुख्य प्रतिद्धन्दीको निक्यौल

हामीले क्रान्तिलाई पहिलो वा दोस्रो जुन चरणवाट अघि बढाई रहेको वेलामा पनि समाजको प्रधान वर्गीय अन्तविरोध निक्यौल गर्ने कुरा समाजवादी क्रान्तिको सिङ्गो प्रकृयासंग सम्बन्धित सवाल हो । प्रधान वर्गीय अन्तविरोध भनेको क्रान्तिको सिङ्गो काल खण्ड भरि परिवर्तन नहुने रणनीतिक महत्वको विषय हो । यो विषयलाई टुङ्गो नलगाईकन क्रान्तिकारी प्रकृयालाई  अघि बढाउन गाह्रो हुन्छ । ठीक त्यसरी नै हामीले समाजको प्रधान वर्गीय अर्न्तरविरोध पत्ता लगाएर मात्र पुग्दैन । त्यहि प्रधान वर्गीय  अर्न्तरविरोधलाई प्रतिविम्वित गर्ने प्रधान राजनीतिक अर्न्तरविरोध निक्यौल गर्ने सवाल क्रान्तिकारी कामलाई अघि बढाउने शिलशिलामा अझ वढी महत्वपुर्ण सवाल हो । प्रधान राजनीतिक अन्तरविरोध पत्ता लगाउने सवाल कार्यनीतिक रुपले सबैभन्दा महत्वपुर्ण सवाल हो । किनभने समाजको प्रधान वर्गीय अन्तरविरोध एउटा क्रान्तिको सिङ्गो चरण सम्पन्न नहुन्जेल बदलिदैन । त्यसैले त्यो पार्टीको रणनीति संग सम्बन्धित सवाल हो । तर प्रधान राजनीतिक अर्न्तविरोध क्रान्तिको एउटा कालखण्ड भरि नै पनि पटक पटक परिवर्तन हुन सक्छ । सबभन्दा पहिले हामीले यो सैद्धान्तिक दृष्टिकोणमा प्रष्ट हुनु पर्छ ।

नयाँ जनवादी क्रान्तिको कालमा पनि हामीले क्रान्तिका हर घुम्तिहरुमा प्रधान राजनीतिक अर्न्तविरोध र प्रधान शत्रुलाई निक्यौल गर्ने सवाललाई गंभीर महत्वका साथ लिदै आएका थियौं । नयाँ जनवादी क्रान्तिको सिङ्गो कालखण्ड भरि वर्गीय अर्न्तविरोधका रुपमा सामन्तवाद र दलाल नोकरशाहि पुँजीवादसंग व्यापक जनताको अर्न्तविरोध प्रधान वर्गीय अर्न्तविरोधका रुपमा रहेको थियो । त्यसलाई ०६२-०६३  को पूँजीवादी- जनवादी क्रान्तिले मात्र परिवर्तन गर्न सक्यो । तर प्रधान राजनीतिक अर्न्तरविरोधहरु पटक पटक परिवर्तन भैरहे । शुरुमा निरंकुश राणाशाही संग व्यापक जनताको अर्न्तरविरोध प्रधान राजनीतिक अन्तरविरोध थियो र क्रान्तिको प्रधान राजनीतिक निशाना निरंकुश राणा शासन थियो । २००७(१९५०) को राजनीतिक क्रान्ति पछि राजतन्त्र र व्यापक जनता वीचको अर्न्तविरोध नै प्रधान राजनीतिक अर्न्तविरोधका रुपमा नयाँ

अन्तर विरोध सामु आयो । स्वाभाविक रुपले त्यस पछि राजतन्त्र क्रान्तिको निशाना वन्न पुग्यो । २०१७(१९६०) मा अर्को प्रतिगामी परिर्तन भयो । त्यसपछि राजतन्त्र र निर्दलीय पंचायती व्यवस्था संग आम जनताको अन्तविरोध प्रधान राजनीतिक अर्न्तरविरोध बन्न पुग्यो । स्वाभाविक रुपले क्रान्तिको निशाना राजतन्त्र र निर्दलीय पंचायती व्यवस्था बन्न पुग्यो । ठीक त्यसरी नै ०४६(१९९०) को परिवर्तन पछि पुन : राजतन्त्र र व्यापक जनता वीचको अर्न्तरविरोध प्रमुख राजनीतिक अर्न्तरविरोध बन्न पुग्यो र राजतन्त्र क्रान्तिको प्रमुख निशाना बन्न पुग्यो । त्यो प्रमुख निशानालाई हामीले ०६२-०६३ को क्रान्तिबाट समाप्त पार्‍यौ ।

यसरी जतिवेला हामीले नयाँ जनवादी क्रान्तिकालको अंन्तिम प्रमुख राजनीतिक अर्न्तविरोधलाई समाधान गर्‍यौं, त्यसले क्रान्तिको थालनी देखि जारी रहेको प्रधान वर्गीय अर्न्तविरोधलाई पनि परिवर्तन गरि दियो । त्यसले के कुरा प्रष्ट पार्छ भने प्रत्येक वेलामा प्रकट हुने प्रधान राजनीतिक अर्न्तरविरोधले प्रधान वर्गीय अर्न्तरविरोधलाई नै प्रतिनीधित्व गरि रहेको हुन्छ । तर क्रान्तिका प्रत्येक मोडहरुमा कार्यनीतिक रुपले बदलिने प्रधान राजनीतिक अन्तरविरोध र प्रधान निशानालाई भने वडो होसियारी पुर्वक विश्लेषण गर्न र पहिचान गर्न सक्नुपर्छ । हामीले अहिले सम्म मार्क्सवादका सार्वभौम सच्चाईहरुलाई नेपाली क्रान्तिको ठोस व्यवहारमा लागु गर्दा प्राप्त भएको यो दुरगामी महत्वको अनुभव हो । हामीले कुनै अन्य विश्व विद्यालयबाट प्राप्त गर्न नसकिने ज्ञान नेपालको नयाँ जनवादी क्रान्ति लाई हाक्ने क्रममा प्राप्त गरेका छौ । यसको मार्गदर्शनमा समाजवादी क्रान्ति र रुपान्तरणको प्रकृयामा प्रकट हुने प्रधान राजनीतिक अर्न्तरविरोध र प्रधान शत्रु वा निशाना पत्ता लगाउने काममा बुद्धिमता पुर्वक प्रयोग गर्न सक्नुपर्छ ।

अब हामी नेपालको समाजवादी क्रान्ति र रुपान्तरणको वर्तमान अवस्थामा प्रधान राजनीतिक अन्तरविरोध र प्रधान निशाना के लाई मान्नु पर्छ त भन्ने बारेमा विश्लेषण गरौ । अहिले बर्तमान समाजवादी क्रान्तिको प्रमुख वर्गीय शत्रु भनेको दलाल पुँजीवाद वा दलाल पुँजीपति बर्ग हो । यो समाजवादी क्रान्ति भरिकै शत्रु हो । त्यस्का विरुद्धको संघर्ष कार्यनीति मात्र होइन रणनीतिक पनि हो । त्यो दलाल पुँजीवादको राजनीतिक प्रतिनीधिहरु नै यतिवेला नेपालका प्रतिकृयावादी दक्षिणपंथी शक्तिहरु हुन । तर हाम्रो जस्तो देशमा दलाल पुँजीवादको एउटै मात्र एकिकृत राजनीतिक प्रतिनीधि हुँदैन । अझ पुँजीवादी संसदीय लोकतन्त्र भएका मुलुकमा दलाल पुँजीवादका प्रतिनीधिहरु अनेकौ मात्र हुदैनन । मुख्य प्रतिनीधिहरु समेत विभिन्न काल खण्डमा फेरिने गर्छन । क्रान्तिकारी कम्युनिष्ट पार्टीले दलाल पुँजीवादका प्रतिनीधिहरुको बनौट, तिनीहरुको भुमिका, तिनीहरुका मुख्य प्रतिनिधिहरु,त्यस्मा आउने फेरबदल जस्ता गतिविधिहरुलाई बडो सुक्ष्य रुपले ध्यान दिने गर्नु पर्छ । किनभने आज जो मुख्य प्रतिनीधि भैरहेको छ, त्यो बदलिन सक्छ । आज एउटा गुट हुन सक्छ, भोली अर्को गठबन्धन हुन सक्छ । आज एउटा गठबन्धन छ, भोली अर्को गठबन्धन वा गुट पनि हुनसक्छ । यो कार्यनीतिक विकासको प्रकृया हो । यो पुँजीवादी लोकतन्त्रमा सामन्यत : देखिने विकासको नियम नै हो । यस कुरालाई हामीले ध्यानमा राख्नुपर्छ ।

यतीवेला नेपालमा पुँजीवादी संसद भित्र र बाहिर हेर्दा दलाल पुँजीवादलाई प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक गुटहरू छन । पूर्व राजाको गुट, राप्रपाको गुट, लोसपाको गुट, जनमत पार्टीको गुट, नागरिक उन्मुक्ति पार्टीको गुट लगायत साना,मझौला राजनीतिक गुटहरू छन । तिनीहरू विभिन्न साना, मझौला राजनीतिक पार्टीका रूपमा संसदमा पनि प्रतिनिधित्व गर्दछ । यी सबै पुँजीवादी पार्टीहरू नै हुन । तर तिनीहरु कोहि पनि राष्ट्रिय पुँजीपति वा निम्न पुँजीपति पार्टीलाई प्रतिनीधित्व गर्ने चरित्र देखाउँदैनन । तर उनीहरू सबैजसो आम रूपमा दलाल पुँजीवादलाई नै प्रतिनीधित्व गरिरहेका देखिन्छन । यी कुनै पनि राजनीतिक गुटसँग नेपाली जनताको प्रमुख राजनीतिक अन्तर्विरोध छैन । उनीहरूका पनि गलत काम, कृयाकलाप र नीतिहरूको विरोध र भन्डाफोर गर्नुपर्छ । तर उनीहरू कुनै पनि नेपाली जनता र समाजवादी क्रान्तिकारीहरूका मुख्य प्रतिद्वन्दी होइनन ।

तर जँहा सम्म नेपाली कांग्रेसको कुरा छ, यो उदारवाद/नवउदारवाद तथा दलाल पुँजीवादको हित प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक पार्टी हो । समाजवाद निर्माणको प्रक्रियामा त्यससँग लामो समयसम्म अन्तरविरोध रहने छ । यो कम्युनिष्ट पार्टी संग संगै जस्तो जन्मिएर आएको पार्टी हो । यो पार्टीले पुँजीवादी जनवादी क्रान्तिको समग्र काल भरि नै उदार जमिन्दार र दलाल नोकरशाही पँजीपति बर्गको प्रतिनीधित्व गर्दै आयो । यो उदार पुँजीवादी व्यवस्था र संसदीय लोकतन्त्रका पक्षमा छ । यो आजको पुँजीवादी शोषण, दमन र अन्यायपुर्ण सामाजिक व्यवस्थाको पक्षमा छ । तिनीहरुलाई संरक्षण गर्न चाहन्छ र समाजवादी क्रान्ति र रुपान्तरणका विरुद्ध छ । यो साम्राज्यवादीहरु संगको सम्बन्धलाई बलियो बनाउने पक्षमा छ । पछिल्लो अवधिमा वामपंथी आन्दोलन विभाजन हुदै जाने क्रममा यो पार्टीले आफुलाई सुदृढ गर्दै ल्याएको छ ।

२०४७ को पञ्चायत विरोधी आन्दोलन र २०६२/६३ को जनक्रान्तिमा सहभागी भएको, संविधान निर्माण र जारी गर्ने प्रक्रियामा सहभागी भएको र अन्तिममा भए पनि प्रतिगमनका विरुद्ध उभिएको हुँदा संविधानको रक्षा र विकासको सन्दर्भमा त्यससँग भविष्यमा सहकार्य हुन सक्ने कुरा भने इन्कार गर्न सकिँदैन ।

## १२. समाजवादी क्रान्तिमा विभिन्न वर्गको भुमिका

आजको ठोस वर्गीय संरचना र विभिन्न प्रतिकृयावादी राजनीतिक शक्तिहरुको स्थिति यस्तो छ । यो विश्लेषणका आधारमा अव हामीहरु नेपाली समाजमा रहेका विभिन्न वर्गहरुको र तिनीहरुलाई प्रतिनीधित्व गर्ने राजनीतिक शक्तिहरुको भुमिका बारेमा ठोस धारणा निमार्ण गर्न सक्छौ । यसरी गरिने विश्लेषण मात्र मार्क्सवादी विश्लेषण हुन्छ । अन्यथा त्यो सतही मात्र होइन एक वा अर्को राजनीतिक गुटको नीहित स्वार्थका आधारमा गरिने विश्लेषण हुन पुग्छ । यसरी विश्लेषण गर्दा हामी सहज ढङ्गले निम्न निष्कर्षमा पुग्छौ

**१. आधुनिक औद्योगिक श्रमिक वर्ग :** यो नेपाली समाजको सबै भन्दा अग्रगामी उत्पादक शक्तिलाई प्रतिनीधित्व गर्ने वर्ग हो । यो मानव समाजमा पुँजीवादले आफ्ना विरुद्ध सृजना गरेको **सर्वाधुनिक** र अंतिम वर्ग पनि हो । यो वर्ग पुँजीवादको सबै भन्दा निर्मम शोषण र शासनमा परेको छ । यो  सबै भन्दा बढी अन्याय र अत्याचारमा परेको छ ।  यो औधोगिक प्रतिष्ठान, यातायात,उद्यम, शैक्षिक प्रतिष्ठान, व्यापारिक र सेवा क्षेत्रका असंख्य संस्थाहरुमा कार्यरत छ । यो वर्गले नदेखेको र नबुझेको कुनै पुँजीवादी संरचना हुदैन । यो वर्ग संख्यात्मक हिसाबले पनि निरन्तर फैलिरहेको छ । उत्पादन र सेवाका विशिष्ठता अनुरुप यो वर्गमा पनि अनेकौ समुहहरु छन । त्यस्ता समुहहरुका विशिष्ठ युनियन साथै एकिकृत श्रमिक युनियनको संगठन क्रमश विस्तार हुदै गै रहेको छ ।

समाजवादी क्रान्तिको आवश्यकता सबैभन्दा बढी यहि वर्गलाई छ । यो वर्गमा नै समाजमा ठुलो उथलपुथल र परिवर्तन ल्याउन सक्ने क्षमता पनि छ । तर शुरुमा यो वर्ग आफै आफ्नो भुमिका र ऐतिहासिक दायित्वका बारेमा सचेत थिएन । जब मार्क्सवादको प्रकाश यो वर्गले प्राप्त गर्‍यो, तव भने यो वर्ग समाजमा आफ्नो स्थिति, आफ्नो भुमिका र मानव मुक्तीका लागि आफ्नो ऐतिहासिक दायित्वका बारेमा सचेत भयो । यो वर्ग नै पुँजीवादर पुँजीवादीशोषण, दमन र उत्पीडनका विरुद्ध सबभन्दा अग्रस्थलमा खडा भएर हर दिन हर घण्टा संघर्ष गरि रहेको वर्ग हो । मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी प्रकाश प्राप्त गरेपछि यो वर्गले आफ्नो क्रान्तिकारी अग्रदुतका रुपमा “नेपाल कम्युनिष्ट पार्टी” गठन गरेको छ । यो वर्ग पूँजीवाद, दलाल पुँजीवाद, प्रतिकृयावाद र साम्राज्यवाद तथा प्रभुत्ववादका विरुद्ध संघर्ष गर्ने सबै भन्दा क्रान्तिकारी वर्ग मात्र होइन, यो वर्गले दलाल पुँजीवादको विरुद्ध रहेका नेपाली समाजका सबै वर्ग र तहका जनतालाई आफ्ना वरिपरि गोलबन्द गरेर समाजवादी क्रान्ति र रुपान्तरणलाई नेतृत्व गर्ने ऐतिहासिक क्षमता र हैसियत राख्छ । त्यतिमात्र होइन, यो आधुनिक श्रमजीवि वर्गको काधमा आफुलाई पुँजीवादको पंजाबाट मुक्त गर्ने मात्र होइन अत्य सबै वर्ग र तहका जनताका साथ साथै नेपाली समाजमा रहेका लैगिक असमानता र सामाजिक असमानताका साथ सबै जाति, जनजाती, भाषा, संस्कृति र आस्थाका जनता माथि भैरहेका विभेदलाई समेत अन्त्य गर्ने असाधारण ऐतिहासिक दायित्व छ । ती ऐतिहासिक कामहरुलाई श्रमजिवि वर्गले आफनो अग्रदुत कम्युनिष्ट पार्टी मार्फत पुरा गर्दछ । त्यसैकारण आधुनिक औधोगिक श्रमजीवि वर्ग भनेको नेपालको समाजवादी क्रान्ति र रुपान्तरणको नेतृत्वदायी वर्ग हो । यो वर्ग मात्र क्रान्तिलाई अंतिम विजय सम्म पुर्‍याउन सर्वाधिक दृढ रहन सक्छ । किनभने यो वर्ग संग एउटा सिङ्गो जनवादी क्रान्ति हाकेको समृद्ध अनुभव समेत रहको छ ।

**२. किसान समुदाय :** नेपालको आधुनिक औद्योगिक श्रमजीवि वर्गलाई समाजवादी क्रान्ति र रुपान्तरणको ऐतिहासिक मार्गमा शुरु देखि अन्त्य सम्म सहभागी हुने र कृयाशील हुने शक्ति किसान जन समुदाय हुन । खासगरी भुमिहिन किसान, गरिव किसान र मध्यम किसानहरु श्रमजीवि बर्गको नेतृत्वमा अघि बढ्ने समाजवादी क्रान्तिका पनि मुख्य शक्ति हुन । समस्त किसान जनता माथि हिजो सामन्ति शोषण र उत्पीडन चल्दै आएको थियो र उनीहरुको स्थिति थिलथिलो पारिएको थियो । पुँजीवादी-जनवादी क्रान्ति पछि ती किसान जनता माथि मुक्ति होइन दलाल पुँजीवादी शोषण, उत्पीडन र अत्याचारको नयाँ श्रृखला थोपरिएको छ । शोषणका अन्य रुपहरु त झन झन चर्को बन्दै गैरहेको छन, उनीहरु माथि मिटरव्याजी शोषण समेत व्यापक परिनाले किसानहरुको जीवन धान्न मुस्किल बन्न थालेको छ । कम्युनिष्ट पार्टीको स्थापना कालदेखि उठाउँदै आएको कृषि क्रान्तिको नारालाई दक्षिणपंथी नेतृत्वले कागज मै सीमित बनाइ दिए । पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएको विगत करिब दुई दशकमा किसानहरुको जीवन झन बढी संकट पुर्ण बनेको छ ।त्यसवाट उनीहरु यथाशिध्र मुक्ति चाहन्छन । अहिले पनि उनीहरु कृषि क्रान्ति गर्न चाहन्छन र क्रमशः समाजवाद तिर अघि बढ्न

चाहन्छन । त्यसका लागी उनीहरु आफैले आफुलाई नेतृत्व गर्न सक्ने अवस्था छैन । उनीहरु श्रमजीवि वर्गको अग्रदुत कम्युनिष्ट पार्टीको नेतृत्वमा समाजवादतिर अघि बढ्न चाहन्छन । त्यसैकारण किसान जनता नै समाजवादी क्रान्तिका पनि भरोसा योग्य, प्रमुख र निर्णायक शक्ति हुन । उनीहरुलाई जागृत, संगठित, एकताबद्ध र आन्दोलित नगरी समाजवादी क्रान्तिलाई अघि लान र विजय बनाउन संभव हुदैन ।

**३. निम्न पुँजीपति वर्ग:** नेपालको निम्न पुँजीपति बर्ग पुँजीवादी समाजमा विकसित भै रहेको अर्को एउटा त्यस्तो वर्ग हो । जो समाजवादी क्रान्तिको समग्र प्रकृयामा श्रमजीवि वर्ग र कम्युनिष्ट पार्टीलाई साथ दिने विश्वसनीय वर्ग हो । यो हाम्रो समाजमा रहेको एउटा विशाल वर्ग हो । त्यो दलाल पुँजीवादको शोषण, शासन र उत्पीडनको हर प्रकारले शिकार बनि रहेको छ । यो एउटा वौद्धिक वर्ग पनि हो । यसमा निम्न इलम, उद्यम र व्यवसायमा संलग्न जनताको विशाल पंक्ति यसै वर्गमा छ । यो  वर्ग साम्राज्यवादी हस्तक्षेपका विरुद्ध, कुशासन र भ्रष्टचारका विरुद्ध सधै आवाज उठाई रहेको हुन्छ । देश र दुनियाँमा विकास गरि रहेका नवचेतनालाई सबभन्दा पहिले समाउने र त्यसलाई नेपाली जनता समक्ष पुर्याउने वर्ग पनि यहि हो । त्यसैले यो वर्गले हाम्रा देशको समाजवादी क्रान्ति र रुपान्तरणको प्रकृयामा क्रान्तिकारी चेतनालाई आम जनता सम्म पुर्याउने र क्रान्तिकारी जनमत निर्माण गर्ने काममा यो वर्गको अहम भुमिका हुन्छ र हुनेछ । त्यसैले क्रान्तिकारी कम्युनिष्ट पार्टीले यो वर्गका विभिन्न तह र तप्काहरु वीचको प्रचार, संगठन र संघर्षका कामलाई प्राथमिक महत्व दिनुपर्छ । तब मात्र वैचारिक सद्धान्तिक कामलाई विशेष सफलताका साथ अघि बढाउन सकिन्छ ।

**४.राष्ट्रिय पुँजीपति वर्ग :** जहाँ सम्म राष्ट्रिय पुँजीपति वर्गको सवाल छ, यो नेपालमा राष्ट्रिय पुँजीवादलाई विकास र विस्तार गर्न चाहन्छ । यो नेपाली कच्चा पदार्थ माथि आधारित उद्योगहरुलाई विस्तार गर्न पनि चाहन्छ । यो नेपाली राष्ट्रिय बजारलाई सुरक्षित हिसावले विकास गर्न पनि चाहन्छ । यी यस्का राम्रा पक्षहरु हुन । यो वर्गलाई उसका चाहनाहरुमा सधै बाधा गर्ने र अघि बढ्न नदिने भनेको दलाल पुँजीपति वर्ग नै हो । दलाल पुँजीपति वर्गले यो राष्ट्रिय पुँजीपति वर्गलाई कुनै पनि क्षेत्रमा अघि बढ्न दिदैन र दिई रहेको छैन । त्यति भएर पनि यो वर्ग दलाल पुँजीपति वर्ग र उसको सत्ता संग एक वा अर्को मामलामा साठगांठ पनि गर्न पुग्छ । तर उसले राष्ट्रिय उद्योग धन्दा बचाउनका निम्ति श्रमजीवि वर्ग, कम्युनिष्ट पार्टी र आम जनताको सहयोग नलिई संभवै छैन । त्यसैले यो वर्गलाई क्रान्तिकारी श्रमिक वर्ग र कम्युनिष्ट पार्टीले क्रान्तिको ढुलमुले .मित्र शक्तिका रुपमा लिनुपर्छ ।

यसरी वर्तमान नेपाली समाजमा रहेका यी चार वटै वर्गहरु नेपालको समाजवादी क्रान्तिका भित्र वर्गहरु हुन । उनीहरु चारै वर्गका पनि आ आफ्ना भुमिका छन । त्यसै अनुरुप उनीहरु प्रतिका विशेष वर्ग नीति पनि अलग-अलग छन । तर उनीहरु सबैलाई तिनै वर्ग नीतिका आधारमा एकताबद्ध गर्दै विधित रुपका संघर्षहरुमा संयुक्त रुपले उतारेर मात्र समाजवादी क्रान्तिलाई अघि बढाउन सकिन्छ । यो क्रान्तिको निशाना हामीले माथि विश्लेषण गरे जस्तै वर्गीय रुपमा दलाल पुँजीवाद हुनेछ र राजनीतिक रुपमा यो दलाल पुँजीवादको मुख्य प्रतिनीधि प्रतिकृयावादी शक्ति हुनेछ । पार्टीका प्रचार, संघर्ष र संगठनका सम्पुर्ण कार्यहरुलाई उपरोक्त निशानाका विरुद्ध केन्द्रित गरेर मात्र पार्टी र क्रान्तिकारी शक्तिको निमार्ण गर्न सकिन्छ ।यो दलाल पुँजीवादका शोषण, दमन, अन्याय, अत्याचार, ठगी, दलाली, भ्रष्टचारी, तस्करी, कालाबजारी र तमाम प्रकारका विकृति विसंगतिका विरुद्ध नेपाली जनताका बहुआयामीक संघर्षहरुनै यतिवेला वर्गसंघर्षका ठोस रुप हुन । राष्ट्रियताका निम्तिको संघर्ष पनि यसै भित्र पर्दछ । वर्ग संघर्षका यी विभिन्न रुपहरुलाई शुरुआत गर्ने, विकास गर्ने र बिस्तार गर्ने दौरानमा नै कम्युनिष्ट पार्टीको नेतृत्वमा संयुक्त मोर्चाको पनि विकास र विस्तार हुन्छ । वर्ग संघर्षबाट अलग थलग रहेर कम्युनिष्ट पार्टी निर्माण गर्न सकिदैन । आधुनिक औद्योगिक श्रमजीवि वर्गको ऐतिहासिक दायित्व र भुमिका नेपालमा समाजवादी क्रान्तिलाई सम्पन्न गर्ने, नेपाली विशेषताको समाजवाद निमार्ण गर्ने र नेपाली समाजलाई साम्यवादको डिल सम्म पुर्याउने हो । हाम्रो पार्टीले गर्ने भनेको यहि वर्गको ऐतिहासिक दायित्व र भुमिकालाई सफलतापुर्वक, सहि ढङ्गले र सृजनशील ढङ्गले सम्पन्न गर्नु र गराउनु नै हो ।

**५.दलाल पुँजीपति वर्ग:-** यतिवेला नेपाली समाज पुँजीवादी समाजका रुपमा छ । यो समाजमा पुँजीवादको जुन विकास भएको छ, त्यस्को अगुवाई नै दलाल पुँजीवादले गरेको छ । राष्ट्रिय अर्थतन्त्रको कमाण्डिङ उचाइमा चाहि दलाल पुँजीपति वर्ग हावी छ । यो उत्पादक वर्ग पनि होइन दलाल पुँजीपति वर्गले नेपालका कच्चापदार्थहरुको विकास गर्ने, राष्ट्रिय उद्योगधन्दा खोल्न, राष्ट्रिय वजारलाई व्यवस्थित र विस्तृत बनाउने र निर्यातलाई बढाउने जस्ता काम गर्दैन । यो

अर्न्तराष्ट्रिय एकाधिकारी पुँजीवादी वर्गका विभिन्न कम्पनीहरुको एजेण्ट वर्ग जस्तै हो । त्यसले अन्तराष्ट्रिय एकाधिकार पुँजीवादर नेपाली बजारका वीचमा विचौलीयाको भुमिका खेल्नेछ । त्यसले हाम्रा देशका प्रशासनलाई आफ्नो प्रभावमा पारि सकेको छ । मुलुकको वित्तिय र व्यापार क्षेत्रलाई प्रायः कब्जा नै गरेको छ । जुन सुकै वस्तु, पूँजी,माल र सेवाको खरिद विक्रिमा यो वर्गले नै निर्णायक भुमिका खेलि रहेको छ । यस्को अवरोधको कारणले नै राष्ट्रिय अर्थतन्त्रका हर क्षेत्रहरुको विकास अवरुद्ध छ । मुलुकको स्वाधिन  अर्थतन्त्रको विकासका निम्ति दलाल पुँजीवाद नै सबैभन्दा ठुलो अवरोध बनेको छ । पछिल्लो अवधिमा जो सुकै सत्तामा पुगे पनि राजनीतिमा यहि वर्गको हाली मुहाली बढेको छ । आम नेपाली जनता माथि दलाल पुँजीपति वर्गको शोषण, उत्पीडत नै प्रमुख रुपमा रहेको छ र यतिवेला नेपाली जनता र राष्ट्रको सबै भन्दा ठुलो शोषक र शासक वर्ग नै यहि हो ।

## १३. समाजवादी क्रान्तिको रणनीतिक लक्ष्य

कुनै पनि क्रान्तिको शुरुआत, विकास र विजयको एउटा समग्र चरण हुन्छ । त्यसलाई  रणनीतिक चरण वा प्रकृया भनिन्छ । त्यसरी नै क्रान्तिको त्यो सिङ्गो चरण भित्र अनेकौ उपचरणहरु वा अवस्थाहरु हुन्छन वा हुन सक्छन । तिनिहरु कार्यनीतिक चरण वा प्रकृया हुन । रणनीतिक चरण भनेको सिङ्गो प्रकृया हो भने  कार्यनीतिक उपचरणहरु भनेको सिङ्गो प्रकृयाका अनेकौ कार्यनीतिकहरु आंशिक प्रकृया हुन । अर्को शब्दमा भन्दा रणनीति भनेको पुर्ण हो भने कार्यनीति भनेको त्यसैको अंश हो ।

हाम्रो देशमा नयाँ जनवादी क्रान्तिको प्रकृयालाई हेर्दा त्यो पार्टी स्थापनाको विन्दुवाट शुरुआत भयो, त्यो अनेकौ उपचरणहरु हुदै विकसित हुँदै गयो र आखिर ०६२-०६३ (२००६) पुगेर सम्पन्न भयो । यो ५८ वर्ष लामो प्रकृयावाट पुरा भयो । यो जनवादी क्रान्तिको रणनीतिक प्रकृया हो । त्यसरी नै त्यो नयाँ जनवादी क्रान्तिको रणनीतिक लक्ष्य भने नयाँजनवाद वा "जनताको बहुदलिय जनवाद" हो । त्यो रणनीतिक लक्ष्य हामीले प्राप्त गरि सकेका छौ ।त्यसका साथै नयाँ जनवादी क्रान्तिको सिंगो चरण अनेकौ उपचरणहरु हुँदै पाइला पाइला गरेर अघिबढदै विजयी भयो । पार्टी स्थापना देखि २००७ सालको राजनीतिक क्रान्ति सम्म, २००७ साल देखि ०१७ साल सम्म, २०१७ देखि ०४६ साल सम्म र ०४६ साल देखि ०६२-०६३ को जनक्रान्ति सम्म गरेर नयाँ जनवादी क्रान्ति चारवटा उपचरणहरु पार गरेर अघि बढ्यो । ती क्रान्तिका कार्यनीतिक उपचरणहरु हुन । ती प्रत्येक चरणहरुमा आधारभुत अर्न्तविरोधहरु यथावत रहे, प्रधान वर्गीय अर्न्तविरोध पनि यथावत रह्यो । ती कुराहरु पार्टी र क्रान्तिका रणनीतिसंग सम्बन्धित विषय थिए । तर ती प्रत्येक चरणहरुमा प्रधान राजनीतिक अन्तविरोधहरु बदलिए र तदनुरुप नै क्रान्तिको प्रधान राजनीतिक शत्रुहरु पनि चारवटै उपचरणहरुमा बदलिए । यी कार्यनीतिक परिवर्तनहरु  हुन । यसबाट हामीले निकाल्ने निष्कर्ष के हो भने पार्टी र क्रान्तिको रणनीति सिङ्गो काल भरि परिवर्तन हुदैन, त्यो यथावत रहन्छ । तर कार्यनीति चाहि राजनीतिक परिस्थितिमा, प्रधान राजनीतिक अर्न्तविरोधमा र प्रधान राजनीतिक शत्रुको स्थितिमा परिवर्तन आउने वित्तिकै परिवर्तन हुन्छ । यसरी हामीले हाम्रो आफ्नै देशको क्रान्तिको व्यवहारिक प्रकृयामा प्राप्त गरेको अर्को महत्वपुर्ण अनुभव हो । यो नेपाली क्रान्तिको विज्ञान पनि हो । यो कुरालाई हामलि शुरु शुरुमा सहि ढङ्गले बुझ्न सकेनौ । तर जब देखि हामीले क्रान्तिको यो विज्ञानलाई ठीक ढङ्गले बुझ्यौ, नेपालको नयाँ जनवादी क्रान्ति वडो सफलता पुर्वक अघि बढ्यो । त्यसो गरेर मात्र हामीले नयाँ जनवादी क्रान्तिको रणनीतिक लक्ष्य प्राप्त गर्न सक्यौ

यो अमुल्य अनुभवको मार्गदर्शनमा हामीले समाजवादी क्रान्ति र रुपान्तरणको रणनीति, कार्यनीति र रणनीतिक लक्ष्यलाई निर्धारण गर्नुपर्छ । अहिले हामी समाजवादी क्रान्तिको ऐतिहासिक प्रकृयावाट अघिबढी  रहेका छौ । यो निकै लामो प्रकृया हुनेछ । यो क्रान्तिको प्रकृया समाजबाद प्राप्त गरेर मात्र टुङ्गिन्छ । यो कति लामो प्रकृया हुनेछ, अहिले नै भन्न गाह्रो हुन्छ । त्यो कुरा हामी सहि कार्यदिशा, नीति र सिद्धान्त लिन सक्छौ कि सक्तैनौ, सहि कार्यदिशा लिएर पनि त्यसलाई सहि ढङ्गले लागु गर्न सक्छौ कि सक्तैनौ, क्रान्तिकारी शक्ति कति छिटो तयार गर्न सक्छौ र दक्षीणपंथी शक्तिलाई कति चाँडो चुनौति दिन सक्छौ भन्ने कुरा माथि निर्भर गर्छ । तर लामो छोटो जे भए पनि समाजवादी क्रान्तिको यो सिङ्गो प्रकृया हाम्रो पार्टी र क्रान्तिको रणनीतिक प्रकृया हो । यो प्रकृया भनेको श्रमजीवि वर्गको अग्रदुत कम्युनिष्ट पार्टीको नेतृत्वमा दलाल पुँजीवादका विरुद्ध अन्य सम्पुर्ण वर्ग र शक्तिहरुलाई तथा सबै जाति र जनजातिका जनतालाई जागृत, संगठित र एकताबद्ध बनाउदै, विभिन्न आयामका संघर्षहरुको विकास गर्दै समाजवाद प्राप्त गर्ने दिशामा अघि बढ्नु हाम्रो रणनीतिक योजना हो । अथवा यो हाम्रो रणनीति हो । यो वर्तमान नेपाली समाजको प्रधान वर्गीय अन्तरविरोध र प्रधान वर्गीय शत्रुको अन्त्य नभए सम्म

यो बदलिने छैन । त्यसरी नै यो समाजवादी क्रान्तिको लक्ष्य पनि नेपाली विशेषताको समाजवाद स्थापना गर्नु हो । प्रष्ट छ- हाम्रो वर्तमान क्रान्तिको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद प्राप्ति हो । यो लक्ष्य पनि क्रान्तिको सिङ्गो कालखण्ड भरि नै अपरिवर्तनीय रहने छ ।

यसका साथ साथै समाजको प्रधान वर्गीय अन्तविरोध र प्रधान वर्गीय शत्रुका सम्बन्धमा क्रान्तिकाल भरि नै परिवर्तन नआए पनि पुँजीवादी संसदीय लोकतन्त्रमा प्रधान राजनीतिक अन्तविरोध र प्रधान राजनीतिक प्रतिद्वन्द्वीको स्थितिमा एक पछि अर्को परिवर्तनहरु आउन सक्छन । किनभने दलाल पुँजीवादको मुख्य प्रतिनिधि प्रतिकृयावादी शक्ति गुटहरु एकिकृत हुदैनन । ती गुटहरु बीचमा पनि अन्तरविरोध हुन्छन र सत्तामा एक वा अर्को गुटमा फेरवदल हुन सक्छ । यसरी हुने परिवर्तनहरु कार्यनीतिक परिवर्तनहरु हुन । स्वाभाविक रुपले त्यस्तो अवस्थामा हाम्रो कार्यनीतिक प्रहारको दिशा वा प्रहारको निशाना बदलिन्छ । प्रधान राजनीतिक अन्तरविरोध र प्रमुख निशानामा आउन सक्ने यस्ता परिवर्तनका गतिहरुलाई हामीले गंभिरता पुर्वक ध्यान दिनुपर्छ । जहाँ सम्म वर्तमान अवस्थाको मुख्य प्रतिद्वन्द्वीको सवाल छ, त्यो दलाल पुँजीवादको प्रमुख प्रतिनीधि नेपाली कांग्रेस नै क्रान्तिकारी शक्तिको मुख्य प्रतिद्वन्द्वी हो भन्ने कुरामा विवाद हुन सक्तैन । यो हाम्रो प्रधान राजनीतिक अन्तरविरोध र प्रधान राजनीतिक प्रतिद्वन्द्वी निर्धारण गर्ने कुरा एउटा महत्वपुर्ण कार्यनीतिक कार्यभार हो । तर क्रान्तिकारी संघर्षको खास अवस्थामा यो रणनीतिक कार्यभार वा लक्ष्य संग निकट ढङ्गले जोडिन पुग्छ । यदि त्यसवेलाको प्रधान राजनीतिक अन्तरविरोध र प्रधान राजनीतिक प्रतिद्वन्द्वीसंगको संघर्षको क्रममा नै समाजवादी क्रान्ति सम्पन्न भयो भने कार्यनीतिक र रणनीतिक कार्यभार एकैचोटी पुरा हुन पुग्छ । यसरी समाजवादी क्रान्ति विभिन्न कार्यनीतिक चरणहरु पार गर्दै आफ्नो रणनीतिक लक्ष्यमा पुग्छ । त्यो लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो । यहि नै समाजवादी क्रान्तिको लक्ष्य हो । त्यो लक्ष्य क्रान्तिको सिङ्गो कालखण्ड भरि नै अपरिवर्तनीय रहन्छ । रणनीतिक लक्ष्य प्राप्त भए पछि हामीहरु नेपाली विशेषताको समाजवाद निर्माणको अर्को ऐतिहासिक चरणमा प्रवेश गर्ने छौ ।

### १४. समाजवादी क्रान्तिको वाटो

कुनै पनि देशको ऐतिहासिक विकास आफ्नै विशिष्ट सामाजिक-आर्थिक अवस्था र नियमहरुका आधारमा अघि बढ्ने गर्छ । क्रान्तिको विकास पनि तिनै विशिष्ट अवस्था र नियमहरुका आधारमा अघि बढ्ने गर्छ । चाहे जनवादी क्रान्ति होस वा समाजवादी क्रान्ति प्रत्येक देशको क्रान्तिको विकास पनि सम्बन्धित देशको विशिष्ट अवस्था र नियम अनुरुपको बाटोबाट अघि बढछ । ती अवस्था र नियमहरुले नै क्रान्तिको वाटो कस्तो हुन्छ भन्ने कुरालाई निर्धारण गर्छन । त्यसैकारण हामीले नेपालको समाजवादी क्रान्तिको बाटो निर्धारण गरि रहदा पनि हाम्रा इच्छाका आधारमा होइन, हाम्रा चाहान, आवेग, घृणा वा आकांक्षाका आधारमा होइन, हाम्रो देशको वस्तुगत अवस्था, वर्गीय र राजनीतिक अन्तरविरोधहरु र वर्ग संघर्षको अवस्था, प्रतिकृयावादी वर्गले आफ्नो अधिनायकत्व कायम राख्न अपनाई रहेका तरिकाहरु र जनताको क्रान्तिकारी शक्तिको विकासक्रम जस्ता विभिन्न तत्वहरुको अध्ययन, विश्लेषण र संश्लेषणको आधारमा नै क्रान्तिको वाटो तय हुन्छ । क्रान्तिको बाटोको बारेमा विचार गर्दा हामीले निम्न कुराहरुलाई ध्यानमा राख्नुपर्छ ।

**प्रथमत** : हामीले जनवादी क्रान्ति वा समाजवादी क्रान्तिका अन्तराष्ट्रिय अनुभवहरुलाई अध्ययन गर्नपर्छ । त्यसरी हेर्दा कुनै देशका क्रान्ति शुरु देखि अन्त्य सम्म सशस्त्र संघर्षको वाटो लिएर सम्पन्न भएका छन । कुनै देशका क्रान्तिहरु सशस्त्र विद्रोहवाट सम्पन्न भएका छन, कुनै देशमा सशस्त्र संघर्ष र जन विद्रोहको समन्वयात्मक वाटोवाट सम्पन्न भएका पनि छन । केहि जन विद्रोहबाट पनि सम्पन्न भएका छन । जुन देशमा लोकतान्त्रीक प्रकृया विल्कुलै छैन, त्यस्ता देशमा सशस्त्र संघर्ष नै एकमात्र वाटो बनेको देखिन्छ । जहाँ केहि हद सम्म लोकतान्त्रिक प्रकृया पनि छ, त्यहाँ अलिक भिन्न वाटो लिएको देखिन्छ । जहाँ लोकतान्त्रिक प्रकया फराकिलो छ, त्यहाँ वढी शान्तिपुर्ण ढङ्गले क्रान्तिहरु अघि बढेका देखिन्छन । यो अन्तराष्ट्रिय अनुभवलाई गहिरो गरी आत्मसात गर्नुपर्छ ।

**दोस्रो,** हाम्रो देशको स्थितिमा क्रान्तिको वाटो पत्ता लगाउने सदर्भमा निकै लामो अलमल हुन पुग्यो । आखिर नयाँ जनवादी क्रान्ति पनि अन्त्यतः शान्तिपुर्ण जन विद्रोहबाट सम्पन्न हुन पुग्यो । यधपी विभिन्न कम्युनिष्ट र गैर कम्युनिष्ट समुहहरुले विभिन्न वेलामा सशस्त्र संघर्षको अभ्यास पनि गरे । माओवादी पार्टीले अलिक ठुलै मात्राको सशस्त्र संघर्ष पनि गर्‍यो । तर अन्त्यमा सबै पार्टीहरुको राजतन्त्र विरोधी मोर्चाले गरेको संयुक्त शन्तिपुर्ण जन विद्रोहबाट नै राष्ट्रव्यापी जनक्रान्ति सम्पन्न हुन पुग्यो र संविधान सभावाट राजतन्त्र उन्मुलन भयो । यो हामीले आफ्नै देशमा प्राप्त गरेको एउटा महत्वपुर्ण बिशिष्ठ अनुभव हो ।

**तेस्रो,** पुँजीवादीजनवादी क्रान्ति पछि त्यसलाई संस्थागत गर्ने क्रममा हामीले संविधान सभावाट नयाँ संविधान बनायौ । त्यसले जनतालाई राजनीतिक स्वतन्त्रताका साथ साथै जनतालाई महत्वपुर्ण मौलिक हक अधिकारहरु उपलब्ध गराएको छ । ती अधिकारलाई सामान्य अवस्थामा कसैलै पनि खोस्न संभव छैन ।

**चौथो,** उक्त संविधानले मुलुकमा पुँजीवादीसंसदीय लोकतन्त्रको स्थापना गरेको छ । संसदीय लोकतन्त्रले शान्तिपुर्ण ढङ्गले लामो समय सम्म जनताको क्रान्तिकारी शक्तिलाई संचय गर्ने औसर प्रदान गरेको छ ।

**पाँचौ,** नेपाली जनताले लेख्ने, वोल्ने, भाषण गर्ने, प्रकाशन गर्ने, संगठन गर्ने र आलोचना गर्ने जस्ता अधिकारहरु प्राप्त गरेका छन । यी अधिकारहरु कुन्ठित नभए सम्म कुनैपनि पार्टीले हिंसाको वाटो लिनुपर्ने र भुमिगत हिड्नु पर्ने आवश्यकता पर्दैन ।

**छैटो,** नेपाली जनताले आफ्ना विचार, नीति र सिद्धान्तका आधारमा पार्टी संगठन बनाउन पाउने, ती विचार, नीति र सिद्धान्त वा आफ्ना आस्था र विश्वासका आधारमा जन समुदायका वीचमा प्रचार प्रसार गर्न पाउने उनीहरुलाई संगठित गर्न पाउने, उनीहरुलाई एक वा अर्को आन्दोलनहरुमा आन्दोलित गर्न पाउने अधिकार समेत प्राप्त गरेका छन । यो अर्को महत्वपुर्ण पक्ष हो ।

**सातौ,** त्यसरी नै आफुले चाहेको पार्टीलाई संवैधानिक रुपले दर्ता गर्ने, आफ्ना पार्टीका तर्फबाट देशव्यापी रुपमा उम्मेद्धार उठाउन पाउने, जनतालाई परिचालित गरेर निर्वाचनमा विजयी बनाउन पाउने, संसदमा वहुमत बनाउन पाउने, बहुमतको आधारमा सरकार बनाउन पाउने र पार्टीका नीति र सिद्धान्त अनुरुप जनता, समाज र मुलुकलाई अघि बढाउन पाउने अधिकार पनि संविधानले आम जनतालाई उपलब्ध गराएको छ ।

यो पुँजीवादी-जनवादी क्रान्तिको दौरानमा नेपाली जनताको संघर्षले सृजना गरेको लोकतान्त्रिक प्रकृया हो । यस्तो प्रकृयालाई मार्क्सले लोकतान्त्रिक (Democratic space)आधार भन्नु भएको छ । यस्तो आधार जहाँ जति फराकिलो हुन्छ, क्रान्तिकारी रुपान्तरणको प्रकृयालाई पनि त्यति नै शान्तिपुर्ण ढङ्गले अघि बढाउन सकिने संभावना हुन्छ । आज नेपाली समाजमा वर्तमान संविधानले जुन लोकतान्त्रिक आधार (Democratic space) स्थापित गरेको छ, त्यसलाई अधिकतम रुपमा उपयोग गर्दै समाजवादी क्रान्तिलाई शान्तिपुर्ण वाटोवाट अघि बढाउन दृढ प्रतिज्ञाका साथ अघि बढ्नुपर्छ । साथसाथै हामीले के कुरामा पनि सतर्क हुनुपर्छ भने प्रतिकृयावादीहरुको सत्ता स्वार्थमा धक्का लाग्दै जाने क्रममा आजको संविधानले उपलब्ध गराएका लोकतान्त्रिक अधिकारहरुलाई कुन्ठित पार्न सक्छन । त्यस्तो भयो भने हामीले वर्ग संघर्षका रुपहरुलाई परिवर्तन गर्नुपर्ने हुन्छ । त्यो परिस्थितिका बारेमा हामीले अत्यन्त चनाखो हुन सक्नुपर्छ ।

## १५. समाजवादी क्रान्तिको कार्यनीतिक कार्यदिशा

यसरी नेपाली समाजवादी क्रान्तिको वाटो निर्धारण गर्नुका साथ साथै हामीले क्रान्तिका रणनीतिक र कार्यनीतिक कार्यदिशाका बारेमा पनि प्रष्ट धारणा अघि सार्नुपर्छ । तब मात्र हामीहरु क्रान्तिकारी संघर्षको प्रवाहलाई उग्रवामपंथी वा दक्षिणपंथी दुवै भड्काउबाट रक्षा गर्दै सहि दिशामा अघि बढाउन सक्छौ । क्रान्तिको रणनीतिक प्रकृया र लक्ष्यबारेमा हामीले माथी पनि विश्लेषण गरि सकेका छौ । कम्युनिष्ट पार्टीलाई सुदृढ, सशक्त र राष्ट्रव्यापी बनाउनु, त्यस्को नेतृत्वमा व्यापक संयुक्त मोर्चा बनाउनु, विविध रुपका संघर्षहरु मार्फत दलाल पुँजीवाद र तिनका राजनीतिक प्रतिनीधिहरुलाई सत्ताच्युत गर्नु र स्वतन्त्र समाजवादी गणतन्त्र नेपालको स्थापना गर्न हाम्रो वर्तमान क्रान्तिको रणनीतिक कार्यदिशा हो । तर त्यो रणनीतिक कार्यदिशालाई वा रणनीतिक लक्ष्यलाई कार्यान्वयन गर्न कहाँबाट शुरु गर्ने त ?हाम्रो प्रचार, संगठन र संघर्ष कस्का विरुद्ध कसरी शुरु गर्ने ? यो हाम्रो कार्यनीतिक कार्यदिशाको प्रश्न हो । यो कार्यनीतिक कार्यदिशा निर्धारण निम्न कुराका आधारमा हुन्छ र हुने गर्छ ।

१. सबैभन्दा पहिले हामीले समाजको प्रधान वर्गीय अर्न्तविरोधको आधारमा प्रधान राजनीतिक अर्न्तरविरोधलाई सहि ढङ्गले निर्धारण गर्नुपर्छ । प्रधान राजनीतिक अर्न्तविरोध पत्ता लगाउन सकिएन भने सहि कार्यनीतिक कार्यदिशा निर्धारण गर्ने सकिन्न । प्रधान राजनीतिक अर्न्तविरोध निर्धारण नै गलत ढङ्गले गर्न पुगियो भने कार्यनीतिक कार्यदिशा पनि गलत हुन पुग्छ । त्यसैले हामीले यो कुरामा अत्यन्त होशीयार हुन सक्नुपर्छ । कम्युनिष्ट आन्दोलनमा यहि सवालमा अक्सर गल्ती हुने गरेको छ र आन्दोलनमा दक्षिणपंथी वा उग्रवामपंथी प्रवृतिहरु प्रकट हुने गरेका छन । यति वेला दलाल पुँजीवादको मुख्य प्रतिनीधि दक्षिणपंथी प्रतिकृयावादी शक्ति संगको राजनीतिक अर्न्तविरोध नै प्रधान अर्न्तविरोध हो भन्ने कुरामा हामी अत्यन्त प्रष्ट र दृढ हुनुपर्छ । तब मात्र हाम्रो कार्यदिशा क्रान्तिकारी जगमा उभिन्छ ।

२. प्रधान राजनीतिक अर्न्तविरोध निक्यौल गर्ने वित्तिकै प्रमुख प्रतिद्धन्दी निर्धारण गर्ने प्रश्न अघि आउछ । तर हामीले प्रधान राजनीतिक अर्न्तरविरोध ठीक ढङ्गले निर्धारण गरेका छौ भने प्रधान प्रतिद्वन्दी स्वत: स्पष्ट भै हाल्छ । हर अवस्थामा दलाल पुँजीवादको मुख्य प्रतिनीधि दक्षिणपंथी प्रतिकृयावादी शक्तिनै त्यस कालखण्डमा क्रान्तिकारी शक्तिको प्रतिद्वन्द्धी हो भन्ने कुरा छलङ्ग छ । हाम्रा प्रचार, संगठन र संघर्षका कामलाई हाम्रो कार्यनीतिक कार्यदिशा निर्धारण गर्ने प्रकृयामा ती दुई कुरा प्राथमिक महत्वका विषयहरु हुन । यी दुवै कुरा वर्ग संघर्षको विकासक्रममा परिवर्तनशील हुन्छन । कार्यनीतिक रुपले फेरिन सक्छन । त्यस्तो अवस्थामा कार्यनीतिक कार्यदिशामा आवश्यक पुर्नर्व्यवस्थापन गर्न कम्युनिष्ट पार्टीले शिपालु हुनुपर्छ ।

३. हामीले उपरोक्त प्रमुख राजनीतिक अन्तरविरोधलाई समाधान गर्न प्रमुख प्रतिद्धन्द्धीका विरुद्ध सम्पुर्ण प्रचार, संगठन र संघर्षका कामलाई केन्द्रित गर्दै अघि बढेर तत्काल प्राप्त गर्ने कार्यनीतिक लक्ष्य के हुनपर्छ त ? हामीले त्यस्तो कार्यनीतिक लक्ष्य निर्धारण गर्न पनि सिपालु हुनपर्छ । त्यो कार्यनीतिक लक्ष्य भनेको सधै भरि रणनीतिक लक्ष्यको अङ्ग हुन्छ र रणनीतिक लक्ष्यलाई प्राप्त गर्न सघाउने हुनपर्छ । त्यो भनेको सहि वैचारिक राजनीतिक कार्यदिशाका आधारमा कम्युनिष्ट पार्टीलाई जन आधारित, देशव्यापी र लोकप्रीय पार्टीको रुपमा विस्तार गर्ने, पार्टीका  वरिपरि वर्गीय र प्रगतिशील राजनीतिक मोर्चा निर्माण गर्ने, संसदीय निर्वाचनमा वहुमत प्राप्त गर्ने,  देशभक्त, जनमुखी र समाजवादी सरकार बनाउने र जनता र राष्ट्रका तत्कालिन समस्याहरू समाधान गर्दै समाजवाद तिर अग्रसर हुने कार्यनीतिक लक्ष्य बनाएर काम गर्नुपर्छ । संसदीय लोकतन्त्रलाई क्रान्तिकारी ढङ्गले अधिकतम रुपमा उपयोग गर्नुपर्छ र समाजवादी क्रान्ति र रुपान्तरणको आधारलाई फराकिलो पार्दै अघि बढ्नुपर्छ । यो हाम्रो कार्यनीतिक कार्यदिशाको  अर्को महत्वपुर्ण पक्ष हो । यहि नेरबाट दुई वटा वाटा फाटिन्छन । एउटा क्रान्तिकारी संसदवादको लेनिनवादी कार्यदिशा, अर्को वुर्जुवा संसदवादको यथास्थितिवादी कार्यदिशा । हामीले वुर्जुवा संसदवादको कार्यदिशालाई विना हिचकिचावट परित्याग गर्नुपर्छ र क्रान्तिकारी संसदवादको कार्यदिशालाई अनुशरण गर्नुपर्छ । यो हाम्रो कार्यनीतिक कार्यदिशाको अभिन्न अङ्ग हो ।

४. हाम्रो कार्यनीतिक कार्यदिशाको अर्को महत्वपुर्ण प्रश्न हो -संगठन र संघर्षका रुपहरु कस्ता हुने भन्ने सबाल । नेपाली क्रान्तिको विकासको वर्तमान अवस्थामा नेपाली समाजमा पुँजीवादीवैधानिक लोकतन्त्र स्थापित छ । हाम्रो पार्टी वैधानिक छ । हाम्रो आन्दोलन वैधानिक छ र हाम्रा क्रियाकलापहरु सबै वैधानिक छन । त्यसैले यति वेला हाम्रो संगठनका रुपहरु खुल्ला, वैधानिक र कानुनी हुनेछन । त्यसरी नै हाम्रा संघर्षका रुपहरु पनि खुल्ला, वैधानिक र कानुनी नै हुनेछन । त्यहि आधारमा हामीले पार्टी संगठनको संजाललाई केन्द्रवाट प्रदेश, जिल्ला, पालिका, वार्ड र गाउँ तथा टोलहरु सम्म विस्तार गर्नुपर्छ । त्यसरी नै पार्टीका वरिपरि प्रत्येक जन संगठनका देशव्यापी संजालहरु फैलाउनुपर्छ । प्रधान राजनीतिक अन्तरविरोध र प्रधान निशानाका बारेमा मत मिल्ने शक्तिहरुसंग राजनीतिक मोर्चावन्दी पनि गर्नुपर्छ । यसरी व्यापक जनतालाई पार्टीका वरिपरि गोलबन्द गर्दै उनीहरुलाई वहुआयामीक संघर्षमा उतार्नु पर्छ । तब मात्र क्रान्तिकारी शक्तिको विकास र विस्तारमा तीब्रता आउनेछ ।

५. हामीले कार्यनीतिक कार्यदिशालाई निर्धारण गरिरहदा क्रान्तिकारी संघर्षमा विभिन्न वर्ग शक्तिहरुको यथोचित विन्यासलाई पनि ध्यान दिनुपर्छ । श्रमजीवि वर्गले कम्युनिष्ट पार्टी मार्फत सहि र प्रभावकारी नेतृत्व प्रदान गर्ने कुरालाई सबै मोर्चाहरुमा स्थापित गर्नुपर्छ । साथै यो समाजवादी क्रान्तिकारी आन्दोलनलाई अघिलाने क्रममा हाम्रो मुख्य शक्ति के हो त ?हामीले यो कुरालाई पनि प्रष्ट पार्नुपर्छ । अहिले पनि हाम्रो देशका विशाल ग्रामिण क्षेत्रमा रहेर हर प्रकारका दुखकष्ठ र शोषण उत्पीडनमा पिल्सिरहेका किसान जनता नै हाम्रो क्रान्तिका मुख्य शक्ति हुन । जब सम्म  आम किसान जनताका विचमा हाम्रो संगठन पुग्न सक्दैन, उनीहरुलाई जबसम्म जागृत, संगठित र एकताबद्ध बनाउदै उद्देश्य मुलक ढङ्गले उनीहरुलाई संघर्षको मैदानमा ल्याउन सक्तैनौ, तब सम्म समाजवादी क्रान्तिको लहर सृजना हुन सक्तैन । यो कुरालाई हाम्रो कार्यनीतिक कार्यदिशाले केन्द्रविन्दुमा राख्नुपर्छ र त्यसै अनुरुप पार्टीको मुख्य शक्तिलाई परिचालित गर्नुपर्छ ।

६. त्यसैगरि आजको अवस्थामा हाम्रो कार्यनीतिक कार्यदिशाले पार्टीका परिपरि संगठित भईरहेका विभिन्न वर्ग, तह र समुदायका संगठनहरु तथा विभिन्न जाति, जनजाती र सांस्कृतिक संगठनहरुलाई व्यापक रुपले परिचालन गर्ने कामलाई उच्च महत्व दिनुपर्छ । जुन वर्गीय र सामुदायीक संगठनहरु विकसित भईरहेका छन, तिनीहरु प्रत्येकको अलग अलग महत्व छ । किसान, महिला र श्रमीकहरुका संगठनहरुको एक खाले महत्व छ । तिनीहरुलाई अलिक भिन्न महत्वका साथ परिचालन गर्न सक्नुपर्छ । युवा र विद्यार्थीहरुका संगठनको अर्को महत्व छ । यीनीहरु समाजका सवभन्दा गतिशील, सृजनशील र उर्जाशील  समुदायका संगठनहरु हुन । यी दुई संगठनलाई ठिक ढङ्गले परिचालन गर्न सकियो भने मुलुकमा हलचल ल्याउन धेरै समय पर्खिनु पर्दैन तर यी संगठनहरुलाई ठिक ढङ्गले परिचालन गर्ने सकिएन भने सिगो पंक्तिमा नै नकारात्मक असर

पार्छ । आज ठीक त्यहि भईरहेको छ । त्यसका साथै सास्कृतिक संगठनहरु छन, तिनीहरुको महत्व त्यस्तै गहन र तत्कालिन तथा दिर्घकालिक महत्व छ । तिनीहरु अत्यन्त गतिशील र श्रृजनशील बनाउन पर्ने संगठनहरु हुन । त्यस्तै अरु सबै संगठनहरुको महत्वपुर्ण भुमिका छ । हाम्रो कार्यनीतिक कार्यदिशाले यी कुराहरुलाई यथेष्ठ रुपले ध्यान दिएर अघि बढाउन सक्नुपर्छ ।

७. हामीले समाजवादी क्रान्तिलाई अघि बढाइ रहदा हाम्रा रणनीतिक लक्ष्य र कार्यनीतिक लक्ष्यहरु निर्धारण गरेका छौ । हाम्रा रणनीतिक लक्ष्य समाजवादी क्रान्तिको सिङ्गोकाल भरि अपरिवर्तनीय रहन्छ तर हाम्रा कार्यनीतिक लक्ष्यहरु भने वर्ग संघर्षको विकास क्रममा आउने राजनीतिक फेरबदलहरु संगै कार्यनीतिक लक्ष्यहरु परिवर्तन भईरहन्छन । त्यसरी आउने परिवर्तनहरु संगै प्रमुख कार्यनीतिक नाराहरु पनि बदलिने गर्छन । जति वेला हामीले जस्तो कार्यनीतिक लक्ष्य अघि सार्छौ त्यसको सार तत्वलाई वेष्ठित गर्ने गरेर हामी मुख्य कार्यनीतिक नारा पनि अघि सार्छौ । त्यो मुख्य कार्यनीतिक नाराले हाम्रा तत्कालिन सम्पुर्ण प्रचार, संगठन र संघर्षका कामहरुलाई मार्गदर्शन गर्ने काम गर्छ र ती सम्पुर्ण कामहरुलाई प्रमुख निशानामा केन्द्रित गर्ने काम गर्छ । त्यसैले हामीले हर काल खण्डमा एउटा मुख्य कार्यनीतिक नारा पनि अघि सार्नुपर्ने हुन्छ । त्यस्तो नारा के हुन सक्छ ? त्यस्तो नारा निम्न बमोजिम सुत्रबद्ध गर्न सकिन्छ । **"दक्षिणपन्थी यथास्थितिवादको विरोध गरौं । समाजवादको दिशामा दृढतापूर्वक अघि बढौं"।** यो हाम्रो कार्यनीतिक कार्यदिशाको अर्को महत्वपुर्ण तत्व हो ।

यसरी हाम्रो पार्टीको आजको कार्यनीतिक कार्यदिशाका उपरोक्त सातवटा पक्षहरु एकिकृत ढङ्गले अघि बढाएर मात्र हामीहरु कम्युनिष्ट पार्टीको नेतृत्वमा जनताको क्रान्तिकारी शक्तिलाई छिटछिटो गोलबद्ध गर्न सक्छौ । एक पछि अर्को हाम्रा कार्यनीतिक लक्ष्यहरु पुरा गर्न सक्छौ र जनता तथा मुलुकलाई वैज्ञानिक समाजवादको दिशा तर्फ अघि बढाउन सक्छौ ।

## १६. समाजवादी क्रान्तिका तीन प्रमुख संबलहरु

उपरोक्त कार्यदिशाका आधारमा समाजवादी क्रान्ति र रुपान्तरणको प्रकृयालाई सफलतापुर्वक अघि बढाउनका निम्ति हामी क्रान्तिका तीनवटा हतियारहरुलाई अत्यन्त कुशलतापुर्वक निर्माण र परिचालन गर्नु पर्छ । तिनीहरु मध्ये पहिलो हतियार हो **(क).एउटा क्रान्तिकारी र शक्तिशाली कम्युनिष्ट पार्टी :** हामीले नाम कम्युनिष्ट पार्टी राखेर हुदैन हामी देखिरहेका छौ, कम्युनिष्ट पार्टी नाम राखेर धेरै विकार र विकृतिहरुको उरुङ लगाउने काम भईरहेको छ । कम्युनिष्ट पार्टीका नाममा कम्युनिष्ट आन्दोलनलाई बदनाम गर्ने काम भईरहेको छ । हामीले सच्चा, सिद्धान्तनिष्ट, नीतिनिष्ट र विधिनिष्ठ कम्युनिष्ट पार्टीको निर्माण गर्न पर्छ । हामीले निम्न ढङ्गको कम्युनिष्ट पार्टी निर्माण गर्नुपर्छ ।

- पार्टीले जहिले सुकै पनि प्रधान राजनीतिक अर्न्तरविरोध र प्रधान निशानालाई केन्द्रित गरेर आफ्ना प्रचार, संगठन र संघर्षलाई अघि बढाउन प्रष्ट र तत्पर हुनु पर्छ ।
- पार्टी मार्क्सवाद-लेनिनवादका सार्वभौम सच्चाई प्रति निष्ठावान भएको हुनुपर्छ र त्यसलाई आफ्ना सम्पुर्ण विचार र व्यवहारको मार्गदर्शक मान्ने हुनुपर्छ ।
- पार्टीले मार्क्सवाद-लेनिनवादका सार्वभौम सच्चाईहरुलाई नेपाली समाजवादी क्रान्तिको ठोस व्यवहारमा सृजनात्मक रुपले गास्न र मुलुकको विशेषता र वास्तविकता अनुरुप सहि वैचारिक-राजनीतिक कार्यदिशा, नीति, सिद्धान्त, कार्यक्रम र विधि विद्यान बनाउन सक्षम हुनुपर्छ ।
- पार्टी वर्ग आधारित, जन आधारित र राष्ट्रव्यापी बन्नुपर्छ ।
- पार्टी आम जनता, राष्ट्र, क्रान्ति र समाजवाद प्रति प्रतिवद्ध हुनुपर्छ ।
- पार्टी नेपाली क्रान्तिका सामु उत्पन्न हुने कुनै पनि वैचारिक-संगठनात्मक समस्याहरुको समाधान गर्न हर बखत तत्पर र संक्षम हुनुपर्छ ।
- पार्टी सर्वोपरी रुपमा आफ्नो स्थापनाका ५ ऐतिहासिक लक्ष्य प्राप्तीका निम्ति संकल्पवद्ध हुनुपर्छ । पार्टी सहि क्रान्तिकारी कार्यदिशा, नीति र सिद्दान्तका आधारमा सिङ्गो कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउन र एकिकृत पार्टी निर्माण गर्न तत्पर हुनुपर्छ ।
- यस्तो पार्टी मात्र क्रान्तिकारी वर्ग संघर्ष संचालनका निम्ति धारिलो, खिरिलो र फुर्तिलो हुन सक्छ । यो समाजवादी क्रान्तिको सर्वाधिक महत्वपुर्ण हतियार हो ।

**(ख).दोस्रो हतियार हो-व्यापकतम संयुक्त मोर्चा**

श्रमिक वर्गको पार्टी कम्युनिष्ट पार्टीले हर अवस्थामा प्रधान राजनीतिक अर्न्तविरोध र प्रधान निशानाका विरुद्ध प्रथमतः व्यापक वर्गीय संयुक्त मोर्चा निर्माण गर्नुपर्छ । कम्युनिष्ट पार्टीले विभिन्न वर्ग, तह र समुदायका जनताका वीचमा जति फराकिलो र गहिरो रुपमा कामलाई फैलाउदै जान्छ र आफ्ना वरिपरि विभिन्न वर्ग, तह र समुदायका संगठनहरुको संजाल विस्तार गर्दै जान्छ, त्यस्तो वर्गीय संयुक्त मोर्चा त्यति नै विकसित, विस्तृत र सुदृढ बन्दै जान्छ । त्यस्तो मोर्चा कार्यनीतिक चरित्रको मात्र हुँदैन वर्गीय संयुक्त मोर्चा एउटा रणनीतिक महत्वको सयुक्त मोर्चा पनि हो । हामीले संयुक्त मोर्चा निर्माण गर्दा पहिलो प्राथमिकता यसैलाई दिनुपर्छ । यो पनि प्रधान राजनीतिक अर्न्तविरोध र प्रमुख राजनीतिक प्रतिद्वन्द्वी कै विरुद्ध केन्द्रित हुन्छ ।

त्यसका साथ साथै खास अवस्थामा अस्थायी हिसाबले एक वा अर्को राजनीतिक संयुक्त मोर्चा पनि बन्न सक्छन । यस्ता मोर्चाहरु स्थायी हुदैनन् खास शत्रु, निशाना, गठबन्धन वा अवरोधका विरुद्ध संघर्ष गर्ने साझा आधार भएका दुई वा दुई भन्दा बढी पार्टीहरु संयुक्त भएर अघि बढने मोर्चालाई राजनीतिक संयुक्त मोर्चा भनिन्छ । जस्तो ०४६ सालमा हामीले संयुक्त वाममोर्चा बनायौ, कांग्रेस संग वाममोर्चाको कार्यगत एकता गर्‍यौ, १९ माघ पछि ७ राजनीतिक पार्टीहरुको मोर्चा बनायौ, त्यो मोर्चा र नेकपा (माओवादी) संग कार्यगत एकता गर्‍यौ, संविधान घोषणा भए पछि पहिलो चुनावमा तत्कालिन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) वीच चुनावका संदर्भमा कार्यगत एकता भयो । यी विभिन्न कालखण्डमा हामीले नै गरेका राजनीतिक संयुक्त मोर्चाका विविध रुपहरु हुन । यी सबै कार्यनीतिक मोर्चाहरु हुन यस्तो मोर्चाहरु खास उद्देश्य पुर्तिका लागि बन्छन र तिनीहरु आफै विघठित हुन्छन ।

हामीले आवश्यकता हेरिकन यस्ता मोर्चाहरु बनाउनुपर्छ । अहिले नेपालमा वामपंथी आन्दोलनमा आएको विभाजनले गर्दा दक्षिणपंथी प्रतिकृयावादी शक्तिहरु आफुलाई क्रमश : वलियो बनाउँदै छन । यस्तो वेलामा वस्तुगत आवश्यकताको दृष्टिले गर्दा दक्षिणपंथी प्रतिकृयावादी शक्तिहरुका विरुद्ध व्यापक वामपंथी मोर्चा बनाउन पर्ने आवश्यकता छ । तर आत्मगत रुपले ठुला भनिने वामपंथी समुहका नेताहरु नै आत्मगत रुपले साझा आधार खोज्न तयार छैनन् । तर वस्तुगत आवश्यकता र बिभाजनले अनिवार्य रुपले ल्याउने दुखद परिणामहरु भोग्दै गए पछि नयाँ परिस्थिति आउँछ । हामीले हाम्रो कार्यनीतिक कार्यदिशालाई लागु गर्दा यो कुरालाई पनि गंभीरतापुर्वक लिनै पर्छ । यसरी हामीले अस्थायी मोर्चा बनाउन पर्ने आवश्यकता र तिनीहरुको महत्वलाई पनि गहिरो गरी बुझ्न पर्छ । चाहे वर्गीय संयुक्त मोर्चा होस या राजनीतिक संयुक्त मोर्चा होस समाजवादी क्रान्तिलाई अघि बढाउने शिलशिलामा बनाउन पर्ने यो अत्यन्त महत्वपुर्ण दोस्रो हतियार हो । मोर्चा जुन सुकै रुपको भए पनि क्रान्तिको दौरानमा बनाउने संयुक्त मोर्चा भनेको प्रमुख प्रतिद्वन्दीका विरुद्ध व्यापकतम र अधिकतम वर्ग र शक्तिका जनतालाई एकताबद्ध बनाउदै प्रतिद्वन्दीलाई एक्लो पारेर प्रहार गर्ने क्रान्तिकारी कार्यनीति हो । यहाँनेर हामीले संयुक्त मोर्चा बनाउँदा जहिले सुकै पनि प्रमुख प्रतिद्वन्दीलाई चिन्न सक्नुपर्छ । त्यसका विरुद्ध मात्र संयुक्त मोर्चा बन्न सक्छ । प्रमुख प्रतिद्वन्दी किटान नगरी बनाइने संयुक्त मोर्चाको औचित्य हुँदैन । त्यो बिना कामको व्यायाम मात्र हुने गर्छ । अझ प्रमुख प्रतिद्वन्दीलाई नै फाइदा पुग्ने ढङ्गले मोर्चा बनाउन पुगियो भने हामी वर्ग समन्वय र वर्ग सम्झौताबादको घोर दक्षिणपन्थी दिशातिर लाग्छौं । त्यस्ता कुरालाई सधैं ध्यानमा राखेर प्रमुख प्रतिद्वन्दीका विरुद्ध मोर्चाबन्दी गर्ने, क्रान्तिकारी कार्यनीतिलाई प्रभावकारी र कुशलता पुर्वक प्रयोग गरेको खण्डमा समाजवादी क्रान्तिलाई अग्रगति तिर लान असाधारण योगदान पुग्छ । हामीले अन्तराष्ट्रिय मित्र शक्तिहरुलाई परिचालन गर्ने कुरा पनि यहि संयुक्त मोर्चा अन्तर्गत पर्छ ।

**(ग).तेस्रो हतियार हो- बहुआयामिक वर्ग संघर्ष**

हाम्रो देशमा पुँजीवादीजनवादी क्रान्ति सम्पन्न भएको पनि १८ वर्ष पुग्दैछ । यो वीचमा पुँजीवादी सामाजिक - आर्थिक ढाँचा हरेक प्रकारले सुदृढ बनेको छ । त्यो ढाँचाका हरेक क्षेत्रमा दलाल पुँजीवाद हावी बनेकै छ । आम जनताका हरेक हिस्सामा दलाल पुँजीवादीशोषण, दमन, उत्पीडन झनझन चर्को बनेको छ । मुठ्ठिभरका दलाल पुँजीवादी नायकहरुका हातमा राष्ट्रिय आय र संम्पति केन्द्रित हुदै गैरहेको छ । गरिवीको रेखा मुनी रहेका जनताको पंक्ति अझ विस्तार हुदै गएको छ । आम किसान जनता माथि समेत वित्तिय शोषण र श्रम शोषण झन चर्को बनेको छ । मिटर व्याजीहरुको उत्पीडनले किसानहरु बेघरबार बन्न समेत बाध्य भईरहेका छन । देशको कृषि,उद्योग, शिक्षा, स्वाथ्य सबै क्षेत्रमा विकार र विकृतिहरु बढि रहेका छन ।

साम्राज्यवाद र प्रभुत्ववादीहरुको हस्तक्षेप, नियन्त्रण, दवाव र घुसपैठ राष्ट्रिय जीवनका हरेक क्षेत्रमा बढी रहेको छ । राष्ट्रियता माथिको खतरा निरन्तर बढी रहेको छ । समाजमा वर्गीय शोषण र दमन मात्र होईन विभिन्न प्रकारका लैगिक, जातिय, भाषिक र संस्कृतिक विभेदहरु बढी रहेका छन । त्यसले गर्दा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा राष्ट्रियता माथिको संकट अझ गहिरो बन्दै गएको छ । सर्वोपरी रुपमा दलाल पुँजीवाद र व्यापक जनता बीचको अर्न्तविरोध लगातार चर्को बन्दै गएकोछ । यस्तो अवस्थामा हामीले जनताका चाहना र आकांक्षा अनुरुप बहुआयामीक वर्ग संघर्षको विकास गर्न हर संभव प्रयास गर्नु पर्छ र जनतालाई उज्वल भविष्यको बाटो देखाउनुपर्छ । यतिवेला निम्न वमोजिमका संघर्षहरुलाई अग्रगति दिनुपर्छ ।

- दलाल पुँजीवादको शोषण, उत्पीडन, ठगी, कालाबजारी, तस्करी , वित्तिय शोषण आदिका विरुद्धका संघर्षहरु
- समाजमा भईरहेको एक पछि अर्को भ्रष्टचारका काण्डहरुका विरुद्धका सघर्षहरु
- महिलाहरु माथि निरन्तर भईरहेका मानसिक र भौतिक हिंसा र विभेद विरुद्धका संघर्षहरु
- दलाल पुँजीवादर राज्यसत्तावाट भईरहेका जातिय, भाषिक, सांस्कृतिक आस्थागत विभेद विरुद्धका संघर्षहरु
- दलित जनता माथि भईरहेका विभेद र अत्याचारका विरुद्धका संघर्षहरु
- मिटरव्याजी पीडित किसानहरु, सुकुम्बासी किसानहरु तथा विभिन्न प्रकारका विभेद विरुद्धका संघर्षहरु
- शिक्षा, स्वास्थ्यका क्षेत्रमा देखा परेका विकृतीहरुका बिरुद्धका संघर्षहरु
- राष्ट्रियता माथि भईरहेका अतिक्रमण, हस्तक्षेप र नियन्त्रण बिरुद्धका संघर्षहरु

यसरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा भईरहेका अन्याय, अत्याचार र विभेदका विरुद्ध तथा राष्ट्रियता माथि बढि रहेका खतराका विरुद्धका संघर्षहरुलाई अघि बढाउनु पर्छ । यो वहु आयामीक वर्ग संघर्ष समाजवादी क्रान्तिको अर्को अभोध अस्त्र हो । यी सम्पुर्ण संघर्ष विरुद्धको निशाना दलाल पुँजीवाद र त्यस्को मुख्यप्रतिनिधि प्रतिकृयावादी राजनीतिक शक्ति हो । यो संघर्ष नै नेपाली समाजको विकासको मुख्य कडी हो । यी तीनवटा हतियारहरु जति चाँडो निर्माण गर्न सकिन्छ, नेपालको समाजवादी क्रान्ति त्यति नै चाँडो अघि बढ्दै जान्छ ।

## १७. संसद भित्र र वाहिरको संघर्षमा समन्वय

नेपाली समाज इतिहासका अनेकौ श्रृखलाहरु पार गर्दै आज जुन उचाइमा आई पुगेको छ ती सबै आम जनताका कठोर परिश्रमका परिणाम हुन । हाम्रा सम्पुर्ण सभ्यता श्रृखलाका निर्माता आम जनता नै हुन । हाम्रो सम्पुर्ण इतिहासका चालक शक्ति आम जनता नै हुन । उनीहरु सचेत र जागृत नभएको बेला  दास मालिकहरु, सामन्तहरु र पुँजीपतिहरुले जनता माथि जुन प्रकारको शोषण, उत्पीडन, लुट र वर्गलुटहरु गरे र समाजको विकासमा गतिरोध उत्पन्न गरे ती सबै कुरा अस्थायी हुन । जब आम जनता जागृत भए, संगठित  भए र परिवर्तनका निम्ति आन्दोलित भए तव समाजमा अजंगका परिवर्तनहरु र रुपान्तरणहरु सृष्ठि हुदै गए । २००७  सालको क्रान्ति ०३५-०३६ को जनआन्दोलन, ०४६ को जन आन्दोलन र सर्बोपरि रुपमा ०६२-०६३ को जन क्रान्ति त्यसका उदाहरण हुन । जनता आफ्ना हितका निम्ति जब जाग्छन र परिवर्तनका निम्ति उठछन तब शासकहरुका कस्तै प्रयत्नले पनि परिवर्तनलाई रोक्न सक्तैन । त्यसैले आम रुपमा आम जनताको तहबाट, तलबाट तथा सडकबाट गरिने संघर्षहरु नै सामाजिक परिवर्तन तथा सामाजिक क्रान्तिका निर्णायक आधारहरु हुन ।

त्यसैले शोषक वर्गका हातमा शासन रहेको समाजमा परिवर्तनको निर्णायक शक्ति सडकमा रहेका आम जनताका हातमा रहन्छ । अर्थात आम जनता र उनीहरुको जागरण, संगठन र संघर्ष नै समाज परिवर्तनको निर्णायक शक्ति हुन्छ र हुने गर्छ । जनता जागेकाले र जगाएकाले नै ०६२-०६३ को जनक्रान्ति सम्पन्न हुन सक्यो, सामन्तवाद र राजतन्त्रलाई उन्मुलन गर्न संभव भयो, नयाँ संविधान बनाउन र पुँजीवादी संसदीय लोकतन्त्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संभव भयो । यी सबै कुरा जनताका बलिदान र कष्टसाध्य संघर्षका परिणामहरु हुन । तर के त्यो परिवर्तनले जनताको सामाजिक आर्थिक जीबनमा परिवर्तन ल्याउन सक्यो त? के जनता माथि भईरहेको शोषण र उत्पीडनलाई समाप्त पार्न सक्यो त? के विभिन्न जाति, लिंग, भाष, सास्कृति र आस्थाका जनता माथि भईरहेका विभेदहरुलाई अन्त्य गर्नसक्यो त ? मान्छेले मान्छे माथि गरि रहेका शोषणलाई समाप्त पार्न सक्यो त ? राजतन्त्रात्मक सामन्ति व्यवस्थाबाट पुँजीवादीगणतन्त्रात्मक व्यवस्थामा परिवर्तन भयो तर जनताको अवस्थामा परिवर्तन आउन सक्यो त ? यी कुनै पनि परिवर्तन आएका छैनन । हिजोको सामन्तवर्गका स्थानमा अहिले दलाल पँजीपतिवर्गको शोषण र शासन स्थापित भएको छ ।

त्यसैले हाम्रो क्रान्ति जारी छ । हामी समाजवादी क्रान्ति र रुपान्तरणको नयाँ र अन्तिम क्रान्तिको युगमा छौ । हाम्रो क्रान्तिकारी संघर्षले नै आज हामीले माथि  भनिए जस्ता लोकतान्त्रिक र मौलिक हक अधिकार प्राप्त गरेका छौ र जनताबाट निर्वाचित संसद पनि प्राप्त गरेका छौ । यो संसद पुँजीवादीसंसद हो । यसका निर्वाचनहरुमा दलाल पँजीपतिवर्गले आफ्ना साम्राज्यवादी मालिकहरुको इशारा अनुरुप साम, दाम, दण्ड, भेद सबै कुरा प्रयोग गरेर सकभर आफ्नो एकलौटी प्रभुत्व जमाउने कोसिस गर्छ । त्यसले जनताका समाजवादी क्रान्तिकारी प्रतिनिधिहरुलाई सकभर जीत्न नदिन सबै कुरा प्रयोग गर्छ । तर ती सबै कुराका वावजुद जनताका क्रान्तिकारी समाजवादी प्रतिनीधिहरुले पनि निर्वाचनमा जीत्छन । पार्टी शक्तिशाली बन्दै जाँदा संसदमा आफ्नो क्रान्तिकारी समुह बनाउने कुरा देखि एउटा बलियो क्रान्तिकारी प्रतिपक्षको रुपमा विकास गर्न सकिन्छ । जनतालाई आफ्ना क्रान्तिकारी कार्यदिशा, नीति र सिद्दान्तका आधारमा राम्ररी जागृत, संगठित र एकताबद्ध बनाउन सकिएको खण्डमा संसदमा राम्रो बहुमत ल्याउने संभावना पनि हुन्छ । ०४८ र ०५१ को चुनावमा तत्कालिन नेकपा (एमाले) र ०७४ को आम चुनावमा एमाले र माओवादीको कार्यगत एकताले प्राप्त गरेको सफलता त्यसका उदाहरण हुन । २०७४ मा त कम्युनिष्ट पार्टीले दुई तिहाई बहुमत नै प्राप्त गरेको थियो । त्यसरी संसदमा विकसित हुने क्रान्तिकारी समाजवादीहरुले समाजवादी क्रान्तिलाई संसद भित्रबाट पनि अघि बढाउन ठोस र जोडदार रुपले प्रयत्न.गर्नुपर्छ ।

यसरी आजको विशिष्ठ अवस्थाबाट समाजवादी क्रान्तिलाई सडक र सदन दुबै तहबाट गरिने संघर्षहरुलाई समन्वय गर्दै जोडदार रुपले अघि बढाउनु पर्छ । शुरुमा हामीले सडक संघर्षलाई व्यापक र तीब्र बनाउँदै पार्टी निमार्णलाई अघि बनाउनुपर्छ । वर्ग-संघर्षको दौरानमा  पार्टी संगठन बनाउने कामलाई व्यापक पार्दै लग्नु पर्छ । पार्टी र संयुक्त मोर्चा विस्तार गर्ने क्रामा हाम्रो शक्ति संसदमा पनि बढ्दै जान्छ । सडक संघर्ष र संसदीय संघर्षलाई समन्वय गर्दै संसदीय संघर्षलाई जति सशक्त र क्रान्तिकारी ढङ्गले अघि बढाइन्छ, जनताको समाजवादी क्रान्तिकारी शक्ति त्यति नै बलियो हुदै जान्छ ।

तर हामीले संसदीय संघर्षलाई कस्तो कार्यदिशा अनुरुप अघि बढाउछौ, समाजवादी क्रान्तिको प्रकृया त्यस माथि निर्भर गर्छ । संसदीय संघर्षका स्पष्टतः दुई कार्यदिशा छन । पहिलो क्रान्तिकारी संसदवादको कार्यदिशा र दोस्रो वुर्जुवा संसदवादको कार्यदिशा । वुजुवाहरुका निम्ति आफ्नो वर्ग र जीवनको गन्तब्य नै पुँजीवादीसंसद हो । त्यहाँ भन्दा उचाइमा कतै उनीहरुले पुग्न र पुर्‍याउन पर्ने छैन । त्यसैले उनीहरुको कार्यनीति एक संसद देखि अर्को संसद सम्म वा एक चुनाव देखि अर्को चुनाव सम्म हुन्छ । यस्ता आवाधिक चुनावहरु जनतामा बढदै गरेको असन्तोष.र विरोधलाई घटाउने र जनतालाई परिवर्तनको भ्रम दिने साधनका रुपमा उनीहरु प्रयोग गर्ने गर्छन । यो उनीहरुको पुँजीवादीअधिनायकत्वलाई सधै कायम राख्ने कार्यनीति हो । त्यसरी नै दक्षिणपंथी औसरवादले ग्रस्त गरेका कथित कम्युनिष्टहरु पनि वुर्जुवाहरुको यहि कार्यनीतिलाई पछ्याई रहेका हुन्छन । उनीहरु यस्ता पुँजीवादी संसद वा पुँजीवादी जनप्रतिनिधि संस्थाहरुलाई उपयोग गर्ने क्रान्तिकारी मार्क्सवादी कार्यनीतिलाई  या त जानी जानी अस्वीकार गर्छन या तिनीहरु जान्दै जान्दैनन । आफ्नो दुई तिहाई बहुमत भए पनि तिनीहरु त्यसलाई उपयोग गर्न चाहदैनन । तर हामी क्रान्तिकारी समाजवादीहरुले शुरु देखि अन्त्य सम्म यस्ता पुँजीवादी संसद वा जनप्रतिनीधि संसदहरुलाई क्रान्तिकारी ढङ्गले उपयोग गर्नुपर्छ । क्रान्तिकारी ढङ्गले उपयोग गर्नु भनेको आफ्नो क्रान्तिकारी लक्ष्य-वैज्ञानिक समाजवाद प्राप्त गर्ने उद्देश्य प्राप्तीका निम्ति पुँजीवादी संसदलाई उपयोग गर्नु हो । यो लेनिनवादी कार्यदिशा हो

हामी समाजवादी क्रान्तिकारी सांसदहरु सधै संसदमा ठुलो सख्यामा रहन्छौ भन्ने हुदैन हामी एक जना मात्रै भएपनि क्रान्तिकारी संसदवादको कार्यनीति अपनाउनु पर्छ । हामी एकलै वा अन्य क्रान्तिकारी समुह संग मिलेर वहुमतमा पुग्यौ भने झन फराकिलो ढङ्गले क्रान्तिकारी संसदवादको कार्यनीति का आधारमा क्रान्तिकारी सरकार गठन गर्नुपर्छ । त्यो सरकारलाई क्रान्तिको उपकरणका रुपमा लिनुपर्छ । जनता र राष्ट्रलाई समाजवादको दिशामा रुपान्तरण गर्ने हिसावले नीति, कार्यक्रम, बजेट र विधेकहरु अघि सार्नु पर्दछ । संसद स्वयमलाई यी नीति, कार्यक्रम, बजेट र विधेकहरु पास गर्ने मंच बनाउनुपर्छ र शान्तिपुर्ण ढङ्गले समाजवादमा सक्रमण गर्ने आधार बनाउनुपर्छ । यहि कार्यनीति अनुसार हामीले प्रदेश संसदमा पनि काम गर्नुपर्छ । जहाँ सम्म पालिका र वार्डहरूको सवाल छ,तिनीहरूमा जीत हासिल गरेपछि प्राप्त बजेट र अधिकारलाई जनता र समाजको सर्बोपरि हितका निम्ति उपयोग गर्नुपर्छ,सबै सम्भव विकास र निर्माणका काम गर्नुपर्छ, जनताका हक अधिकारको रक्षा गर्नुपर्छ र स्थानीय तहमा पार्टी र जनसंगठनका क्रान्तिकारी आधारहरूलाई फराकिलो पार्दै अघि बढ्नुपर्छ ।

यो परिवर्तनको असाधारण महत्वको ऐतिहासिक घडि हुनेछ । यसवेला वर्ग संघर्ष अत्यन्त चर्को बन्न पुग्छ,  प्रतिकृयावादीहरु त्यसवेला जनता र राष्ट्रलाई समाजवाद तिर जान नदिन सबै प्रकारका शक्ति प्रयोग गर्ने छन । त्यसकारण सडकबाट

व्यापक तयारी नगरी सामाजिक परिवर्तनको त्यो असाधारण ऐतिहासिक घडिलाई सफल पार्न सकिन्न । त्यसैले शुरुदेखि नै हामीले सडक र सदनका संघर्षहरुलाई उच्चतम होशीयारीका साथ समन्वय गर्दै अघि बढाउनु पर्छ । यसैलाई भनिन्छ संसद भित्र र बाहिरको संघर्षमा समन्वय । यो सडक र सदनको संघर्षमा समन्वय हो । यो नेपालको समाजवादी क्रान्तिलाई शान्तिपुर्ण ढङ्गले सम्पन्न गर्ने बाटो पनि हो । प्रतिकृयावादीहरु जनताको शान्तिपुर्ण परिवर्तन र अग्रगमनको भावनालाई स्वीकार गर्छन कि गर्दैनन यो उनीहरुका निम्ति अग्नी परिक्षाको घडि पनि हो ।

हामीले सबैका सामु स्पष्ट भनेका छौ, हाम्रो अधिकतम लक्ष्य समाजवाद हो । कम्युनिष्ट पार्टी र हामी कम्युनिष्टहरु हाम्रो लक्ष्यलाई कहिल्यै लुकाउँदैनौ । आकाशको घाम जति कै यो सबैका सामु छलङ्ग छ । समाजवाद विना मानव मुक्ति संभव छैन । समाजवाद विना नेपाली जनताको पनि मुक्ति संभव छैन । तर हामी त्यो ऐतिहासिक लक्ष्य सके सम्म हिंसा र रक्तपातबाट होइन लोकतान्त्रीक प्रतिस्पर्धाबाट शान्तिपुर्ण ढङ्गले प्राप्त गर्न चाहन्छौ र प्रतिकृयावादीहरु जनताको प्रगति र इतिहासको अग्रगतिलाई रोक्न हिंसामा उत्रिन्छन भने हामी वीर र बहादुर पुर्खाका सन्ततीहरुले जस्तालाई तस्तै गर्न बाध्य हुनुपर्ने कुरा स्वतः स्पष्ट छ ।

## १८.समाजवादी कार्यक्रमको ठोसरूप

नेपालको समाजवादी क्रान्तिको प्रकृयालाई अघि बढाउँदै जाने क्रममा जब वस्तुगत परिस्थितिका साथ साथै आत्मगत परिस्थिति पनि परिपक्क हुन्छ, तब समाजलाई गुणात्मक रुपले रुपान्तरण गर्ने बिन्दुमा पुगिन्छ । त्यो बिन्दुमा पुगे पछि नेपाली समाजलाई समाजवादी समाजमा रूपान्तरण गर्ने हाम्रो ठोस कार्यक्रम निम्न बमोजिम हुनेछ ।

### १.राज्य व्यवस्था सम्बन्धमा

- नेपालको राज्य व्यवस्थामा दलाल पुँजीपति वर्गको अधिपत्यलाई सम्पूर्ण रुपले अन्त्य गरिनेछ ।
- श्रमिक वर्गको नेतृत्वमा व्यापक जनसमुदायको समाजवादी गणतन्त्रको क्रान्तिकारी सरकार गठन गरिनेछ ।
- त्यसले जनता पंक्तिका सबै वर्ग, तह, लिङ्ग, जाति, समुदाय र क्षेत्रको समावेशी प्रतिनिधित्व हुनेगरी राष्ट्रिय जनप्रतिनिधि सभाको आयोजना गर्नेछ ।
- त्यस सभाले मुलुकको नँया संबिधान निर्माण गर्नेछ । त्यसले मुलुकको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको व्यवस्था गर्नेछ ।
- राष्ट्रिय जनप्रतिनिधि सभाका रुपमा रहेको व्यवस्थापिकाले मुलुकका सम्पूर्ण ऐन र कानुनहरूको निर्माण गर्नेछ ।
- राष्ट्रिय जन प्रतिनिधि सभाले नै मुलुकको राज्य सञ्चालनको संरचनाको प्रणालीलाई बदलिएको परिस्थिति अनुरुप पुनर्गठित गर्नेछ । समाजवादी राज्य संरचनाको प्रणाली पनि केन्द्रीय, प्रादेशिक र स्थानीय तीन तहमा हुनेछ । स्थानीय तहलाई बढी अधिकार र साधनश्रोत उपलब्ध गराइनेछ । स्थानीय सामाजिक-आर्थिक विकास र रूपान्तरणलाई तीव्रता प्रदान गरिनेछ ।
- राष्ट्रिय जन प्रतिनिधि सभाले नँया समाजबादी निर्वाचन प्रणाली र ऐनको विकास गर्नेछ । निर्वाचनमा पूँजी, शक्ति र दुष्प्रचारबाट प्रभाव पार्ने पुँजीवादी प्रणालीलाई पूर्ण रुपले अन्त्य गरिनेछ ।
- निर्वाचन प्रणाली आवश्यकता अनुसार प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारका प्रणालीहरुलाई अपनाइनेछ ।
- जनतालाई संविधान बमोजिम लेख्ने, बोल्ने, संगठित हुने, आलोचना गर्ने, सभा गर्ने,चुनिने, चुन्ने सबै प्रकारका राजनीतिक मौलिक अधिकारहरुको सुनिश्चितता गरिनेछ ।
- मुलुकका राष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रिय जनप्रतिनिधि सभाका सदस्यहरू देखि स्थानीय तहका जनप्रतिनिधि सभा र त्यसका प्रमुख सम्म सबै बालिक मताधिकारका आधारमा आवाधिक रुपले निर्वाचित हुनेछन ।
- समाजवादी समाजमा एउटा वर्गले अर्को वर्गलाई शोषण गर्ने वा मानिसले मानिस माथि गरिने शोषणको प्रणालीलाई सदाका निम्ति अन्त्य गरिनेछ ।
- आम जनतालाई बाँच्न पाउने अधिकार, आवास पाउने अधिकार र कपडा पाउने अधिकार जस्ता आधारभूत अधिकारबाट सुसज्जित गरिनेछ ।
- साथ साथै प्रत्येक नागरिकलाई आफ्नो प्रतिभाको विकास गर्न पाउने, उपयुक्त रोजगारी पाउने र शोषणमा नपरिकन आफ्नो र परिवारको जीवन जिउन र विकास गर्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।

**२.उधोग क्षेत्रको बिकास**

- मुलुकलाई ठोस नीतिका आधारमा राष्ट्रिय औद्योगिकणको दिशामा अघि बढाइनेछ । औद्योगिक क्रान्ति सम्पन्न गरिनेछ ।
- हालको राजकीय क्षेत्रलाई व्यापक रूपले पुनर्गठन गरिनेछ । तिनीहरूको व्यवस्थापन प्रणालीमा पूरा परिवर्तन गरिने छ र नवीनतम प्राविधिक र व्यवस्थापन विधिका आधारमा पुनव्र्यवस्थित गरिनेछ र राजकीय क्षेत्रलाई सुदृढ बनाइनेछ ।
- दलाल पुँजीवादलाई पूर्णरूपले उन्मुलन गरिनेछ र दलाल पूँजीपतीहरूका हातमा भएका उद्योग वा ब्यापारिक प्रतिष्ठानहरूलाई राष्ट्रियकरण गरिनेछ । राजकीय क्षेत्रलाई विस्तार गरिनेछ र विस्तार गर्दै लगिनेछ ।
- राष्ट्रिय पुँजीपति वर्गले सञ्चालन गरेका उद्योगधन्दाहरूलाई कानुन बमोजिम राज्यले संरक्षण दिनेछ र देशको उद्योग धन्दा विकास गर्न, राष्ट्रिय उत्पादनलाई बढाउन, राष्ट्रिय बजारलाई विस्तार गर्न र स्वतन्त्र राष्ट्रिय औद्योगिक अर्थतन्त्रको विकासका निम्ति राष्ट्रिय पँजीपति र उनीहरूका उद्यमहरूलाई प्रोत्साहित गरिनेछ ।
- राष्ट्रिय अर्थतन्त्रको विकास र विस्तारलाई अवरोध पुर्‍याउने विदेशसँग भएका कुनै पनि सम्झौतालाई खारेज गरिनेछ ।
- मुलुकमा राष्ट्रिय औद्योगिक क्षेत्रका साथ साथै सबै प्रदेशहरूमा प्रादेशिक औद्योगिक क्षेत्रहरू स्थापना गरिनेछ र सबै पालिकाहरूमा पनि स्थानीय उद्योगहरूको विकासका निम्ति औद्योगिक क्षेत्रहरूको स्थापना गरिनेछ र मुलुकमा राष्ट्रिय औद्योगिकरणको लहर सिर्जना गरिनेछ ।
- समाजवादी अर्थतन्त्रको निर्माण र विकास विभिन्न चरण हुँदै विकास गर्छ । हामीले प्राथमिक चरणमा मुलुकलाई औधोगिकरणको दिशामा अघि बढाउँदा सामान्यतः तीन खम्बे अर्थतन्त्रका रुपमा विकास गरिनेछ । त्यसका लागि राजकीय क्षेत्रमा, सामूहिक वा सहकारी क्षेत्रमा र निजी क्षेत्र यी तीनै वटै क्षेत्रमा उद्योग धन्दाहरू विकास गरिनेछ ।
- मुलुक र जनताको राष्ट्रिय हितलाई सर्वोपरि राखेर रक्षा उद्योग, खानी, सञ्चार, टेलिफोनसँग सम्बन्धित उद्योगहरू, विद्युत प्रसारण लाइनहरु र जनता तथा राष्ट्रका सार्वजनिक हितका उद्योगहरू राजकीय क्षेत्रमा स्थापना गरिनेछ । सरकारले कुन उद्योगहरू राजकीय क्षेत्रमा र कुन उद्योगहरु सरकारी वा निजी क्षेत्रमा स्थापना गर्ने भन्ने सम्बन्धमा ठोस नीति निर्धारण गर्नेछ ।
- हामीले औद्योगिकरणको नीति बनाउँदा आजको दलाल पुँजीवादले पूर्णरूपले विदेशी वस्तुहरूको उपयोग गर्ने उपभोक्ता मुलुकमा रुपान्तरित गरेको यथार्थबाट शुरु गरिनेछ । त्यसका लागि हामीले आयातलाई प्रतिस्थापन गर्ने र मुलुकलाई आत्मनिर्भर बनाउने उद्योगहरु स्थापना गर्न प्राथमिकता दिनेछ ।
- हाम्रो देशलाई सकेसम्म सबै क्षेत्रमा आत्मनिर्भर बनाउने उद्देश्यले नेपाली जनताको उपभोग्य आवश्यकतालाई सर्वोपरि राखेर कृषिजन्य उद्योगहरू, वनजन्य उद्योगहरू,पानीजन्य उधोगहरु, खानीजन्य उधोगहरु,पर्यटनजन्य उद्योगहरु र अन्य विविध क्षेत्रका उद्योगहरूको विकास गरिनेछ र जनता र राष्ट्रलाई आत्मनिर्भर बनाउने र नेपालीलाई नेपालमै रोजगारी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- मुलुकलाई यथाशीघ्र आधुनिक र औद्योगिक राष्ट्रका रूपमा विकास गर्ने ध्येय उद्देश्यले मुलुकको संविधान र ऐन कानुनको निर्देशनमा रही विदेशी लगानीलाई पनि प्रोत्साहित गरिनेछ । विदेशी पूँजी, प्रविधि र व्यवस्थापन विधिलाई आकर्षित गरिनेछ र मुलुकको साधन श्रोतको विकास, विदेशी श्रोतको उपयोग, रोजगारीको वृद्धि र आयात प्रतिस्थापन गर्ने कुरालाई अभिवृद्धि गर्न जोड दिइनेछ ।
- हाम्रा सबै छिमेकी मित्र राष्ट्रहरू चीन र भारतका विशाल अर्थतन्त्रहरू र उनीहरूसँगको आर्थिक र व्यापारिक सम्बन्धको दुरगामी महत्वलाई ध्यानमा राख्दै उत्तर र दक्षिणका सिमा क्षेत्रहरूमा “विशेष आर्थिक क्षेत्रहरू”को विकास गरिनेछ र दुवै देशसँगको आर्थिक र व्यापारिक सम्बन्धलाई गहिरो बनाउँदै लगिनेछ ।
- मुलुकको आर्थिक र व्यापारिक सम्बन्धलाई विश्वभरि विस्तार गर्नका निम्ति विभिन्न देशहरूसँग राष्ट्रिय हितलाई ध्यानमा राख्दै नयाँ धरातलमा आर्थिक-व्यापारिक सम्झौताहरू गर्दै लगिनेछ । मुलुकको निर्यात क्षमतालाई बढाउँदै विदेशी मुद्रा आर्जन गर्ने आधारहरु फराकिलो बनाउँदै लगिनेछ ।

- साना,मझौला र ग्रामीण उद्योगहरूको विकासलाई ब्यापक रुपले प्रोत्साहन गरिनेछ । चिया,कफिका बगानहरु र प्रशोधन कारखानाहरुको बिकास, अदुवा, अलैची, अम्लिसो र जडीबुटीहरूका उद्योगहरू र तिनीहरूका प्रशोधन उद्योगहरूको विकास, अल्लो अगरबत्ती र हाते कागज उद्योगहरूको विकास,ढाका र ढाका टोपीहरूको विकास, फलफुल उद्योग र प्रशोधन उद्योगहरूको विकास जस्ता उद्यमहरुलाई विकास र विस्तार गर्न व्यापक जनतालाई प्रोत्साहन र परिचालित गरिनेछ ।
- केन्द्रदेखि गाउँ तहसम्म समाजवादी बजार व्यवस्था गरिनेछ र वितरण प्रणालीलाई सहज बनाइनेछ । कुनै पनि वस्तुहरूको मूल्य यथार्थ मूल्याङ्कनका आधारमा निर्धारण गरिनेछ । आम जनताले उपभोग गर्ने वस्तुहरूको अनावश्यक मूल्य वृद्धिलाई नियन्त्रण गरिनेछ । संविधान र कानुन बमोजिम वाणिज्य व्यापारलाई परिचालित गरिनेछ ।

**३.कृषि क्षेत्रको बिकास**

- देशको सम्पूर्ण जमीनलाई राज्यको मातहतमा ल्याइनेछ ।
- सबै किसानहरूलाई क्रान्तिको बेलामा जसले जुन जमीन कमाइरहेको छ, त्यहि जमीन तिनै किसानहरुलाई कानुन बमोजिम लिजमा दिने प्रबन्ध गरिनेछ । लिजको शर्त बमोजिम उनीहरूले काम गर्नेछन । सरकारलाई तिर्नुपर्ने कुरा तिरेपछि बाँकी सम्पूर्ण उपज किसानहरु कै हुनेछ ।
- राज्यले भूमिहिन,गरिब र सुकुम्बासी अवस्थामा रहेका किसानहरूलाई राज्यको स्वामित्वमा रहेको जमीन समेत उनीहरूलाई लिजमा दिनेछ र कृषि विकासमा लगाउनेछ वा बिभिन्न इलम उद्यममा लगाइने छ ।
- किसानहरुलाई समयमा नै मलको सेवा, बिउको सेवा, प्राविधिक सेवा, वित्तीय सेवा,बजार सेवा र वैज्ञानिक सेवा समयमा उपलब्ध गराइनेछ ।
- विषाक्त मलको प्रयोगले नेपालको कृषि भूमि बिग्रँदै गएको कुरालाई ध्यानमा राख्दै देश भित्र प्राङ्गारिक र जिवाणु मल उत्पादन गर्ने व्यवस्था गरिनेछ र माटोको उर्वरा शक्तिलाई सुधार गरिनेछ । नेपाली रैथाने बिउको संरक्षण र विकास गरिनेछ ।
- कृषिलाई आधुनिकीकरण आवश्यक पर्ने दक्ष जनशक्तिको विकासका निम्ति साधन सम्पन्न कृषि विश्वविद्यालयको विकास गरिनेछ र सामान्य स्तरका कृषि प्राविधिक देखि कृषि वैज्ञानिकहरूको विकास गरिनेछ ।
- केन्द्रीय र क्षेत्रीय स्तरमा पनि आधुनिक कृषि अनुसन्धान केन्द्रहरूको स्थापना गरिनेछ । कृषि बालीहरूको बारेमा निरन्तर अध्ययन र अनुसन्धान गरिनेछ, कृषिमा लाग्ने बिभिन्न प्रकारका रोगहरूको पहिचान गरिनेछ र तिनीहरूको उपचार प्रभावकारी बनाइनेछ ।
- कृषकहरूलाई व्यक्तिगत र ठुलठूला कृषि फार्महरू विकास गर्न राज्यले संभाव्यताका आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउनेछ र कृषिलाई उधोगका रुपमा रुपान्तरण गर्दै लगिनेछ ।
- कृषि उत्पादनको प्रक्रियालाई तीव्रता प्रदान गर्न कृषि उत्पादनका समग्र प्रक्रियालाई यान्त्रीकीकरण गर्न राष्ट्रव्यापी अभियान चलाइनेछ र कृषकहरुलाई कृषि औजारहरुका बारेमा तालिम दिईनेछ ।
- कृषि औजार तथा यन्त्र कारखाना नेपालमै स्थापना गरिनेछ ।
- राज्यले कृषकहरूका सबै आधारभूत उत्पादनहरूको निम्ति किसानहरूको परामर्शमा समर्थन मूल्य निर्धारण गर्नेछ ।
- सबै क्षेत्रमा सिँचाइको प्रबन्ध विकास गरिनेछ ।
- प्रत्येक गाउँ र बस्ती तथा राज्य प्रशासनको सबैभन्दा तल्लो इकाइ सम्म पक्की सडकको सञ्जाल विकास गरिनेछ र ढुवानी ब्यबस्थालाई दरो र दिगो बनाइनेछ ।
- किसानहरूका खासखास उत्पादनहरूलाई भण्डारण गर्नका निम्ति ठाँउ ठाँउमा दिगो प्रकारका कोल्डस्टोरहरुको निर्माण गरिनेछ र आजको जस्तो उत्पादन हुने बित्तिकै विदेशमा बेच्ने अनि अभाव र महंगीको बेलामा विदेशबाट किन्नुपर्ने बाध्यताबाट मुलुक र जनतालाई मुक्त पारिनेछ ।
- प्रत्येक तल्लो इकाइ देखि नै कृषि बजारको विकास गरिनेछ र स्थानीय बजारलाई जिल्ला, क्षेत्रीय र राष्ट्रिय बजारसँग विभिन्न व्यापारिक संरचनाद्वारा जोडिनेछ र नेपालको राष्ट्रिय बजारलाई राष्ट्रिय अर्थतन्त्रको सुरक्षा र हितको सुनिश्चितता गर्दै अन्तर्राष्ट्रिय बजारसँग जोडिनेछ ।

- विज्ञान र प्रविधिको विकासले ल्याएका नवीनतम उपलब्धीहरूलाई आम किसान जनता र ग्रामीण क्षेत्रसम्म विस्तार गरिनेछ ।
- मुलुकमा कृषि उत्पादनलाई बढाइने छ, अन्न भण्डारणका आधुनिक ब्यबस्था गरिनेछ र खाद्य संप्रभुतालाई ग्यारेन्टी गरिनेछ ।
- देश भित्रै उत्पादन हुने कृषि उपजहरुको उत्पादन र बितरणका निम्ति राज्यले संरक्षण गर्नेछ । त्यस्ता बस्तुहरु बिदेशबाट आयात गर्ने कुरालाई नियमन गरिने छ र स्वदेशी उत्पादकलाई प्रोत्साहित गरिनेछ । भन्सार नीतिलाई त्यसै अनुरूप पुर्न व्यवस्थित गरिनेछ ।
- यसरी कृषिलाई आधुनिकीकरण गर्दै विभिन्न क्षेत्रमा त्यहाँको उत्पादनको विशेषता अनुसार कृषि उद्यमहरू विकास गर्न किसानहरूलाई प्रोत्साहित गरिनेछ र त्यस्ता उद्यमहरूलाई अघि बढाउन राज्य र आम किसानहरूका बीच साझेदारीको विकास गरिनेछ ।
- यसरी कृषिलाई आधुनिकीकरण गर्दै त्यसलाई औद्योगिक इकाइको स्तरमा उठाइनेछ । किसान र श्रमिक बीचको भेदलाई समेत क्रमिक रुपले मेट्दै लगिनेछ ।

### ४. सिचाई सुविधा अधिकतम बनाउने

- हाम्रो देशको कुल क्षेत्रफल १,४७, १२१ वर्ग किलोमिटर रहेको छ । त्यस मध्ये कृषि योग्य जमीन २६, ५३३ वर्ग किलोमिटर रहेको छ ।
- त्यस मध्ये अहिलेसम्म पनि कुल खेती योग्य जमीनको करिव २० प्रतिशत भूमिमा मात्र सिँचाई उपलब्ध हुन सकेको छ । अझै पनि बाँकी भूमिमा आकाशको भरमा खेति गर्न बाध्य हुनुपरेको छ ।
- यो विषयमा अझै उन्नत वैज्ञानिक तरिकाले राष्ट्रिय सर्वेक्षण गरिनेछ र सिचाई सुविधा उपलब्ध गराउन सकिने विभिन्न उपायहरूको संभाव्यताका बारेमा ठोस रुपमा अध्ययन गरिनेछ ।
- नेपालको मेची देखि महाकाली पारी सम्मको अन्न भण्डार नै तराई क्षेत्र हो । शुरु मै गलत ढंगले बनाइएका र भएकै सम्झौता पनि ठिक ढंगले लागू नगरेका कारण कोशीवाँध, गण्डक बाँध, टनकपुर बाँधबाट तराईका नेपाली किसानहरू नराम्ररी ठगिएका छन् । उपरोक्त बाँध बाँध्दा गरिएका सम्झौताहरू अक्षरक्ष पालना गर्ने हो भने पनि तराईका सप्तरी, पर्सा, बारा, रौतहट र कञ्चनपुर जस्ता जिल्लाहरूमा सिचाई उपलब्ध हुन सक्छ । तर शासकहरूको लापरबाही र वेवास्ता तथा छिमेकीहरूको हेपाहा प्रवृत्तिले गर्दा किसानले त्यो उपलब्धी पनि पाएका छैनन । यो सवाललाई सच्याउन प्राथमिकताका साथ ध्यान दिनेछ ।
- नेपाल तराईका सबै जिल्लाहरूमा बाह्रै महिना सिचाई उपलब्ध गराउन ठूला सिचाई आयोजना बनाउने सम्भावनालाई ध्यानमा राखी तमर मोरङ डाईभर्सन, सुनकोशी-मरिन डाइभर्सन,भेरी-बबई डाइभर्सन, शारदा दाङ डाइभर्सन, कालि-तिनाउ डाइभर्सन लगायतका जस्ता आयोजनाहरू सम्पन्न गरिनेछ । तराईका सम्पूर्ण जिल्लाहरूलाई पूर्णरूपले सिचाई उपलब्ध गराउने व्यवस्था सुनिश्चितता गरिनेछ । त्यसले गर्दा तराईबाट २ देखि ३ बालीसम्म भित्राउन सकिने व्यवस्था हुनेछ । त्यसो भयो भने नेपालको खाद्यान्न संकट सदाका निम्ति अन्त्य हुनेछ ।
- उपरोक्त ठूला सिचाई आयोजनाहरूबाट निर्माण हुने बिभिन्न नहरहरुका शाखाहरू सबै गाउँ बस्तीमा पुर्याइनेछ ।
- त्यस बाहेक भित्री मधेश र पहाडी भूभागमा पनि वैज्ञानिक सर्वेक्षणका आधारमा ठूला,मम्झौला र साना सिचाई आयोजनाहरूको विकास गरिनेछ । सकेसम्म बढी जमीनमा सिचाई उपलब्ध गराउन प्रयत्न गरिनेछ ।
- त्यति गर्दा पनि कतिपय खेति योग्य जमीनमा सिचाई कुलाहरू पुर्याउन नसकिने हुनसक्छ । त्यस्ता स्थानहरूमा लिफ्ट सिचाई वा अन्य वैकल्पिक योजनाहरूको खोजी गरिनेछ ।
- त्यस बाहेक पहाड र तराईका विभिन्न भागहरूमा त्यहाँको भूबनौटलाई ध्यानमा राखेर अनेकौं ठाउँहरुमा आकाशे पानीलाई संकलन गर्ने उद्देश्यले ठूला साना पोखरीहरु निर्माण गरिनेछ । ती पोखरीहरुमा जमेको पानीले माटो रसिलो त बनाउछ नै, त्यो पानीलाई विविध प्रकारले उपयोग समेत गर्न सकिने हुन्छ ।
- हाम्रो देशबाट ६ हजार नदिनालाहरूबाट ५६७५ क्युमेक भन्दा बढी पानी बगेर गइरहेको छ । तर यस्तो देशमा सिँचाइको व्यवस्था नहुनुले नेपाली जनताले ठूलो कष्ट भोग्नु परिरहेको छ । यो पानीलाई हामीले अधिकतम रुपमा उपयोग गर्ने गरिकन वैज्ञानिक सिचाई व्यवस्थाको विकास र सुदृढीकरण गरिनेछ ।

- यी सबै सिचाई आयोजनाहरूको निर्माण, सञ्चालन र उपयोगमा केन्द्रीय सरकार र स्थानीय किसान जनताको सहभागिता र स्वामित्वको स्थापना गरिनेछ ।
- हामीले सिँचाइको प्रबन्ध गर्दा प्राप्त हुने पानीका श्रोतहरू आकाशबाट पर्ने, हिउँ पग्लिएर खोलाबाट आउने, विभिन्न ठाउँमा मूल फुटेर आउने र भूमीगत जललाई उपयोग गर्ने यीनै चारवटा छन । तिनीहरू मध्ये भूमीगत जलको श्रोत सिमित छ । त्यो खासगरी उपत्यका र तराई क्षेत्रमा प्राप्त हुन्छ । तर त्यसलाई बढी दोहोन गर्दा शहर र बस्तीहरू नै खतरामा पर्ने र जमीन भासिने खतरा हुन्छ । त्यसैले अन्य तीनवटा श्रोतलाई नै हामीले प्राथमिकता दिएर सिचाई योजनाहरु बनाउनुपर्ने हुन्छ ।

### ५. बैज्ञानिक नापी र भूमिको बिकास

- हाम्रो देशमा भूमिसुधार र नापी नभएको ५० वर्षभन्दा लामो भइसक्यो । जुन प्रविधिका आधारमा त्यस बेला नापी गरिएको थियो, अहिले विज्ञान र प्रविधि बिल्कुलै नयाँ उचाइमा पुगिसकेको छ । त्यसका आधारमा नयाँ ढंगले नापी गर्ने र भूमिको विकास गर्नुपर्ने हुन्छ ।
- सामान्यत भूमिसुधार गर्ने, भूस्वामित्वको हदबन्दी निर्धारण गर्ने र भूमिमा सामन्ति सम्बन्धहरूलाई अन्त्य गर्ने जस्ता कामहरू जनवादी क्रान्ति कै कार्यभारहरू हुन । तर ती कुराहरुमा यथोचित सुधार हुन नपाउँदै हाम्रो देशको भूमि सम्बन्धमा सामन्ति सम्बन्ध समाप्त भयो र पुँजीवादी सम्बन्ध स्थापित भएको छ । अब भूमि सम्बन्धलाई समाजवादी सम्बन्धमा रूपान्तरण गर्ने आवश्यकता उत्पन्न भएको छ ।
- हामीले अत्याधुनिक प्रविधिद्वारा हाम्रो देशको सम्पूर्ण भूमिको आँकडाहरु लिनु जरुरी छ । हाम्रो आवाद भूमि, वनजङ्गल रहेको भूमि, हिउँले ढाकेको भूमि, पाखाबारी रहेको भूमि, खेल रहेको भूमि, खोला नालाले ओगटेको भूमि, शहरहरू र बजारहरूले ओगटेको भूमि लगायत विभिन्न ढंगले उपयोग भइरहेको भूमिको अध्यावधिक आकडाहरु प्राप्त गर्ने गरि वैज्ञानिक सर्वेक्षण र नापी गरिनेछ ।
- त्यसरी नै चाहे व्यक्तिले आफ्नो स्वामित्वमा कमाएको होस वा लिजमा लिएर कमाएको होस सम्पूर्ण आवाद जमीनका स्वामित्वहरूको विस्तृत आँकडा उपलब्ध हुनुपर्छ । त्यसै क्रममा सम्पूर्ण किसान परिवारको आकडा पनि उपलब्ध गराउनुपर्छ ।
- वैज्ञानिक नापी गर्ने क्रममा नै माटोको उर्वराशक्ति र गुणस्तर र उत्पादकत्व समेत अध्ययन गरेर जमीनको वर्गीकरण पनि गरिनेछ ।
- जमीन सम्बन्धि सम्पूर्ण आकडाहरूलाई डिजिटलाईज गरिनेछ र जमीनको गुणस्तर हेर्न र बुझ्न सजिलो हुने बनाइनेछ ।
- यस्तो नापी सर्वेक्षण गर्ने क्रममा मुलुकको सिमाना, प्रदेशहरू, जिल्लाहरू, पालिकाहरू, वार्डहरू सबैको सिमाना प्रष्ट रुपले चिन्न सकिने बनाइनेछ र देशको राजनीतिक नक्सालाई प्रष्ट र बैज्ञानिक पारिनेछ । साथै भूमि सम्बन्धी एकीकृत सूचना प्रणालीको आधुनिक व्यवस्था गरिनेछ ।

### ६.शिक्षा व्यवस्था सम्बन्धमा

- आजको नव उपनिवेशिक, उद्देश्य बिहिन, निष्फल र अवैज्ञानिक ढङ्गको शिक्षा व्यवस्थालाई अन्त्य गरिनेछ र शिक्षा प्रणालीलाई सम्पूर्ण जनताको मौलिक अधिकारका रुपमा स्थापित गरिनेछ ।
- समाजवादमा अन्त्यतः पारंम्भिक देखि विश्वविद्यालय सम्म सम्पूर्ण शिक्षालाई निःशुल्क  बनाइनेछ । शिक्षालाई सम्पूर्ण जनताको पहुँचमा पुर्‍याइनेछ ।
- समाजवादी शिक्षालाई राष्ट्रको समग्र सामाजिक-आर्थिक विकासका आवधिक योजनाहरू र दीर्घकालीन भिजन योजनाका लक्ष्यहरुले माग गरेको  दक्ष जनशक्तिको आपूर्ति गर्ने हिसाबले नयाँ जनशक्ति निर्माण गर्ने कुरालाई प्राथमिकता दिएर अघि बढाइनेछ । आजको जस्तो उद्देश्य विहीन भद्रगोलपूर्ण शिक्षा व्यवस्थाको अन्त्य गरिनेछ

- समाजवादमा तल देखि माथि सम्म कै शैक्षिक पाठ्यक्रमलाई आमूल परिवर्तन गरिनेछ र देशभक्तिपूर्ण,समाजवाद निर्माणमुखी, रोजगारमूलक, रचनात्मक र वैज्ञानिक शिक्षाको सुनिश्चितता हुने गरी नयाँ पाठ्यक्रमको व्यवस्था गरिनेछ । निरक्षरतालाई पहिलो अभियानमा नै अन्त्य गरिनेछ ।
- उपरोक्त उद्देश्य र पाठ्यक्रम अनुसार सार्वजनिक शिक्षालाई माथि देखि तल सम्म गतिशील र सुदृढ बनाइनेछ ।
- राष्टिय समाजवादी शिक्षालाई अघि बढाउने शिलशिलामा निजी वा सामूहिक क्षेत्रले खेल्न सक्ने भूमिकाका बारेमा नयाँ धरातलबाट अध्ययन गरिनेछ र कानुन बमोजिम निजी क्षेत्रको भूमिकालाई उपयुक्त ढंगले अघि बढाउनेछ ।
- मुलुक निर्माणको आवश्यकता र उद्देश्यलाई ध्यानमा राखी सामान्य शिक्षाका साथसाथै डाक्टर, इन्जिनियर, नर्स उत्पादन गर्ने, कृषि, वन, भूमि सुधार निर्माण जस्ता क्षेत्रमा आवश्यक पर्ने वैज्ञानिक र प्राविधिक जनशक्ति उत्पादन गर्ने कुरालाई विशेष प्राथमिकता दिइनेछ ।
- समाजवादमा शिक्षित, दक्ष र सीप युक्त मानव संशाधन नै त्यस बेलाको महत्वपूर्ण अग्रगामी उत्पादक शक्तिका रुपमा विकास गरिनेछ । विज्ञान र प्रविधिका क्षेत्रमा अध्ययन र अनुसन्धानलाई गहिरो बनाइनेछ । विश्वविद्यालयहरुलाई अनुसन्धान कार्यमा लाग्न बढीभन्दा बढी प्रोत्साहन गरिनेछ र समग्र शिक्षा व्यवस्थालाई उत्पादन कार्यसँग जोडेर जीवन उपयोगी बनाइनेछ ।
- शिक्षा प्रणालीलाई अत्याधुनिक डिजिटल प्रणालीसँग जोडेर विकास गरिनेछ । दूर शिक्षालाई सर्व सुलभ बनाइनेछ र प्रविधिको विकासको स्तर अनुरुप शिक्षा प्रणालीलाई पनि अझ उन्नत बनाउँदै लगिनेछ । बालबालिकाहरुलाई तल्लो तहदेखि नै कम्प्युटर साक्षर बनाउँदै उच्च शिक्षातिर अघि बढाइनेछ ।
- सबै जाति समूहका जनतालाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने वातावरण विकास गरिनेछ ।
- शैक्षिक क्षेत्रमा क्रियाशील सम्पूर्ण प्राध्यापक, अध्यापक, शिक्षक र विभिन्न शैक्षिक संस्थामा कार्यरत कर्मचारीहरुको हक हितको संरक्षण गरिनेछ । उनीहरुलाई आधुनिक शिक्षण पद्धतिका बारेमा राम्रो प्रशिक्षणको व्यवस्था गरिनेछ र शिक्षालाई गुणस्तरयुक्त बनाइनेछ । उनीहरुको पारिश्रमिक र भत्ताको समुचित ब्यबस्था गरिनेछ ।
- प्राथमिक र माध्यमिक तहको शिक्षालाई व्यवस्थित बनाउनका साथसाथै सबै विश्वविद्यालयहरूलाई व्यवस्थित, प्रभावकारी र गुणस्तरयुक्त बनाइनेछ । सबै तहका विद्यालयहरूका निम्ति आवश्यक संशाधन, उपकरणहरु र भौतिक संरचनाहरूको व्यवस्था गरिनेछ ।
- विश्वका अन्य उन्नत शिक्षा प्रणालीहरूबाट असल अवधारणा, तरिका र उपायहरु सिक्दै नेपाली समाजवादी शिक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय शिक्षा प्रणालीसँग प्रतिस्पर्धी बनाउँदै लगिनेछ र नेपाली युवा विद्यार्थीलाई आजको जस्तो विदेश जानुपर्ने बाध्यताबाट मुक्त पारिनेछ ।

**७. स्वास्थ्य व्यवस्था सम्बन्धमा**

- स्वास्थ्य उपचार गर्न पाउनु र स्वास्थ्य जीवन बिताउन पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक हो भन्ने कुरालाई ध्यानमा राखेर समाजवादी स्वास्थ्य नीतिको तर्जुमा गरिनेछ ।
- राज्यले केन्द्रदेखि सबै क्षेत्र, जिल्ला र स्थानीय तहमा सार्वजनिक क्षेत्रमा आधुनिक अस्पताल, स्वास्थ्य केन्द्रहरू र स्वास्थ्य चौकीहरूको स्थापना गरिनेछ । निजी क्षेत्रमा रहेका त्यस्ता संस्थाहरुलाई कानुन बमोजिम नियमन गर्नेछ र सम्पूर्ण जनतालाई स्वदेशमा नै उपचार सेवा उपलब्ध गराउन सकिने व्यवस्था गरिनेछ । ताकि आज उपचारकै क्रममा बाहिर गइरहेको अरबौं रुपैयाँलाई स्वदेशमै रोकिनेछ ।
- सम्पूर्ण जनतालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क गरिनेछ । अपाङ्गता,१५ वर्ष मुनिका बालबालिकाहरू र जेष्ठ नागरिकहरूलाई सबै प्रकारले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- नेपालमा आधुनिक एलोपेथिक उपचार प्रणाली, होमियोप्याथिक, युनानी अकुपन्चर, आम्ची,प्राकृतिक र परम्परागत उपचार प्रणालीलाई एकीकृत र समन्वयात्मक ढंगले विकास गरिनेछ र जनतालाई सेवा उपलब्ध गराइनेछ । नेपालमा ठुलो जडीबुटीको भण्डार रहेको छ । जडीबुटीहरूको संरक्षण उत्पादन, प्रशोधन र सेवालाई ठोस योजनाका साथ विकास गरिनेछ ।

- अहिले पनि हाम्रो देशमा बालबच्चाहरूको र सुत्केरी महिलाहरूको मृत्युदर निकै उच्च छ । खोपको व्यवस्था, उचित स्याहार र संहारको व्यवस्था, सेवा केन्द्रहरूको विस्तार, घुम्ति स्वास्थ्य सेवा र दक्ष जनशक्तिको शहरदेखि गाउँ बस्तीहरू सम्मको प्रभावकारी परिचालन मार्फत उक्त मृत्यु दरलाई शून्यमा झारिनेछ ।
- नेपाली समाजमा क्यान्सर, मृगौला रोग, मुटु रोग, उच्च रक्तचाप मधुमेह,दम,खोकी जस्ता घातक रोगहरू फैलिँदो अवस्थामा छन । त्यस्ता रोगका रोगीहरूका लागि स्वास्थ्य जाँच,रक्तपरिक्षण र औषधिहरूको व्यवस्थापन राज्यले निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था शुरुदेखि नै गरिनेछ । साथै जनताको खानपानमा बैज्ञानिक सुधार ल्याउन देशब्यापी अभियान संचालन गरिनेछ ।
- देशका केन्द्रमा र प्रत्येक प्रदेशहरूमा पनि अत्याधुनिक डायग्नोसिस केन्द्रहरूको स्थापना गरिनेछ । केन्द्र र प्रदेशमा अत्याधुनिक उपकरणहरू र साधन सम्पन्न अस्पतालहरूको स्थापना गरिनेछ र सबै प्रकारका रोगहरूको स्वदेशमा नै उपचार गर्न सक्ने प्रबन्ध मिलाइनेछ ।
- सार्वजनिक क्षेत्रमा कार्यरत डाक्टर, नर्स, प्राविधिक स्वास्थ्यकर्मीहरू र कर्मचारीहरूको हित, हक र अधिकारको प्राथमिकताका साथ संरक्षण गरिनेछ, उनीहरूको पारिश्रमिक र भत्तालाई आवश्यकता र समयानुकुल बनाइनेछ ।
- आम जनताको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने पदार्थहरूको उत्पादन र बिक्री वितरणमा कडाईका साथ नियमन गरिनेछ । राज्यले तोकेको मापदण्ड सबैले पालना गर्नुपर्नेछ ।
- प्राथमिक र माध्यमिक तहका शिक्षा देखि नै स्वास्थ्य शिक्षालाई शैक्षिक पाठ्यक्रमको अभिन्न अङ्ग बनाइनेछ । बालबालिकाहरूलाई व्यायाम, योग र मनोरञ्जनलाई आफ्नो जीवनशैलीको अङ्ग बनाउन शिक्षित गरिनेछ । त्यसरी बढ्दो उमेरका किशोर किशोरीलाई यौन र प्रजनन सम्बन्धि आधुनिक शिक्षाको प्रबन्ध गरिनेछ र जनताको स्वास्थ्यलाई सुस्वास्थ्य बनाउनुका साथसाथै जन स्वास्थ्यको विकासलाई पनि राष्टिय जंनसख्या नीति अनुरूप व्यवस्थित र नियमन गरिनेछ ।
- आकस्मिक दुर्घटनाहरू, प्राकृतिक प्रकोपहरू, विभिन्न प्रकारले आइलाग्ने विपतहरूबाट वर्षेनी मानिसहरु घाइते हुने गर्छन । त्यस्ता घाइतेहरूको राज्यले निःशुल्क रुपले उपचार गर्ने व्यवस्था हुनेछ । गाउँ गाउँ सम्म पनि एम्बुलेन्सको सेवा उपलब्ध गराइनेछ ।
- स्वास्थ्य उपचारको तरिका र औषधिहरूका बारेमा गरिने खोज र अनुसन्धान कार्यलाई राज्यले प्रोत्साहित गर्नेछ । नँया ढङ्गले बिकसित भै रहेका उपचारका तरिका र बिधिहरुलाई क्रमशः प्रयोगमा ल्याईनेछ ।

**८. जलश्रोत र ऊर्जाको विकास सम्बन्धमा**

- नेपाल विश्वमा नै जलश्रोतमा धनि देश मध्ये एक हो । हामीसँग जलश्रोतका रुपमा उच्च हिमशृङ्खलाहरूबाट बगिरहेका ६ हजार नदिनालाहरु छन ।ती नदिनालाहरु,खानेपानी,सिचाई र जल विद्युत ऊर्जाको विकासका निम्ति अत्यन्त महत्वपूर्ण आधारहरुको रुपमा रहेका छन ।
- जलश्रोत हाम्रो देशको अपार राष्ट्रिय सम्पदा हो । त्यो सम्पदालाई जथाभावी ढंगले होइन, राष्ट्रिय हितलाई सर्वोपरी राखेर तदअनुरुपका दीर्घकालीन र अल्पकालीन योजना बनाएर उपयोग गर्नुपर्छ । त्यसका लागि राज्यले दीर्घकालीन भिजनका साथ राष्ट्रिय नीति र योजना निर्माण गर्नेछ ।
- अहिले सम्मको अवस्थामा नै जलश्रोत सम्बन्धमा विभिन्न कालखण्डका सरकारहरूले राष्ट्रघाति सम्झौताहरू गर्दै आएका छन । समाजवादी सरकारले त्यस्ता राष्ट्रिय हित विपरीतका सम्झौताहरूका सम्बन्धमा पूनरावलोकन गर्नेछ र त्यस्ता सम्झौताहरूलाई रद्द गर्ने वा राष्ट्रिय हित अनुकूल बनाउन सम्बन्धित पक्षसँग आवश्यक वार्ता, सम्वाद र सम्झौता गर्नेछ ।
- सामग्रीक, वैज्ञानिक र प्राविधिक अध्ययनका आधारमा ठूला, मझौला र साना जलविद्युत आयोजनाहरूको विकासलाई तीव्र पारिनेछ । आज विकास भइरहेका आयोजनाहरू राष्टिय हित अनुकूल भए नभएको अध्ययन गरिनेछ ।
- जलविद्युत आयोजनाहरू सकेसम्म राजकीय क्षेत्रमा विकास र विस्तार गरिनेछ । त्यसमा आम जनता, सहकारीहरु, राज्यका विभिन्न तहका निकायहरुलाई समेत लगानी गर्न प्रोत्साहित गरिनेछ र मुलुकको जलश्रोत माथि जनताको सामूहिक स्वामित्वलाई विस्तार गरिनेछ ।

- जलश्रोत र जलविद्युतहरूको विकासका लागि कानुन बमोजिम अन्तर्राष्ट्रिय लगानीलाई प्रोत्साहित गरिनेछ र निजी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ । ताकि जलविद्युतको विकास व्यापक बनाउन सकियोस् ।
- यसरी उत्पादित बिजुलीलाई सबै राज्य निकायहरू, शैक्षिक संस्थाहरू, नगर, औद्योगिक क्षेत्र, कारखाना, गाउँ र बस्तीहरूसम्म पुर्‍याउन विद्युत प्रसारण लाइन निर्माण सम्पूर्ण रुपले राज्यले गर्नेछ । राज्यले नै राष्ट्रिय ग्रिडको निर्माण गर्नेछ र आवश्यकता अनुरुप विभिन्न क्षमताका प्रसारण लाइनहरु मार्फत देशका सबै क्षेत्रमा विद्युत प्रसारणको भरपर्दो व्यवस्था मिलाउनेछ ।
- राज्यले हाम्रो देशको विकासको तत्कालिन अवस्था र भविष्यको विकासको संभाव्यतालाई समेत गहिरो अध्ययन गरेर हाम्रो देशमा उत्पादित विद्युत हामी कति खपत गर्न सक्छौं, त्यसको होसियारीपूर्वक आकलन गरिनेछ । त्यति विद्युत आफैं राष्ट्रिय खपतका लागि छुट्याइनेछ र त्यस माथि बढी हुने विद्युत छिमेकी देशहरुलाई बेचिनेछ ।
- हामीसँग बढी हुने बिजुली बिक्रीका लागि चीन, भारत र बङ्गलादेश जस्ता छिमेकी मुलुकहरूसँग विशाल बजार छ । बजारको कुनै समस्या छैन । वातावरणीय हिसाबले जलविद्युत एउटा सफा ऊर्जा (clean energy) भएकाले र विश्व वातावरणमा आइरहेको परिवर्तनहरुले जलविद्युतको भोग बढ्दो अवस्थामा छ । त्यो कुरालाई ध्यानमा राखेर हामीले चीन, भारत र बङ्गलादेश तिन वटै छिमेकीहरूसँग उच्च स्तरमा वार्ता गरिनेछ । विद्युत बजारको सम्भाव्यता अनुसार भारत र चीन दुवै देशसँग विद्युत प्रसारण लाइन जोड्ने आयोजनाहरू योजनाबद्ध ढंगले विकास गरिनेछ वा गर्नुपर्छ । उत्तर र दक्षिण दुवैतिर बजार सिर्जना भयो भने मात्र हाम्रो विद्युतको उचित मूल्य प्राप्त हुने कुरालाई निश्चित गर्न सकिनेछ ।
- हामीले अहिले देखि नै तीनवटा क्षेत्रमा व्यापक रुपले विद्युतीकरण गर्ने कार्यलाई योजनाबद्ध रुपले अघि बढाउनु पर्नेछ । पहिलो, यातायात क्षेत्रमा चल्ने सम्पूर्ण गाडीहरूलाई विद्युतबाट चल्ने बनाउनुपर्नेछ । त्यसका लागि देशैभरि चार्जिङ सेन्टरहरूको सञ्जाल अबिलम्ब विकास गर्नुपर्नेछ । दोस्रो, देशका सबै औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योहरुका निम्ति समर्पित लाइन मार्फत विद्युत सेवाको भरपर्दो व्यवस्था गर्नुपर्नेछ र सबै उद्योगधन्दाहरूलाई बिजुलीद्वारा सञ्चालित हुने प्रबन्ध गर्नुपर्नेछ । तेस्रो,हाम्रो देशमा परम्परागत रूपले दाउरा बालेर खाना पकाउने चलनलाई बिजुली चुलोबाट खाना पकाउने व्यवस्थामा रुपान्तरण गरिनेछ । त्यसका लागि घरघरमा बिजुली चुलो,सहुलियतपूर्ण ढङ्गले उपलब्ध गराईनेछ र आम जनतालाई तालिम समेत दिइनेछ ।
- त्यसरी नै सबै सेवा उद्योगहरू र कृषि कार्यमा आवश्यक पर्ने ऊर्जाका लागि पनि सहुलियत दरमा विद्युत ऊर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ । यस्तो भएपछि महँगी, विशाक्त र वातावरणलाई प्रदूषण गर्ने पेट्रोलियम पदार्थको प्रयोग बिल्कुलै न्यून हुनेछ । त्यसले हाम्रो राष्ट्रिय पूँजीको संरक्षण गर्नेछ । राष्ट्रिय अर्थतन्त्र बलियो बनाउनेछ । व्यापार घाटा घटाउनेछ र मुलुकलाई स्वास्थ्य र आत्मनिर्भर पनि बनाउनेछ । नेपाली विशेषताको समाजवादले अहिले देखि नै यी कुराहरुलाई जोडदार रूपले अघि बढाउनेछ ।
- यसरी हामीले यथाशिघ्र जिवास्म ऊर्जाको प्रयोगलाई न्यूनीकरण गर्नेछौं र अन्त्यमा त्यसलाई शून्यमा झार्न सम्भव हुनेछ ।
- साथसाथै हामीले जलविद्युत ऊर्जा बाहेक सौर्य ऊर्जा, वायु ऊर्जा र हाइड्रोजन ऊर्जाको विकासलाई सम्भव भए सम्म व्यापक पार्दै लगिनेछ । हाइड्रोजन ऊर्जाको उत्पादनलाई बिस्तृत बनाउदै लगिनेछ । वैकल्पिक ऊर्जामा हाइड्रोजन ऊर्जा विकास गर्ने कुरालाई विशेष महत्व दिइनेछ ।
- विद्युतमा लगाइने करलाई प्रत्येक परिवारको आयका आकारलाई हेरेर प्रगतिशील कर प्रणाली लागू गरिनेछ । गरिबीको रेखामुनि रहेका सबै परिवारलाई विद्युत निःशुल्क वितरण गरिनेछ। त्यसभन्दा माथिका परिवारलाई प्रगतिशील कर प्रणाली अनुसार कर तोकिनेछ । कर तिर्ने कुरालाई एउटा कर्तव्य र संस्कृतिका रुपमा विकास गर्दै लगिनेछ ।
- विद्युत उत्पादन र वितरणका क्षेत्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, प्राविधिकहरू, इन्जिनियरहरू र प्रशासनिक क्षेत्रमा कायरर्त कर्मचारीहरूको हित, हक र अधिकारको रक्षा गरिनेछ र उनीहरुलाई जनताको सेवामा समर्पित भएर लाग्न अभिप्रेरित गरिनेछ ।
- जलविद्युत आयोजनाहरूको विकास गर्दा (run of the river) आयोजनाहरूलाई व्यापक बनाउनका साथै विभिन्न राजनीतिक महत्वका शहर, प्रतिष्ठानहरूको र जनताको हितलाई ध्यानमा राखी ठुलठुला reservoir

आयोजनाहरूको समेत विकास गरिनेछ । त्यस्ता आयोजनाहरूको विकास गरेर मात्र आम जनतालाई चौबीसै घण्टा बाह्रैमास विद्युतको आपूर्ति गर्न सम्भव हुनेछ ।

- त्यसरी नै नेपालमा विभिन्न ड्यामहरु बनाउँदा वा विभिन्न प्रकारका जलविद्युत आयोजनाहरूको विकास गर्दा त्यसले तल्लो तटीय राज्यका(यिधभच चष्उबचष्बल कतबतभ) निम्ति थप फाइदाहरू सिर्जना हुन्छन, ती फाइदाहरूको पनि यथोचित मूल्याङ्कन गरिनेछ र त्यस्ता फाइदाहरूको माथिल्लो तटीय राज्य (upper riparian state) र तल्लो तटीय राज्य (lower riparian state) बीच ठोस सम्झौताका आधारमा फाइदाहरुमा हिस्सेदारी गरिनेछ । अहिले जस्तो राष्ट्रिय हितलाई तिलाञ्जली दिएर सम्झौता गर्ने कार्यलाई रोकिनेछ ।

**९.यातायातको बिकास सम्बन्धमा**

सडक :

- मुलुकका सबै क्षेत्र, जिल्ला, स्थानीय तह र गाउँ बस्तीहरु सम्म आधुनिक यातायातको सुविधा उपलब्ध गराउने गरी राष्ट्रिय यातायात सञ्जालको मास्टर प्लान बनाइनेछ र त्यसलाई योजनाबद्ध ढंगले लागू गरिनेछ ।
- हाल विकास गरिरहेको यातायात सञ्जालको सिंहावोलकन गरिनेछ र समग्र पक्षलाई समेट्ने गरी नयाँ राष्ट्रिय यातायात अवधारणाको विकास गरिनेछ ।
- पूर्वपश्चिम सडक मार्गहरूमा तराई क्षेत्रबाट हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, मध्य पहाडी पुष्पलाल राजमार्गलाई अध्यावधिक गरिने छ र तिनीहरूलाई ६ लेनका सडकका रूपमा व्यवस्थित गरिनेछ । त्यसरी नै उच्च हिमाली क्षेत्रबाट पनि पूर्व पश्चिम जोड्ने गरी राजमार्गको निर्माण गरिनेछ ।
- त्यसरी नै मुलुकका उत्तर र दक्षिणलाई जोड्नका निम्ति मेची कोरिडोर, कोशी कोरिडोर, बागमती कोरिडोर, गण्डकी कोरिडोर, कर्णाली कोरिडोर र महाकाली कोरिडोरलाई अत्याधुनिक राजमार्गबाट जोडिनेछ ।
- यी सडकहरू निर्माण गर्ने शिलशिलामा जमीन र चट्टानको बनौटलाई ध्यानमा राखी उच्च पुलहरु र शुरुङहरूको निर्माण गरिनेछ । ताकि पहिरो र माटो धसानबाट जोगिन सकियोस ।
- देशका सबै प्रदेशका केन्द्रहरू, जिल्ला सदरमुकामहरू र स्थानीय तहका केन्द्रहरूलाई पूर्वपश्चिम र उत्तर दक्षिण राजमार्गहरुसँग आधुनिक पक्की सडकबाट जोडिनेछ ।
- चीन र भारतसँगको सिमाना जोडिएका जिल्लाहरूमा तोकिएका नाकाहरूमा सम्बन्धित जिल्ला सदरमुकामबाट सिमाना सम्म आधुनिक सडक निर्माण गरिनेछ र सीमा व्यापारलाई सहज बनाइनेछ ।

रेल :

- तराई क्षेत्रबाट पूर्व पश्चिम राजमार्गको समानान्तर हुने गरी पूर्वपश्चिम आधुनिक विद्युतीय रेल मार्ग निर्माण गरिनेछ ।
- रसुवागढीबाट काठमाडौं पोखरा हुँदै लुम्बिनी जोड्ने आधुनिक विद्युतिय रेलमार्ग निर्माण गरिनेछ र नेपाल र चीनलाई आधुनिक रेल मार्गबाट जोडिनेछ । त्यसले देशको आर्थिक र पर्यटकीय विकासमा क्रान्तिकारी परिवर्तन ल्याउनेछ ।
- त्यसरी नै काठमाडौंबाट बीरगञ्ज हुँदै नेपाल-भारत सिमानालाई जोड्ने आधुनिक विधुतिय रेल मार्गको निर्माण गरिनेछ । त्यसले नेपाल भारत बीचको ब्यापार र आवातजावतलाई ठुलो सहयोग पुर्‍याउनेछ ।
- त्यसरी नै देशको राजधानी र अन्य मुख्य शहरहरूमा आवश्यकता र संभाब्यतालाई हेरेर मेट्रो,मनोरेल, ट्राम र अन्य आधुनिक प्रकारका सार्वजनिक यातायातका साधनहरूलाई विकास गरिनेछ ।
- देशका विभिन्न आर्थिक, सांस्कृतिक र पर्यटकीय हिसाबले महत्वपूर्ण स्थानहरुमा आवश्यकता र संभाब्यता हेरीकन केवलकारहरूको विकास गरिनेछ ।
- त्यसरी नै सांस्कृतिक र पर्यटकीय विकासलाई ध्यानमा राखेर विभिन्न स्थानमा लामा छोटा पदमार्गहरू,घोडेटाहरु र गोरेटाहरु समेत निर्माण गरिनेछ ।

हवाई :

- मुलुकको भित्री र बाहिरी हवाई यातायातलाई विकास र व्यवस्थित गर्नका निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय विमानस्थलहरूको निर्माण कार्यलाई ठोस रुपमा अघि बढाइनेछ ।

- त्रिभुवन विमानस्थललाई त्यसको स्तर उन्नति बनाउने र विस्तार गर्दै त्यसलाई अत्याधुनिक विमानस्थलका रुपमा विकास गरिनेछ ।
- पोखरा र भैरवा अन्तर्राष्ट्रिय विमानस्थललाई व्यवस्थित र आधुनिक बनाइनेछ र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आधुनिक ढाँचाबाट निर्माण गरिनेछ र विश्वका विभिन्न भाग सम्मका आवागमनलाई सहज र व्यवस्थित बनाइनेछ । यसो गर्दा छिमेकी देशहरुसँगका संम्बन्ध र समझदारीलाई ध्यानमा राखेर कदम चालिनेछ ।
- त्यसरी नै देशभित्र तराई र पहाडका विभिन्न केन्द्रहरूमा हवाई यातायातलाई व्यवस्थित गर्नका निम्ति संभाव्यता र व्यवहारिकतालाई ध्यानमा राखेर विमानस्थलहरूको सञ्जाल विकास गरिनेछ । आन्तरिक हवाई यातायातलाई व्यवस्थित पारिनेछ ।
- हवाई यातायातलाई बदलिदो मौसमले उत्पन्न गर्ने कठिनाइबाट मुक्त पारेर नियमित र व्यवस्थित पार्नका निम्ति उच्च प्रविधिको उपयोग गरिनेछ । त्यसका निम्ति अर्न्तराष्ट्रिय अनुभवहरुको समेत गहिरो अध्ययन गरिनेछ ।
- मुलुकको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई अझ व्यवस्थित र आधुनिक बनाइनेछ र त्यसको व्यवस्थापन र परिचालनलाई अत्याधुनिक बनाइनेछ ।
- यस क्षेत्रमा हाल उडाई रहेका निजी विमान सेवाहरूलाई परिस्थिति अनुरुप कानुनद्वारा नियमन गरिनेछ । राज्य र निजी क्षेत्रका संयुक्त लगानीका सम्भावनाहरुलाई पनि अध्ययन गरिनेछ ।

जलमार्ग :

- हाम्रो देशबाट बहने तीन नदि प्रणालीलाई कोशी, गण्डकी र कर्णाली नदिहरू जलमार्गका निम्ति प्रयोग गर्न सकिने ठूला नदिहरू हुन । यी नदिहरूमा जलमार्गका सम्भावनाहरूको अहिले पनि अध्ययन भइरहेको छ । यी नदिहरूमा ठोस अध्ययनका आधारमा जलमार्गको विकास गरिनेछ ।
- साथै यिनै नदि प्रणालीबाट भारतको गङ्गा नदि हुँदै समुद्रसम्म पुग्ने जलमार्गको विकास गर्न छिमेकी भारतसँग कुराकानी गरिनेछ । आवश्यक सहमति र सम्झौता गरिनेछ र अन्तर्राष्ट्रिय क्षेत्रसम्म जाने जलमार्गको ढोका खोल्न र त्यसलाई विकास गर्न निरन्तर प्रयत्न गरिनेछ ।

## १०. पर्यटनको बिकास सम्बन्धमा

- नेपाल विश्वका सुन्दरतम देश मध्ये एक हो । हामीसँग भएको प्राकृतिक सुन्दरता र त्यसका विविध आयामहरु हाम्रो देशका अनुपम सम्पदा हुन । तिनीहरूको संरक्षण, विकास र उचित उपयोग हाम्रो कर्तव्य हुन्छ र हुनेछ ।
- नेपाललाई विश्वकै एउटा अनुपम र आकर्षक पर्यटनीय गन्तव्य बनाउन सकिने प्रचुर सम्भावनाहरू छन । हामीले त्यस अनुरुप नीति, ऐन, भौतिक पूर्वाधार र आवश्यक जनशक्ति विकास गर्नुपर्नेछ ।
- नेपालमा पर्यटनका विभिन्न आयामहरू छन । हिमालयको अवलोकन, पदयात्रा,र्‍याप्टिङ लगायतका विभिन्न रुपका पर्यटनको विकास भइरहेको छ र त्यसलाई अझ व्यवस्थित र वैज्ञानिक ढंगले विकास र विस्तार गरिनेछ ।
- देशमा पर्यटन उद्योगहरू हाम्रो देशका राष्ट्रिय उद्योगहरूका रूपमा विकास गर्ने व्यापक सम्भावनाहरू छन । तिनीहरूलाई समाजवादी कानुनहरू अनुरूप राजकीय,सामूहिक र नीजि तीनै क्षेत्रबाट अघि बढाइनेछ र देशमा विश्वभरबाट ठूलो संख्यामा पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- देशमा रहेका प्राकृतिक विविधता, जैविक र मानवीय विविधता, सांस्कृतिक विविधतालाई ध्यानमा राखेर बहुआयामिक ढंगले पर्यटकको विकास र विस्तार गरिनेछ ।
- हिमाल अवलोकन, पर्वातारोहण र पदयात्रालाई अझ आकर्षक, सुरक्षित, रमणीय र मनोरञ्जनयुक्त बनाइनेछ । त्यसलाई सुरक्षित बनाउन आवश्यक पूर्वाधार र संरचनाको विकास गरिनेछ ।
- यस प्रकारको पर्यटन र अन्य सबै पर्यटनका निम्ति सबै गन्तव्य बिन्दुहरुका बीच शीघ्र र सुरक्षित सूचना प्रणालीका निम्ति आधुनिक प्रविधिको प्रयोगलाई व्यवस्थापनमा ल्याइनेछ ।
- कुनै पनि प्रकारको आपत विपतका लागि भरपर्दो र छिटो प्रणालीका लागि आवश्यक वैज्ञानिक बन्दोबस्त गरिनेछ । त्यसका लागि सिधै केन्द्रका मातहतमा बिशेष ब्यबस्था गरिनेछ ।

- जैबिक विविधताका लागि विभिन्न राष्ट्रिय निकुञ्जहरूमा जैविक विविधता प्रदर्शित हुने उधानहरु बनाइनेछ । राष्ट्रिय निकुञ्जहरूलाई अफ व्यवस्थित गरिनेछ र तिनीहरूलाई जैविक विविधता, वन्यजन्तहरु,चराचुरुङ्गीहरू र कितपतङ्गगहरुको अवलोकन गर्ने विशिष्ट केन्द्रहरुका रुपमा विकास गरिनेछ ।
- त्यसरी नै हाम्रो देश मानवीय हिसाबले पनि "turn table of Asia" हो । यो जीवित संग्रहालय पनि हो । मानव समाजका विभिन्न धाराहरूको आगमना समिश्रण, रुपान्तरण र विकासको एउटा जीवन्त प्रयोगशाला (laboratory)पनि हो । त्यसलाई प्रतिबिम्बित गर्ने विभिन्न संरचनाको विकास गरिनेछ
- त्यसका लागि विभिन्न ठूला,मझौला, साना र लोपोन्मुख जाति र जनजातिहरूका ग्रामहरू,संग्राहलयहरु र विभिन्न जातिका सांस्कृतिक प्रदर्शनी केन्द्रहरू निर्माण गरिनेछ । जुन कुराहरु आन्तरिक र बाह्य पर्यटनकका निम्ति विशेष रुचि र आकर्षणका विषय बन्नेछन ।
- त्यसरी नै ऐतिहासिक सांस्कृतिक पर्यटनको विकासका निम्ति ऐतिहासिक विकास सम्बन्धि सङ्हालय बनाइनेछ र नेपाली समाज आदिम मातृसत्तात्मक समाज देखि आज सम्म आइ पुग्दाको तथ्य सम्मत प्रक्रियालाई प्रदर्शित गरिनेछ ।
- नेपालमा रहेका पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, देवीघाट, बराहा क्षेत्र जस्ता वैदिक सभ्यतासँग सम्बन्धित सांस्कृतिक केन्द्रहरुलाई आधुनिक व्यवस्थापन र सुविधा सहित महत्वपूर्ण पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ र विश्वका वैदिक सनातन तथा हिन्दू धर्मदर्शनका अनुयायीहरुलाई आकर्षित गरिनेछ ।
- त्यसरी नै नेपाल गौतम बुद्ध जन्मेको देश पनि हो । वहाँको जन्मस्थल लुम्बिनी, बौद्धनाथ,स्वयम्बु,हलेसी लगायतका केन्द्रहरुलाई पनि आधुनिक व्यवस्थापन र सुविधा सम्पन्न बनाइनेछ र तिनीहरूलाई विश्वका बुद्ध धर्मदर्शनका अनुयायीहरुलाई आकर्षित गरिनेछ ।
- उपरोक्त विभिन्न पक्षको अवलोकन र अध्ययन गर्न आउने पर्यटकहरूलाई नेपालमा रहँदा विभिन्न प्रकारको मनोरञ्जन उपलब्ध गराउने ढंगले आवश्यक संरचनाहरूको निर्माण गरिनेछ ।
- यसरी सिङ्गो नेपाललाई विश्वकै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ, पर्यटन क्षेत्रलाई उत्पादक र गतिशील क्षेत्र बनाईनेछ र कुल राष्ट्रिय आम्दानीमा पर्यटन क्षेत्रको योगदानलाई बिस्तृत बनाउदैं लगिनेछ ।

## ११. सूचना तथा सञ्चार प्रणालीका सम्बन्धमा

- समाजवादी समाजमा सम्पूर्ण जनतालाई सूचनाको मौलिक हक उपलब्ध हुनेछ । जनताको सूचनाको हकलाई कानुनद्वारा सुनिश्चित गरिनेछ ।
- समाजवादी समाजमा सार्वजनिक सञ्चार माध्यमलाई हर प्रकारले आधुनिक प्रभावकारी, सर्वसुलभ, सुचनामूलक र शिक्षा मूलक बनाइनेछ । निजी क्षेत्रका सञ्चार माध्यमहरुलाई कानुनद्वारा नियमन गरिनेछ ।
- समाजवादी समाजमा सबै सञ्चार माध्यमहरूलाई जिम्मेवारीपूर्ण, मर्यादापूर्ण, सूचना वाहक र परिवर्तनका वाहक बनाइनेछ । उनीहरुले आम जनतालाई सूचना दिने, शिक्षा दिने र समृद्धिको यात्राका निम्ति मार्ग प्रशस्त गर्ने कुरालाई प्राथमिकता दिनुपर्नेछ ।
- कुनै पनि मिडिया उद्यमहरूमा विदेशी लगानीलाई अनुमति दिइने छैन । सूचना माध्यमका उद्यमीहरूलाई सूचना प्रविधिमा नवप्रवर्तक गर्नका निम्ति भने प्रोत्साहित गरिनेछ ।
- सूचना प्रवाहलाई नयाँ समाजवादी कानुन अनुरूप अघि बढाइनेछ र उक्त कानुनलाई विज्ञान र प्रविधिमा आउने परिवर्तन अनुरूप अध्यावधिक गर्दै लगिनेछ ।
- सूचना प्रविधिलाई आम जनताको पहुँचमा पुर्याइनेछ । त्यसका निम्ति देशका सबै राष्ट्रिय केन्द्र र निकायहरु, प्रदेश, जिल्ला र स्थानीय तहहरु र सिङ्गो मुलुकमा पुग्ने गरी ब्रोड ब्याण्ड इन्टरनेट सेवा पुर्याइनेछ । प्रशासनिक भवनहरू, सभा भवनहरू, सांस्कृतिक केन्द्रहरू, स्वास्थ्य चौकी, सूचना केन्द्रहरु लगायतका महत्वपूर्ण स्थलहरूमा नि:शुल्क इन्टरनेट सेवा उपलब्ध गराइनेछ र त्यसलाई सरकारको क्षमता अनुसार विस्तार गर्दै आम जनतामा लगिनेछ ।
- हुलाक सेवालाई बदलिदो परिस्थिति अनुरुप आधुनिकीकरण गरिनेछ ।
- सार्वजनिक क्षेत्रका टेलिभिजन, रेडियो, पत्रपत्रिका र अनलाइनहरूलाई रचनात्मक सामग्रीका साथ व्यापक जनताको पहुँचमा पुग्ने गरी सञ्चालन गरिनेछ ।

- निश्चित क्षमता सम्मका एफ.एम र सामुदायिक रेडियोहरूलाई स्थानीय तहबाटै दर्ता गर्ने, स्थापना र सञ्चालन गर्ने र आवश्यकता अनुसार नविकरण गर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न जातिका मातृभाषामा प्रसारण हुने सञ्चार माध्यमहरूलाई राज्यले विशेष प्रोत्साहन र सहायता दिनेछ ।
- सञ्चार माध्यममा कार्यरत उद्यमीहरू, प्राविधिकहरू र कर्मचारीहरूको हित, हक र अधिकारको राज्यले संरक्षण गर्नेछ ।

## १२. खेलकुदको विकास सम्बन्धमा

- मानव जीवनको रक्षा र विकासका निम्ति, उनीहरूको शारीरिक र मानसिक विकासका निम्ति र सामूहिक भावनाका विकासका निम्ति खेलकुद क्षेत्र एउटा अपरिहार्य क्षेत्र बनेको छ । त्यति मात्र होइन खेलकुद क्षेत्र राष्ट्रको पहिचान, सम्मान र गरिमाको विकास गर्ने महत्वपूर्ण माध्यम पनि बनेको छ ।
- अहिले पनि खेलकुद क्षेत्रले जनताको सांस्कृतिक-शारीरिक विकासका निम्ति महत्वपूर्ण भूमिका खेल्दैछ । तर राज्यले त्यसका निम्ति जुन प्रकारले योगदान गर्नुपर्ने हो त्यसरी गर्न सकेको छैन ।
- समाजवादी राज्यले खेलकुदको विकास, विस्तार र उन्नतिलाई उच्च महत्वका साथ लिनेछ र त्यस सम्बन्धमा नयाँ राष्ट्रिय नीति र नयाँ कार्यक्रमको निर्माण गर्नेछ ।
- त्यस अनुरुप खेलकुद विकास र विस्तारलाई आधुनिक र वैज्ञानिक ढंगले अघि बढाउन राज्यले केन्द्रिय, क्षेत्रीय र स्थानीय संरचनाहरू र संस्थाको विकास गर्नेछ ।
- राज्यले योजनाबद्ध रूपले मुलुकको राजधानी र अन्य विभिन्न स्थानमा समेत आवश्यकता अनुसार अन्तर्राष्ट्रिय स्तरका रङ्गशालाको निर्माण गर्नेछ । विभिन्न खेलकुद क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतियोगिता, इभन्टहरू समेत आयोजना गर्नेछ ।
- खेलकुद क्षेत्रलाई व्यवस्थित, वैज्ञानिक र युग अनुकूल ढंगले अघि बढाउनका निम्ति खेलकुद विश्वविद्यालय समेत बनाइनेछ ।
- देशका प्रत्येक क्षेत्रीय केन्द्रहरुमा.राष्ट्रिय स्तरका आधुनिक रङ्गशालाहरू निर्माण गरिनेछ । क्षेत्र क्षेत्रका विशेषताहरू र जनरूची अनुसार खेलकुदको विकासलाई प्रोत्साहित गरिनेछ ।
- हाम्रो देशका विशेषता अनुरूपका विविध विधाहरूका खेलकुदहरु सबैलाई योजनाबद्ध रुपले विकास गरिनेछ, उनीहरूलाई अत्याधुनिक सिप, कला र प्रविधिका निम्ति तालिम दिइनेछ र अन्तर्राष्ट्रिय प्रतियोगिताका निम्ति हर प्रकारले नयाँ, योग्य र योग्यतम खेलाडीहरू तयार पारिनेछ ।
- हाम्रा खेलाडीहरूलाई विभिन्न खेलहरूमा अन्तर्राष्ट्रिय खेलकुदमा विकसित भइरहेका शीप,ज्ञान र प्रविधि सिकाउनका निम्ति आवश्यकता अनुसार विशिष्ट प्रशिक्षकहरूको समेत व्यवस्था गरिनेछ । राष्ट्रिय प्रशिक्षकहरूको टिम तयार पार्नका निम्ति विशेष ध्यान दिइनेछ ।
- मुलुकका सबै स्थानीय तहहरू, गाउँ र बस्तीहरू सम्म खेल मैदानहरू बनाइनेछ । स्थानीय तहहरूमा खेलकुद पार्कहरु समेत बनाइने छ र बालबालिका र युवाहरुलाई खेलकुदका निम्ति शिक्षित र आकर्षित गरिनेछ ।
- प्राथमिक विद्यालय, माध्यमिक विद्यालय र उच्च शिक्षाका सबै कलेज र विश्वविद्यालयका सबै विद्यार्थीहरूलाई खेलकुदमा व्यापक रुपले सहभागी बन्न प्रेरित गरिनेछ ।
- राष्ट्रिय र स्थानीय  सबै तहका खेलकुद कार्यक्रमहरूलाई अघि बढाउन आर्थिक सहयोगको व्यवस्था गरिनेछ र त्यसलाई आवश्यकता अनुसार बढाउँदै लागिनेछ ।

## १३. .जेलहरूलाई सुधारगृहमा रूपान्तरण गर्ने सम्बन्धमा

- विगतमा जेलहरू सबै दण्ड र यातनाका केन्द्रहरू थिए । अहिले पनि तिनीहरूमा तात्विक सुधार भइसकेको छैन । वास्तवमा सबै जेलहरूलाई सुधार र रुपान्तरणका केन्द्रहरूका रुपमा विकास गरिनेछ ।
- पुराना संरचनाका साँगुरा, असुविधायुक्त र यातना युक्त जेलहरू भत्काइनेछ र सुविधा सम्पन्न नयाँ संरचनाका सुधार गृहका रूपमा तिनीहरूलाई रूपान्तरित गरिनेछ ।

- सबै यस्ता सुधार गृहहरूमा सूचनाका सुविधाहरू, पठनपाठनका सुविधाहरू, लेखनका सुविधाहरू, सुधार गृहका परिधिबाट गर्न सकिने विभिन्न उत्पादन र व्यवसाय गर्ने सुविधाहरू उपलब्ध गराइनेछ ।
- सुधार गृहमा रहेका बन्दीहरूको स्थितिका बारेमा जिम्मेवारी पूर्वक अध्ययन, अनुसन्धान गरिनेछ । त्यसलाई एउटा निरन्तरको प्रक्रियाका रुपमा विकास गरिनेछ र दृष्टिकोण, विचार र आचरणमा सुधार आएको प्रमाणित भएपछि त्यस्ता बन्दीहरुलाई रिहा गरिनेछ र सामान्य जीवन यापन गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला र पुरुष बन्दीहरूका लागि उनीहरूको आवश्यकता बमोजिम अलग-अलग व्यवस्था गरिनेछ ।
- सबै सुधार गृहहरूमा रेडियो, टेलिभिजन,पत्रपत्रिका, टेलिफोन र लेखपठनका सामग्रीहरू उपलब्ध गराइनेछ ।
- प्रत्येक सुधार गृहमा पुस्तकालयको व्यवस्था गरिनेछ । बन्दीहरूलाई नियमित रुपमा बन्दी रुपान्तरणका रोचक कथा सहितका रचनात्मक फिल्महरू, भिडियोहरू, पुस्तकहरू र त्यस्ता अन्य सामग्रीहरु हेर्ने, सुन्ने र पढ्ने व्यवस्था मिलाइनेछ ।
- अत्यन्त संगीन अपराधीहरू र देशद्रोहीहरूलाई भने अलिक फरक र कडा प्रबन्धहरुका साथ राख्ने ब्यबस्था गरिनेछ, उनीहरुलाई आम बन्दीहरूलाई भन्दा अलग राखिनेछ र उनीहरूलाई पनि सुधार र रूपान्तरण कै प्रक्रियाबाट अघि बढाइनेछ ।
- सुधार गृहमा बन्दीहरूलाई राख्नुको उद्देश्य उनीहरूलाई दण्ड र सजाय दिने भन्दा पनि उनीहरुलाई सुधार र रूपान्तरण गरेर एउटा असल नागरिक बनाउने उद्देश्यलाई प्राथमिकता दिइनेछ ।
- प्रत्येक सुधार गृहमा योग,ध्यान,ब्यायम गर्ने ब्यबस्था गरिनेछ र उनीहरुलाई शारिरिक र मानसिक दुबै हिसाबले स्वस्थ्य बनाउन आबश्यक ब्यबस्था गरिने छ ।

## १४. राष्ट्रिय वन तथा वातावरणका सम्बन्धमा

- हाम्रो हिमालमा आइरहेका नकारात्मक परिवर्तनहरूले मुलुकको प्राकृतिक वातावरणको संरक्षण र विकासको कति ठूलो महत्व रहेछ भन्ने कुरालाई झन् गम्भीर बनाइदिएको छ ।
- हिमालयको हिउँ पग्लिरहेकै कारण हाम्रो देशमा पानीका परम्परागत श्रोतहरू क्रमिक रूपमा सुक्दै गइरहेका छन् । हाम्रा नदि नालाहरूमा बग्ने पानीको मात्रा कुल मिलाएर घट्दै गइरहेको छ । हाम्रा ताल तलैयाहरु सुक्दै गइरहेका छन । इनार र धाराहरु सुकिरहेका छन र कँहि सुक्दै गइरहेका छन । कतिपय ठाउँमा पानीका श्रोत सुकेर खानेपानीको अभाव भएको छ र गाउँ बस्तीहरू नै बसाई सर्न बाध्य भएका छन् ।
- यिनै कारणले गर्दा हिउँद वर्षा याममा समेत असन्तुलन देखा पर्न थालेको छ । कँहि पानी नै नपर्ने र खडेरी लाग्ने हुन्छ, कहि मुसलधारे वर्षा भएर बाढी र पहिरोले गाउँ बस्ती बगाउने र आतंक मचाउने काम हुन्छ । त्यसले गर्दा सिङ्गो देशको वातावरण संरक्षण र विकासका निम्ति अत्यन्त जरुरी कामका रुपमा हरियालीकरणको अभियान सञ्चालन गर्नुपर्ने भएको छ । त्यसका लागि निम्न कदमहरू चालिनेछ ।
- मुलुकको पर्यावरण सुरक्षित र दिगो बनाउनका निम्ति सिंगो भूभागको ४५% जमीनमा हरियालीपूर्ण वनजङ्गलको विकास गरिनेछ । वन फडानीको प्रक्रियालाई पूर्ण रुपले रोक लगाइनेछ । ४५% जमीनलाई ढाक्ने गरी असल प्रजातिहरु छानी छानीकन वृक्षारोपणका अभियानहरू सञ्चालन गरिनेछ ।
- वन संरक्षणका निम्ति दिगो र प्रभावकारी संस्थागत व्यवस्था गरिनेछ र वन अतिक्रमणका प्रयत्नहरूलाई सम्पूर्ण रुपले रोक लगाइनेछ ।
- आम जनतालाई वनको महत्वको बारेमा व्यापक शिक्षा दिने प्रबन्ध गरिनेछ,वन संरक्षण र विकासका बारेमा शैक्षिक पाठ्यक्रम नै राखिनेछ,प्राकृतिक वा कृत्रिम दुवै प्रकारले लाग्ने डडेलोको प्रकोपबाट वन संरक्षण गर्ने उपकरण, विधि र तरिकाहरू जनजनसम्म पुर्‍याइनेछ ।
- वनजङ्गल माथि आश्रीत जनपरिवारलाई वैकल्पिक व्यवसायमा लगाइनेछ र वनजङ्गलको सुरक्षाको दिगो प्रबन्ध गरिनेछ ।
- सामुदायिक वनलाई अझ उन्नत व्यवस्थापन, उपयोग र सञ्चालनको विधि अनुरूप व्यवस्थित गरिनेछ, अन्य कबुलियत वन, सहकारी वन वा निजी वनलाई कानुनी हिसाबले नै संरक्षण र विकास गरिनेछ ।

- विभिन्न स्वामित्वका वनहरूको संरक्षण, विकास, उपयोग र रूपान्तरणका निम्ति परिवर्तित परिस्थिति अनुरुप नयाँ समाजवादी कानुन बनाइनेछ र वनजङ्गलको स्वामित्व र संरक्षणमा राज्य र जनताको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ ।
- प्रत्येक प्रदेश, जिल्ला वा स्थानीय तहलाई कति प्रतिशत जमीनमा वनजङ्गल संरक्षण गर्ने भन्ने राज्यले मापदण्ड बनाउनेछ । त्यस अनुरुप उनीहरुलाई निर्देशन गरिनेछ र सबै तहले त्यस अनुरुप वनजंगलको संरक्षण र विकास गर्नुपर्नेछ । एउटा रुख काटेपछि अरु दुई चार वटा रोपिहाल्ने परम्परालाई विकास गरिनेछ ।
- हिजो कतिपय शहरहरूको विकास गर्दा हरियालीकरणलाई वेवास्ता गर्ने काम भएको छ । तर अब प्रत्येक महानगर र नगरका बजारहरुमा पनि ठाउँ निकालिकन पनि वृक्षारोपण गर्ने, शहर भित्रै पनि हरियालीको विकास गर्ने प्रक्रियालाई विस्तार गरिनेछ र सबै शहरहरुलाई वातावरण मैत्री बनाउँदै लगिनेछ ।
- प्रत्येक गाउँ झुरुम्म भएका तराई पहाडका बस्तीहरूमा पनि वृक्षारोपण गर्ने र बस्तीहरूको वातावरणलाई हरियालीकरण गर्ने अभियान अहिलेदेखि सञ्चालन गरिनेछ ।
- छुट्टाछुट्टै घर भएका परिवारलाई पनि जमीन र वातावरण हेरिकन आफ्ना घर वरिपरि हरियाली विकास गर्न अभिप्रेरित गरिनेछ ।
- विश्वविद्यालय, कलेज, स्कुल र सबै सामाजिक र सार्वजनिक प्रतिष्ठानहरू, सरकारी कार्यालयहरू वरिपरि पनि हरियालीकरण गर्ने योजना लागू गरिनेछ ।
- सबै राजमार्गहरू पैनी र कुलाहरूका दुवै साइडमा ताल तलैया र पोखरीहरूका वरिपरि उपर्युक्त प्रजातिका वृक्षहरूको रोपन गरिनेछ र तिनीहरूको वातावरण सुधारका साथसाथै शौन्दर्यीकरण गरिनेछ ।
- पूर्वदेखि पश्चिम सम्म चुरे संरक्षण गर्न विशेष अभियान नै सञ्चालन गरिनेछ । त्यस क्षेत्रमा भइरहेको वन विनाशलाई उच्चस्तरीय शक्तिशाली पलकदमीका साथ पूर्ण रुपले रोकिनेछ र त्यो क्षेत्रमा विशेष ढंगले वृक्षारोपण अभियान सञ्चालन गरिनेछ । चुरे संरक्षण पूरा तराई क्षेत्रको वातावरण संरक्षणसँग घनिष्ठ रुपले जोडिएको छ ।
- वनजङ्गलको व्यावसायिक विकासका निम्ति तराई, भित्री मधेश वा पहाडका बेसी नदि तटीय क्षेत्रहरूमा विशेष प्रजातिका वृक्षहरू लगाइनेछ र काठपातको आवश्यकता वा फर्निचरको आवश्यकता पूर्ति गर्न दिगो आधारहरू निर्माण गरिनेछ । त्यस्ता क्षेत्रहरूमा पालैपालो कतै रुख काटिँदै हुन्छ भने कतै वृक्षारोपण गर्ने काम अघि बढिरहेको हुनेछ ।
- देशी र विदेशी काठ तस्करहरूका सञ्जालहरूले लामो समय देखि नेपालको चारकोशे झाडीलाई समाप्त पार्ने अपराधिक भूमिका खेल्दै आएका छन् । यस्ता अपराध कर्मीलाई कडाभन्दा कडा सजाय दिइनेछ र काठ तस्करीलाई शून्यमा झारिनेछ ।
- परिवतित परिप्रेक्ष अनुसार वन मन्त्रालयलाई एउटा साधन सम्पन्न, चुस्त गतिशील र प्रभावकारी मन्त्रालयका रुपमा विकास गरिनेछ र वातावरण संरक्षण तथा वन संरक्षण र विकासको गतिशील केन्द्रका रूपमा स्थापित र परिचालित गरिनेछ ।

## १५. खानेपानी बन्दोबस्त सम्बन्धमा

- अहिले पनि सम्पूर्ण जनतालाई स्वच्छ र विशुद्ध खानेपानी पुग्न सकेको छैन । समाजवादी व्यवस्थाले पहाड र तराईका सम्पूर्ण परिवारलाई शुद्ध खानेपानी पुर्‍याउनका लागि युद्धस्तरमा काम गर्नेछ । त्यसले जनताको स्वास्थ्यलाई राम्रो बनाउने कुरालाई सधैं केन्द्रबिन्दुमा राख्नेछ ।
- देशका सबै परिवारका जनतालाई शुद्ध खानेपानीको बन्दोबस्त गर्ने सरकार कै जिम्मेवारी हुनेछ । त्यसैले खानेपानीका सबै योजनाहरू सरकारले नै बनाउनेछ ।
- मौसममा आइरहेको नकारात्मक परिवर्तन र हिमालको हिउँ पग्लिँदै गएर वातावरणमा बढिरहेको प्रदूषणको कारण देशका विभिन्न भागमा पानीका साना, मसिना श्रोतहरु सुक्दै गइरहेका छन् र जनताको जीवनमा प्रतिकूल असर पर्दै गइरहेको छ ।
- यो प्रक्रियालाई अन्त्य गर्न पानीका श्रोतहरू अझ जरुवा पानीका श्रोतहरू संरक्षण गर्ने अभियान नै सञ्चालित गरिनेछ । सबै पानीका श्रोतहरु वरिपरि रसिलो पार्ने हरियाली बगैचा निर्माण गरिनेछ ।

- पानीका विभिन्न स्थानीय श्रोतहरूको संरक्षण गर्दै पानीका आधुनिक पाइपहरू जडान गरी शहर र गाउँका प्रत्येक घर परिवारका निम्ति स्वच्छ खानेपानीका धाराहरू जडान गरिनेछ ।
- कतिपय पानीका स्थानीय श्रोतहरू नभएका गाउँहरूमा खानेपानी उपलब्ध गराउनका निम्ति लिफ्ट खानेपानी योजनाहरु पनि लागू गरिनेछ ।
- स्वच्छ खानेपानीको महत्व र हाम्रो स्वास्थ्यका बारेमा आम जनतालाई स्थानीय तह मार्फत व्यापक प्रशिक्षण पनि दिइनेछ । ताकि जनतालाई विभिन्न प्रकारका जल उत्पन्न रोगहरूबाट बचाउन सकिनेछ ।

**१६.पारबहन सुविधा सम्बन्धमा**

- नेपाल लामो समयदेखि एउटा भूपरिवेष्ठित मुलुकका रुपमा रहिआएको छ । एकातिर पूर्ब पश्चिम र दक्षिणको सीमाना भारतको भूमिसँग जोडिएको छ भने उत्तर तिरको सिमाना चीनसँग जोडिएको छ । चीन तिरको सिमाना विकट र गगनचुम्बी हिमशृङ्खलाहरूले बनेको छ भने दक्षिणतिर खुल्ला सिमाना रहेको छ । यसले गर्दा हाम्रो मुलुक करिब भारत वेष्ठित जस्तो अवस्थामा रहेको छ ।
- यो भूपरिवेष्ठित मुलुकहरूलाई समुद्रसम्म सीमाना भएका छिमेकीहरूले समुद्र सम्म पुग्ने र अन्तर्राष्ट्रिय सम्बन्ध सम्पर्क गर्ने अकुन्ठित पारबहन सुविधा दिनपर्छ । यो एउटा अन्तर्राष्ट्रिय नियम र अधिकार हो । हाम्रो देशलाई भारत र चीन दुवै मुलुकहरूले पारवन सुविधा दिनुपर्छ । यो सुविधा दिन हाम्रा दुवै छिमेकीहरूको कर्तव्य हो भने हाम्रो देशका निम्ति पारवहन सुविधा पाउने अधिकार एउटा अन्तर्राष्ट्रिय अधिकार समेत हो ।
- अहिले सम्म हामीले मूलत : भारतबाट पारबहन सुविधा प्राप्त गर्दै आएका छौं । तर यो अकुण्ठित बन्न सकेको छैन । अहिले सम्म हामीले चारपटक भारतीय पक्षबाट नाकाबन्दी समेत भोग्नुपरेको छ । समाजवादी व्यवस्थाले यस कुरालाई सदाका निम्ति अन्त्य गर्नेछ ।
- हाम्रो देशले चीनसँग पनि पारबहन प्रोटोकलमा त हस्ताक्षर गरिसकेको छ । चीनले नेपाललाई निर्वाध पारबहन सुविधा दिने कुरा पनि घोषणा गरिसकेको छ । यो एउटा दुरगामी महत्वको कुरा हो ।
- यो कुरालाई व्यवहारमा उतार्न र चीनबाट पनि अकुण्ठित पारवहन सुविधा प्राप्त गर्नका निम्ति आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरू निर्माण गरिनेछ ।
- चीन र नेपाल बीच पारबहनका निम्तिको नाकाहरूबाट निर्वाध आवागमन हुन सक्ने गरी नाकाहरूको निर्धारण र आवश्यक उन्नत स्तरका मार्गहरू निर्माण गरिनेछ ।
- त्यसरी नै दक्षिणबाट पनि निर्वाध र नियमित पारवन सुविधा प्राप्त गर्नका निम्ति थप प्रबन्ध गरिनेछ ।
- यसरी उत्तर र दक्षिण दुवै दिशाबाट पारबहन सुविधा प्राप्त गर्ने सुनिश्चितता भएपछि नेपाल माथि लाग्दै आएको नाकाबन्दी सदाको निम्ति अन्त्य हुनेछ । नेपाल अहिले भन्दा बढी स्वतन्त्र हुनेछ । दुवै छिमेकी सँगका सम्बन्ध बढी सन्तुलित र मैत्रीपूर्ण हुनेछन र नेपाल स्वतन्त्र विकासको मार्गमा निर्धक्क भएर अघि बढ्न सक्नेछ ।
- त्यति भएपछि मात्र नेपाल सदियौं देखिको भूपरिवेष्ठित (land locked)अवस्थाबाट मात्र भूजडित (land–linked)मुलुकका रुपमा रूपान्तरित हुनेछ । हाम्रो देशका जनता र राष्ट्र भूपरिवेष्ठित लघुतावासपूर्ण मनोविज्ञानबाट मुक्त हुनेछन र नेपाली विशेषताको समाजवाद निर्माण गर्ने बाटो थप अनुकूल बन्नेछ ।

**१७. हिमालयको संरक्षण सम्बन्धमा**

- आज विभिन्न विकसित औद्योगिक मुलुकहरूले गरिरहेको व्यापक कार्बन उत्सर्जनले गर्दा पृथ्वी बाहिरको ओजन तह घट्दै गएको छ,वायुमण्डलमा अक्सिजनको मात्रा घट्दैछ र कार्बन डाइअक्साईडको मात्रा बेहिसाब ढङ्गले बढ्दैछ ।
- त्यसले गर्दा विश्व वातावरणमा अभूतपूर्व नकारात्मक परिवर्तन आइरहेको छ । पृथ्वीको तापक्रम हरेक वर्ष दशकमा ०११.f.(०.०६)का दरले बृद्धि हुदैं आईरहेको थियो । तर १९८२ देखि त्यो दर प्रति दशक ०.३६.f.(०.२०.C) डिग्री सेल्सियसको दरले बढ्दै गएको छ । त्यसले गर्दा हाम्रो हिमाल असाधारण ढंगले पग्लिरहेको छ, सेता टल्किने हिमालहरू पत्थरका काला पहाडहरू बन्दै गइरहेका छन । पानीका श्रोतहरू सुक्दै गइरहेका छन,बाढी, पहिरो, डडेलो, खडेरी, अनावृष्टि, खण्डवृष्टि, अतिवृष्टि र अकल्पनीय आधिबेहेरी जस्ता प्रकोपहरुबाट हाम्रो जनजीवन असुरक्षित, त्रस्त र आतंकित बनिरहेको छ ।

- त्यति मात्र होइन हाम्रो हिमालको करोडौं वर्ष देखि जमेर बसेको हिउँ करिब एकतिहाइ जति पग्लिसकेको अनुमान छ । यदि विश्वको बढ्दो ताक्रमलाई घटाउने उपाय गरिएन भने अर्को लगभग ५० वर्ष पुग्दा नपुग्दा नेपाल मरुभूमिमा परिणत हुन थाल्नेछ । जबकि विश्वमा कार्बन उत्सर्जनमा नेपालको खास भूमिका छैन । तथ्याङ्कै हिसाबले भन्दा पनि नेपालले प्रतिवर्ष कार्बन उत्सर्जन ०.०२ प्रतिशत मात्र गर्छ । यो नगन्य हो । यो तथ्याङ्कले नेपाल कार्बन न्यूट्रल मुलुक (Carbon neutral country) मात्र होइन कार्बन ऋणात्मक मुलुक (Carbon negative country) पनि हो । त्यसले विश्व वातावरणमा केहि पनि असर पारेको छैन ।
- बरु हाम्रो वनजङ्गलले वायुमण्डलमा अक्सिजनको मात्रा बढाउन र कार्बन उत्सर्जनलाई घटाउन निरन्तर योगदान गर्दै आएको छ । यो यस्तो निर्दोष देश माथि आम विश्वका विकसित मुलुकहरुबाट घोर अन्याय भएको छ । स्वभाविक रुपले हाम्रो देशले क्षतिपूर्ति पाउनुपर्छ र वातावरण संरक्षण सम्बन्धि योजना,नीति र कार्यक्रमहरूको कार्यान्वयनका निम्ति विकसित देशहरुले विश्व कोष मार्फत पर्याप्त रकम दिनुपर्ने छ । यो मागका निम्ति हामीले देश भित्र र बाहिर तथा संयुक्त राष्ट्र संघ भित्र र बाहिर आफ्नो संघर्षलाई निरन्तर अघि बढाउनुपर्छ र बढाईनेछ ।
- विश्वका सबै देशहरूले २०१५ को पेरिस सम्झौताका निर्णयहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्नुपर्नेछ ।
- विश्वको वार्षिक तापक्रम वृद्धिदरलाई २% बाट घटाएर कम्तिमा पनि १.५ प्रतिशतमा झार्नुपर्नेछ । त्यसका निम्ति नेपालले बिश्वका सबै पीडित देशहरु सँग मिलेर कदम चाल्ने छ ।
- विश्वभरिका सबै राष्ट्रहरूले COP-२८ का निर्णयहरूलाई पालना गर्नुपर्नेछ । जीवाश्म इन्धनको प्रयोगलाई घटाउने, पुर्नउत्पादन गर्न सकिने इन्धनको प्रयोगलाई बढाउने, विधुतिय वाहन तिर संक्रमण गर्ने, मिथेन ग्यासको उत्सर्जनलाई नियन्त्रण गर्ने र कार्बन उत्सर्जनलाई यो शताब्दिको अर्धासं भित्रै जिरो उत्सर्जनमा ल्याउने जस्ता प्रतिबद्धताहरूलाई दृढतापूर्वक लागु गर्नुपर्छ र विश्वको ताक्रमलाई १.५ सेल्सियस भन्दा कुनै हालतले माथि जान दिनु हुँदैन । वैज्ञानिकहरुले निकालेको यो निष्कर्षलाई पालन गर्नुपर्छ ।
- विश्व वातावरण कोषमा विकसित मुलुकहरूले गरेको प्रतिबद्धता अनुरुप प्रत्येक वर्ष तोकेको रकम विश्व वातावरण संरक्षण कोषमा दाखिला गर्नुपर्नेछ ।
- नेपालले वातावरण संरक्षण गर्दै हिमाल बचाउनको लागि अघि सार्ने नीति, कार्यक्रम र योजनाहरूमा उक्त कोष भित्रबाट र बाहिरबाट समेत पर्याप्त रकम प्राप्त गर्नुपर्नेछ ।
- ती साधन श्रोतहरूलाई समेत उपयोग गर्दै हाम्रो देशले प्रतिवर्ष हिमाल बचाउ कार्यक्रमका निम्ति निश्चित रकम छुट्याउनुपर्छ र हिमाल बचाउने ठोस र योजनाबद्ध कार्यक्रम अघि सारेर त्यसलाई लागू गर्नुपर्दछ । तब मात्र हिमालमा आइरहेका दुखद र बबण्डरपूर्ण नकारात्मक परिवर्तनहरूलाई रोक्न र क्रमश : हिमाल पग्लिने क्रमलाई घटाउँदै हिजोको स्थितिमा फर्काउन सकिनेछ ।
- हाम्रो हिमालमा आइरहेका नकारात्मक परिवर्तनहरूले हाम्रो देशलाई मात्र होइन । हिमालय वरिपरिका चीन, भारत लगायतका देशहरूलाई समेत प्रभाव पारिरहेको छ र करिब ४ अरब अर्थात पृथ्वीको करिब आधा जनसंख्यालाई प्रभाव पारिरहेको छ । त्यसैले हिमाल बचाउनका निम्ति हामीले चीन, भारत, बर्मा, बङ्गलादेश, माल्दिप, श्रीलंका,पाकिस्तान र अफगानिस्तान लगायतका मुलुकहरूसँग समेत मोर्चाबन्दी गरेर अघि बढ्नुपर्नेछ । यो आफैमा एउटा दीर्घकालीन संघर्ष हो, यसलाई निरन्तर जारी राख्नुपर्नेछ ।
- यो संघर्षलाई सफलतातिर अघि बढाउन हामीले वातावरणविद, अर्थविद र पर्वतीय अध्ययनका विशेषज्ञहरू समेत रहेको राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था निर्माण गरेर विश्व जलवायु परिवर्तनले हाम्रो हिमालमा पारिरहेका नकारात्मक परिणामहरूका बारेमा र त्यसलाई सुधार गर्ने आवश्यक उपायहरूका बारेमा निरन्तर अध्ययन गर्ने काम गर्नुपर्नेछ । तब मात्र बदलिदो परिस्थितिको गम्भीरता अनुरुप हामी हिमाल बचाउनका निम्ति थप कदमहरु चाल्न सक्नेछौ ।

### १८. भूकम्पको प्रकोप र त्यसबाट बच्ने उपायका सम्बन्धमा

- भूगर्भ भित्र भइरहेको प्लेट टेक्टोनिक गतिका कारण भारतीय भूप्लेट तिब्बती भूप्लेट भित्र पसिरहेको सन्दर्भमा हाम्रो देशको भूमिमा निरन्तर भुचाल हुने ऐतिहासिक-भौगर्भिक स्थिति रहेको छ ।

- त्यसकारण देशका विभिन्न भागमा प्रत्येक वर्ष भूकम्पन भएर ठूलो मात्राको धनजनको क्षति हुँदै आएको छ । कयौँ पटक गाउँबस्ती वा शहरहरू नै ध्वस्तसमेत हुँदै आएका छन । त्यस कुरालाई ध्यानमा राखेर भूकम्पको प्रतिरोध गर्नका निम्ति निम्न तरिका र व्यवस्था अवलम्बन गरिनेछ ।
- जनसख्या विस्तारको क्रममा देशका विभिन्न अत्यन्त विकट ठाउँहरूमा समेत मानव बस्तीहरू बसेका छन । सामान्य प्रकारको भुइचालोबाट पनि त्यस्ता ठाउँमा पहिरो जाने र सिङ्गो बस्ति नै ध्वस्त हुने स्थिति समेत भोग्नु परेको छ । त्यस्ता बस्तिहरुलाई समाजवादी राज्यले जोखिमपूर्ण स्थानहरुबाट सुरक्षित स्थानमा स्थान्तरण गरिनेछ र सामूहिक विकासको बाटोमा अग्रसर पारिनेछ ।
- जोखिमपूर्ण बस्तीहरूका बारेमा देशव्यापी रूपमा नै नयाँ स्तरबाट अनुसन्धान र सर्वे जाँच गरिनेछ र स्थान्तरण गर्नुपर्ने घर र बस्तीहरू छुट्याइनेछ र तिनीहरूलाई उपयुक्त स्थानमा सारिनेछ ।
- त्यति कुराले मात्र पनि घरपरिवार र बस्तीहरू सुरक्षित गर्न सकिँदैन । राज्यले विश्वमा विकास गरिरहेका भूकम्प प्रतिरोधी आम प्रविधिहरू र घर भवनहरू बनाउने पछिल्ला प्रविधिहरू गहिरो अध्ययन गर्दै नेपालको ठोस परिस्थिति अनुरुपको प्रविधि प्रयोग गरेर नेपालका शहर र गाउँ बस्तिका घर र भवनहरुलाई पुननिर्माण गरिनेछ र जनतालाई स्थायी रूपले सुरक्षित गरिनेछ ।
- त्यसका लागि राज्यद्धारा अनुभवी विशेषज्ञहरूलाई राखेर भूकम्प प्रतिरोधी घरभवन र बस्तीहरूको पुनर्निर्माण सम्बन्धि तत्कालिन, अल्पकालीन र दिर्घकालीन योजनाहरू निर्माण गरिनेछ र ती योजनाहरूलाई समयबद्ध ढंगले कार्यान्वयन गरिनेछ ।
- त्यसका साथसाथै राज्यले हाम्रो देशको भूगर्भिक स्थिति, भूकम्पका कारणहरू, भूकम्पको अवस्थाबाट आफूलाई बचाउने तरिकाहरू, नगर र गाउँ बस्तीमा त्यस्तो बेलामा भागेर जम्मा हुने स्थानहरू जस्ता विभिन्न विषयहरुमा आम जनतालाई शिक्षा दिने व्यवस्था गरिनेछ । तल्लो तह देखि नै विद्यालयहरूमा बालबालिकालाई भूकम्प सम्बन्धि शिक्षा दिने व्यवस्था पनि गरिनेछ ।
- भूकम्प जस्तै हाम्रो देशमा बाढी पहिरोको प्रकोप, रोग ब्याधहरुको प्रकोप, हावा हुन्डरीहरूको प्रकोप, सुक्खा खडेरिहरूको प्रकोप जस्ता प्राकृतिक प्रकोपहरूले पनि हाम्रो देशलाई सताउने र विपत्तिहरू सिर्जना हुने गरेका छन । त्यस्ता विपदहरूबाट आम जनतालाई बचाउन विपद व्यवस्थापनलाई सबै कालखण्डमा प्रभावकारी ढंगले सम्पादन गर्ने व्यवस्था गरिनेछ ।
- समाजवादी राज्यले सधैँ जनतालाई सुरक्षित गर्ने, उनीहरूको विकास र उन्नतिको सुनिश्चितता गर्ने कुरालाई केन्द्रबिन्दुमा राख्नेछ ।

## १९. वैज्ञानिक अन्वेषण र अन्तरिक्ष विकासका सम्बन्धमा

- मानव समाजको विकासमा विज्ञान र प्रविधिको योगदान हर कालखण्डमा महत्वपूर्ण र निर्णायक पनि रहँदै आएको छ । समाजवाद निर्माण गर्ने क्रममा विज्ञान र प्रविधिको भूमिका अझ बढी महत्वपूर्ण र निर्णायक हुनेछ ।
- विज्ञान र प्रविधिको विकास र अझ सूचना विज्ञानको विकासले मानव समाज झनझन साँघुरो बन्दै भूमण्डलीय ग्रामको रुपमा विकसित हुँदै आएको छ । विश्व समाज यतिबेला निरन्तर डिजिटलाइज हुँदै गइरहेको छ । समाजवादी समाजहरू अझ उन्नत स्तरबाट डिजिटलाइज बन्दै गइरहेका छन ।
- स्वभाविक रूपले नेपाली विशेषताको समाजवादी समाजलाई हर हिसाबले विज्ञान र प्रविधिको विकाससँग गाँसेर अघि बढाइनेछ । राष्टिय जीवनका सबै पक्षलाई डिजिटलाइज गरिनेछ र समाजवादी समाजलाई एउटा वैज्ञानिक विधिद्वारा परिचालित समाजका रुपमा संगठित र विकास गरिनेछ ।
- विश्वमा सेटेलाइट टेक्नोलोजी विकास गर्ने क्रममा विश्वका सबै मुलुकहरूका लागि आकाशलाई पनि विभिन्न देशहरूका बीचमा बाँड्ने काम भएको छ र नेपालले पनि आफ्नो हिस्सा प्राप्त गरेको छ । त्यसलाई अर्बिटल स्लट भनिन्छ । त्यो अर्बिटल स्लट सन १९९६ मा झन्डै गुमिसकेको थियो । तर अझै सम्म पनि त्यो अर्बिटल स्लटका बारेमा आफ्नो उपयोग योजना (use plan) नेपालले प्रस्तुत गरेको छैन ।
- समाजवादले हाम्रो देशको अर्बिटल स्लटलाई अध्यावधिक गर्नेछ । नेपालको तर्फबाट उपयोग योजना प्रस्तुत गर्नेछ, त्यस सम्बन्धि आवश्यक नयाँ ऐन बनाइनेछ र नेपालको अर्बिटल स्लटलाई अधिकतम रूपले उपयोग गर्नेछ ।

- अन्य देशहरूले जस्तै हाम्रो देशले पनि भविष्यमा सेटेलाइटहरू विकास गर्नेछ र आफ्ना सेटेलाइटहरू त्यहि अर्बिटल स्लटमा राखिनेछ । त्यसैले हाम्रो देशको अर्बिटल स्लटलाई कुनै पनि प्रकारले दुरुपयोग गर्नबाट रक्षा गरिनेछ र त्यसलाई राष्टिय हित अनुकूल योजनाबद्ध रुपले उपयोग गरिनेछ ।
- साथसाथै अन्तरिक्षको अध्ययन र अनुसन्धानको कार्यलाई क्रमशः अघि बढाइनेछ र सेटेलाइट प्रविधिका लाभहरूबाट हाम्रो देशको समाजवाद निर्माणको प्रक्रियालाई पनि लाभान्वित गर्दै अघि बढिनेछ ।
- त्यसका लागि आधुनिक बिज्ञान अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ र बैज्ञानिक अध्ययन र अनुसन्धानको कामलाई अघि बढाइनेछ ।

**२०.सुशासनका सम्बन्धमा**

- पुँजीवादी समाजमा राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र दुवै भ्रष्टिकरणले ग्रस्त भएका हुन्छन । समाजवादी समाजमा त्यस्ता भ्रष्ट तत्वहरूलाई नेतृत्व र प्रशासनका सबै तहबाट हटाइनेछ र प्रशासनलाई भ्रष्ट तत्वहरूबाट मुक्त पारिनेछ ।
- समाजवादी प्रशासनको मुख्य उद्देश्य नै जनताको सेवा गर्ने, जनतालाई सुविधा पुऱ्याउने,राष्ट्रिय उत्पादन बढाउन सघाउने, जनताको जीवनस्तर उठाउने, उनीहरुको बहुआयामिक भौतिक र सांस्कृतिक आवश्यकताहरु परिपूर्ति गर्ने र जनताको जीवन सुखी बनाउने हो । समाजवादी प्रशासन यहि उद्देश्य प्राप्तिलाई केन्द्र बिन्दुमा राखेर परिचालित हुन्छ
- यस्ता समाजवादी ध्येय उद्देश्य अनुसार खडा गरिएका प्रशासनका सबै तहका राष्ट्रसेवकहरूलाई तालिम र शिक्षा दिइनेछ, समाजवादी प्रशासनका उद्देश्य, काम र कर्तव्यका बारेमा सम्पूर्ण कर्मचारीहरुलाई शिक्षित गरिनेछ र समाजवादी सामाजिक-आर्थिक संरचनाको निर्माण प्रक्रियामा राज्यले जनतालाई दिनु पर्ने बहुआयमिक सेवालाई छिटो,छरितो र समयमा उपलब्ध गराइनेछ ।
- सिङ्गो प्रशासनलाई आफ्ना सबै निर्णय कार्यका निम्ति जवाफदेही बनाइनेछ । सहि र गलत दुवै कुराका निम्ति जवाफदेही बनाइनेछ । सम्पूर्ण कामलाई पारदर्शी पनि बनाइनेछ । भ्रष्टाचारका कुनै पनि क्रियाकलाप प्रति शून्य सहनशीलताको नीति अपनाइनेछ ।
- राज्यका सबै कर्मचारीहरूलाई यथेष्ट तलब भत्ताको व्यवस्था गरिनेछ,उनीहरूका आवश्यकताहरू राज्यले पूर्ति गर्नेछ, उनीहरू सबैको आय पारदर्शी बनाइनेछ, जनता र राष्ट्रको सेवामा अब्बल बन्नेहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ । सामाजिक-आर्थिक विकासको प्रक्रियामा सबैका लागि "भ्रष्टाचार गर्नै मन नलाग्ने र भ्रष्टाचार गर्नै नपर्ने" नयाँ परिस्थितिको निर्माण गरिनेछ ।
- समाजमा र विशेष गरेर प्रशासन यन्त्र भित्रका सबै आर्थिक कारोबारहरूलाई डिजिटलाइज गरिनेछ । नगद वीहिन भुक्तानी व्यवस्थालाई विकास र लागू गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरूले आफूलाई नम्र, विनम्र, शिष्ट, सभ्य, सम्मानपूर्ण र सबै सेवाग्राही जनतासँग प्रेमपूर्ण व्यवहार गर्नुपर्नेछ । यस्तो कार्यशैलीलाई प्रशासन व्यापी बनाइनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरूलाई आवश्यक पर्ने सबै प्रकारका सुविधाहरू उपलब्ध गराइनेछ र उनीहरूलाई अन्य सबै चिन्ताबाट मुक्त भएर जनताको सेवामा समर्पित भएर लाग्ने वातावरण बनाइनेछ ।

**२१.सफा र सुन्दर शहरहरु र शहरिकरण सम्बन्धमा**

- सामन्ति र पुँजीवादी व्यवस्थाले देशको राजधानीलाई पनि योजना विहीन र अत्यन्त अव्यवस्थित ढंगले विकास गरेको छ ।
- त्यसले गर्दा शहर अव्यवस्थित छ, सेवा प्रवाहमा कठिन छ र स्वास्थ्यको हिसाबले पनि अस्वस्थ्यकर बन्दै गएको छ ।
- समाजवादले यो अव्यवस्थालाई क्रमशः अन्त्य गर्नेछ । पुराना शहरहरुलाई पुर्नब्यवस्थित गरिनेछ । राजधानी लगायत सबै शहरहरूको र अन्य विकाशोन्मुख शहरहरूको पनि विकास र विस्तारलाई योजनाबद्ध रुपले अघि बढाइनेछ ।

- पुराना र ऐतिहासिक शहरहरूको र सांस्कृतिक सम्पदाहरूको व्यवस्थित रूपले संरक्षण गरिनेछ । आधुनिक प्रबिधिको आधारमा त्यस्ता शहरहरूलाई पुर्नव्यवस्थित गरिनेछ । तिनीहरूको प्रकृतिको र सौन्दर्यको सतर्कतापूर्वक संरक्षण गरिनेछ ।
- सबै शहरहरूमा फोहोरमैला संङ्कलन र प्रशोधन गर्ने कार्यलाई आधुनिक र वैज्ञानिक ढङ्गले व्यवस्थापन गरिनेछ । सबै शहरहरूलाई सफा,शुन्दर र चुस्त राखिनेछ । जसले गर्दा विभिन्न शहरहरूको विशेषता अनुरूप पर्यटकहरूलाई पनि आकर्षित गर्न सकियोस ।
- राजधानी र अन्य सबै शहरहरूमा व्यवस्थित रूपले हरियालीकरण गरिनेछ । त्यसका लागि ठोस कार्यक्रमहरू बनाइनेछ, तिनीहरूलाई लागू गरिनेछ र शुन्दर र स्वच्छ शहरहरूको विकास गरिनेछ ।
- शहरहरूका सबै बासिन्दाहरूका निम्ति रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, यातायात, सञ्चार, खाद्यान्न, तरकारी, फलफुल र अन्य दैनिक उपभोग्य वस्तुहरू उपलब्ध गर्ने बहुआयामिक बजार सेवालाई भरपर्दो र दिगो बनाइनेछ ।
- यतिबेला सिङ्गो विश्व नै शहरीकरण बन्दै गइरहेको छ । आधुनिकिकरण जति विकसित हुँदैछ, शहरीकरण त्यति नै विस्तार हुँदै गइरहेको छ । त्यहि प्रकृयामा हाम्रो देशमा पनि आधुनिकीकरण र शहरीकरण विस्तार हुँदैछ । तर पुँजीवादीव्यवस्थाले त्यो प्रक्रियालाई अत्यन्त अव्यवस्थित र अनियन्त्रित बनाउँदै छ ।
- समाजवादी व्यवस्थाले त्यो अवैज्ञानिक प्रक्रियालाई रोक्ने छ । शहर र गाउँको सन्तुलित विकासको मार्ग अवलम्बन गर्नेछ र सबै शहरहरूलाई आधुनिक मापदण्ड अनुरूपका स्मार्ट सिटी(smart city)हरु विकास गरिनेछ ।
- शहरहरूबाट निस्कने फोहोर मैलाको वर्गीकरण गरिनेछ,कुहिने फोहोरहरूबाट जैविक मल र ऊर्जा उत्पादन गरिनेछ, नकुहिने फोहोरहरूलाई पुनर्प्रयोग गर्न सकिने गरी प्रशोधन गरिनेछ र यो व्यवस्थापन मार्फत पनि रोजगारीको विकास गरिनेछ ।
- शहरहरूलाई सफा राख्ने र नागरिकहरूको चेतनालाई विकास गर्न आवश्यक व्यवस्था गरिनेछ र प्रत्येक घरबाट नै फोहोर महिला संकलन गर्ने काममा सरोकारवाला संस्था र निजी क्षेत्रलाई पनि परिचालन गरिनेछ । मापदण्ड नपुगेका प्लास्टीक जन्य लगायतका सामानहरूको प्रयोगलाई प्रतिबन्ध लगाइनेछ ।
- यसरी मुलुकलाई एउटा शुन्दर, सफा, व्यवस्थित र आधुनिक शहरहरु र गाउँहरू भएको समाजवादी मुलुकका रुपमा विकास गर्ने प्रक्रियालाई योजनाबद्ध रुपले अघि बढाइनेछ ।

**२२.नेपाली राष्ट्रिय सेनाका सम्बन्धमा**

- नेपाली सेना नेपालको राष्ट्रिय एकीकरणको बेला देखि संगठित भएको र आफ्नो मातृभूमिको रक्षाका निम्ति हर प्रकारका देशभक्तिपूर्ण सङ्घर्ष र बलिदान गर्दै आएको सेना हो । नेपाली सेनाको यो गौरवमय इतिहासलाई नयाँ धरातलमा उठाइनेछ र स्थापित गरिनेछ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा आएका परिवर्तनहरू सँगै आफूलाई पनि निरन्तर परिवर्तन र रूपान्तरण गर्दै देश र जनताको सेवामा समर्पित रहने नेपाली सेनाको परम्परालाई दृढतापूर्वक कायम राखिनेछ र तदनुरूप नयाँ परिस्थिति अनुरूप नेपाली सेनालाई पनि रुपान्तरित गरिनेछ ।
- नेपाली सेनाको गठन र परिचालनका सम्बन्धमा नयाँ परिस्थिति अनुरूप नयाँ ऐन बनाइनेछ र सेनालाई आधुनिक स्ट्यान्डर्डर अनुरूप पुनर्गठन र रूपान्तरण गरिनेछ । नयाँ ऐन अनुसार सेनाका अफिसर जवानहरू बीचको सम्बन्धलाई लोकतान्त्रिक जगमा उठाइनेछ ।
- नेपाली सेनालाई राष्ट्रिय सुरक्षाको आवश्यकता बमोजिम अत्याधुनिक हातहतियार र प्रविधिबाट सुसज्जित गरिनेछ र राष्ट्रिय प्रतिरक्षाका निम्ति एउटा सबल र सक्षम शक्तिका रुपमा विकास गरिनेछ ।
- सेनाको अफिसरहरू र जवानहरूको हित, हक, सेवा र सुविधाहरुलाई आवश्यकता अनुसार वृद्धि गरिनेछ र कुनै पनि प्रकारका चुनौतिहरूको सामना गर्न सक्ने गरी विकास गरिनेछ ।
- तत्कालिन राष्ट्रिय र अन्तर्राष्ट्रिय समग्र स्थितिलाई समेत ध्यानमा राखेर नयाँ राष्ट्रिय सुरक्षा नीतिको निर्माण गरिनेछ र त्यस नीतिका आधारमा मुलुकको प्रतिरक्षा नीतिलाई अघि बढाइनेछ ।

- भूतपूर्व सेना र प्रहरी अफिसर र जवानहरूको हित, हक र अधिकारहरूको रक्षा गरिनेछ र उनीहरूसँग रहेको योग्यता र क्षमतालाई जनता र राष्ट्रको हितमा परिचालित गरिनेछ ।

**२३.न्याय प्रणाली सम्बन्धमा**

- जनतालाई वास्तविक न्याय दिन नसक्ने जनहित विरोधी पुँजीवादीन्याय व्यवस्थालाई अन्त्य गरिनेछ ।
- नयाँ समाजवादी संविधान अनुरूप न्याय प्रणालीलाई माथि देखि तलसम्म पुनर्गठन गरिनेछ । न्यायालय र न्याय सम्पादन सम्बन्धि नयाँ ऐन अबिलम्ब बनाइनेछ ।
- न्यायपालिकाले न्याय सम्पादन स्वतन्त्रतापूर्वक गर्नेछ र जनतालाई सबै प्रकारका मुद्दाहरूमा तोकिएको समयभित्र न्याय दिने व्यवस्थालाई कडाईका साथ पालन गरिनेछ ।
- कुनै पनि प्रकारका अभियुक्तहरूलाई आफ्नो मत स्वतन्त्रपूर्वक प्रकट गर्न पाउने व्यवस्था गरिनेछ । उनीहरूलाई शारीरिक र मानसिक यातना दिने प्रथालाई अन्त्य गरिनेछ ।
- सर्वत्र समाजवादी कानुनी व्यवस्था स्थापना गरिनेछ र सम्पूर्ण जनतालाई आवश्यकता अनुसार कानुनी सेवा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।
- कानुन व्यवसायीहरूका हित र हकको संरक्षण गरिनेछ ।

**२४. सामाजिक सुरक्षाका व्यबस्थाका सम्बन्धमा**

- समाजवादले हाम्रो समाजका बालबालिका, महिला, युवाहरू, जेष्ठ नागरिकहरू विभिन्न जाति, जनजाति तथा अल्पसंख्यक समुदायहरूलाई बलियो र दिगो सामाजिक सुरक्षा प्रदान गर्नेछ ।
- सबै जनालाई खाने,बस्ने,लाउने आफ्ना प्रतिभाहरूको विकास गर्ने, रोजगारी प्राप्त गर्ने,शिक्षा प्राप्त गर्ने, स्वास्थ्य उपचार प्राप्त गर्ने, आराम गर्ने, मनोरञ्जन गर्ने,मानव सेवामा लाग्ने,देश र समाजका लागि मन लागेको योगदान गर्ने जस्ता सबै आधारभूत मानवीय अधिकारहरूको रक्षा गर्नेछ ।
- सबै बालबालिकाहरूको परिपालन र शिक्षा दीक्षाको दायित्व राज्यले लिनेछ र उनीहरूलाई मुलुकका योग्य र क्षमतावान नागरिक बनाउने दिशामा अघि बढाइनेछ ।
- जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने, उनीहरूका लागि सम्भव भएसम्म परिवारसँगै हेरचाहको बन्दोबस्त मिलाउने, सम्भव नहुनेहरूका लागि आवास गृहहरू निर्माण गर्ने, उनीहरूका लागि आवश्यक अध्ययन र लेखनको प्रबन्ध मिलाइदिने, खेलकुद र मनोरञ्जनको व्यवस्था मिलाइदिने जस्ता कुरालाई संस्थागत रूपले अघि बढाइनेछ । यसरी जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने प्रकृयालाई अझ उन्नत स्तरबाट ब्यबस्थित गरिनेछ ।

**२५.धार्मिक स्वतन्त्रताका सम्बन्धमा**

- नेपाल एउटा बहुधार्मिक मुलुक हो । यहाँ लामो समयदेखि विभिन्न धर्म-दर्शन प्रति आस्था राख्ने मानिसहरूका समूहहरू छन । ती सबै धर्महरूका बीचमा पूर्ण रुपले समानता स्थापना गरिनेछ ।
- समाजवादी राज्यलाई सबै धर्महरू भन्दा माथि राखिनेछ । कुनै पनि प्रकारको धार्मिक राज्यलाई अस्वीकार गरिनेछ । मुलुक धर्म निरपेक्ष हुनेछ ।
- सबै धर्महरूका बीच समानता, सहअस्तित्व, सहकार्य, सहयोगको सम्बन्ध विकास गरिनेछ । एकआपसमा मैत्रीपूर्ण सम्बन्ध बनाइनेछ र एक अर्काका अशल गुणहरुबाट सिक्दै सभ्यता र संस्कृतिलाई रूपान्तरण गर्दै लगिने छ ।
- अरुका धर्मप्रति हेला होचो गर्ने वा अतिक्रमण गर्ने, विभिन्न लोभ र प्रलोभन दिएर अरुको धर्म परिवर्तन गराउने तत्वहरुलाई राज्यले कडाईका साथ लिनेछ र त्यस्ता तत्वहरूलाई कडा कारबाही गरिनेछ ।
- विभिन्न बहानामा मुलुक भित्र व्यापक साधनश्रोत भित्राउने,हाम्रो देशका गरिब जनतालाई प्रलोभनमा पारेर धर्म परिवर्तन गराउने, विभिन्न धर्मलम्बीहरू बीच तनावका बीउहरू रोपिदिने, साम्प्रदायिक द्वन्दहरू भड्काइदिने र मुलुकको साम्प्रदायिक सद्भावलाई खलल पुर्‍याउन खोज्ने कुनै पनि प्रकारका देशी वा विदेशी षड्यन्त्रहरुलाई कडाईका साथ लिइनेछ र त्यस्ता तत्वहरुलाई राज्यले कडा दण्ड दिने व्यवस्था गर्नेछ ।

- विभिन्न धर्म समुदायहरूका बीचमा समय समयमा संयुक्त रुपले सद्भावना कार्यक्रमहरू, विभिन्न धर्मालम्बीहरूका बीच अन्तरक्रिया कार्यक्रमहरू र जनसेवा लाग्ने कार्यक्रमहरू आयोजना गरिनेछ र सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई प्रोत्साहित गरिनेछ ।

## २६. छुवाछुत प्रथाको सम्बन्धमा

- नेपाली समाजमा केही खास जातिहरू र क्षेत्रहरूमा वर्ण प्रथा कायम छ । उनीहरू उच्च र नीच जातिको परम्परागत गलत भावनाबाट अझै पनि ग्रस्त छन ।
- समाजवादले यो वर्ण भेद र छुवाछुत प्रथालाई पूर्ण रूपले अन्त्य गर्नेछ । त्यसप्रति प्रतिबन्ध लगाइनेछ र सम्पूर्ण नागरिकहरू लाई समान बनाउनेछ ।
- त्यसका लागि वर्णवाद भनेको के हो,यसको उत्पत्ति कसरी भयो, आजको अवस्थामा यो कस्तो अवस्थामा छ,यो प्रथाले जनतालाई कसरी विभाजन गरेको छ र त्यसले आम श्रमिक जनतालाई नै कसरी विभाजित गर्न र द्वन्दमा फसाउन सफल भइरहेको छ भन्ने कुराको गहिरो अध्ययन र अनुसन्धान गराइनेछ । त्यस बारेमा आम जनतालाई व्यापक रुपले शिक्षादिक्षा दिइनेछ ।
- वर्ण भेदका कारण लामो समय दबिएका जनतालाई उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पुनरुत्थानका लागि तथा उनीहरूको शैक्षिक, आर्थिक उत्पादनका निम्ति विशेष योजना लागू गरिनेछ ।
- उनीहरूलाई मूलधारमा समाहित हुनका निम्ति राज्यले अपेक्षाकृत लामो अवधि सम्म आवधिक सहुलियतहरू दिनेछ ।

## २७. जाति र भाषाका बिकास सम्बन्धमा

- हाम्रो देश मध्यम आकारको देश भएपनि विश्वमा नै विविधताले भरिएको एउटा विशिष्ट देश हो । हाम्रो देशलाई त्यसैले "विविधताको देश" पनि भनिन्छ ।
- हाम्रो देश प्राकृतिक विविधता, भौगोलिक विविधता, सांस्कृतिक विविधता र मानवीय विविधताले उत्तिकै सम्पन्न देश हो । त्यसैले हामी हाम्रो देशलाई जातीय विविधता, भाषिक विविधता,सांस्कृतिक विविधता र धार्मिक विविधता सहितको देश भन्छौं ।
- हाम्रो देशमा हामी अहिले जातिय हिसाबले १२६ जातिका जनता छौँ भनेर भनिएको छ । तर मानव जातिको इतिहासको बिकासक्रममा अहिले हाम्रो देश पुँजीवादी चरणमा आइपुगेको छ र यो एउटा बहुजातीय देश हो । तर कस्ता कस्ता मानव समूहलाई गण वा कविला वा जाति वा राष्ट्र भनिन्छ र भन्नुपर्छ, त्यस बारेमा ठोस अध्ययन, विश्लेषण र संश्लेषण गरेर कविला वा जातिलाई पहिचान गर्ने वैज्ञानिक मापदण्ड के हुनुपर्छ ? त्यसको राष्टिय मापदण्ड बनाउनु पर्ने आबश्यकता छ ।
- त्यसैले समाजवादी राज्यले सर्वप्रथम नेपाली समाजको जातिय संरचनाको बारेमा गहन अध्ययन, विश्लेषण र संश्लेषण गर्नका निम्ति राष्ट्रिय विशेषज्ञहरू समेत रहेको एउटा सामाजिक अध्ययन समितिको विकास गरिनेछ ।
- त्यसद्वारा नेपालको सामाजिक संरचनाको गहन अध्ययन गरिनेछ । जाति र कविलाहरूलाई हेर्ने एउटा राष्टिय मापदण्डको विकास गरिनेछ र त्यस आधारमा सबै जातिहरूको पहिचानलाई छुट्याउनेछ । यो कार्यलाई अहिले कै अवस्थामा पनि गर्न सकिन्थ्यो । तर आजको नेतृत्व त्यस सवाललाई उठाउन सक्ने र समाधानको निम्ति नेतृत्व दिन सक्ने अवस्थामा छैन ।
- समाजवादी राज्यले देशमा भएका सबै जाति, जनजाति र जाति समूहहरूको वीच बिना भेदभाव समानतापूर्ण व्यवहार गर्नेछ ।
- भाषा, धर्म, संस्कृति वा भूगोलको आधारमा कुनै पनि जातिहरूलाई कुनै पनि प्रकारको भेदभाव हुन दिईने छैन ।
- जाति, भाषा, धर्म र संस्कृतिका बारे आधुनिक र वैज्ञानिक प्रविधिका आधारमा राष्टिय सर्वेक्षण र गणना गरिनेछ । उपलब्ध तथ्याङ्कका आधारमा उनीहरू प्रतिका विशेष नीतिहरू निर्माण गरिनेछ ।
- विभिन्न साना, पिछडिएका वा अल्पसंख्यक जातिहरूको विकास र उनन्ययनका निम्ति उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष प्रबन्ध गरिनेछ ।

- देशका सबै भाषाहरूलाई संविधानमा अनुसूचित गरिनेछ,सबै भाषालाई संवैधानिक मान्यता दिइनेछ र तिनीहरूको संरक्षण र विकासमा विशेष पहलकदमी गरिनेछ ।
- कुनै पनि एउटा भाषालाई राज्यद्वारा एकाधिकार वा विशेष अधिकार दिइने छैन ।
- नेपाली भाषालाई राष्ट्रिय स्तरमा सरकारी कामकाजको भाषा रहेको प्रक्रियालाई जारी राखिनेछ । अन्य भाषालाई क्षेत्र वा राष्ट्रिय स्तरमा सम्पर्क भाषाको रुपमा विकास गर्ने अधिकारलाई खुला राखिनेछ । क्षेत्र वा स्थानीय तहमा अन्य भाषालाई पनि सम्पर्क भाषाका रुपमा सञ्चालन वा विकास गरिनेछ ।
- सबै जातिका जनतालाई आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित गरिनेछ । विभिन्न जातिहरू मध्ये आफ्नो भाषाका लिपी र शब्दकोष नभएकालाई तिनीहरूको विकास गर्न राज्यले विशेष मद्दत गर्नेछ ।
- देशका सबै जातिका जनताका साहित्य, कला र संस्कृतिको संरक्षण र विकास गरिनेछ र ती जातिका कलाकार, साहित्यकार, विद्वान र प्राज्ञहरूको संरक्षण र विकास गरिनेछ तथा उनीहरुलाई सम्मानित र प्रोत्साहित गरिनेछ ।

**२८.श्रमिकका हक र अधिकारका सम्बन्धमा**

- सम्पूर्ण श्रमिक वर्गलाई साम्राज्यवादी र पुँजीवादी शोषणलाई समाप्त पार्ने र नेपाली विशेषताको समाजवाद स्थापना गर्ने संघर्षमा ऐतिहासिक नेतृत्व गर्नु पर्ने युगीन र ऐतिहासिक दायित्वले सचेत र संगठित बनाइनेछ । त्यहि धेय र उद्देश्यका साथ उनीहरूलाई जागृत, संगठित र आन्दोलित गरिनेछ र उनीहरूलाई पार्टीका सबै कृयाकलापमा त्यहि सचेतनाका साथ समावेश गर्दै लगिनेछ र समाजवादी क्रान्ति र समाजवाद निर्माणको ऐतिहासिक कार्यभारहरुमा नेतृत्वदायी वर्गका रुपमा स्थापित गरिनेछ ।
- श्रमिकहरूलाई आफ्नो ट्रेड युनियन अधिकार र अन्य सबै प्रकारका अधिकारहरू उपलब्ध गराइनेछ ।
- विज्ञान र प्रविधिको विकास, सम्बन्धित कम्पनी वा कारखानाको प्राविधिक स्तर आदि सबै कुराका आधारमा श्रमिकहरुले गर्नुपर्ने नियमित कामको घण्टा निर्धारण गरिनेछ ।
- अहिले नेपालमा उच्च दक्ष, दक्ष, अर्धदक्ष र अदक्ष गरी श्रमिकहरूलाई चार आधारमा वर्गीकरण गरिएको छ । समाजवादी सरकारले विशेष तालिम केन्द्रको स्थापना गरेर सबै श्रमिकहरुलाई सकेसम्म चाडो दक्ष श्रमिकमा रूपान्तरण गर्नेछ । साथसाथै सबै श्रमिकहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्नेछ ।
- समग्र अर्थतन्त्रको विकास, बजार मूल्यको स्थिति,उद्यमहरूको विकास, मौद्रिक स्थिति समेतलाई ध्यानमा राखी सबै श्रमिहरूको पारिश्रमिक र भत्ताका सन्दर्भमा आवधिक मूल्याङ्कन गरिनेछ र आवश्यकता अनुसार श्रमिकहरूको पारिश्रमिक र भत्तामा वृद्धि गर्दै लगिनेछ ।
- सबै श्रमिकहरूलाई काम गर्ने समय,आराम गर्ने समय, मनोरञ्जन र अन्य सिर्जनशील काम गर्ने समयलाई सन्तुलित ढंगले मिलाउँदै लगिनेछ ।
- सबै श्रमिकहरूलाई सूचना, सञ्चार र अन्य दैनिक आवश्यकताका सुविधाहरू सहितको आवासको व्यवस्था गरिनेछ ।
- श्रमिकहरूका बालबालिकाहरूको पोषण,अध्ययन, अध्यापन र विकासका निम्ति दिगो व्यवस्था गरिनेछ ।

**२९.बालबालिकाहरूका सम्बन्धमा**

- सबै बालबालिकाहरू सहित सम्पूर्ण नागरिकहरुको जन्म र मृत्यु दर्ता अनिवार्य गरिनेछ ।
- उनीहरूको स्वास्थ्य तथा भरणपोषणमा राज्यले भूमिका खेल्नेछ ।
- उनीहरूको प्रारम्भिक शिक्षा, स्वास्थ्यको निम्ति किनर गार्डन स्कुल रहेको सञ्जाल विकास गरिनेछ ।
- बाल मनोरञ्जनको व्यवस्था गरिनेछ ।
- उनीहरूको प्रतिभा र व्यक्तित्वको विकासका लागि विशेष व्यवस्था गरिनेछ ।
- बालश्रमको उन्मुलन गरिनेछ ।
- बालविवाह उन्मूलन गरिनेछ ।
- असहाय बालबालिकाहरूलाई राज्यले पूर्णरूपले जिम्मा लिनेछ ।

- बालबालिकाहरू माथि अमानवीय व्यवहार गर्ने,ओसारपोसार गर्ने, यौन शोषण गर्ने जस्ता अपराधीहरूलाई आजीवन कारावासको व्यवस्था गरिनेछ ।
- प्रत्येक बालबालिकाका निम्ति सबै परिवारहरूमा अनुकूल वातावरण बनाउन राज्यले भूमिका खेल्नेछ ।

**३०. महिलाहरूका हक अधिकारका सम्बन्धमा**

- नेपाली समाजमा अहिले पनि महिला दिदीबहिनीहरूका विरुद्ध चर्को रुपमा रहेको पितृसत्तात्मक शोषण र उत्पीडनलाई समाजवादी समाजले जरै देखि उखेल्नेछ ।
- सम्पूर्ण महिला दिदीबहिनीहरू र सबै पुरुषहरूका बीचमा पूर्णरूपले समानताको वैज्ञानिक र न्यायपूर्ण सम्बन्धको स्थापना गरिनेछ । महिलाहरू माथि समाजमा हुने सबै प्रकारका भेदभावहरूलाई अन्त्य गरिनेछ ।
- महिलाहरू माथि भइरहेका छुवाछुतको विभेद र उच्च निचको विभेदलाई सदाका निम्ति अन्त्य गरिनेछ । यस प्रकारको विभेदको उत्पत्तिको इतिहास, त्यसको विकासक्रम, त्यसले उत्पन्न गरेका विकृतिका अनेक रुपहरु र त्यसलाई अन्त्य गर्नुपर्ने आवश्यकता र भविष्यको समानतापूर्ण समाजका बारेमा बालबालिका, विद्यार्थीहरु र आम जनतालाई प्रभावकारी ढंगले शिक्षित गरिने छ ।
- महिलाहरूमाथि भइरहेका विभिन्न खाले शोषण र उत्पीडनहरू, हिंसा, बलात्कार, यौन शोषण, बालविवाह, वेचविखनहरू र अपहरण जस्ता कुकृत्यहरू र देहव्यापारहरू जस्ता संगीन अपराधहरू माथि कडाईका साथ रोक लगाइनेछ, यस प्रकारका अपराधीहरूलाई कडाभन्दा कडा कारबाही गरिनेछ र त्यसका निम्ति कठोर कानुन बनाइनेछ ।
- नेपाली समाजमा अहिले पनि प्रचलनमा रहेका सामाजिक-भेदभाव, बालविवाह, दाइजो प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा जस्ता गलत र अमानवीय प्रथाहरुलाई पूर्ण रुपले अन्त्य गरिनेछ र तद्नुरूप आम जनतालाई शिक्षित गरिनेछ ।
- समाजमा अहिले पनि महिलाहरूलाई तल देखाउने र विभेदपूर्ण व्यवहार गर्ने अन्धविश्वास युक्त गलत चिन्तनहरु र कुप्रचारहरु चल्दैछन । त्यस्ता गलत कुरालाई समुल अन्त्य गर्दै महिला र पुरुष बीचको सम्बन्धलाई हेर्ने वैज्ञानिक दृष्टिकोणको विकास गरिनेछ ।
- महिला र पुरुष दुवै समाजका महत्वपूर्ण उत्पादक शक्ति हुन । कुल मिलाएर हेर्दा महिलाहरुले अझ बढी श्रम गर्ने गर्छन । तर पुँजीवादीसमाजमा पुरुषको तुलनामा महिलाहरुलाई कम ज्याला दिने प्रचलन छ । नेपाली समाजमा त्यो अमानवीय  प्रचलनलाई अन्त्य गरिनेछ र समान कामको निम्ति समान ज्यालाको प्रचलनलाई दृढतापूर्वक लागू गरिनेछ ।
- श्रमिक महिलाहरू तथा तल्लो वर्गका पिछडिएका जातिका महिलाहरूमा शिक्षाको अभावले अज्ञानता, पछौटेपन र गरिबीको अवस्था छ । उनीहरूलाई त्यस अवस्थाबाट मुक्त गर्नका निम्ति विशेष प्राथमिकतापूर्ण कदम चालिनेछ । एकल महिलाहरूको संरक्षण र उनीहरूको जीवन विकासका निम्ति राज्यले विशेष महत्व दिनेछ ।
- राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनका  हर क्षेत्रहरूमा महिलाको सकृय सहभागितालाई अघि बढाइनेछ ।
- सबै राजकीय निकाय, जनप्रतिनिधि निकाय र प्रशासनिक निकायहरूमा महिलाको सहभागितालाई व्यापक रुपले बढाइनेछ र उनीहरूको ५०% अधिकारलाई व्यवहारमा लागू गरिनेछ । साथै राष्ट्रको विकास, समृद्धि र सेवाको गुणस्तरका बारेमा कहिँ पनि सम्झौता गरिने छैन ।
- हजारौं वर्ष देखि दबाइएका महिलाहरूलाई पुरुषहरूसँग हरेक क्षेत्रमा समान बन्नका लागि एउटा खास समयसम्म महिलाहरूलाई विशेष अधिकार र सहुलियतहरू दिनुपर्ने हुन्छ । तर त्यस्ता विशेष अधिकारलाई दुरुपयोग हुन नदिकन महिला पुरुष समानता स्थापित गरिनेछ ।
- गर्भवती महिलाहरूलाई गर्भमा रहेको शिशुको स्वास्थ्य परीक्षण,उपचार, पोषण र संरक्षणका निम्ति राज्यले विशेष व्यवस्था गर्नेछ । कुनै पनि गर्भवती महिलालाई उनको इच्छा विपरीत उनको बारेमा बयान दिन बाध्य गराइने छैन । बच्चा जन्माउने अधिकार महिलाहरूको अधिकार हो भन्ने कुरालाई मान्यता दिइनेछ । त्यसो गरिरहँदा राज्यले अघि सारेका नीतिहरुलाई भने पालना गर्नुपर्ने हुन्छ ।

- महिलाहरू माथि वर्तमान पुँजीवादी समाजमा अन्त्यन्त दर्दनाक ढङ्गका हिंसाहरु भइरहेका छन । कयौं महिलाहरूलाई बलात्कार गरेर पासविक ढङ्गले हत्या गर्ने, कयौंलाई दाइजो नल्याएको बहानामा घेराबन्दी पारेर जिउँदै जलाएर मार्ने जस्ता अमानवीय अत्याचार र अपराधहरु भइरहेका छन । यस प्रकारका हिंसा र अपराधहरूलाई समाजवादले सख्त रूपले रोक्ने छ र त्यस्ता अपराधीहरूलाई अत्यन्त कडा सजाय दिइनेछ । त्यसरी पीडित भएका महिलाहरूलाई राज्यले यथेष्ट सुरक्षा र संरक्षण दिनेछ, उनीहरूको आजीविकाको व्यवस्था गर्नेछ ।
- यसरी समाजवादी समाजले महिलाहरूलाई पुरुष सरह समान बनाउने छ, उनीहरूलाई समान अधिकार दिनेछ, त्यस माथि उनीहरूको विशेष भूमिका र कर्तव्यका निम्ति विशेष सुविधा र सेवा दिनेछ र महिला र पुरुषलाई पूर्णरूपले समान बनाउनेछ ।

## ३१.युवाहरूका सम्बन्धमा

- युवाहरूलाई वर्गीय र सामुदायिक हिसाबले जागृत, संगठित र एकताबद्ध गर्नुका साथै उनीहरूलाई उत्पादन कार्यसँग जोडेर अघि बढाइनेछ ।
- हाम्रो समाजमा आजको जनसांख्यीक तथ्याङ्कलाई हेर्दा करिब ४०% बालबालिकाहरू छन, युवाहरू करिब ५२% छन् र बुढापाकाहरू करिब ८% छन । यो तथ्याङ्क मात्रले पनि युवाहरूको स्थिति, महत्व र भूमिकालाई प्रष्ट पार्न सक्छ ।
- आज सम्मका मानव समाजमा भएका सम्पूर्ण सभ्यता शृंखलाहरू, मानव सम्पदाहरु, ठुलठुला उद्यमहरु, शहरहरु, पूर्वाधारहरू, ठूलठूला अविष्कारहरू र अपूर्व सांस्कृतिक नीधिहरूका निर्माताहरु मूलतः युवा नै हुन । त्यसैले युवाहरू मानव सभ्यता निर्माणका मुख्य शक्तिहरू हुन ।  समाजवाद निर्माण गर्ने मुख्य शक्ति पनि युवाहरू नै हुन ।
- त्यसैले समाजवादले सम्पूर्ण युवाहरूलाई वर्गीय चेतना र क्रान्तिकारी दृष्टिकोणले रूपान्तरण गर्नेछ । उनीहरूलाई हर क्षेत्रमा संगठित गर्नेछ, उनीहरुलाई शिक्षित र सीपयुक्त बनाउनेछ उनीहरुमा बैचारिक रुपान्तरण ल्याउनेछ र समाजवाद निर्माण गर्ने ऐतिहासिक अभियानमा अधिकतम रुपमा परिचालित गर्नेछ ।
- यस अभियानमा सबै जनता पंक्तिका युवाहरू, विभिन्न जाति,समूह भित्रका युवाहरू, विभिन्न समुदाय भित्रका युवाहरू, महिला र पुरुष युवाहरु सबै वर्ग चेतना र वर्ग दृष्टिकोणका आधारमा देशव्यापी रुपमा संगठित गरिनेछ ।
- यतिबेला देशका युवाहरूको ठूलो संख्या बेरोजगारीका कारणले समेत विदेशमा जाने लर्को लागि रहेको अवस्था छ । समाजवादले देशमा औद्योगिकरणको लहर सिर्जना गर्नका साथै रोजगारीको सिर्जना गर्नेछ,शैक्षिक गुणस्तरलाई समेत समुन्नत बनाउनेछ र युवाहरूको विदेश प्रवाहलाई रोक्नेछ ।
- युवाहरूका निरन्तर विकसित भइरहेका इच्छा, चाहना र आवश्यकताहरूको आधारमा उनीहरूलाई समाजवाद निर्माणका विभिन्न क्षेत्रमा शिक्षित, दीक्षित र तालिम प्राप्त बनाइनेछ, उनीहरूलाई विभिन्न क्षेत्रमा रोजगारीको ग्यारेन्टी गरिनेछ र समाजवादी सामाजिक-आर्थिक निर्माणको प्रक्रियालाई योजनाबद्ध ढंगले अघि बढाइनेछ ।
- नेपाली समाजलाई समाजवादी हिसाबले कायाकल्प गर्ने उद्देश्यले समस्त युवाहरूका हित, हक र अधिकारहरूको सुनिश्चितता गरिनेछ र एउटा सुखी, समृद्ध र समुन्नत समाजवादी समाज निर्माण गर्ने संकल्प पूरा गर्ने दिशामा उनीहरुलाई अघि बढाइनेछ ।

## ३२.नेपालको सीमाना सम्बन्धमा

- नेपाल एक स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न, राष्ट्रिय अखण्डताले युक्त र दक्षिण एसियाकै सबैभन्दा जेठो मुलुक हो । एकीकृत नेपालको निर्माण हुँदा सिङ्गो दक्षिण एसिया ब्रिटिस साम्राज्यवादको अन्धकारपूर्ण आधिपत्यमा थियो । यस क्षेत्रका जनता स्वतन्त्रताका निम्ति संघर्षरत थिए । तर बेलाबखत संघर्ष गर्नु परे पनि नेपालले कहिल्यै पनि साम्राज्यवादीहरूको अधिपत्यका विरुद्ध स्वतन्त्रता संग्राम गर्नु परेन र हाम्रो देशको कुनै स्वतन्त्रता दिवस पनि छैन । यो आफैमा सम्पूर्ण नेपालीका निम्ति गौरवको विषय हो ।
- एकीकृत नेपालको सीमाना त्यस बेलाका विभिन्न देशहरूसँग फैलिएको थियो । तर आज नेपालको सीमाना चीन र भारत दुई देशसँग मात्र फैलिएको छ । हाम्रो देशको उत्तरमा जनवादी गणतन्त्र चीनसँगको १४१५ किलोमिटर लामो सीमाना छ भने दक्षिण पूर्व र पश्चिममा गणतन्त्र भारतसँग १८०८ कि.मि.लामो सीमानारहेको छ ।

- यो सीमानामध्ये चीनसँगको सीमानालाई आधुनिक ढङ्गले रेखाङ्कित गरिसकिएको छ, त्यस सम्बन्धि सीमा सम्झौता भइसकेको छ र नेपाल-चीन सीमानामा कुनै समस्या छैन । खाली त्यो सीमानामा स्थापना गरिएका सीमा स्तम्भहरूको निगरानी गर्ने, तिनीहरूलाई अध्यावधिक गर्ने र सीमानालाई आधुनिक ढंगले व्यवस्थित गर्ने काम गर्दा पुग्छ ।
- हाम्रो सीमाना मध्ये गणतन्त्र भारतसँगको सीमाना भने अझै सम्म वैज्ञानिक ढंगले रेखांकित हुन सकेको छैन । भारतसँगको सीमाना मुलुकको एकिकरण हुँदा पूर्वमा टिस्टा नदी, पश्चिममा सतल नदी र दक्षिणमा गङ्गा नदिसम्म फैलिएको थियो । ब्रिटिस साम्राज्यवादले नेपाल माथि १८१४ मा आक्रमण गऱ्यो । दुई वर्षसम्म चलेको युद्धमा नेपाल र नेपालीले गरेको वीरतापूर्ण प्रतिरोधका बावजुद ब्रिटिश साम्राज्यवादले नेपाल माथि असमान र अपमानजनक सुगौली सन्धि थोपऱ्यो र नेपालको मेची पूर्वको, महाकाली नदि पश्चिमको र गंगा नदि उत्तरको ठुलो भूभाग कब्जा गरि उपनिवेश बनायो । ती भूभागहरू एकीकृत नेपालका अभिन्न भूभागहरू थिए । जतिबेला ब्रिटिश साम्राज्यवाद दक्षिण एसिया छोडेर फर्किन बाध्य भयो । त्यसबेला ती भूभागहरु नेपाललाई स्वतः फर्काउनुपर्ने थियो । तर क्रुर र स्वार्थी राणा शासकहरुले त्यो कुरालाई वास्ता र दावा सम्म पनि गर्न सकेनन् । ती भूभागलाई स्वतन्त्र भारतले कब्जा गऱ्यो । त्यसले गर्दा हाम्रो देशको भारतसँगको सीमाना असमान सुगौली सन्धि र जङ्गबहादुर राणाले “सिपाही विद्रोह” लाई दबाउन अग्रेजहरुलाई मद्दत गरे बापत प्राप्त गरेको “नयाँ मुलुक”मा खुम्चिन पुग्यो । त्यसपछि पनि पूर्वमा तत्कालिन स्वतन्त्र अधिराज्य सिक्किमसँग पनि नेपालको सीमाना थियो । तर त्यो देशलाई समेत भारतले कब्जा गरेपछि हाम्रो देशको सीमाना पूर्व, पश्चिम र दक्षिणमा भारतसँग जोडिन पुगेको छ । त्यसले गर्दा यतिबेला नेपालको सीमाना पूर्व पश्चिम मेचीदेखि महाकाली नदी र दोधारा चाँदनीसम्म र दक्षिणमा जंङ्गे पिलरहरू गाडिएको क्षेत्रसम्म रहेको छ ।
- त्यसरी बनेको गणतन्त्र भारतसँगको सीमाना पनि अझै सम्म वैज्ञानिक ढंगले रेखाङ्कित भइसकेको छैन । स्वतन्त्र भारतका शासकहरुले पनि पटकपटक नेपालको सीमानामा अतिक्रमण गर्दै आएका छन । सीमानाका अनेकौं बिन्दुहरूमा एकपछि अर्को समस्याहरु थपिँदै गएका छन ।
- यस्ता सीमानामा सिर्जित समस्याहरू समाधान गर्नुको सट्टा भारतका पछिल्ला शासकहरुले तमाम ऐतिहासिक सन्धि, सम्झौता, तथ्य, तथ्याङ्क र प्रमाणहरूको वास्ता सम्म पनि नगरी सुदूरपश्चिम नेपालको दार्चुला जिल्ला स्थित लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रको ३७२ बर्ग किलोमिटर जग्गामा कब्जा जमाएका छन र त्यो भूभागलाई आफ्नो उपनिवेश बनाएका छन । भारतका शासकहरूले नेपालको भूमि माथि यो एक्काइसौँ शताब्दीमा गरेको ठाडो साम्राज्यवादी अतिक्रमण हो । ती भूभागहरू नेपालका अभिन्न अङ्ग हुन भन्ने कुरामा सिंगो नेपाल र सम्पूर्ण नेपालीहरु एक छौं र ती भूभागहरु फर्काउन नेपाल र नेपाली जनता संकल्पबद्ध छन । त्यसका निम्ति हामीले कूटनीतिक र राजनीतिक सबै प्रकारले आफ्नो सङ्घर्षपूर्ण प्रयत्नलाई निरन्तर अघि बढाउँदै आएका छौं र अघि बढाउँदै लानेछौं र ती भूभागहरू नेपालका अभिन्न अङ्ग बनाई छाड्नेछौँ ।
- त्यसरी नै नवलपरासीको सुस्ता क्षेत्रमा पनि लामो समय देखि भारतीय पक्षले १४५ बर्ग किलोमिटर नेपाली भूभागमा कब्जा जमाएको छ । त्यो समस्यालाई पनि तथ्य र प्रमाणहरूका आधारमा भारतीय पक्षसँग ठोस रूपले वार्ता गरिनेछ र नेपालको सार्वभौम सत्तालाई दृढतापूर्वक रक्षा गरिनेछ । यसरी नेपाल-भारत सीमानामा ऐतिहासिक कालदेखि रहेका सबै समस्याहरुलाई क्रमिक रूपले समाधान गर्दै लगिने छ । नेपाल र नेपाली जनता सधैं नै छिमेकी भारत र भारतीय जनतासँग मैत्रीपूर्ण सम्बन्ध राख्न चाहन्छौँ र हाम्रा बीच रहेका समस्याहरु मैत्रीपूर्ण बातचित द्वारा समाधान गर्न चाहन्छौं । हाम्रो यो सङ्कल्पलाई निरन्तर अघि बढाउँदै जानेँछौ ।
- त्यस शिलशिलामा अझै सम्म नेपाल र भारतबीच सन् १९५० मा गरिएको “शान्ति र मैत्री” नामको असमान सन्धि छ । हामी त्यसलाई सिंहावलोकन गर्न चाहन्छौं र समानता र स्वतन्त्रता माथि आधारित नयाँ मैत्री सन्धिले उपरोक्त सन्धिलाई विस्थापित गर्न चाहन्छौं ।
- त्यसरी नै नेपाल-भारत र बेलायत बीच “गोर्खा भर्ति” सम्बन्धमा १९४७ मा गरिएको अर्को अपमानजनक त्रिपक्षीय सन्धि छ । त्यो सन्धिलाई रद्द गरिनेछ, गोरखा भर्ति सम्बन्धि सम्झौतालाई अन्त्य गरिनेछ, हाल बृटिस सेनामा रहेका नेपालीहरू माथि भइरहेको भेदभावपूर्ण व्यवहारलाई अन्त्य गर्न बृटिस सरकारसँग उच्च तहमा वार्ता गरिनेछ । र सम्पूर्ण स्वाभिमानी नेपालीलाई आफ्नै देशमा रोजगारीको व्यवस्था गरिनेछ ।

- अन्य पेशा व्यवसायको कुरा बेग्लै हो तर कुनै पनि देशका सेनामा भर्ति हुने कुरा नेपालका निम्ति मान्य हुँदैन । त्यस्ता प्रक्रियालाई पूर्ण रुपले रोक लगाइनेछ ।
- नेपाल-भारत सीमानालाई अत्याधुनिक प्रविधिको प्रयोग गरेर यथाशिघ्र वैज्ञानिक ढंगले रेखांङ्कन गरिनेछ र सीमानामा कुनै पनि प्रकारले हुन सक्ने अतिक्रमणका सम्भावनाहरूलाई सदाका निम्ति अन्त्य गरिनेछ ।
- नेपाल-भारत सीमानालाई अव्यवस्थित, अनियमित, अनियन्त्रित हुनबाट रोकिने छ र त्यसलाई व्यवस्थित, नियमित र नियन्त्रित गरिने छ । सीमानालाई व्यवस्थित गर्न आधुनिक नियमनको व्यवस्था गरिनेछ । नेपाल भारत बीच हुने आवतजावत र ओसारपसारको सम्पूर्ण तथ्याङ्क राखिने छ ।
- नेपाल-भारत सीमानामा सबै सीमा स्तम्भहरूलाई दीर्घटिकाउ हुने हिसाबले पक्कि स्तम्भहरू निर्माण गरिनेछ र आधुनिक प्रविधि र नक्साङ्कनद्वारा तिनीहरूलाई बदल्न नसक्ने गरी अङ्कित गरिनेछ । ताकि कुनै कारण बस कुनै स्तम्भ तल माथि भएपनि पुनः त्यहि स्थानमा स्थापना गर्न सकियोस् ।
- नेपाल-भारत बीचको सीमाना एउटा अन्तर्राष्ट्रिय सीमाना हो । त्यस्तो अन्तर्राष्ट्रिय सीमानालाई अन्तर्राष्ट्रिय कानुन बमोजिम दुवै छिमेकीहरूले व्यवस्थित गर्नुपर्ने विश्वव्यापी नियम अनुरूप यो सीमानालाई व्यवस्थित र नियमित गरिनेछ । एकपक्षिय ढंगले कसैले पनि निर्णय गर्न पाउने छैन ।
- नेपाल-भारत बीचको सीमाना सबैतिर "दश गजा" रहेको छ । त्यो दश गजा क्षेत्रमा दुवै छिमेकीले कुनै पनि संरचना बनाउन वा उपयोग गर्न पाउँदैन । यस कुरालाई दुवै छिमेकी देशले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।
- नेपालको भारतसँग रहेको सीमानामा भारतीय पक्षले विभिन्न स्थानमा बनाएका बाँधहरूले हर वर्ष वर्षायाममा नेपालका तराई क्षेत्रका जनतामा डुबानको आतंक मच्चाउने काम गर्छ र सीमान्त क्षेत्रका नेपाली किसानहरूको खेतिबाली र कतिपय बेलामा बस्तिहरू माथि नै बर्बादी ल्याइदिन्छ । यी समस्याहरूको दीर्घकालीन र स्थायी समाधानका निम्ति भारतीय पक्ष सँग उच्चस्तरमा वार्ता गर्ने र समाधान पहिल्याउने ठोस प्रयत्न गरिनेछ ।
- नेपालबाट र नेपालका नदीनालाहरूबाट बग्ने पानीमा पहिलो र प्राथमिक अधिकार नेपालको हुन्छ । यो अन्तर्राष्ट्रिय नियम नै हो । यो कुरालाई ध्यानमा राखेर नेपालले आफ्नो आवश्यकता अनुरुप जलको अधिकतम उपयोगको नीति अनुरूप आवश्यक संरचनाहरूको विकास गर्नेछ ।
- साथै नेपालका सबै नदिहरू भारत हुँदै बगेर जाने भएकाले माथिल्लो तटीय राज्य(upper riparian state) र तल्लो तटिय राज्य(lower riparian state)का बीच देखा पर्ने समस्याहरुलाई समाधान गर्नका निम्ति निश्चित अन्तर्राष्ट्रिय नियम र अनुभवहरू विकसित भएका छन् । ती नियम र अनुभवका आधारमा नै नेपाल र भारतका जलश्रोतको उपयोग सम्बन्धि समस्याहरूलाई समाधान गरिनेछ ।
- नेपालले आफ्नो भूमिबाट बगेर जाने नदिहरूबाट तल्लो तटिय राज्य भारतमा हुनसक्ने विनाशहरूको बारेमा संवेदनशील हुनुपर्छ । नेपाल सधैंभरि त्यसका लागि संवेदनशील छ र रहनेछ । त्यसका लागि खासगरी बर्षायाममा नदिहरुको वहावलाई नियन्त्रण गर्नका लागि आधुनिक बाँध वा अन्य जल परियोजनाहरू बनाउनु पर्ने हुन्छ । त्यस्ता परियोजना बनाउँदा अन्तर्राष्ट्रिय नियम र दुवै छिमेकीहरूका दुईपक्षिय हितलाई ध्यानमा राखेर बनाउनुपर्छ । तर अहिले सम्म बनाइएका कोशी,गण्डकी जस्ता बाँधहरुले दुई पक्षिय हितहरू गर्न सकेको छैन । त्यस्ता कुराले आपसी सम्बन्धमा तिक्तता बढाउने मात्र काम गरेका छन । यस्ता सम्झौताको पुनरावलोकन गरिनेछ र नयाँ धरातलमा खडा भएर दुवै देशको हितलाई सर्वोपरि राखेर नयाँ संरचनाहरु निर्माण गरिनेछ ।
- दुई देशको सीमानामा त्यस्ता जल परियोजनाहरू निर्माण गर्दा अवश्यमेव तल्लो र माथिल्लो दुवै तटिय राज्यहरूलाई फाइदाहरु सिर्जना हुन्छन । नयाँ संरचनाहरू निर्माण भएपछि सिर्जना हुने त्यस्ता फाइदाहरूको गहिरो विश्लेषण गरिनेछ, तिनीहरूको मूल्याङ्कन गरिनेछ र फाइदाका मूल्यहरू दुवै मुलुकसँग हिस्सेदारी गरिनेछ । जस्तै नेपालमा निर्माण गरिने ठुला बाँधले भा।तमा कति फाइदा गऱ्यो । त्यसले कति नयाँ मूल्य सिर्जना गऱ्यो । त्यो मूल्य अभिवृद्धि भएको मूल्य हो । त्यो मूल्यमा नेपालको पनि हिस्सेदारी रहनुपर्छ तर अहिले सम्म केहि पनि भएको छैन । यसरी अभिवृद्धि भएको मूल्यमा (value add) हिस्सेदारी गर्ने कुरा आफैमा अर्को अन्तर्राष्ट्रिय नियम र प्रचलन हो । यो नियमलाई लागु गरिनेछ । तब मात्र नेपाल र भारतको सम्बन्धलाई दिगो जगमा उभ्याउन र दिगो मैत्रीमा खडा गर्न सकिनेछ ।

- त्यसरी नै यदि नेपालमा जलविद्युत परियोजना कै लागि अग्लो वा फराकिलो (जष्नज यच धष्मभ) बाँध बाँधियो भने त्यहाँ ठूला मात्रामा पानी जम्मा गर्न सकिनेछ । त्यसले एकातिर विद्युत उत्पादन गर्न मद्दत गर्नेछ भने अर्कातिर नदीमा पानीको मात्रा बढाइदिनेछ । त्यो बारिएर बढेको वा थपिएको पानी मूल्य अभिवृद्धि भएको पानी हो । त्यस्तो पानी तल्लो तटिय राज्यले प्रयोग गर्दा मूल्य तिरेर उपयोग गर्नुपर्छ वा माथिल्लो तटीय राज्यले त्यो मूल्य अभिवृद्धि भएको पानीको मूल्य पाउनुपर्छ । यो नेपालको हक हो । यो आफैमा अन्तर्राष्ट्रिय नियम र प्रचलन हो । यो कुरालाई गम्भीरतापूर्वक लिइने छ र व्यवहारमा लागू गरिनेछ । यो नियम विरुद्ध बनाइएका संरचनाहरूका बारेमा पुनरावलोकन गरिनेछ । नयाँ स्तरबाट मूल्याङ्कन गरिनेछ र उपरोक्त नियमलाई लागू गरिने छ ।
- नेपाल र भारतको खुल्ला सीमानाबाट विभिन्न प्रकारका तस्करीहरू हुने, अपराधीहरु आवतजावत हुने, व्यापार बिचलन हुने गरेका कुराहरुलाई सीमा नियमन मार्फत कडाईका साथ रोकिनेछ । सीमा क्षेत्रबाट हुने अपराध कर्महरूलाई न्यूनीकरण गर्दै शून्यमा झारिनेछ । त्यसका निम्ति दुवै देशका बीचमा गहिरो समझदारी विकास गरिनेछ ।
- देशको सीमानाको रक्षा कुनै पनि सरकारको निम्ति अहम महत्वको विषय हो । समाजवादी सरकारले मुलुकको सीमाना रक्षालाई आफ्नो प्राथमिक कर्तव्यका रुपमा लिनेछ । सीमानाको रक्षाका निम्ति मुलुकको सशस्त्र शक्तिलाई अझ सबल र सशक्त बनाइनेछ र आफ्नो सीमानाको एक इन्च पनि तल माथि हुन दिइने छैन ।
- हामी हाम्रा दुवै छिमेकीहरूसँग शान्ति, मित्रता, सहयोग र स्थायीत्वको सम्बन्ध राख्न चाहन्छौं । आपसी समझदारी र विश्वासलाई गहिरो र दिगो बनाउन चाहन्छौं । ठिक यस्तै अपेक्षा हामी हाम्रा छिमेकीहरुबाट पनि चाहन्छौं । यसरी नीति निष्ठ ढंगले सिमा समस्याहरुलाई हल गर्दै हामी छिमेकीहरु सँगको सम्बन्धलाई समधुर र घनिष्ठ बनाउने संकल्प लिएर अघि बढ्नेछौ ।

## ३३. प्रवासी नेपालीहरुका सम्बन्धमा

- विभिन्न आन्तरिक र बाह्य कारणले गर्दा नेपालीहरूको ठूलो संख्या विश्वका अधिकांश देशहरूमा पुगेका छन । उनीहरु प्रवासी नेपाली समुदायका रुपमा विभिन्न देशमा रहेर बसोबास गरिरहेका छन र विभिन्न पेशा व्यवसायमा कार्यरत रहेका छन । कतिपय नेपालीहरु महत्वपूर्ण अध्ययन,अध्यापन, अनुसन्धान र अन्वेषणमा लागेर उल्लेखनीय उपलब्धिहरु पनि हासिल गरेका छन ।
- प्रवासी नेपालीहरूको अधिकांश हिस्सा रहरले भन्दा पनि देशभित्र सामाजिक-आर्थिक विकास र रूपान्तरण नहुनु, रोजगारी प्राप्त गर्न नसक्नु वा आफ्नो चाहना अनुसार योग्यता र क्षमताको विकास गर्न नपाउनु जस्ता मूलभूत कारणले विदेशमा जान बाध्य भएका छन ।
- त्यसरी विभिन्न देशमा गएका प्रवासी नेपालीहरूले आफू पुगेका देशहरूमै पनि विभिन्न प्रकारका शोषण र उत्पीडन भोग्नु परिरहेको छ । त्यस माथि मानव तस्करहरुले प्रलोभनमा पारेर लगेका महिला तथा पुरुष युवा पनि नराम्ररी उत्पीडन र विचल्लिमा पर्ने गरिरहेका छन
- यी सबै कुरालाई ध्यानमा राखेर प्रवासी नेपालीहरू प्रति निम्न बमोजिमको नीति अख्तियार गरिनेछ ।

  (क).आज मुलुकमा सिर्जना हुँदै गइरहेको ठूलो मात्राको बेरोजगारी र उज्वल भविष्य देख्न नसकेर ठूलो संख्यामा श्रमिक र विद्यार्थी युवाहरू विदेशतिर गईरहेको अवस्था छ । देशलाई औद्योगिकरण र आधुनिकीरणको लहर सिर्जना गर्दै स्वदेशमै रोजगारीको व्यवस्था सिर्जना गरिनेछ, शैक्षिक व्यवस्थामा आमूल परिवर्तन गरिनेछ र युवाहरूको विदेश पलायनलाई न्यूनिकरण गर्न अधिकतम प्रयत्न गरिनेछ र उनीहरुलाई आफ्नै मुलुकको भविष्य उज्यालो बनाउने लक्ष्यतिर केन्द्रित गर्दै लगिनेछ ।

  (ख).नेपालबाट प्रलोभनमा पारेर युवालाई विदेश लगेर अलपत्र पार्ने मानव तस्कर गिरोहहरूलाई समूल नष्ट गरिनेछ र त्यस्ता अपराधिक क्रियाकलापमा लागेका गिरोहका नाइके र सदस्यहरूलाई कडाभन्दा कडा कारबाही गरिनेछ ।

  (ग). त्यसरी विदेश लगेर अलपत्र पारिएका नागरिकहरूलाई सम्बन्धित मुलुकसँग सम्पर्क गरेर तदारुकताका साथ उद्धार गरिनेछ ।

(घ) अहिले नेपालीलाई ११ देशमा सम्झौताका आधारमा पठाउने गरिएको छ । १११ देशमा संस्थागत रुपले नेपालीहरू स्वीकृति लिएर गएका छन र १४४ देशमा नेपालीहरू व्यक्तिगत रुपमा स्वीकृति लिएर नै गएका छन र सरकारले १७८ देशमा नेपालीलाई श्रम स्वीकृति दिने नीति बनाएको छ । तर मानव तस्करहरूले कहाँ कहाँ पुऱ्याएका छन,त्यसको यकिन लेखा पाउन मुस्किल छ । यस्तो अव्यवस्थालाई बन्द गरिनेछ ।

(ङ). यसरी जुन देशमा नेपालीहरू संस्थागत रुपले र कानुनसम्मत ढंगले गएका छन, ती देशका सरकारहरूसँग दुईपक्षीय वार्ता गरिनेछ र उनीहरूका राष्ट्रिय र अन्तर्राष्ट्रिय अधिकारहरूको संरक्षण गर्नका निम्ति आवश्यक पहल कदमी गरिनेछ । नेपालीहरू जहाँ पुगे पनि नेपाल सरकारले उनीहरूको संरक्षण र अभिभावकत्वको भूमिका खेल्नेछ ।

(च).सबै देशमा रहेका प्रवासी नेपालीलाई उनीहरू जहाँ छन, त्यहाँ रहँदा पनि आफ्ना हक, अधिकार,सुविधा र प्रतिष्ठाका निम्ति संगठित भएर अघि बढ्न प्रेरित गरिनेछ ।

(छ).प्रवासी नेपालीलाई त्यसरी संगठित हुन प्रेरित गर्नुका साथै उनीहरूलाई नेपाली समाजको क्रान्तिकारी रूपान्तरण र समाजवादको पक्षमा दृढतापूर्वक खडा हुन पनि प्रेरित गरिनेछ ।

(ज).प्रवासी नेपालीहरूले विभिन्न देशमा रहेर कार्यरत रहँदा उनीहरुले विभिन्न प्रकारका कला, शिप, ज्ञान, प्रविधि सिक्ने र पूँजीको आर्जन समेत गरिरहेका हुन्छन । नेपालको क्रान्ति र पुनर्निर्माणका निम्ति तिनीहरू पनि महत्वपूर्ण हुन सक्छन । अहिले देखि नै त्यस दिशामा अघि बढ्न समस्त प्रवासी नेपालीहरुलाई अभिप्रेरित गरिनेछ ।

(झ).प्रवासमा गएका नेपालीहरूले विभिन्न देशमा रहेर बसोबास र कार्यरत रहने क्रममा आफ्नो हितका लागि विदेशको नागरिकता लिने गरेका छन । तर उनीहरु विदेशको नागरिकता त्याग्न र पुन नेपाली नागरिकता नै लिन चाहन्छन भने उनीहरूलाई स्वागत गरिनेछ र पुनः नेपाली नागरिकता दिईनेछ ।

(ञ).प्रवासी नेपालीहरूले विदेशमा रहेर कमाएको सानो ठूलो पूँजीलाई नेपालमा लगानी गर्न चाहेमा उनीहरू विदेशी नागरिक भएका भएपनि उनीहरुलाई राजनीतिक अधिकार बाहेक सबै अधिकार दिइनेछ र उनीहरु नेपालको सामाजिक-आर्थिक विकास र रूपान्तरणका काममा सकृय रूपमा सहभागी हुन सक्नेछन ।

(ट).कुनै कारण बस विदेशबाट जबरजस्त लखेटिएका वा स्वेच्छाले नै नेपाल फर्कन चाहने नेपालीलाई नेपालमा बसोबास र व्यवसाय गर्ने सुविधा दिइनेछ ।

## ३४. समाजवादी संस्कृतिको निर्माण सम्बन्धमा

- साम्राज्यवादी र पुँजीवादी संस्कृति र त्यसले समाजमा पारेका प्रभावहरूलाई सदाका निम्ति अन्त्य गरिनेछ र जनताको समाजवादी राष्ट्रिय जनसंस्कृतिको विकासलाई तीव्र पारिनेछ ।
- नेपाली समाजमा दासप्रथा कालीन समाज देखि शोषक वर्गले आफ्नो सत्ता स्वार्थका निम्ति विकास गरेका अध्यात्मवादका असंख्य मिथ्या विश्वासहरुले जनताको एकपछि अर्को पिढीको दिमागलाई विषाक्त बनाइरहेको छ । समाजवादमा ती गलत,झुठ, अवैज्ञानिक र मिथ्या विश्वासहरुलाई तिनीहरूको उत्पत्ति र विकासका आधारहरु देखि नै गहन अध्ययन, विश्लेषण र संश्लेषण गरिनेछ, ऐतिहासिक भौतिकवादी दृष्टिकोणले सांस्कृतिक विकासको प्रक्रियालाई पनि व्याख्या गरिनेछ, ती निचोडहरू आम जनता समक्ष पुर्‍याइनेछ र सांस्कृतिक रुपान्तरणको एउटा दिर्घ अभियान सञ्चालन गरिनेछ ।
- त्यसरी नै यतिबेला नेपाली समाजमा साम्राज्यवादी र पुँजीवादी छाडा र अराजक संस्कृति व्यापक रुपले फैलिरहेको छ । त्यसले नेपाली युवालाई छाडा, जनवादी, अराजक र अनुशासन हिन मनोवृत्ति तिर उन्मुख बनाइरहेको छ । त्यसले उनीहरू भित्र विदेशभक्ति, विदेश मात्र राम्रो,विदेश नै स्वर्ग, आफ्नो देशमा चाहिँ केही हुन नसक्ने चिन्तनलाई हुर्काइरहेको छ । यस्ता पुँजीवादी र साम्राज्यवादी गलत चिन्तन र संस्कृतिलाई नियन्त्रण गरिनेछ र नेपाली युवाहरूलाई देशभक्तिपूर्ण,क्रान्तिकारी समाजवादी चिन्तन, विचार र दृष्टिकोणले शिक्षित गरिनेछ ।
- देशका प्रगतिशील कलाकार, कवि, लेखक, कलाकार, उपन्यासकार, नाटककार, काव्यकार, गीतकार, संगीतकार र अध्येता-अनुसन्धानकर्ताहरूलाई नयाँ स्तरबाट गोलबन्द गरिनेछ,उनीहरूका आ-आफ्ना विधाका संगठनहरू निर्माण गर्न प्रोत्साहित गरिनेछ । उनीहरूलाई आ-आफ्ना विधाका कला, संस्कृति र साहित्यहरुलाई विकास गर्न राज्यले

आवश्यक साधन श्रोत उपलब्ध गराउनेछ, उनीहरुलाई हर प्रकारले प्रोत्साहित गरिनेछ र नेपाली इतिहासमा नै नयाँ समाजवादी कला,साहित्य र संस्कृतिको विकास गरिनेछ ।

- यो नयाँ समाजवादी संस्कृतिको विकासलाई सचेत र योजनाबद्ध ढंगले अघि बढाउनका निम्ति राष्टिय र क्षेत्रीय स्तरमा समेत कला, संस्कृति र साहित्य क्षेत्रलाई प्रतिनिधित्व गर्ने प्राज्ञिक प्रतिष्ठानहरू निर्माण गरिनेछ र तिनीहरू मार्फत कला, साहित्य र संस्कृतिको विकासलाई नियमित गतिका साथ अगाडि बढाइनेछ ।
- सबै क्षेत्रका कलाकार, साहित्यकार र संस्कृतिकारहरूलाई प्रोत्साहित गर्नका निम्ति उनीहरूका योगदानका आधारमा वृत्ति विकास योजनाहरू लागू गरिनेछ । नियमित रुपले कला, साहित्य र संस्कृतिका क्षेत्रमा स्थानीय, क्षेत्रीय र राष्टिय स्तरका कार्यक्रमहरू आयोजना गरिनेछ र उनीहरुलाई निरन्तर अघि बढ्न अभिप्रेरित गरिनेछ ।
- यस प्रक्रियामा नेपालका प्राचीनकाल देखिको जननिर्मित अशल कला, साहित्य र संस्कृतिका पक्षहरूलाई उजागर गरिनेछ, प्राचीनकाल देखिका अशल र गौरवपूर्ण सांस्कृतिक मूल्य र मान्यतालाई सतहमा ल्याइनेछ र ती मूल्य र मान्यताहरूको रक्षा गर्ने, वर्तमान र भविष्यका पिढीहरूलाई ती कुराहरूका बारेमा जानकारी दिने र त्यसरी ऐतिहासिक कालदेखि विकास गर्दै आएको सांस्कृतिक विकासको प्रवाहसँग जोडेर नयाँ समाजवादी संस्कृतिको विकास गरिनेछ ।
- उपरोक्त कुराहरूका आधारमा हाम्रो समाजमा आज देखा परिरहेका पुँजीवादीवा सामन्ति समाजदेखि जारी रहेका गलत विचार, प्रवृत्ति, मान्यता र प्रथाहरूको अध्ययन गरिनेछ । तिनीहरुले पारिरहेको नकारात्मक प्रभावहरूको विश्लेषण गरिनेछ र त्यस बारेमा आम जनतालाई शिक्षा दिने अभियानहरु सञ्चालन गरिनेछ । तब मात्र नयाँ सांस्कृतिक जनचेतनाको विकास गर्न सकिनेछ ।
- हामी अहिले पनि देखिरहेका छौं, गरिब जनतालाई बाँधा बनाएर राख्ने बाँधाप्रथा,कमलरी बनाएर राख्ने कमलरी प्रथा, वर्णभेदको प्रथा, छुवाछुतको प्रथा, दाइजो प्रथा, छाउपडी प्रथा, बोक्सी प्रथा, तन्त्रमन्त्र प्रथा, धामी झाँक्री प्रथा, तीलक प्रथा र पितृसत्ताको अवधारणा जस्ता गलत प्रथाहरु समाजमा अझै ठूलै मात्रामा प्रचलित छन । यी प्रथाहरूले शोषक बर्गलाई मात्र सघाइरहेको छ । श्रमिक जनतालाई निरन्तर अत्याचार भइरहेको छ । यस्ता प्रथाहरूको उत्पत्ति, विकास, वर्तमान अवस्था र तिनीहरूले पारिरहेका नोक्सानीका बारेमामा हाम्रा सांस्कृतिक योद्धाहरूले गहन अध्ययन र खण्डन आलोचना गर्नुपर्छ । जनताको दृष्टिकोण र धारणालाई वैज्ञानिकीकरण गर्नुपर्छ । तब मात्र समाजलाई समाजवादी दिशातिर रुपान्तरण गर्न सकिनेछ ।
- नेपाली समाजमा अहिले पनि भाग्यवादी र नियतीवादी धारणाहरू,सबै कुरा ईश्वरको सृष्टि हो,सुखदुख उनैको हो भन्ने धारणहरु, स्वर्ग र नर्कका धारणाहरु, तीन लोक चौध भूवन सम्बन्धि मिथ्या धारणाहरू, अनेक प्रकारका तन्त्र-मन्त्र सम्बन्धि धारणाहरू, असंख्य अन्धविश्वासहरू र सत्ययुग र कलियुग सम्बन्धि धारणाहरु जस्ता गलत, झुठ र कपोकल्पित धारणाहरु जनताका दिमागमा अझै गहिरो गरी जरो गाडेर बसेका छन् । यी दासकालिन वा सामन्तकालिन प्रतिक्रियावादी चिन्तन हुन । यी गलत र अवैज्ञानिक विचार र धारणालाई जरै देखि उखेल्नु पर्छ र जनतालाई विज्ञान सम्मत धारणाले उठाउन र रूपान्तरण गर्नुपर्छ । यो एउटा दीर्घकालीन र अत्यन्त महत्वपूर्ण सांस्कृतिक क्रान्ति पनि हो । हामी मिहेनतपूर्वक काममा लाग्यौ भने सांस्कृतिक रूपले एउटा विराट परिवर्तन आउनेछ । त्यसलाई क्रमिक रुपले अघि बढाउनदे लगिनेछ ।
- त्यति मात्र होइन रामायण भनेको संस्कृतिका विद्धानहरूले लेखेको एउटा रोचक र भव्य महाकाव्य हो । राम, लक्ष्मण, सीता र हनुमान त्यो महाकाव्यका पात्रहरू मात्र हुन । तर हाम्रो देशमा यस्ता वामपन्थी नेताहरु पनि जन्मिए जसले राम जन्मिएको यहि हो भनेर चितवन जिल्लाको एउटा गाउँलाई देखाए । जसलाई हिजो अस्ति जङ्गल फाडेर बसाएको बस्तीलाई जनताले अयोध्या भनेर नामाकरण गरका हुन । त्यहि राम जन्मिएको भनेर मुर्ति प्रतिष्ठान गर्ने काम समेत गरे । यस्तो घातक अन्धविश्वास समेत देखा परेको छ । यस्ता कुराको ऐतिहासिक-सांस्कृतिक धरातलमा बसेर गहिरो खण्डन गरिनेछ । तब मात्र जनताको वैज्ञानिक ज्ञानलाई समुन्नत बनाउँदै समाजवादी क्रान्तिको वैचारिक आधार तयार पारिनेछ ।
- जनताको समाजवादी चेतना विकास गर्न र उनीहरूलाई मनोरञ्जन दिनका निम्ति अनेकौं प्रगतिशील भिडियोहरू, डकुमेन्ट्रीहरू र विभिन्न विधाका चलचित्रहरू निर्माण गरिनेछ । विभिन्न ऐतिहासिक र शिक्षामूलक चलचित्रहरू निर्माण गरिनेछ र जनतालाई शिक्षित गरिनेछ ।

- यतिबेला नेपालको आफ्नो राष्टिय संस्कृतिका विरुद्ध दुई प्रकारका बाह्य हस्तक्षेप र अतिक्रमणहरू भइरहेका छन । एकातिर पश्चिमाहरु अकुत आर्थिक लगानीका साथ इसाईबादलाई नेपाली समाजमा रहेको गरिबीलाई उपयोग गरेर प्रसार गर्दैछन् भने अर्कोतिर दक्षिणी छिमेक तिर बाट राजनीति अभिप्रेरित हिन्दुबादलाई प्रसार गर्दैछन । त्यसले हाम्रो राष्ट्रिय संस्कृतिको विकासलाई अवरोध मात्र गरिरहेको छैन, नेपाली समाजमा धार्मिक द्वन्द बढाउने खतरालाई पनि बढाइरहेको छ । यस प्रकारले खुलेआम प्रलोभन देखाएर जनताको आस्थालाई बदल्ने र धर्म परिवर्तन गराउने अपराधपूर्ण क्रियाकलाप सख्त रूपले रोकिनेछ र नेपाली राष्टिय प्रगतिशील तथा समाजवादी संस्कृतिलाई विकास गर्दै लगिनेछ ।

**३५. विदेश नीति र अर्न्तराष्ट्रिय सम्बन्धका बारेमा**

- समाजवादी नेपालमा शान्ति, असंलग्नता, पञ्चशील, संयुक्त राष्ट्र संघका बडापत्र र अन्तर्राष्ट्रिय कानुन समेत माथि आधारित प्रगतिशील विदेश नीति अख्तियार गरिनेछ ।
- समाजवादी सरकारले साम्राज्यवाद, नव उपनिवेशवाद, युद्ध आक्रमण, शक्ति राजनीति र बाह्य हस्तक्षेप आदिको विरोध गर्नेछ ।
- अन्तर्राष्ट्रिय स्तरमा देखापर्ने दुई पक्षिय वा बहुपक्षीय सैनिक गठबन्धनहरूको विरोध गर्नेछ । त्यस्ता कुनै सैनिक गठबन्धनहरूमा पनि नेपाल कहिल्यै संलग्न हुने छैन ।
- नेपालले आफ्नो देशमाथि कुनै पनि मुलुकले गर्ने हस्तक्षेप घुसपैठ र अतिक्रमणहरूको कडाईका साथ विरोध गर्नेछ र त्यस्ता कुराबाट मुलुकलाई स्वतन्त्र राख्नेछ ।
- नेपालले आफु माथि विभिन्न कालखण्डमा लादिएका १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धि जस्ता असमान सन्धि र अन्य सबै असमान सन्धि र सम्झौताहरुलाई प्रक्रिया पुरा गरेर अन्त्य गरिनेछ ।
- चीन, भारत र सबै छिमेकी मुलुकहरू सँगका सम्बन्धहरूलाई सुमधुर,मैत्रीपूर्ण र हार्दिक बनाइनेछ । त्यसरी नै विश्वका सबै मुलुकहरुसँग आफ्ना सम्बन्धहरुलाई मैत्रीपूर्ण सहयोगका सम्बन्धहरूका रुपमा विकास गरिनेछ ।
- चीन लगायत सबै समाजवादी मुलुकहरू र तेस्रो विश्वका मुलुकहरूका सम्बन्धहरूलाई गहिरो र घनिष्ठ बनाइनेछ । अन्य सबै मुलुकहरुसँग पञ्चशीलका पाँच सिद्धान्त, शान्ति, संयुक्त राष्ट्रसंघ वडापत्र,अन्तर्राष्ट्रिय कानुन र असंलग्नताका आधारमा सम्बन्ध र सहयोगलाई विकास गरिनेछ ।
- विश्व जनताका राष्ट्रिय मुक्ति आन्दोलनहरू, सामाजिक मुक्तिका आन्दोलनहरू, युद्ध र आक्रमण विरोधी आन्दोलनहरू,पर्यावरण प्रदूषण विरोधी आन्दोलनहरु र सबै प्रकारका न्यायपूर्ण आन्दोलनहरु लाई समर्थन गरिनेछ ।
- संयुक्त राष्ट्रसंघ भित्र र बाहिर सधैं विश्व शान्तिको पक्षपोषण गरिनेछ र सबै प्रकारका बाहिरी हस्तक्षेप, अतिक्रमण र आक्रमणको विरोध गरिनेछ ।
- नेपाल सधैं निशस्त्रीकरणका पक्षमा उभिनेछ, विश्वलाई सबै प्रकारका परमाणु अस्त्रहरूबाट मुक्त शान्तिपूर्ण विश्वका पक्षमा उभिनेछ ।
- नेपालले विश्वमा शान्ति स्थापनार्थ शान्ति सेनामा सहभागी बन्ने प्रक्रियालाई जारी राख्नेछ र शान्ति स्थापनाका निम्ति सक्रिय भूमिका खेल्नेछ ।
- नेपालसँग विगतमा भएका १९५० को नेपाल भारत सन्धि, १९४७ को नेपाल, भारत र बेलायत बीचको त्रिपक्षीय सन्धि जस्ता सबै असमान सन्धिहरु अन्त्य गरिनेछ र पारस्परिक सम्बन्धलाई नयाँ धरातलमा उठाउन आवश्यकता अनुसार नयाँ सन्धिहरु गरिनेछ । त्यसरी नै अन्य मुलुकसँग भएका असमान सम्झौताहरु रद्द गरिनेछ ।
- गोर्खा भर्ति गर्ने प्रचलनलाई सदाका निम्ति अन्त्य गरिनेछ र प्रत्येक नेपालीलाई आफ्नै देशमा संमानपूर्ण ढंगले रोजगारीको व्यवस्था गरिनेछ ।
- भूपरिवेष्ठित मुलुकहरू र साना तथा अति कम विकसित मुलुकहरूले पाउनुपर्ने विशेष अन्तर्राष्ट्रिय अधिकारका निम्ति संयुक्त राष्ट्रसंघ भित्र वा बाहिर आफ्नो न्यायपूर्ण सङ्घर्षलाई निरन्तर जारी राखिनेछ ।

**क्रान्तिको वर्तमान अवस्था र तत्कालिक कार्यभारहरू**

उपरोक्त कार्यक्रम हाम्रो समाजवादी क्रान्तिको कार्यक्रम हो । त्यस कार्यक्रमले नेपाली समाजको वर्तमान पुँजीवादी सामाजिक-आर्थिक ढाँचामा आमूल परिवर्तन गर्नेछ र नेपाली समाजलाई नेपाली विशेषता अनुरुप समाजवाद निर्माणको दीर्घ मात्रामा अघि बढ्न सम्पूर्ण नेपाली जनतालाई क्रान्तिको सिङ्गो कालभरि मार्गदर्शन गर्नेछ । त्यसैले यो हाम्रो पार्टी र समाजवादी क्रान्तिको रणनीतिक कार्यक्रम हो । त्यस कार्यक्रमलाई प्राप्त गर्नका निम्ति परिस्थितिको विकासक्रम अनुसार अनेकौं कार्यनीतिक कार्यभारहरू पूरा गर्दै क्रान्तिका आत्मगत शक्तिहरुलाई सुदृढ गर्दै अघि बढ्नुपर्दछ । त्यसैले उपरोक्त रणनीतिक कार्यक्रमलाई प्राप्त गर्नका निम्ति क्रान्तिका विकासका विभिन्न चरणमा अनेकौं कार्यनीतिक कार्यभारहरू पूरा गर्दै अघि बढ्नु पर्दछ । त्यस क्रममा उपरोक्त कार्यक्रम प्राप्तिको ऐतिहासिक लक्ष्य तर्फ अघि बढ्नका निम्ति आजको ठोस अवस्था बमोजिमका कार्यनीतिक कार्यभारहरु पुरा गर्दै अघि बढ्नु पर्दछ ।

यतिबेला हाम्रो देशमा ०६२-०६३ को पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न भएको पनि दुई दशक पुरा हुन लागेको छ । संविधान निर्माण भएको पनि पहिलो दशक पुरा हुन लागेको छ । तर देशमा राजनीति, अर्थतन्त्र, प्रशासन, व्यापार र वित्तीय संस्थाहरूमा दलाल पुँजीवाद हावी भएको छ । जनता माथि पुँजीवादी शोषण र अन्यायहरु बढ्दै गएका छन । हिजोको पुँजीवादी-जनवादी क्रान्तिका वाहक शक्तिहरूमा नै दिशाहिनता, अकर्मण्यता र दक्षिणपन्थी यथास्थितिवाद हावी हुँदै गएकाले मुलुकको राजनीति अपेक्षाकृत रूपले अस्थिर, दिशाहिन र गतिहिन बनेको छ । स्वयं वामपन्थी शक्तिहरूमा प्रकट भएको दक्षिणपन्थी भड्काउ र दक्षिणपन्थी शक्तिहरूको यथास्थितिवादले जनताको क्रान्तिकारी गतिलाई अन्यौँलपूर्ण बनाइदिएको छ । त्यसैले गर्दा पुनरुत्थानवादी शक्तिहरु समेत एक हदसम्म सल्बलाउन थालेको अवस्था छ । मुलुकको अर्थतन्त्र गतिरुद्ध र संकटपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । कृषि नै हाम्रो अर्थतन्त्रको आधार हो । तर त्यो आधार नै गतिहीन र संकटग्रस्त बनेको छ । कृषि उत्पादन बढ्न सकेको छैन । कृषकहरुले पाउनै पर्ने न्यूनतम सेवा र सुविधा पाइरहेका छैनन । उनीहरुका उत्पादनको न्यूनतम मूल्य पनि पाउन सकेका छैनन । भूमि माथिको अन्यायपूर्ण स्वामित्व वितरण अहिले पनि जारी छ । भूमि सम्बन्धि आधुनिक र एकीकृत सूचना प्राप्त छैन । मुलुकको औधोगिक क्षेत्र झन संकटपूर्ण अवस्थामा छ । विदेशी वस्तुहरूको निर्वाध आयातले स्वदेशी उद्योगहरू लगातार धरासाही बन्दै गएका छन । राष्ट्रिय हित अनुकूलको भन्सार नीति बन्न सकेको छैन । मुलुक औद्योगिक हिसाबले झन् झन् पराधिन र पराश्रयी बन्दै गएको छ । जनताको क्रय शक्ति निरन्तर घटिरहेको छ । त्यस माथि मूल्य वृद्धि र मुद्रास्फीतिले जनताको जीवन धान्न गाह्रो बन्दै गएको छ । स्वदेशी उद्योग धन्दाहरू धरासायी हुँदै गएका छन । चलेका उद्योगहरु पनि ३०% भन्दा बढी चल्न सकेका छैनन । शैक्षिक क्षेत्रमा चरम अराजकता र दिशाहिनता छाइरहेको छ । प्लस टु पास गरेपछि विद्यार्थीहरु विदेशतिर ओहिरिन थालेका छन । स्वास्थ्य क्षेत्र पनि डामाडोल अवस्थामा छ । शिक्षा र स्वास्थ्यमा व्यापारवाद निकै व्यापक रूपमा हावी भएको छ । आम जनताका निम्ति शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुराहरू नै दुर्लभ बन्न पुगेका छन । सामाजिक र सांस्कृतिक संकटहरू त्यति नै गहिरो बन्दै गएका छन । भ्रष्टाचारले सिंगो देशलाई अजिङ्गरले झैं बेर्दै लगिरहेको छ । देशमा बिरोजगारी अभूतपूर्व रुपले बिस्तृत बनिरहेको छ । देशमा युवाहरूका निम्ति रोजगारीका सम्भावनाहरू न्यून बन्दै गएका छन । त्यसले गर्दा युवाहरूको ठूलो पंक्ति प्रत्येक दिन विदेशिन बाध्य भएको छ । ठोस सकारात्मक कदमहरु अभिलम्ब नचाल्ने हो भने मुलुक चौर्तफि संकटमा निस्कन नसक्ने गरी फस्ने खतरा छ ।

यति बेला समग्र विश्वको परिस्थिति उथलपुथलपूर्ण अवस्था र अभूतपूर्व परिवर्तनको दोहोरो अवस्थाबाट अघि बढिरहेको छ । ऐतिहासिक रुपले समग्र विश्व साम्राज्यवाद र समाजवादी क्रान्तिको युगबाट नै अघि बढ्दै छ । साम्राज्यवादी र प्रभुत्ववादी शक्तिहरु आफ्नो विश्व प्रभुत्व र लुटलाई जोगाउन पैताला देखि टुप्पिसम्मको बल लगाइरहेका छन । त्यसका निम्ति खासगरी अमेरिकी साम्राज्यवाद र नाटो संगठनका पुँजीवादी मुलुकहरू हर प्रकारले युद्धको तयारी गरिरहेका छन । युक्रेन युद्ध चल्दा चल्दै मध्य पूर्वमा अत्यन्त क्रुरतापूर्ण नरसंहारकारी युद्ध चलिरहेको छ । अमेरिका, नाटो र इजरायलले छोटो अवधिमा ३३ हजार भन्दा बढी निर्दोष र नियात्था जनताको कत्लेआम गरेका छन् । उनीहरू तनाव र युद्धका क्षेत्रहरू नयाँ नयाँ ठाउँमा विस्तार गरिरहेका छन । त्यसले गर्दा यतिबेला विश्वयुद्धका खतराहरु समेत बढिरहेको अवस्था छ ।

अर्कोतिर सिङ्गो विश्व अमेरिकाको एकलौटी प्रभुत्वलाई तोडेर दिन प्रतिदिन बहुध्रुवीय बन्दै गइरहेको छ । नयाँ नयाँ ध्रुवहरूको विकास भइरहेको छ । यतिबेला चीन, रुस, भारत, ब्राजिल, युरोप लगायतका विभिन्न शक्तिहरु विकसित

भइरहेका छन । तेस्रो विश्व एउटा नयाँ शक्तिका रुपमा विकसित भइरहेको छ । अमेरिकाको बर्चस्व र प्रभुत्व हरेक क्षेत्रमा घट्दै गइरहेको छ ।

संयुक्त राष्ट्रसंघ भित्र र बाहिर त्यसको प्रभाव कमजोर हुँदै गइरहेको छ । त्यसले गर्दा अमेरिका बढी आक्रामक बन्न खोजिरहेको छ । तुलनात्मक रुपले समाजवादी चीन चिनिँया विशेषताको समाजवाद निर्माणको बाटोमा अपेक्षाकृत रुपमा स्थीरताका साथ विकसित भइरहेको छ । त्यसले आफूलाई आन्तरिक रुपमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सैनिक, वैज्ञानिक र प्राबिधिक हरेक हिसाबले विश्वको अब्बल मुलुक बनाउन दृढ संकल्पका साथ लागेको छ । त्यसले आफ्ना सहयोग र सम्बन्धहरूलाई विश्वव्यापी रुपमा विस्तार गरिरहेको छ र चीन यतिबेला अमेरिकालाई सबै क्षेत्रमा चुनौति दिन सक्ने शक्तिका रुपमा विकसित भएको छ । त्यसले गर्दा समाजवादी मुलुकहरू र तेस्रो विश्वका मुलुकहरु बीचको एकता झन् झन् खदिलो र व्यापक बन्दै गएको छ । तेस्रो विश्व आफै विश्व शक्तिका रुपमा विकसित भएको छ । भूमण्डलीय उत्तरका विरुद्ध भूमण्डलीय दक्षिणको एकता नै आज विश्व विकासको मूल प्रवाह बनिरहेको छ । त्यसले गर्दा साम्राज्यवादीहरूको युद्ध तयारीका विरुद्ध देशहरू, राष्ट्रहरू र जनताहरूको शान्ति, विकास र समृद्धिका शक्तिहरु पनि बलशाली बन्दै गइरहेको अवस्था छ । यसरी आजको विश्व अघि कहिल्यैको भन्दा तीव्र गतिले बदलिँदै गइरहेको छ । स्वयं साम्राज्यवादी र पुँजीवादी मुलुकका श्रमिकहरू र आम जनता जागृत, संगठित र आन्दोलित हुँदै गइरहेका छन र विश्वका विभिन्न देशहरुमा क्रान्ति, रूपान्तरण र परिवर्तनका निम्ति अनुकूल परिस्थितिको विकास भइरहेको छ । यस्तो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा हामीले निम्न वमोजिमका तत्कालिक कार्यहरुलाई बहन गर्दै समाजवादी क्रान्ति र रूपान्तरणको दिशातिर अघि बढ्नुपर्दछ ।

**१. कम्युनिष्ट आन्दोलनको विकास र विस्तार :**

- हामीले सबैभन्दा पहिले हाम्रो पार्टीलाई समाजवादी क्रान्ति र रूपान्तरणका क्रान्तिकारी कार्यदिशा, नीति र सिद्धान्तका आधारमा अझ उन्नत स्तरबाट निर्माण, विकास, विस्तार र सुदृढीकरण गर्नुपर्छ ।
- पार्टीलाई हर सम्भव उपायहरु जनताको आधारभूत तहभित्र निर्माण गर्नुपर्छ । क्रान्तिकारी वर्गका जनतालाई जागृत र संगठित गर्नुपर्छ र पार्टीलाई प्रचार, संगठन र संघर्ष मार्फत एउटा स्वतन्त्र र शक्तिशाली जनव्यापी पार्टीका रुपमा विकास गर्नुपर्छ ।
- हामीले नेपाली कम्युनिष्ट आन्दोलनबाट विकसित भएका सबै साना, मझौला र ठूला समूहहरुलाई आम रुपमा कम्युनिष्ट समूह नै मान्नुपर्छ । त्यसका साथसाथै उनीहरू भित्र दक्षिणपन्थी वा उग्रबामपन्थी कस्ता प्रवृत्तिहरू छन,तिनीहरूको ठोस रूपले पहिचान गर्नुपर्छ र गलत प्रवृतिहरूको सिद्धान्तनिष्ठ ढङ्गले खण्डन आलोचना गर्नुपर्छ र वैचारिक-सैद्धान्तिक एकरुपता प्राप्त गरेर मात्र पार्टी एकता गर्ने कुरामा दृढ हुनुपर्छ । अन्त्यत : हाम्रो लक्ष्य एउटै शक्तिशाली कम्युनिष्ट पार्टी निर्माण गर्ने हुनुपर्छ ।
- जव सम्म कम्युनिष्ट समूहहरू वैचारिक रुपले नै एकताबद्ध हुँदैनन । त्यस बेला सम्म कुनै समूह प्रति पनि आग्रह वा पूर्वाग्रह नलिईकन साझा सवालमा कार्यगत एकता गर्दै साझा प्रतिद्वन्दीको विरुद्ध संयुक्त भएर अघि बढ्नुपर्छ ।

**२. वर्ग संघर्षको विकास**

- वर्ग संघर्ष नै समाजवादी क्रान्ति र रूपान्तरणको विकासको नियम हो । बिना वर्ग-संघर्ष जनताको चेतना, संगठन र प्रभाव विस्तार हुन सक्दैन । चेतना र संगठन निर्माणको मुख्य कडी नै वर्गसंघर्ष हो ।
- यतिबेला हाम्रा सामु संघर्षका असंख्य सवालहरू उपस्थित छन । विभिन्न प्रकारका शोषण र उत्पीडनका विरुद्धका संघर्षहरु, लैङ्गिक, जातीय, सामाजिक र अन्य विभेदका विरुद्धका संघर्षहरु,राष्ट्रियता निम्तिका संघर्षहरू,भ्रष्टाचार विरुद्धका संघर्षहरु लगायत जनताका जनजीविकासँग सम्बन्धित अनेकौं सवालमा जनसंघर्षहरूको विकास गर्नुपर्छ ।

**३. संसदीय संर्घषका बारेमा**

- हाम्रो पार्टी यतिबेला सरकारमा, संसदमा र स्थानीय तहमा समेत रहेर काम गरिरहेको छ । यी सबै क्षेत्रहरूबाट हामीले समाजवादी क्रान्ति र रुपान्तरणलाई केन्द्रबिन्दुमा राखेर संघर्ष, विकास र रूपान्तरणका कामलाई अघि बढाउनुपर्छ ।

- हामीले सरकारमा रहँदा पनि जनमुखी र राष्ट्रमुखी नीति र कार्यक्रम लिन, त्यस अनुरुप बजेट बनाउन र ती नीति र बजेटलाई लागू गर्न अधिकतम प्रयत्न गर्नुपर्छ । तब मात्र समाजवादको तयारी गर्ने कामलाई अघि बढाउन सकिन्छ ।
- आफु अल्पमतमा रहेपनि नीति, विचार र कार्यक्रम मिल्ने पार्टीहरूसँग बहुमत पुर्‍याएर सरकारमा जाने स्थिति बन्छ भने त्यस्तो सरकारमा सहभागी बन्नुपर्छ र जनमुखी तथा राष्ट्रमुखी नीति र कार्यक्रम लागू गर्नुपर्छ । यदि विचार मिल्नेहरूको बहुमत छैन भने त्यस्तो बेलामा प्रतिपक्षमा बस्नुपर्छ र सदनमा जनता र राष्ट्रका आवाजहरू बुलन्द गर्नुपर्छ । संघीय प्रदेश संसदमा पनि यहि नीति अनुरुप अघि बढ्नुपर्छ ।
- त्यसरी नै हामीले जितेका पालिकाहरू र वार्डहरूमा स्थानीय सरकारको हैसियतबाट हामीले प्राप्त बजेटलाई अधिकतम रुपमा जनता र समाजको हितका निम्ति परिचालन गर्नुपर्छ र जनताका समस्याहरु हल गर्दै उनीहरुलाई जागृत, सङ्गठित र एकताबद्ध गर्नुपर्छ ।
- आवश्यकता अनुसार यसरी सदनबाट (संघीय, प्रदेश र पालिका) सञ्चालित हुने संघर्ष वा निर्माणका कामलाई सडकसँग जोड्दै अघि बढ्नुपर्छ ।

**४.राज्य संरचनालाई जनमुखी बनाउने**

- हालको राज्य संरचना बढी भद्दा, खर्चिलो र ढिलाढाला बन्न पुगेको छ । यसलाई लोकतान्त्रिक ढङ्गले अझ जनमुखी र कम खर्चिलो र चुस्त दुरुस्त हुने गरी पुनःसंरचना गर्न जरुरी छ ।
- त्यसका लागि अहिलेको संघीय संरचनाको पुनरावलोकन गर्नुपर्छ । संघ र प्रदेशका संरचना निर्वाचन प्रक्रियालाई व्यवहारिक बनाउनुपर्छ । आजका पालिकाहरूको संख्या घटाउनुपर्छ,तिनीहरूको आकार बढाउनुपर्छ र वार्डहरूको पनि आकार र संख्या बढाउनुपर्छ । स्थानीय निकायलाई अझ बढी अधिकार दिनुपर्छ र विकेन्द्रिकृत ढंगले विकास र निर्माणलाई अघि बढाउनुपर्छ । कार्यनीतिक रुपमा राज्य संरचनालाई त्यसरी बढी जनमुखी र विकासमुखी बनाउन सकिन्छ ।
- संघीय र प्रादेशिक संरचनाको निर्वाचन प्रणालीमा व्यापक परिवर्तन गर्न जरुरी छ । आजको पुँजी, मसल, सत्ता र मिडियाको दुरुपयोग माथि आधारित निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्छ र योग्यता, क्षमता, अनुभव र लोकप्रियता जस्ता मापदण्डका आधारमा जनप्रतिनिधिहरु निर्वाचन गर्ने उपयुक्त प्रणालीको विकास गर्नुपर्छ ।

**५. कृषिको विकासका बारेमा**

- नेपालको कृषिलाई यहाँको भौगोलिक बनावट, वातावरणीय स्थिति, माटोको परीक्षण र यातायातको सुविधालाई समेत ध्यानमा राखेर उत्पादनको छनौट र खेती प्रणालीको विकास गरिनेछ ।
- कृषि कामलाई आधुनिकीकरण, यान्त्रिकीकरण र सहकारीकरण गरिनेछ र कृषि उत्पादनलाई बढाउन सबै उपायहरु अवलम्बन गरिनेछ ।
- राज्यले विभिन्न स्थानमा नमुना कृषि फार्महरू विकास गर्नेछ, तिनीहरूको परिचालन गर्ने व्यवस्थालाई बढी छरितो र गतिशील बनाइनेछ ।
- कृषिलाई आधुनिकीकरण गर्न कृषि विश्वविद्यालय र प्राविधिक विद्यालय मार्फत कृषि विशेषज्ञहरु र प्राविधिकहरूको ठूलो संख्यामा विकास गरिनेछ र देशमा हरपालिका र वार्डहरूमा उनीहरूलाई खटाइनेछ ।
- कृषि अनुसन्धानलाई छरितो, साधन सम्पन्न र व्यवहारिक बनाइनेछ, कुनै पनि कृषि बालीमा लाग्ने रोगको अबिलम्व अनुसन्धान, पहिचान र निधानको लागि कदम चाल्ने व्यवस्था गरिनेछ ।
- हर कृषकहरूलाई समयमा मलको सेवा, बिउको सेवा, प्रविधिको सेवा, बीमा सेवा, वैज्ञानिक सेवा र बजार सेवाको सुनिश्चित गरिनेछ ।
- किसानहरूले उत्पादन गरेका सबै मुख्य बालीहरूका सम्बन्धमा सरकारले आर्थिक वर्षको सुरुमा नै समर्थन मूल्य तोकि दिनेछ । बजार उपलब्ध गराइने छ र खरिद बिक्रीको प्रबन्ध समेत गर्नेछ ।

- नदि वा खोलाले कटान गरेको जमिन, नदि उकासको जमिन, ऐलानी वा प्रति जमिन र कृषि योग्य रहेको अन्य भूमिलाई विकास गरी कृषिमा संलग्न रहदै आएका सिमान्तकृत परिवारहरु भूमिहीन गरिब किसानहरू,दलित मुक्त कमैयाहरू, कम्लहरी,हरुवाचरुवा जस्ता परिवार र व्यक्तिहरूलाई भोग गर्ने गरी उक्त जमिन प्रदान गरिनेछ र कृषि उत्पादनलाई विस्तार गर्दै लगिनेछ ।

**६. उद्योगको क्षेत्रमा**

- मुलुकलाई औद्योगीकरणको दिशामा अघि बढाउन तीन खम्बे नीतिको अवलम्बन गरिनेछ । राजकीय क्षेत्रलाई सुदृढ र गतिशील बनाइनेछ, राजकीय क्षेत्रको भूमिका र योजनाहरूलाई विस्तार गर्दै लगिनेछ, राष्ट्रिय उद्योग धन्धाको विकासलाई केन्द्रबिन्दुमा राखेर निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ र सहकारी क्षेत्रलाई समाजवाद उन्मुख नयाँ कानुनका आधारमा विस्तार गरिनेछ ।
- कृषिजन्य, वनजन्य, पानीजन्य, खानीजन्य, जडीबुटीजन्य, पर्यटनजन्य उद्योगहरू हाम्रा राष्ट्रिय उद्योगहरू हुन । तिनीहरूको स्थापना, विकास र विस्तारका लागि ठोस पहल गरिनेछ ।
- आयात विस्थापित गर्ने उद्योगहरूलाई विशेष प्राथमिकता दिइनेछ । हाम्रै देशमा उत्पादन हुने उद्योगहरुलाई संरक्षण दिईनेछ र त्यस्ता उत्पादनहरू बाहिरबाट ल्याउने कुरालाई दुरुत्साहित गर्न भन्सार नीतिलाई नियमन गरिनेछ ।
- कपास खेती, रेसा खेती, रेशम खेतीको विस्तार गर्दै स्वदेशमै कपडा कारखाना, चिनी कारखाना, कागज कारखाना जस्ता राष्ट्रिय उद्योगहरुलाई पुर्नस्थापना र विकास गर्न ठोस प्रयत्न गरिनेछ ।
- यी सबै राष्ट्रिय उद्योगहरूको संरक्षण, विकास र विस्तारका निम्ति विशेष नीति र कदमहरु चालिनेछ ।
- राष्ट्रिय औद्योगिक क्षेत्रहरूलाई सुदृढ गर्नका साथसाथै प्रत्येक क्षेत्र,पालिका र वार्ड स्तरसम्म पनि साना, मझौला,घरेलु र अन्य उद्योगहरू स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
- औद्योगिक क्षेत्रमा गरिने ऋण प्रवाहलाई गतिशील र फलदायी बनाउन सबै वित्तिय संस्थाहरूबाट सहुलियतपूर्ण ऋण प्रवाह गरिने र गराइनेछ ।
- रुग्ण उद्योगहरुको संरक्षण गरिने छ ।
- नेपाली जनतालाई स्वदेशमै उत्पादित वस्तुहरूको प्रयोग गर्न उत्प्रेरित गरिनेछ । त्यस्ता वस्तुहरू उत्पादन गर्ने उद्योगहरुलाई विशेष सहुलियतहरु प्रदान गरिनेछ ।

**७. राष्ट्रिय पुंजीको विकासलाई बढावा दिने**

- हामीले राष्ट्रिय उत्पादनलाई राष्ट्रिय उपभोग गर्नका साथै राष्ट्रिय संचितिलाई बढाउने कुरालाई ध्यान दिनुपर्छ । त्यसबाट नै राष्ट्रिय पुँजीको विकास वृद्धि हुँदै जान्छ ।
- राष्ट्रिय पुँजीको विकास र विस्तारका लागि मुलुकको राजकीय क्षेत्रको विकास र विस्तारलाई जोड दिइनेछ ।
- सबै राष्ट्रिय उद्योगधन्दा, इलम,घरेलु उद्यम तथा कुटिर उद्योगहरूको विकासलाई हर प्रकारले प्रोत्साहित गरिनेछ ।
- सबै इलम उद्यमहरूमा प्रगतिशील कर प्रणालीका साथसाथै करदाताहरूको परिधिलाई निरन्तर व्यापक पार्न कोसिस गर्दै राजस्वको वृद्धि गरिनेछ ।
- ऐन कानुनका आधारमा आन्तरिक वा बाह्य ऋण प्रवाह गरेर पनि राज्यले पुँजीको संग्रह गर्न सक्नेछ ।
- यसरी सृर्जना गरिने पुँजी नै राष्ट्रिय पुँजी हो । यस्तो उत्पादनशील पुँजीलाई जति विस्तार गर्दै लगिने छ, मुलुकको विकास, निर्माण र रुपान्तरण गर्दै समाजवादका आधारलाई त्यति नै व्यापक पारिनेछ ।

**८.भ्रष्टाचारलाई समाप्त पार्ने**

- आज देश भ्रष्टाचार, अनियमितता र अपचलनको महारोगले ग्रस्त बनेको छ । त्यसबाट देश र समाजलाई मुक्त गर्न नसके मुलुकको आमूल परिवर्तन मात्र होइन सामान्य सुधारका काम पनि गर्न सकिन्न ।

- त्यसैले राज्यले र हर सरकारले भ्रष्टाचारका विरुद्ध शून्य सहनशीलताको सिद्धान्त अगाल्नुपर्छ र भ्रष्टाचारका विरुद्ध सडक र सदन दुवै तहबाट आन्दोलन समेत गर्नुपर्छ र सरकारलाई भ्रष्टाचारका विरुद्ध कारबाही गर्न हरवखत दबाब दिनुपर्छ ।
- राज्यसँग रहेका सबै भ्रष्टाचार विरोधी संघ संस्थाहरूलाई हर प्रकारले सकृय र गतिशील बनाउनुपर्छ । तिनीहरूले आर्थिक कारोबारका हर प्रकृयाहरूको अध्ययन गर्नुपर्छ, ती प्रकृयामा देखापर्ने कुनै पनि अपचलन, अनियमितता र भ्रष्टाचारका गतिविधिहरूमा निगरानी राख्नुपर्छ र गलत काम गर्नेहरू माथि तथ्यहरूको आधारमा कडा कारबाही गर्नुपर्दछ । जुनसुकै ओहोदामा बसेको वा रहेको व्यक्तिलाई भ्रष्टाचार गरेमा छुट दिनु हुँदैन । तब मात्र भ्रष्टाचारलाई क्रमशः कम गर्दै समाप्त पार्न सकिन्छ ।

## ९.युवा शक्तिको पलायनलाई रोक्ने

- आज देशबाट प्रतिदिन हजारौंको संख्यामा देशका युवा श्रमिकहरू कामका खोजीमा र आर्थिक उपार्जन गर्ने रङ्गीन सपना लिएर विदेशतिर पलायन भइरहेका छन । यो मुलुक निर्माणको दृष्टिले ठूलो क्षति हो ।
- अझ ग्रामीण क्षेत्रमा रहेका ठूलो संख्या विदेश पलायन हुने कुराले ग्रामीण क्षेत्रमा उत्पादन श्रम शक्तिको ठूलो अभाव सिर्जना भएको छ । त्यसले गर्दा गाउँ गाउँमा खेती गर्ने क्रम कमजोर हुन थालेको छ । खेतबारीहरू एकपछि अर्को बाँझो बन्दै गएका छन । गाउँ घर बिस्तारै युवा विहिन बन्दैछ । त्यसले गर्दा गाउँघरबाट बुढापाकाहरू र बालबच्चाहरू शहर तिर जान थालेका छन र गाउँ घर जनसंख्या बिहिन बन्ने खतरा बढ्दैछ ।
- त्यसैले मुलुकको विकासलाई समग्र रुपमा अघि बढाउनका निम्ति हाम्रो देशबाट भइरहेको युवा शक्तिको पलायनलाई उपयुक्त आधार बनाउँदै रोक्न सक्नुपर्छ । युवाहरुलाई यहि नै शिक्षित दीक्षित गर्नुपर्छ, उनीहरुलाई यहि नै ठोस काम दिनुपर्छ र राष्ट्रिय विकास र समृद्धिमा जानका निम्ति यहि नै सहभागी बन्ने वातावरण बनाउनुपर्छ । तब मात्र मुलुकलाई शान्ति, विकास,समृद्धि र समाजवादतिर अघि बढाउन सकिन्छ ।
- युवाहरुले बैदेशिक रोजगारीमा गएर कमाएको रकमलाई उपयुक्त संयन्त्र मार्फत संकलन गरी देशभित्र महत्वपुर्ण उद्योगहरुमा लगानी गरी राष्ट्रिय पुँजीको बिकास गरिनेछ र श्रमिकहरुलाई उक्त उद्योगमा लगानीका हिस्सेदार बन्न र बनाइनेछ ।

## १०. रोजगारीमा अभिवृद्धि गर्ने

- देशलाई नै विकास गर्नका निम्ति युवा शक्तिको पलायनलाई रोक्नुपर्छ, उनीहरूको शिक्षा दीक्षा र रोजगारीको व्यवस्था स्वदश मै गर्नुपर्छ र उनीहरु भित्र रहेको अपार सिर्जनात्मक क्षमतालाई देश र समाजको निर्माणका निम्ति लगाउनुपर्छ ।
- मूलतः रोजगारीको अभावले नै आज नेपालबाट युवा शक्तिको पलायन भइरहेको छ । त्यसलाई रोक्नका निम्ति मुलुक भित्र बहुआयामिक रोजगारी सिर्जना गर्नु नै आजको एउटा ज्वलन्त समस्या हो । यो समस्यालाई समाधान गर्नका निम्ति देशमा राष्ट्रिय औद्योगिकरणको लहर सिर्जना गर्नुपर्छ । कृषिलाई आधुनिकीकरण, यान्त्रीकीकरण र सहकारीकरणको दिशामा उच्च रफ्तारले अघि बढाउनुपर्छ । त्यसरी नै विकास र निर्माणका जङ्गी अभियानहरू सञ्चालित गर्नुपर्छ । त्यसले युवाहरूका निम्ति स्वदेशमा नै व्यापक रोजगारी र्सजना गर्नेछ । तब मात्र युवाहरूको विदेश पलायनलाई पनि रोक्न सकिनेछ ।

## ११. शिक्षामा आमूल परिवर्तन

- आजको शिक्षा व्यबस्थाले हाम्रो युवा विद्यार्थीहरूका चाहना र आवश्यकतालाई पूर्ति गर्ने अवस्था छैन । यो शिक्षा व्यवस्थाले युवा विद्यार्थीहरूको बढ्दो पलायनलाई रोक्न सक्ने अवस्था छैन ।
- त्यसका लागि शिक्षा प्रणालीमा नै आमूल परिवर्तन गर्नुपर्छ । हाम्रो पाठ्यक्रमलाई व्यापक परिवर्तन गर्नुपर्छ र जनमुखी तथा समाजवादमुखी शिक्षा प्रणाली लागू गर्नुपर्छ । त्यसका लागि अविलम्व नयाँ ऐन बनाउनुपर्छ ।

- प्राविधिक र व्यावहारिक शिक्षालाई प्राथमिकता दिने हिसाबले शिक्षण कार्यलाई अघि बढाउनुपर्छ र मुलुकको विकासका निम्ति आवश्यक पर्ने जनशक्तिको विकासलाई ध्यानमा राखेर शिक्षाको विकास गर्नुपर्छ ।
- माथि देखि तलसम्म सार्वजनिक शिक्षा र शिक्षालयहरुलाई हर प्रकारले सुदृढ गर्नुपर्छ र निजी क्षेत्रलाई क्रमिक रुपले नियमन गर्दै अघि बढ्नुपर्छ ।

**१२. स्वास्थ्य व्यवस्थापन**

- हाम्रो स्वास्थ्य नीतिमा पनि ठूलो परिवर्तन जरुरी छ । सरकारी अस्पताल, जिल्ला अस्पतालहरु र स्वास्थ्य चौकीहरुलाई साधन सम्पन्न बनाइनेछ ।
- सार्वजनिक स्वास्थ्य सेवालाई सबै स्तरमा साधन सम्पन्न, प्रभावकारी र सेवामूलक बनाइनेछ ।
- देशका सबै क्षेत्रहरूमा शिक्षण अस्पतालहरूको विस्तार गरिनेछ र आफ्नै देशमा सबै प्रकारका रोगहरूको उपचार गर्न सक्ने बनाइनेछ ।
- श्रमजीवी वर्ग, भूमिहीन र गरिब तथा असायहरूलाई निशुल्क स्वास्थ्य सेवा दिइनुपर्छ ।

**१३. पर्यटनको विकास**

- मुलुकलाई विश्वकै गन्तव्य बनाउने हिसाबले पर्यटन व्यवसायको विकास गरिनेछ ।
- हाम्रा सबै प्राकृतिक शौन्दर्यहरू, सांस्कृतिक सम्पदाहरू र विभिन्न मनोरञ्जनात्मक स्थल र संरचनाहरूको विकास गरिनेछ र पर्यटकीय गन्तव्यका आकर्षक थलाहरू बनाइनेछ । प्रत्येक वर्ष ठूलो मात्रामा पर्यटकहरुलाई आकर्षित गर्दै पर्यटन अर्थतन्त्रको विकास गरिनेछ ।

**१४. समाजवादी संस्कृतिको निर्माण**

- यतिबेला नेपाली समाजमा पुरातनवादी सामन्ति अध्यात्मवादी संस्कृतिक विकृत अवशेषहरू र पुँजीवादले फैलाईरहेका छाडा, भद्दा र भढुवा पुँजीवादी संस्कृतिहरुले जनताको मस्तिष्कलाई विकृत बनाइरहेको छ ।
- यस्ता प्रतिकृयावादी संस्कृतिहरूका विरुद्ध जनताको जनवादी, वैज्ञानिक, प्रगतिशील र समाजवादी संस्कृतिको विकास गर्न विभिन्न अभियानहरु समेत सञ्चालन गरिनेछ ।

**१५. प्रगतिशील विदेश नीति**

- पञ्चशीलका पाँच सिद्धान्तहरूलाई विदेश नीतिका महत्वपूर्ण आधार बनाइनेछ ।
- असंलग्नता, शान्ति, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र संघका वडापत्रहरूका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धको विकास गरिनेछ ।
- चीन र भारत दुवै छिमेकीहरूसँग मैत्रीपूर्ण सुमधुर सम्बन्ध विकास गरिनेछ ।
- सबै असमान सन्धि र सम्झौताहरू अन्त्य गरिनेछ ।
- नेपालको सिमानाको दृढतापूर्वक रक्षा गरिनेछ ।
- विश्वका सबै मुलुकहरूसँग उपरोक्त सिद्धान्तका आधारमा आफ्ना बहुआयामिक सम्बन्धको विकास गरिनेछ ।
- सबैसँग कुटनीतिक,आर्थिक र व्यापारिक सम्बन्धको विकास गरिनेछ ।

**समाजवाद निर्माणको प्रकृया**

१. कमरेडहरू ! वर्तमान अवस्थामा उपरोक्त तत्कालिन कार्यभारहरू अघि बढाउँदै हामीहरू क्रान्तिको आत्मागत शक्तिलाई विकास गर्दै जान्छौं र हाम्रो कार्यक्रम लागु गर्ने परिस्थितिको निर्माण गर्छौं । हाम्रो कार्यक्रम नेपाली विशेषताको समाजवादी कार्यक्रम हो । यसले हामी सबै कम्युनिष्टहरुलाई र आम नेपाली जनतालाई समाजवादी क्रान्तिको सिङ्गो कालभरि नै निरन्तर मार्गदर्शन गर्नेछ । यो समाजवादी क्रान्तिको पूरा कालभरि आधारभूत रूपले बदलिँदैन । यसले क्रान्तिको झण्डाको

रुपमा नेपाली जनतालाई निरन्तर मार्गदर्शन गरिरहनेछ । जसरी नयाँ जनवादी कार्यक्रमले नेपालको पुँजीवादी जनवादी क्रान्तिको सिंगो कालभरि नै मार्गदर्शन गर्दथ्यो । ठीक त्यसरी नै यो नेपाली विशेषताको समाजवादी कार्यक्रमले पनि हामीलाई नेपालको समाजवादी क्रान्तिको सिङ्गो कालभरि नै मार्गदर्शन गरिरहनेछ । त्यसैले यो कार्यक्रम एउटा रणनीतिक कार्यक्रम पनि हो । एउटा क्रान्तिकारी पार्टीले आफ्ना अगाडिको समाजलाई परिवर्तन गर्नका निम्ति अघि सार्ने कार्यक्रम जहिले पनि आमूल परिवर्तनको कार्यक्रम हुन्छ । त्यसले क्रान्तिको सिङ्गो प्रक्रियालाई मार्गदर्शन गर्छ । साथै त्यसले आज जुन पुँजीवादी सामाजिक-आर्थिक ढाँचा छ त्यसलाई समूल परिवर्तन गरेर एउटा समाजवादी सामाजिक-आर्थिक ढाँचा निर्माण गर्नेछ । त्यसैले यो कार्यक्रम हाम्रो रणनीतिक लक्ष्य पनि हो ।

२.मानव समाजको विकास प्रक्रियामा उत्पन्न हुने प्रत्येक नयाँ सामाजिक-आर्थिक ढाँचाले आफ्नो उत्पत्ति, विकास, परिपक्वता, समृद्धिको प्रक्रियालाई पार गर्दै आउनुपरेको छ । ठीक त्यसरी नै हामीले समाजवादी क्रान्ति पछि निर्माण गर्ने समाजवादी सामाजिक-आर्थिक ढाँचाले पनि उत्पत्ति, विकास, परिपक्वता र समृद्धिको प्रकृयालाई पार गर्नुपर्ने हुन्छ । त्यसले उपरोक्त कार्यक्रम लागू गर्ने क्रममा हामी एउटा प्रारम्भिक स्तरको समाजवादी समाजको निर्माण गर्नेछौं । त्यो समाजबाद विभिन्न चरणहरु पार गर्दै विकास गर्नेछ । एकैचोटि र सुरुमै समुन्नत र समृद्ध समाजवादी मुलुक बनाउन सम्भव हुँदैन । तर समाजवाद स्थापना भएपछि जनता र राष्ट्रको विकास र समृद्धि लगातार अघि बढ्न थाल्छ । त्यसलाई रोक्न कुनै तागतले सक्दैन । आम जनता र सिंगो राष्ट्रको शक्ति र अन्तर्राष्ट्रिय मित्र शक्तिहरूको समेत सहयोग र समर्थनमा समाजवाद निर्माण गर्ने काममा हामी अघि बढ्नेछौँ । समाजवाद निर्माणको काम आफैंमा सरल र सजिलो मात्र हुने छैन, त्यो काम पनि नवीन सोच, नवप्रवर्तन, अविष्कार, गलत प्रबृतिहरूका विरुद्ध संघर्ष र विदेशी दबाब तथा हस्तक्षेप जस्ता अनेकौं प्रकारका चुनौतीहरूको सामना गर्दै अघि बढ्नुपर्ने छ । क्रान्ति, रूपान्तरण र निर्माणको बाटो कहिँ पनि सरल रेखाबाट होइन बाङ्गो टिङ्गो बाटोबाट नै अघि बढ्ने गर्छ । समाजवादको निर्माण पनि त्यसबाट अपवाद हुँदैन । तर नेपाली जनता र समाजमा रहेका प्रचुर साधन र श्रोतहरू, नेपाली जनतामा रहेको अपार मिहेनती चरित्र, उनीहरु भित्र रहेको सिर्जनात्मक क्षमता, मार्क्सवादी-लेनिनवादी विज्ञान र सहि क्रान्तिकारी कार्यदिशा हामीसँग रहेकाले हामीहरू आधुनिक र शक्तिशाली समाजवादी नेपालको निर्माण गर्न सक्छौ ।

३.जब हामी आजको पुँजीवादी ब्यबस्थालाई समाप्त गर्नेछौं, तब हामी नयाँ सामाजिक -आर्थिक ढाँचा माथिको नयाँ अधिसंरचनाका रुपमा समाजवादी लोकतन्त्रको स्थापना गरिनेछ । त्यो समाजवादी लोकतन्त्र मानव समाजमा र नेपाली समाजमा विकसित भएका सबै लोकतन्त्रहरूको सर्वाधिक विकसित र सर्वोच्च रुप हुनेछ । त्यसले जनतालाई खान पाउने, बस्न पाउने, शिक्षा स्वास्थ्यको सेवा पाउने, सबै प्रकारका सूचना पाउने, आफ्ना विचारका आधारमा संगठन बनाउन पाउने, निर्वाचन मार्फत जनप्रतिनिधि बन्न पाउने सबै प्रकारका हक र अधिकारहरू उपलब्ध गराउनेछ । समाजमा वास्तविक अर्थमा लैङ्गिक समानता, जातिय समानता, भाषिक समानता, सांस्कृतिक समानता स्थापना गर्दै सिंगो राष्ट्रलाई समानतापूर्ण समाजवादी राष्ट्रका रुपमा रुपान्तरण गर्नेछ । मुलुकका राष्ट्रपति देखि सबैभन्दा तल्लो इकाईका जनप्रतिनिधि सम्म जनताद्वारा आवधिक रुपमा निर्वाचित हुनेछन । यसरी समाजवादी लोकतन्त्र श्रमजीवी वर्गको नेतृत्वमा आम जनताको जनवादी अधिनायकत्वका अर्न्तगत व्यापक जनताको लोकतन्त्रका रुपमा स्थापित हुनेछ । यो यस भन्दा अघिका शोषक वर्गीय अल्पसंख्यक लोकतन्त्र भन्दा गुणात्मक रुपले उन्नत र शोषक वर्गबाट मुक्त आम जनताको लोकतन्त्रका रुपमा विकसित हुनेछ ।

४.समाजवादले हाम्रो देशका सम्पूर्ण उत्पादक शक्तिहरूलाई युगौं देखिका बन्धनहरू र शोषणका जन्जिरहरुबाट मुक्त पार्नेछ । समाजका उत्पादक शक्ति भनेका मजदुर र किसान अर्थात श्रमजीवी जनता हुन । समाजवादमा हामी सबै कर्मशील नागरिक बन्नेछौँ । मुलुकमा रहेका महत्वपूर्ण प्राकृतिक र सामाजिक साधन र श्रोतहरूको उच्चतम उपयोग गर्दै सामाजिक र राष्ट्रिय विकासलाई बहुआयमिक ढंगले अघि बढाइनेछ । हाम्रो देश **जलश्रोतमा धनी देश** छ । **वनजङ्गलमा पनि धनी देश** छ । **खानी सम्पदा र जडिबुटी सम्पदामा पनि धनी** देश छ । **बहुआयामिक कृषि उपजहरूमा पनि धनी** देश छ । **विविधतापूर्ण जलवायु क्षेत्रहरुमा पनि धनी** देश छ र **प्राकृतिक सौन्दर्यमा पनि धनी** देश छ । मुलुकका यी अपार सम्पदाहरुको वैज्ञानिक ढंगले अध्ययन र अन्वेषण गरिनेछ । तिनीहरूको विकासका निम्ति अत्याधुनिक प्रविधिहरूको प्रयोग गरिनेछ । तिनीहरूका विकासका निम्ति योजनाबद्ध रूपले नीति र कार्यक्रम बनाइनेछ र सम्भव भए सम्म तीव्र गतिले विकास गरिनेछ । यसरी हाम्रा आफ्नै साधन र श्रोतहरूको अधिकतम उपयोग गर्दै उत्पादक शक्तिहरूको योग्यता र

क्षमतालाई अत्याधुनिक चेतना र प्रबिधि युक्त बनाइनेछ र आवश्यकता अनुसार समाजवादी उत्पादन सम्बन्धलाई निरन्तर परिस्कार गर्दै उत्पादक शक्तिको विकासलाई तीव्रतम गति प्रदान गरिनेछ । तब नै आम जनताले समाजबादी बिकासका प्रतिफलहरु चाँडै प्राप्त गर्न सकिने स्थिति बन्न सक्छ ।

५.समाजवादले समग्र नेपाली समाजलाई छिटो गतिमा आधुनिकरण गर्नेछ । अहिलेको वर्तमान विश्वलाई मात्र हेर्दा पनि पुँजीवादले वर्गीय ध्रुवीकरणलाई झन झन गहिरो बनाउँदै लगेको छ र आधुनिकीकरण पुँजीपति वर्गको हितमा मात्र गरेको छ । विज्ञान प्रविधिको विकासका सारा उपलब्धि माथि पुँजीपति वर्गले एकलौटीकरण गरेको छ । तर समाजवादले वर्गीय ध्रुवीकरणलाई अन्त्य गर्नेछ र समग्र समाजले आधुनिकीकरणको बाटो लिनेछ । किनभने हरेक वर्ष सिर्जना हुने थप राष्ट्रिय पुँजीलाई समाजवादले जनताको हित, कल्याण र राष्ट्रिय आधुनिकरणमा लगाउनेछ । त्यसैले समाजवादले तीव्र गतिमा समग्र समाजलाई आधुनिकीकरणमा गर्नेछ । त्यसले अर्थतन्त्रलाई, राजनीतिक प्रणालीलाई, संस्कृतिलाई र पूर्वाधार निर्माणको प्रक्रियालाई आधुनिकीकरण गर्ने कुरालाई तीव्र पार्नेछ । विगत ३०० वर्ष भन्दा लामो अवधिमा पश्चिमी पुँजीवादी विश्वले गर्न नसकेका प्रगति विगत ३०/४० वर्षमा समाजवादी चीनले गरेको प्रगतिबाट यो कुरा पुष्टि हुन्छ । समाजवादले मात्र विश्वका दुई ठूला अर्थतन्त्र र शक्ति बीच रहेको नेपाललाई समुन्नत र गतिशील बनाउन सक्छ । हामीले यो कुरालाई पुष्टि गर्नुपर्छ ।

६.मुलुकको स्वतन्त्रता,स्वाधीनता र सार्वभौमसत्तालाई बलियो बनाउन हामीले राष्ट्रियताका निम्ति अहिले पनि संघर्ष गर्नु परिरहेको छ । आजको पुँजीवादी व्यवस्थाले राष्ट्रियतालाई सुदृढ गर्न सक्दैन । त्यस माथि पनि दलाल पुँजीवादको शासनले साम्राज्यवाद र प्रभुत्ववाद कै गुलामी मात्र गर्छ । समाजवाद नै प्रगतिशील, लोकतान्त्रिक र देशभक्तिपूर्ण व्यवस्था हो । समाजवादमा सिङ्गो राष्ट्र देशभक्तिको भावनाले एकताबद्ध हुन्छ । समाजवादले राष्ट्रका सम्पूर्ण चिन्तन, विचार, शक्ति र प्रवृत्तिहरूलाई राष्ट्रिय हितमा गोलबन्द गर्न सक्छ । त्यसले नै आजका दलाल पुँजीवादी विकार र विकृतिबाट नेपाली समाजलाई क्रमशः मुक्त पार्दै लान्छ । समाजवादले नै विदेशीहरूले हाम्रो देशमाथि थुपोरेको सम्पूर्ण असमान सन्धि सम्झौता र सम्बन्धहरुलाई समाप्त पार्न सक्छ र विश्व समुदायका सामु नेपाललाई एउटा स्वतन्त्र, मुक्त, स्वाधीन,सार्वभौमसत्ता सम्पन्न, लोकतान्त्रिक र समृद्ध समाजवादी राष्ट्रका रुपमा खडा गर्न सक्छ । त्यसैले समाजवादबाट हाम्रो राष्ट्रियता पनि बलियो हुन सक्छ ।

७. समाजवाद मानव जातिको इतिहासमा विकसित भएको सबैभन्दा उन्नत सामाजिक आर्थिक व्यवस्था हो । यो व्यवस्था शुरु भै शोषक वर्गलाई सत्ताच्यूत गरेर मात्र स्थापना हुन्छ । त्यसपछि समाजवादले समग्र समाजलाई आधुनिकीकरण गर्ने क्रममा पुँजीवादका अवशेषका रुपमा रहेका वर्गहरु, वर्गीय अन्तरविरोधहरु, वर्गभेदहरू, लैङ्गिक भेदहरु, जाति, संस्कृति र समुदाय बीचका भेदहरु तथा सबै सामाजिक विभेदहरूलाई न्यूनिकरण गर्दै लगेर अन्त्यतः उन्मूलन गर्नेछ । त्यसैले समाजवाद भनेको सम्पूर्ण विभेदहरू र वर्ग उन्मुलनको व्यवस्था हो । यो श्रमजीवी वर्गको अग्रदूत कम्युनिष्ट पार्टीले मानव समाजलाई अग्रगति तिर विकास गराउने क्रममा गर्नुपर्ने अन्तिम ऐतिहासिक कार्य हो । यो काम सम्पादन गर्न समय लाग्नेछ । त्यसका निम्ति समाजवादको विकास स्वयं प्रारम्भिक चरणबाट अनेक चरण हुँदै समुन्नत र समृद्ध ढाँचामा विकसित हुनेछ । त्यस पछि स्वाभाविक रुपले नेपाली समाज साम्यवादको दिशातिर अघि बढ्ने छ ।

८. आज हामीले अघि सारेको “नेपाली विशेषताको समाजवादी कार्यक्रम” उपरोक्त ध्येय र उद्देश्यका निम्ति प्रस्तुत भएको छ । यो कार्यक्रम यतिबेला आम रुपमा प्रचारात्मक चरणमा हुन्छ । नेपाली समाजमा आजको पुँजीवादी शोषण, उत्पीडन र विकार विकृतिको जड कारण के हो ? यो स्थितिलाई बदल्न किन समाजवादी क्रान्ति जरुरी छ ? नेपाली समाजवादको विशेषता के हुन्छ ? त्यसले आजको समाजलाई कसरी बदल्छ ? पुँजीवादी सामाजिक-आर्थिक ढाँचा र समाजवादी सामाजिक-आर्थिक ढाँचा बीच के भिन्नता छ ? पुँजीवादी लोकतन्त्र र समाजवादी लोकतन्त्र बीच के फरक छ ? समाजवादको निर्माणको प्रारम्भ कसरी हुन्छ र त्यो कसरी समुन्नति तिर अघि बढ्छ ? यी प्रश्नहरूको समेत जवाफ दिँदै सम्पूर्ण नेपाली श्रमजीवी र आम जनतालाई समाजवादी क्रान्तिको लक्ष्यका बारेमा प्रष्ट पार्ने यो “नेपाली विशेषताको समाजवादी कार्यक्रम” अघि सारिएको छ । यो कार्यक्रम नेपालको समाजवादी कार्यक्रमको रणनीतिक कार्यक्रम हो र यो रणनीतिक लक्ष्य पनि हो ।

त्यसैले यो कार्यक्रम आम रुपमा यतिबेला प्रचारात्मक चरणमा छ र हुन्छ । यसलाई अघि सारेर जब हामी आम जनतालाई जागृत, संगठित, एकताबद्ध र आन्दोलित गर्दै जानेछौं र जनताको क्रान्तिकारी शक्ति मजबुत बन्दै जान्छ, यो कार्यक्रम क्रमशः कृयात्मक कार्यक्रमका रुपमा बदलिँदै जानेछ । यसरी जनताको क्रान्तिकारी शक्ति विकास गरेर मात्र यो

कार्यक्रमलाई कार्यान्वयनको तहमा पुर्‍याउन सकिनेछ । त्यसका निम्ति हामीले पार्टी, संयुक्त मोर्चा र बहुआयामिक वर्ग संघर्षको निर्माण र विकासमा योजनाबद्ध रुपले अघि बढ्नुपर्छ ।

९. यसरी आम रूपमा हामीले अघि सारेको "नेपाली विशेषताको समाजवादी कार्यक्रम" सम्पूर्ण रुपले समाजवादी क्रान्ति सम्पन्न गरेर मात्र लागू गर्न सकिनेछ । तर के हामीले अघि सारेका माथिका ३५ सूत्रीय मागहरू सबै नै क्रान्ति पछि मात्र लागू हुनेछन ? होइन हामीले अघि सारेका मागहरूमा तत्कालिक र दीर्घकालिन दुवै पक्षहरू छन । पुँजीवादी संसदीय लोकतन्त्रमा बारम्बार निर्वाचनहरू आइरहन्छन् । ती प्रत्येक निर्वाचनमा हाम्रो पार्टीले पनि  जनता र राष्ट्रका तत्कालिन मागहरूलाई लिएर चुनावी घोषणापत्रहरु अघि सार्ने छ । प्रत्येक चुनावमा हामी र सबै पार्टीहरूले पनि त्यसरी आफ्ना मागहरू अघि सार्दै जानेछन ।

हामीले अघि सारेका मागका तत्कालीक पक्षहरू श्रमजीवी वर्गको नेतृत्वमा अघि बढ्ने क्रान्तिकारी वर्ग संघर्षको दौडानमा कुनै पनि प्रतिक्रियावादी वा यथास्थितिवादी सरकारले पनि पूरा गर्न बाध्य हुनेछ । हामीले संसदभित्र र बाहिरबाट सञ्चालन गर्ने क्रान्तिकारी संघर्षका क्रममा पूर्ति हुने त्यस्ता माग पूर्तिहरूलाई क्रान्तिका सह उत्पादन (दथ उचयमगअत) का रुपमा लिनेछौँ र लिनुपर्छ । ती सहउत्पादनलाई जनता र राष्ट्रका हितमा उपयोग गर्दै जनताको संघर्षलाई अझ उन्नत स्तरमा उठाउँदै लानुपर्छ । कहिले प्रगतिशील र वामपन्थी शक्तिहरूले संसदमा बहुमत प्राप्त गर्न र संयुक्त जनमुखी सरकार बनाउने परिस्थिति पनि उत्पन्न हुन सक्छ । त्यस्तो सरकारले अझ ठूलो मात्रामा सुधार र प्रगतिका काम गर्न सक्छ । हाम्रा मागहरु अझ फराकिलो दायराबाट लागु हुन सक्ने वातावरण बन्न सक्नेछ । तिनीहरू पनि क्रान्तिका सह उत्पादन नै हुनेछन । हामीले स्थानीय तहमा विजय प्राप्त गरेर जनहितका जति पनि काम गर्दै जानेछौं, तिनीहरू पनि क्रान्तिका सहउत्पादन नै हुनेछन । अहिले कतिपय तहमा रहेर हामीले जनता र राष्ट्रको हितमा गरिरहेका कामहरु पनि समाजवादी क्रान्तिका सह उत्पादन नै हुन् र हुनेछन । पुँजीवादी संसदीय व्यवस्थामा पटकपटक निर्वाचन भइरहने छन । ती प्रत्येक राष्ट्रिय, प्रादेशिक वा स्थानीय निर्वाचनमा अघि सारिने घोषणापत्रहरू र निर्वाचनपछि लागू गर्न सकिने पक्षहरू पनि क्रान्तिका सह उत्पादन नै हुनेछन् । यसरी समाजवादी क्रान्तिको सिङ्गो प्रक्रियामा जनताको क्रान्तिकारी सङ्घर्षको परिणाम स्वरूप प्राप्त हुने सुधारात्मक कामहरूलाई क्रान्तिका सहउत्पादनका रूपमा लिँदै र उपयोग गर्दै समाजवादी क्रान्तिलाई पूर्णतामा पुर्‍याउन हामीले लगातार लागिरहनुपर्छ । हाम्रो देशको विशिष्ट स्थितिमा समाजवादी क्रान्ति आफैमा अपेक्षाकृत रुपले लामो प्रक्रिया हुनेछ । त्यसपछि संसदका प्रत्येक निर्बाचन पछि एउटा बिशिष्ठ स्थिति प्रकट हुनेछ । त्यो बिशिष्ठ अवस्थालाई ध्यानमा राखेर हामीले हाम्रो कार्यनीतिलाई अघि सार्नुपर्छ, पार्टीका प्रचार, संगठन र संघर्षलाई तीव्र बनाउँदै लानुपर्छ र हाम्रा कार्यनीतिक कामहरुलाई रणनीतिक कामसँग जोड्दै अघि बढ्नुपर्छ । तब मात्र हामी समाजवादको महान लक्ष्यमा पुग्नेछौ ।

१०.कमरेडहरू ! हामी हाम्रो प्रिय मातृभूमि नेपालमा समाजवादी क्रान्ति र रूपान्तरणको प्रक्रियामा लागिरहेका छौं । यो हाम्रो निम्ति, नेपालका सबै कम्युनिष्टहरूका निम्ति र सिङ्गो देशकै निम्ति एउटा बिल्कुलै नवीन काम हो । समाजवादी क्रान्तिको बाटोमा हाम्रा कोही पुर्खाहरु हिँड्नुभएको थिएन र हाम्रो अग्रजहरु पनि हिँड्नुभएको छैन । यो हामी सबैका निम्ति नयाँ बाटो हो । हामी यो बाटो आफै बनाउँदै हिँड्दैछौँ । नेपाली क्रान्तिको बाटो हामी नेपाली क्रान्तिकारीहरुले नै मात्र बनाउन सकिने बाटो हो । यो आफैमा एउटा नवप्रवर्तन हो, नयाँ पहल कदमी हो र नयाँ आविष्कार पनि हो । यस्तो बाटोमा हामीले अपूर्व त्याग, तपस्या र दुःख कष्ट भोग्न पनि तयार हुनुपर्छ । त्यसका लागि हामीले मार्क्सवाद-लेनिनवादको मार्गदर्शन, कम्युनिष्ट पार्टीको गतिशील र सृजनशील नेतृत्व, सामाजिक-आर्थिक रूपान्तरणको बहुआयामिक बाटो र साम्राज्यवाद, प्रभूत्ववाद र शक्ति राजनीतिको विरोध जस्ता चारवटा आधारभूत सिद्धान्तहरूमा अत्यन्त दृढ भएर अघि बढ्नुपर्छ । यो बाटोमा हिँड्दा हामीले देश, जनता, राष्ट्र र समाजवादी क्रान्ति प्रति अत्यन्त इमान्दार र निष्ठाशील भएर लाग्नुपर्छ । त्यसरी जनता र राष्ट्रलाई मानवमुक्तिको त्यो ऐतिहासिक मार्ग देखाउन सक्नुपर्छ । जब जनताले आफ्नो मुक्तिको मार्ग फेला पार्छन,आफूलाई नेतृत्व गर्ने पार्टी सिर्जना हुन थाल्छ र यो बाटोबाट अघि बढ्दा समाजवाद प्राप्त हुन्छ भन्ने कुरा बुझ्न थाल्छन । तब जनजागरणको तरङ्ग मुलुकभरि तरङ्गित हुन्छ, जनसङ्घर्षका लहर मुलुकभरि उठ्न र फैलिन थाल्छन र समाजवादी क्रान्तिको आँधिले मुलुकलाई एउटा ऐतिहासिक रुपले नयाँ उचाइमा उठाउनेछ । हामीहरु आम जनता र सिंगो राष्ट्र पुँजीवादी शोषण र उत्पीडनको व्यवस्थाबाट सबै प्रकारका शोषणबाट मुक्त वैज्ञानिक समाजवादमा पुग्नेछौं । तब मात्र नेपाल अनन्त विकासको मार्गतिर अग्रसर हुनेछ र ठूला परिवर्तन र रुपान्तरण गर्दै नेपाली जनता र राष्ट्रलाई सुख र समृद्धिको भविष्यतिर अग्रसर बनाउन सकिनेछ ।

त्यसैले कमरेडहरू तथा आदरणीय जनसमुदायहरू ! यो मानव मुक्तिको अन्तिम लडाई हो,आ-आफ्नो मोर्चामा जुटौं, एउटा सुन्दर, सुखी र समृद्ध भबिष्य निर्माण गर्न कम्मर कसेर अघि बढौं ! हाम्रो बाटोमा जस्तोसुकै बाधा र व्यवधानहरु आउन ! जनता र राष्ट्रको विजय सुनिश्चित छ ! समाजवादी लोकतन्त्रको विजय सुनिश्चित छ ! वैज्ञानिक समाजवादको विजय सुनिश्चित छ !!!

*मितिः २० फागुन, २०८०* *झलनाथ खनाल*
*सम्मानित नेता,नेकपा(एकीकृत समाजवादी)*